المنهج التعليمي - نيبالي

# इस्लामी पाठ्यक्रम

جمعية الدعوة بالزلفي

جمعية الدعوة والإرشاد وتوعية الجاليات بالزلفي

٢٦٩

هاتف: ٤٢٣٤٤٦٦ ٠١٦ - فاكس: ٤٢٣٤٤٧٧ ٠١٦

كتاب المسلم - نيبالي

# इस्लामी पाठ्यक्रम

جمعية الدعوة والإرشاد وتوعية الجاليات في الزلفي
Tel: 966 164234466 - Fax: 966 164234477

# كتاب المسلم

**أعده وترجمه إلي اللغة النيبالية**
**جمعية الدعوة والإرشاد وتوعية الجاليات بالزلفي**

**الطبعة الثانية 8 / 1442هـ**


ح **شعبة توعية الجاليات بالزلفي 1433 هـ**

***فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر***

**شعبة توعية الجاليات بالزلفي**

**المنهج التعليمي - الزلفي**

260 ص : 12 × 17 سم

ردمك : 8 - 29 - 8013 - 603 - 978

(النص باللغة النيبالية)

**1- الحج 2- العمرة أ - العنوان**

ديوي 210,7     1433 / 7324

**رقم الإيداع : 1433 / 7324**

**ردمك : 8 - 29 - 8013 - 603 - 978**

# المنهج التعليمي
# इस्लामी पाठ्यक्रम
## भूमिका

بسم الله الرحمن الرحيم،

**الحمد لله رب العالمين، نحمده، ونستعينه، ونعوذ بالله من شرور أنفسنا، وسيئات أعمالنا، من يهده الله فلا مضل له، ومن يضلل فلا هادي له، وأشهد أن لا إله إلا الله وحده لا شريك له، وأن محمداً عبده ورسوله، أما بعد :**

शुरु गर्दछु अल्लाहको नाम बाट जुन् अत्यन्त दयालु, अति कृपालु छन्, सबै प्रकारको प्रशंसा अल्लाहका लागि छ जुन् सम्पूर्ण ब्रहमाण्डको पालनकर्ता हुन हामी उहाँको प्रशंसा गर्दछौं र उहाँ सँग नै मद्दत माँग्ने गर्छौं, अल्लाहको शरण माँगदछु आफ्नो दुष्ट विचार र दुष्कमबाट, अल्लाहले जसलाई सच्चा बाटो देखाउँछन भने कोही पनि त्यसलाई मार्ग विचलित गर्न सक्दैन, र जसलाई मार्ग विचलित गरिदिन्छन भने कोही पनि त्यसको मार्गदर्शक हुनसक्दैन, म गवाही दिन्छु कि मात्र एउटै अल्लाह पुजा योग्य हुन र मुहम्मद ﷺ अल्लाहको भक्त र दुत हुन

इस्लाम धर्म चाहीं एउटा मध्ये मार्ग हो, जुन् व्यक्तिगत पारिवारिक, र सामाजिक जीवनको वातावरणलाई सुधारनका लागि र त्यसलाई सफा, ठोस, र सत्यमार्ग तिर लगाउनका लागि आफ्नो शिक्षा र दिशानिर्देश लाई मजबुतिका साथ स्थापना गरिएका छन्, इस्लामी शिक्षा मात्र मनपराउने बहसको मुद्दा होइन, नत्र कुनै यस्तो

किसिमको कुरा हो जसलाई सुन्दा मज्जा आउँछ तर उसको अर्थ चाहिं स्पष्ट हुंदैन,

बरु अल्लाहले यस धर्मलाई व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनको व्यवस्था र नियम बनाउनु भएको छ, ताकि दीप र ज्योती भएर मनुष्यको बाटोलाई उज्यालो गरोस र अन्ध्यारोबाट मुक्त गरि उज्यालो सम्म पुर्याओस, आफ्नो सृष्टिकर्ता प्रति, र आफु र अरु प्रति खुशी र सन्तुष्टि प्रदान गरोस ।

मनुष्यको जीवन एउटा यस्तो यात्रा हो जुन् मृत्युको साथ नै समाप्त भइहाल्छ, त्यसै कारणले जीवनमा लाभ ऊठाउनु, र प्रलोकमा कामलाग्ने सुकर्म अर्जना गर्नु जरुरी भइहाल्छ, मान्छेको जीवनमा खुशी र शान्ति तबै हुन्छ जब त्यो धर्मको ज्ञान र जीवनको जानकारी प्राप्त गर्दछ, र आफ्नो भविष्य आफै तय गर्छ, सृष्टिकर्ताको पुजा, संसारको आबादकारी, र मानिसहरुलाई सत्य मार्ग तिर लगाउनमा योग्यदान पुर्याउने जस्ता जीवनको कर्तव्य पुरा गर्दछ, अगाडी सम्म आशाको रेखा बनाउँछ, र जुन सुकै साना र ठुला कुरामा सृष्टिकर्ता तिर निकट गरि ऊ सँग ठोस र मजबुत नाता जोडि दिन्छ,

यसै कारणले हामी जुलफी इस्लामी सेन्टरको चाहना थियो कि यो सजिलो पाठयक्रम प्रकाशित होस, यस आशाको साथ कि हरेक सत्यताको खोजी गर्नेहरु, र बिर्सेको बाटोलाई पुनः प्राप्त गर्न खोजेको व्यक्तिहरु अथवा अरु कुनै पनि लाभ उठाउन खोजेको व्यक्तिहरु सबैलाई यसको फाइदा होस, जुन परिवारहरु आफ्नो धर्मको तालीम र शिक्षा प्राप्त गर्ने प्रति उतसाहित हुनुहुन्छ र साथै त्यसको प्रमाणको पनि जानकारि प्राप्त गर्न चाहनुहुन्छ भने शायद उसको पनि खोज यहाँ समाप्त भइहाल्छ,

सबैलाई थाहा छ कि धर्मको शिक्षा सबभन्दा महान कार्य हो जसमा मान्छेले आफ्नो समय ब्यतित गर्छ, किनभने अल्लाहको नजिक यसको स्थान र हैसियत अति ठुलो छन्, शिक्षा चाहिं महान पुण्य र ठुलो कार्य हो, अल्लाहले ज्ञान र ज्ञानीहरुलाई उच्च स्थान र ठुलो दर्जा दिनु भएको छ, अल्लाहले भन्नु भएको छ :

يَرْفَعِ اللهُ الَّذِينَ آمَنُوا مِنْكُمْ وَالَّذِينَ أُوتُوا العِلْمَ دَرَجَاتٍ وَاللهُ بِمَا تَعْمَلُونَ خَبِيرٌ﴾ (المجادلة:١١)

तिमीहरु मध्ये जसले ईमान ल्याएका छन् र उनीहरु लाई ज्ञान प्रदान गरिएको छ अल्लाहले उनिहरुको दर्जा उच्च गर्नेछ, र अल्लाह तिम्रो समपूर्ण कामहरुलाई जान्दछ

एउटा भक्तको तुलनामा एउटा ज्ञानीको दर्जा यस्तै छन् जस्तोकि पुर्निमाको चन्द्रमाको दर्जा अन्य ताराहरुको तुलनामा हुन्छ,

ज्ञानीहरु चहिं इशदुतको उत्तरधिकारी हुन्छन्, इशदुतहरु रुपैया पैसा, धन सम्पति छाडेर गएका छैनन् बरु ज्ञान छाडेर गएका छन्, यसो भए जसले जति ज्ञान प्राप्त गर्न सक्छ भने त्यति नै उस्को भागिदारी हुन्छ, अल्लाहले जसको भलो चाहन्छन भने त्यसलाई धर्मको ज्ञान प्रदान गरिदिन्छन् ।

हामी अल्लाह सँग प्रार्थना गर्दछौं कि यो कार्य स्वीकार होस र सबैलाई यसको फाइदा होस, अल्लाह प्रार्थना सुन्नेवाला र स्वीकार गर्नेवाला छन्, शान्ति, सलामति, र अल्लाहको वर्दान होस हाम्रो नबी मोहम्मद (ﷺ) माथि, उहाँको परिवार, र उहाँको सबै साथिहरु मथि ।

# أصول العقيدة
# आस्थाको असूल

## तौहीद (एकेश्वरवाद) र त्यसको प्रकारहरु

**तौहीद कसलाई भनिन्छ ?**

अल्लाह तआलाले जुन कार्यहरु आफु लागी खास गर्नु भएको छ र हरेक प्रकारको उपासना अराधना भक्ति र पूजापाठ जुन अल्लाहले आफु लागी अनिवार्य गर्नु भएको छ ती सबैमा अल्लाह लाई एक मान्नु यसैलाई तौहिद भनिन्छ,

तौहीद (अल्लाह लाई एक मान्नु ) यो अल्लाहको सम्पूर्ण आदेशहरु मध्ये सबैभन्दा ठुलो आदेश हो, अल्लाह तआलाले भन्नु भएको छ :

﴿وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنْسَ إِلَّا لِيَعْبُدُونِ﴾ الذاريات ٥٦

मैले दानव र मानवहरुलाई मात्र आफ्नो उपासनाको लागि सृष्टि गरेको छु। र अर्को ठाउँमा भन्नु भएको छ :

﴿وَاعْبُدُوا اللَّهَ وَلَا تُشْرِكُوا بِهِ شَيْئًا﴾ النساء: ٣٦

अल्लाह कै उपासना गर्नु र उहाँको साथमा अरु कसैलाई साझेदार नबनाउनु।

तौहीद (एकेश्वरवाद) लाई तीन भागमा भिवाजित गरिएको छ

(१) तौहीदे रुबूबियत (प्रभुत्वमा एकत्व )

(२) तौहीदे उलूहियत (पूज्यमा एकत्व)

(३) तौहीदे अस्मा व सिफात (काम र गुणहरु बारे अल्लाहको एकत्व)

**सर्व प्रथम तौहीदे रुबूबियत** तौहीदे रुबुबियत यसको अर्थ हुन्छ सृष्टि र संसारको हरेक शासनमा अल्लाहलाई एक मान्नु र यो विश्वास राख्नु कि जीवीका र आहार प्रदान गर्नुको मालिक

अल्लाह नै हुनुहुन्छ, र जीवन र मृत्यु सबै उहाँकै हातमा छ धरति र आकाशको सबै स्वामिक्ता उहाँकै हातमा छ र सुर्य चन्द्रमा आगो पानी हावा सबै उहाँकै आज्ञाको अधीन छन ।
अल्लाह तआलाले भन्नु भएको छ :

﴿ هَلْ مِنْ خَالِقٍ غَيْرُ اللَّهِ يَرْزُقُكُم مِّنَ السَّمَاءِ وَالْأَرْضِ لَا إِلَٰهَ إِلَّا هُوَ فَأَنَّىٰ تُؤْفَكُونَ ﴾ فاطر:٣

के अल्लाह बाहेक अरु कोही सृष्टिकर्ता छ जसले तपाईहरुलाई आकाश र धरतिबाट जीवीका प्रदान गरिरहेका छन? अल्लाह बाहेक अरु कोही सत्य पूज्य छैन, त्यसो भए तपाईहरु कता मार्ग बिचलित भइ रहेका छौं ? र अर्को ठाउँमा भन्नु भएको छ :

﴿ تَبَارَكَ الَّذِي بِيَدِهِ الْمُلْكُ وَهُوَ عَلَىٰ كُلِّ شَيْءٍ قَدِيرٌ ﴾ الملك:١

त्यो जसको हातमा राज्यसत्ता छ धेरै उन्नतिपूर्ण र बरकतवाला हुनुहुन्छ र हरेक कुरा माथि सामर्थ्यवान हुनुहुन्छ ।
अल्लाहको सत्ता र शासन चाहिं संसारको सबै वस्तु माथि लागु हुन्छ, उहाँले जस्तो र जसरी चाहनु हुन्छ भने त्यस्तो आदेश जारी गर्नुहुन्छ, सम्पूर्ण सृष्टिमा मात्र अल्लाहको आदेश चलिरहेको छ , संसारको सबै वस्तु अल्लाहको आज्ञाको अधिन छन । अल्लाह तआला ले भन्नु भएको छ :

﴿ أَلَا لَهُ الْخَلْقُ وَالْأَمْرُ تَبَارَكَ اللَّهُ رَبُّ الْعَالَمِينَ ﴾ الأعراف: ٥٤

सम्पूर्ण सृष्टि उहाँकै हो र आदेश पनि उहाँकै चल्छ, अल्लाह सर्वगुण सम्पन्न हुनुहुन्छ उनी सबै ब्रहमाण्डको पालनकर्ता हुन ।
तौहीदको यस प्रकारलाई लगभग सम्पूर्ण मानिसहरुले मान्ने गर्छन, मात्र थोरै मानिसहरुले नकारेका छन्, त्यो पनि भित्र

मनले होइन बरु मुखले मात्र नकारेका छन्, अल्लाह तआलाले भन्नु भएको छ:

﴿ وَجَحَدُوا بِهَا وَاسْتَيْقَنَتْهَا أَنْفُسُهُمْ ظُلْمًا وَعُلُوًّا ﴾النمل: ١٤

उनीहरुले अत्याचार र घमण्डको कारण इन्कार गरे जबकि उनीहरुको हृदयले त विशवास गरिसकेको थियो ।

तर मात्र यस तौहीद माथि विशवास राखेर कुनै फायदा हुंदैन, जस्तो कि रसूल सल्लल्लाहु अलैहि वसल्लमको युगमा काफीर र मुशरिकहरुलाई यसको केही पनि फायदा भएन । अल्लाह तआलाले भन्नु भएको छ:

﴿ وَلَئِنْ سَأَلْتَهُمْ مَنْ خَلَقَ السَّمَاوَاتِ وَالْأَرْضَ وَسَخَّرَ الشَّمْسَ وَالْقَمَرَ لَيَقُولُنَّ اللَّهُ فَأَنَّى يُؤْفَكُونَ ﴾ العنكبوت: ٦١

यदि तपाईले उनीहरुसित सोध्नु हुन्छ कि आकाश र धरतिलाई कसले सृष्टि गर्नु भएको छ र सुर्य र चंद्रमालाई कसले निर्धारित काममा लगाउनु भएको छ ? त उनीहरुले पक्कै भन्नै छन कि अल्लाहले नै गर्नु भएको छ फेरि उनीहरु कता बिमुख भई जाँदैछन् ।

अल्लाहलाई सृष्टिकर्ता पालनकर्ता मान्नुको साथ साथै तौहीदको अर्को भागहरु माथी पनि विशवास राख्नु पर्छ

**दोश्रो : तौहीदे उलूहियत**, (पूज्यमा एकत्व)

अर्थात : यो विशवास राख्नु कि हरेक प्रकारको उपासना अराधना भक्ति र पूजापाठ मात्र एक अल्लाहको लागि गर्नु पर्छ, र उहाँको भक्ति र पूजापाठमा अरु कसैलाई साझेदार बनाउनु हुदैन, तौहीदको सबै प्रकारहरु मध्ये यही तौहीद सबैभन्दा उत्तम र अधिक महत्वपुर्ण छ, यसैको लागि अल्लाहले सम्पूर्ण

मानवजाति र सृष्टिको रचना गर्नु भएको छ, अल्लाह तआलाले भन्नु भएको छ :

وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنْسَ إِلَّا لِيَعْبُدُونِ (الذاريات: ٥٦)

मैले जिन्न र मानिसहरुलाई मात्र आफ्नो उपासनाको लागि सृष्टि गरेका छौं । अल्लाहले यसैको लागि सन्देष्टाहरु पठाउनु भएका छन् र यसैका लागि ग्रन्थहरु पनि अवतरित गरेका छन्, ताकि सम्पूर्ण मानिसहरु मात्र एक अल्लाहको उपासना गरुन र अल्लाह बाहेक अरु सबै झूठा पूज्यहरु लाई त्यागुन, अल्लाह तआलाले भन्नु भएको छ :

﴿وَمَا أَرْسَلْنَا مِنْ قَبْلِكَ مِنْ رَسُولٍ إِلَّا نُوحِي إِلَيْهِ أَنَّهُ لَا إِلَهَ إِلَّا أَنَا فَاعْبُدُونِ﴾ الأنبياء: ٢٥

जुन सन्देष्टाहरुलाई पनि हामीले तपाई भन्दा पहिले पठायौं, तिनीहरुलाई यही सन्देश दियौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर ।

जब सन्देष्टाहरुले यस तौहीद तर्फ बोलाउनु भयो त काफीर र मुशरिकहरुले नकारि दिए र एक अल्लाहको पूजा र उपासना गरेनन्, त्यसै कारण तिनीहरु पथभ्रष्ट र क्षतिग्रस्त भए : अल्लाह तआलाले भन्नु हुन्छः

﴿قَالُوا أَجِئْتَنَا لِنَعْبُدَ اللَّهَ وَحْدَهُ وَنَذَرَ مَا كَانَ يَعْبُدُ آبَاؤُنَا﴾

तिनीहरुले भन्न थाले, के तपाई हामीतिर यस कारणले आउनुभएको छ कि हामी एउटै अल्लाहको पूजा गर्न थालौं र जसलाई हाम्रा पुर्वजहरुले पूजदै आएका छन तिनीहरुलाई छाडि दिऔं?

तसर्थ कुनै किसिमको उपासना अराधना भक्ति र पूजापाठ अल्लाह बाहेक अरु कसैको लागि कहिल्यै पनि जायज हुदैन, नत कुनै देवदुतको लागि, न कुनै सन्देष्टाको लागि, न कुनै ऋषि मुनीको लागि, न अरु कसैको लागि, किन भने उपासना चाहिं मात्र एउटै अल्लाहको लागि हुनु पर्छ ।

**तेश्रो : तौहीदे अस्मा व सिफात** (काम र गुणहरु बरे अल्लाहको एकत्व)

अल्लाह तआलाले आफ्नो जुन नाम राख्नु भएको छ र आफ्नो जुन महान गुण र विशेषताहरु बताउनु भएको छ वा अल्लाहको सन्देष्टा मुहम्मद ﷺ ले अल्लाहको जुन नाम, र महान र सर्वत्तम गुण र विशेषताहरु को ब्याख्या गरेका छन्

ति सबै नाम र गुणहरु माथि यस्तो विशवास राख्नु जस्तो अल्लाहको लागि उचित सुहाँदो र उप्युक्त छ, कुनै किसिमको हेरफेर परिवर्तन र अदलाबदली अथवा घटथप नगर्नु, तिनीहरु लाई न नकारनु, नत आफ्नो मनमानी तपसिल र विवरण स्पष्ट गर्नु, त्यस्तै अल्लाहका गुण र विशेषताहरुलाई मानिसहरुको गुण र विशेषताहरु जस्तै न सम्झनु, नत ति गुणहरुको उदाहरण प्रस्तुत गर्नु,

र यो मान्नु कि ति नाम र गुणहरु मात्र नमुना होइनन् बरु वासतविक्ता माथि अधारित छन्, र जुन कुराहरुलाई अल्लाहले आफु प्रति मनाही गरेका छन् वा उहाँको सन्देष्टा मुहम्मद ﷺ ले मनाही गरेका छन् त्यसलाई न मान्नु, र जुन कुराहरुको बारेमा मनाही भएको छैन र पुष्टि पनि भएको छैन भने त्यस बारे चुपलागेर बस्नु, त्यसमा हस्तछेप नगर्नु नत त्यसलाई स्वीकारनु नत नकारनु ।

**पवित्र नामहरुको उदाहरण** अल्लाहले आफ्नो एउटा नाम (*अलहैयु-ल-कैयुम*) राख्नु भएको छ, यसो भए अल्लाहको नाम मध्ये एउटा नाम (*अल्हैय*) हो भन्ने कुरामा विशवास राख्नु जरुरी हुन्छ, र यस नाममा जुन् प्रकारको गुण र विशेषताहरु छन त्यस माथि पनि विशवास राख्नु जरुरी हुन्छ, र यसको अर्थ हो- "यस्तो परिपूर्ण जीवन जसको शुरुवात पनि छैन र अन्त पनि छैन।

त्यस्तै अल्लाहले आफ्नो एउटा नाम (*अस्समी*) राख्नु भएको छ, तसर्थ अल्लाहको नाम मध्ये एउटा नाम (*अस्समी*) हो भने कुरामा विशवास राख्नु जरुरि हुन्छ, र साथै यो अल्लाहको एउटा विशेषता र गुण पनि हो जसको अर्थ हुन्छ "*सुन्नेवाला*" ।

**विशेषता र गुणको उदाहरण** अल्लाह तआलाले भन्नु भएको छ :

﴿ وَقَالَتِ الْيَهُودُ يَدُ اللَّهِ مَغْلُولَةٌ غُلَّتْ أَيْدِيهِمْ وَلُعِنُوا بِمَا قَالُوا بَلْ يَدَاهُ مَبْسُوطَتَانِ يُنْفِقُ كَيْفَ يَشَاءُ ﴾ المائدة ٦٤

यहुदीले भने कि अल्लाहको हात बाँधिएको छ, तर वास्तवमा तिनीहरुकै हात बाँधिएको छ, यस भनाइको कारण तिनीहरु तिरस्कृत भए, बरु अल्लाहको दुवै हात खुल्ला छन्, जुन किसिमबाट जसरि चाहन्छन र जति चाहन्छन खर्च गर्दछन् ।

यहाँ अल्लाहले आफु प्रति आफ्नो दुवै हात प्रमाणित गर्नु भएको को छ जसको विशेषता यो हो कि त्यो उपहार र पुरस्कारको लागि खोलिएका छन, तसर्थ उपहार र पुरस्कारको लागि खोलिएको अल्लाहको दुइवटा हात हो भन्ने कुरा माथि विशवास राख्नु पर्छ, तर त्यसको कैफियत कस्तो छ बारे भन्नु र सोच्नु मनाही गरिएको छ, र यो पनि भन्नु मिलदैन कि अल्लाहको हात मानिसहरुको हात जस्तै छ, किनकि अल्लाह तआलाले भन्नु भएको छः

﴿لَيْسَ كَمِثْلِهِ شَيْءٌ وَهُوَ السَّمِيعُ الْبَصِيرُ﴾ الشورى: ١١

उहाँ जस्तो कुनै कुरा छैन र उहाँले सुनिरहेका छन र हेरिरहेका छन । तौहीदको यस प्रकार बारे संक्षिप्त कुरा यो हो, कि अल्लाहले आफु प्रति जुन कुराहरुलाई प्रमाणित गर्नु भएको छ, वा मुहम्मद ﷺ ले जुन कुराहरु लाई अल्लाह प्रति प्रमाणित गरेका छन् ती कुराहरुलाई हामी अनिवार्य रुपले मानौं, र जुन कुराहरुलाई अल्लाहले आफु प्रति मनाही गरेका छन् वा मुहम्मद ﷺ ले जुन कुराहरुलाई अल्लाह प्रति मनाही गरेका छन् ती कुराहरुलाई हामी अनिवार्य रुपले नकारनौं, र त्यस माथी आस्था र विश्वास पनि राखौ

र कुनै किसिमको हेरफेर, परिवर्तन, वा घटथप नगर्नु, नत आफ्नो मनमानी तपसिल र विवरण स्पष्ट गर्नु, साथै अल्लाहका गुण र विशेषताहरु लाई मानिसहरु को गुण र विशेषता जस्तै नबुझ्नु, नत तिनीहरुको उदाहरण प्रस्तुत गर्नु न इनकार गर्नु, र जुन कुराहरुबाट मनाही गरिएको छैन र प्रमाणित पनि भएको छैन भने त्यस बारे चुपलागेर बस्नु ।

तसर्थ यस पाठ बाट हामीहरु लाई यो थाहा भयो कि एकेश्वरवादको अर्थ यो हो कि सृष्टिकर्ता र पालनकर्ता मात्र एउटै अल्लाह नै हुन र हरेक प्रकारको उपासना अराधना भक्ति र पूजापाठ मात्र एक अल्लाहको लागी हुनु पर्यो र अल्लाहको काम र गुण र विषेशताहरु मा उहाँ को कोही पनि साझेदार र सहभागी छैन ।

र हामी लाई यो पनि थाहा भयो कि एकेश्वरवाद लाई तीन भागमा भिवाजित गरिएको छ ।

**तौहीदे उलूहियत** : अर्थात अल्लाह नै सबै ब्रम्हाण्डको सृष्टिकर्ता पालनकर्ता र रचयता हुन

**तौहीदे रुबूबियत** : अर्थात अल्लाहको लागी नै हरेक प्रकारको उपासना अराधना भक्ति र पूजापाठ हुनु पर्छ उहाँ बाहेक अरु कोही पनि सत्य पूज्य र सत्य उपास्य छैन

**तौहीदे अस्मा व सिफात** : अर्थात कि अल्लाहले आफु प्रति जुन कुराहरुलाई प्रमाणित गर्नु भएका छन, वा मुहम्मद ﷺ ले जुन कुराहरुलाई अल्लाह प्रति प्रमाणित गरेका छन् ती कुराहरुलाई हामी अनिवार्य रुपले मानौ, र जुन कुराहरुलाई अल्लाहले आफु प्रति मनाही गरेका छन् वा मुहम्मद ﷺ ले जुन कुराहरुलाई अल्लाह प्रति मनाही गरेका छन् ती कुराहरुलाई हामी अनिवार्य रुपले छाडि दियौं र जुन कुराहरुमा केही प्रमाणित भएको छैन त्यसमा हामी पनि चुप लागेर बसौं ।

## लाइलाह इल्लल्लाहको अर्थ र त्यसको व्याख्या

लाइलाह इल्लल्लाह इस्लामको जग र बुनियाद हो, इस्लाममा यसको धेरै ठूलो र उच्च स्थान छ, यही इस्लामको प्रथम आधार पनि हो र ईमानको अनेकौं भागहरु मध्ये सबै भन्दा ठुलो भाग हो, यसको गवाही, र अर्थको ज्ञान र यसको अनुकुल कर्तवय गरेपछि मात्र कुनै कार्य स्वीकार हुन्छ ।

**यसको अर्थ हो**, अल्लाह बाहेक कोही सत्य उपास्य छैन, र यस बाहेक अरु सबै अर्थ गलत छन् जस्तो कि सृष्टिकर्ता मात्र अल्लाह हुन, वा अल्लाह बाहेक अरु कसैमा रचना गर्ने शक्ति छैन, वा अल्लाह बाहेक अरु कोही उपस्थित छैन, किन भने यसमा मात्र तौहीदे रुबूबियतको अर्थ स्पष्ट हुन्छ, र तौहीद उलूहियतको त चर्चा पनि हुदैन जबकि यस शब्दको बुनियादी र वास्तविक अर्थ हो तौहीदे उलूहियत अर्थात पूज्यमा एकत्व ।

**लाइलाह इल्लल्लाह, यस शब्दमा दुई भाग छन् :**

१ - नकारात्मक, यो (लाइलाह) मा छ, अर्थात कोही पूजा योग्य छैन ।
२ - सकारात्मक, यो (इल्लल्लाह) मा छ, अर्थात पूजा योग्य मात्र अल्लाह छन ।
तसर्थ उपासना चाहिं मात्र अल्लाहको लागि हुनु पर्छ अरु कसैको लागि कुनै प्रकारको उपासना जायज हुदैन, र जुन व्यक्ति पनि यस शब्द लाई भन्छ, र यसको अर्थ बुझ्छ, र यसको अनुकुल कर्तवय गर्छ, अर्थात शिर्कलाई त्यगेर तौहीदलाई स्वीकार गरि लिन्छ, र त्यस माथि ठोस विशवास राख्दछ भने मात्र त्यो व्यक्ति नै वासतवमा मुस्लिम र सदाचारी हुन्छ, र जसले यस कलमा लाई पढेर यसै अनुसार कर्तवय पनि गर्छ तर भित्र मनमा विशवास हुदैन भने त्यो मोनाफिक र कपटी हुनेछ, र जसले इनकार गर्छ अल्लाहको साथमा अरु कसै लाई सहभागी बनाउँछ भने त्यो आफ्नो मुखले यस कलमा लाई भने पछि पनि वास्तवमा त्यो मुश्रिक र काफिर नै हुनेछ ।

## लाइलाह इल्लल्लाहको प्रधान्ता र बिशेषता

यस शब्दमा धेरै गुण र विशेषताहरु छन्, त्यस मध्ये केहि यस प्रकार छन् :
१ - तौहीदलाई स्वीकारे पछि यदि कुनै व्यक्तिले नरकको सजाय पाउँछ भने संधै त्यहाँ बसदैन, बरु एक दिन अवश्य त्यो नरक बाट बाहिर आउने छ हदीसमा छ रसूल ﷺ ले भन्नु भएको छ

﴿ يَخْرُجُ مِنَ النَّارِ مَنْ قَالَ لاَ إِلَهَ إِلَّا اللهُ، وَفِي قَلْبِهِ وَزْنُ شَعِيرَةٍ مِنْ خَيْرٍ، وَيَخْرُجُ مِنَ النَّارِ مَنْ قَالَ لاَ إِلَهَ إِلَّا اللهُ، وَفِي قَلْبِهِ وَزْنُ بُرَّةٍ مِنْ خَيْرٍ، وَيَخْرُجُ مِنَ النَّارِ مَنْ قَالَ لاَ إِلَهَ إِلَّا اللهُ، وَفِي قَلْبِهِ وَزْنُ ذَرَّةٍ مِنْ خَيْرٍ ﴾

जसले लाइलाह इल्लल्लाह भनेको छ र हृदयमा जौंको दाना बराबर पनि भलाइ छ भने त्यो नरकबाट बाहिर हुन्छ, र जसले लाइलाह इल्लल्लाह भनेको छ र हृदयमा गहुँको दाना बराबर पनि ईमान छ भने त्यो नरकबाट बाहिर हुन्छ, र जसले लाइलाह इल्लल्लाह भनेको छ र हृदयमा कण बराबर पनि भलाइ छ भने त्यो नरकबाट बाहिर हुन्छ। (बुखारी- ४४, मुस्लिम,१९३)

२ - यसै कारणले जिन्न र मानिसहरुको सृष्टि भएको छ अल्लाह तआलाले भन्नु भएको छः

﴿ وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنْسَ إِلَّا لِيَعْبُدُونِ ﴾ الذاريات ٥٦

मैले जिन्न र मानिसहरुलाई मात्र आफ्नो उपासनाको लागि सृष्टि गरेको छु।

३ - सबै सन्देष्टाहरु पनि यसै कारण आए, र ग्रन्थहरु पनि यसै कारण अवतरित भयो, अल्लाह तआलाले भन्नु हुन्छनः

﴿ وَمَا أَرْسَلْنَا مِنْ قَبْلِكَ مِنْ رَسُولٍ إِلَّا نُوحِي إِلَيْهِ أَنَّهُ لَا إِلَهَ إِلَّا أَنَا فَاعْبُدُونِ ﴾ الأنبياء ٢٥

जुन सन्देष्टाहरुलाई पनि हामीले तपाई भन्दा अगाडि पठायौं, तिनीहरुलाई मात्र यही सन्देश पठायौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर।

४ - सन्देष्टाहरुको निमंत्रणको साँचो पनि यही हो, सर्वप्रथम सबैले यसै तिर बोलाउनु भयो, र सबैले अ-आफ्ना अनुयाई र समाजलाई यही भन्नु भयो :

﴿يَا قَوْمِ اعْبُدُوا اللَّهَ مَا لَكُمْ مِنْ إِلَٰهٍ غَيْرُهُ﴾

हे मेरो समुदायका मानिसहरु, अल्लाहको उपासना गर उहाँ बाहेके अरु कोही सत्य पूज्य छैन ।

## लाइलाह इल्लल्लाहको शर्तहरू

लाइलाह इल्लल्लाहको सातवटा शर्तहरु छन्, जुन सबैलाई मान्नु अनिवार्य हुन्छ र एउटाको पनि बिरोध गरेमा मानिस सदाचारी हुन सक्दैन त्यो यस प्रकार छन :

१ - ज्ञान : अर्थको ज्ञान र त्यस अनुसार कर्तवय, अर्थात यदि मान्छेलाई यस कुराको ज्ञान भइसक्यो कि अल्लाह नै पूजायोग्य छन र उहाँ बाहेक अरु कसैको उपासना जायज छैन भने उसलाई वास्तवमा यस शब्दको ज्ञान भइसक्यो, अल्लाह तआलाले भन्नु भएको छ :

﴿فَاعْلَمْ أَنَّهُ لَا إِلَٰهَ إِلَّا اللَّهُ﴾ محمد ١٩

यसको ज्ञान राख्नुस कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन ।

उसमान ﷺ को हदीसमा छ कि नबी ﷺ ले भन्नु भयो

﴿مَنْ مَاتَ وَهُوَ يَعْلَمُ أَنَّهُ لَا إِلَهَ إِلَّا اللهُ، دَخَلَ الْجَنَّةَ﴾

जसले यो जान्दछ कि अल्लाह बाहेक अरु कोही पूजा योग्य छैन र यसै अवस्थामा त्यसको मृत्यु हुन्छ भने त्यो स्वर्गमा जानेछ (सही मुस्लिम २६) ।

२ - ठोस विशवास : परिपूर्ण विशवास र मनको सन्तुष्टि समेत कुनै प्रकारको संदेह नगरि लाइलाह इल्लल्लाह लाई भन्नु, अल्लाह तआलाले भन्नु भयो:

﴿ إِنَّمَا الْمُؤْمِنُونَ الَّذِينَ آمَنُوا بِاللَّهِ وَرَسُولِهِ ثُمَّ لَمْ يَرْتَابُوا ﴾

ती मानिसहरु नै मोमिन हुन् जुन अल्लाह र उसको रसूलमाथि ईमान ल्याई त्यस प्रति कुनै किसिमको शंका र संदेह गर्दैनन् ।

अबूहुरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

﴿ أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، وَأَنِّي رَسُولُ اللهِ، لَا يَلْقَى اللهَ بِهِمَا عَبْدٌ غَيْرَ شَاكٍّ فِيهِمَا، إِلَّا دَخَلَ الْجَنَّةَ ﴾

जुन सुकै व्यक्तिले कुनै शंका र संदेहको बिना यो गवाही दिन्छ कि अल्लाह बाहेक अरु कोही पूज्य छैन र म अल्लाहको रसूल र सन्देष्टा छु र यसै अवस्थामा अल्लाह सँग भेटने छ भन्ने त्यो स्वर्गमा जाने छ । (मुस्लिम-२७)

३ - स्वीकार गर्नु : अर्थात यस शब्दमा जति कुराहरु पाइन्छ त्यो सबैलाई भित्री मनले पनि र मुखले पनि स्वीकार गर्नु, जुन घटनाहरुको बारेमा बताइएको छ त्यस माथि विशवास राख्नु, र रसूल ﷺ को तर्फबाट आएको हरेक कुरा माथी ईमान ल्याउनु, र एउटा कुरालाई पनि न नकारनु, अल्लाह तआलाले भन्नु भएको छ :

﴿ آمَنَ الرَّسُولُ بِمَا أُنْزِلَ إِلَيْهِ مِنْ رَبِّهِ وَالْمُؤْمِنُونَ كُلٌّ آمَنَ بِاللَّهِ وَمَلَائِكَتِهِ وَكُتُبِهِ وَرُسُلِهِ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْ رُسُلِهِ وَقَالُوا سَمِعْنَا وَأَطَعْنَا غُفْرَانَكَ رَبَّنَا وَإِلَيْكَ الْمَصِيرُ ﴾ البقرة ٢٨٥

रसूलले त्यो कुरामा ईमान ल्याउनु भयो जुन उनी माथि अल्लाहको तर्फबाट अवतरित भयो र मोमिनहरुले पनि ईमान ल्याए,
यिनीहरु सबै अल्लाह, अल्लाहको दुत, र उहँको किताब, र उहाँको सन्देष्टाहरु माथि ईमान ल्याउनु भयो,
हामी अल्लाहको सन्देष्टाहरु मध्ये कसैको बीचमा भेदभावको व्यवहार गर्दैनौं, र उनीहरुले भने कि हामीले सुन्यौं र मान्यौं हे हाम्रो पालनकर्ता, हामीले क्षमाको लागि प्रार्थना गर्दछौं, र तपाई कहाँ नै फर्केर जानु छ ।
बिरोधी र अस्वीकार गर्नेवालाहरु मध्ये त्यो पनि घोषित हुन्छ जुन् इस्लामको कुनै नियम र सजायहरु माथि असहमति र आपत्ति जनाउँछ वा त्यसको बहिसकार गर्छ, जस्तो कि धेरै व्यक्तिहरुले चोरीको सजाय, व्यभिचारको सजाय, एक भन्दा अधिक विवाह, र मृत्यु पछि त्यसको सम्पत्ति बिभाजित गर्ने जस्तो इस्लामी नियमहरुको बिरोध गरेका छन, अल्लाह तआलाले भन्नु भयोः

﴿وَمَا كَانَ لِمُؤْمِنٍ وَلَا مُؤْمِنَةٍ إِذَا قَضَى اللَّهُ وَرَسُولُهُ أَمْرًا أَنْ يَكُونَ لَهُمُ الْخِيَرَةُ مِنْ أَمْرِهِمْ﴾ الأحزاب: ٣٦

जब अल्लाह र उसको रसूलले कुनै कुराको फैसला निर्धारित गरिदिन्छ भने कुनै मोमिन पुरुष र मोमिन महिलालाई त्यसमा कुनै हक र अधिकार बाँकी रहदैन।
४ - अनुसरण र आत्मसमर्पण : अर्थात आज्ञाकारी बन्नु लाइलाह इल्लल्लाहको अर्थ बुझ्नु ।
स्वीकार र अनुसरणमा अन्तर चाहिं मात्र यति छ कि त्यसको वासतविक्तालाई मानेर बयान गर्नुलाई स्वीकार भनिन्छ जब कि

अनुसरणको अर्थ हुन्छ आज्ञाकारी बन्नु, र त्यसै अनुकुल जीवन बिताउनु, अल्लाह र अल्लाहको रसूलको चाहनामा आफ्नो चाहना लाई समर्पित गरि दिनु ।

तसर्थ यदि कसैलाई लाइलाह इल्लल्लाहको अर्थको ज्ञान भयो, विशवास पनि भयो, र त्यसलाई स्वीकार पनि गर्यो तर त्यसको आज्ञा पालन गरेन र त्यस मार्फत जीवन बेयतीत गरेन भने उसले अनुसरणको शर्तलाई पुरा गरेको छैन, अल्लाह तआलाले भन्नु भएको छ :

﴿وَأَنِيبُوا إِلَى رَبِّكُمْ وَأَسْلِمُوا لَهُ﴾ الزمر:٥٤

कि आफ्नो पालनकर्ता तिर प्रवृत्त गरि जानु र उहाँकै आज्ञापालन गर्नु ।

अर्को ठाउँमा अल्लाहले भन्नु भएको छ :

﴿فَلَا وَرَبِّكَ لَا يُؤْمِنُونَ حَتَّى يُحَكِّمُوكَ فِيمَا شَجَرَ بَيْنَهُمْ ثُمَّ لَا يَجِدُوا فِي أَنْفُسِهِمْ حَرَجًا مِمَّا قَضَيْتَ وَيُسَلِّمُوا تَسْلِيمًا﴾

तपाईको पालनकर्ताको कसम छ कि यिनीहरु जब सम्म आफ्नो सम्पूर्ण विवादमा तपाइलाई इन्साफकर्ता र न्यायधीस मान्दैनन् र तपाईले गरेको निर्णयप्रति हृदयमा कुनै सँकुचित बिचार नराखि प्रसन्नतापूर्वक त्यसलाई स्वीकार गर्दैनन् भने तब सम्म मोमिन हुने वाला छैनन् ।

५ - सत्यता र सच्चाई : आफ्नो इमानमा सत्यवादी, र आफ्नो आस्थामा सच्चा हुनु, अल्लाह तआलाले भन्नु भयो:

﴿يَا أَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ وَكُونُوا مَعَ الصَّادِقِينَ﴾

हे ईमानवालाहरु, अल्लाह सँग डर मान्ने गर, र सच्चाहरुको सँगत गर ।

रसूल ﷺ ले भन्नु भयो «जुन सुकै व्यक्तिले सही मनले यो गवाही दिन्छ कि अल्लाह बाहेक कोही पूज्य छैन भने त्यो स्वर्गमा जान्छ» (यस हदीसलाई अहमदले बयान गरेका छन र अल्लमा अलबानीले सही बताएका छन) तसर्थ यदि कोही मुखले गवाही दिइरहेको छ तर भित्री मनले बिरोध गरिरहेको छ भने त्यो मुक्ति पाउदैन बरु त्यो कपटी र मोनाफिकको संख्यामा उल्लेख हुन्छ ।

सच्चाइको बिरोध मध्ये यो पनि हो कि रसूल ﷺ को तर्फबाट आएको सबै कुराहरुलाई नकारने वा मात्र केही खास कुराहरुलाई नकारने, किन भने अल्लाहले उहाँको आज्ञा पालन गर्ने आदेश दिनु भएको छ, र साथै उहाँको अनुसरणलाई आफ्नो अनुसरण सँग जोड्नु भएको छ, अल्लाहले भन्नु भएको छ :

﴿ قُلْ أَطِيعُوا اللَّهَ وَأَطِيعُوا الرَّسُولَ ﴾ النور: ٥٤

हे नबी तपाई भनिदिनुस कि अल्लाहको आज्ञा पालन गर्नु र रसूलको आज्ञा पालन गर्नु ।

६- शुद्धता : शुद्ध मन्ले आफ्नो कर्मलाई शिर्कको मिश्रणबाट बचाएर सफा राख्नु, अर्थात मान्छेको सबै कर्म र सबै कार्यहरु मात्र एक अल्लाहको लागि र उहाँको खुशी प्राप्तिको लागि होस, त्यसमा देखावा, र निजी फायदा, अथवा अरु कुनै खास प्रकारको चाहना र लालसाको मिश्रण पनि नहोस, नत कुनै व्यक्ति, र कुनै धर्म वा कुनै व्यक्तिको प्रेममा होस, बरु मात्र अल्लाहको खुशी र प्रलोकमा सफलता प्राप्त गर्नको लागि होस, र कुनै व्यक्ति सँग

प्रतिफल र धन्यवाद पाउने आशा पनि नलिइएको होस, अल्लाह तआलाले भन्नु भयो: ﴿أَلَا لِلَّهِ الدِّينُ الْخَالِصُ﴾ الزمر: ٣

खबरदार ! उपासना खास अल्लाह कै लागि हो ।
अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भएको छ :

﴿وَمَا أُمِرُوا إِلَّا لِيَعْبُدُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ﴾ البينة: ٥

उनीहरुलाई मात्र यही आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन र एकाग्र भएर उसैकोलागि धर्मलाई शुद्ध राखून ।
बुखारी र मुस्लिमको हदीसमा छ ईतबान ﷺ को वृत्तांत हो कि रसूल ﷺ ले भन्नु भयो

﴿فَإِنَّ اللَّهَ قَدْ حَرَّمَ عَلَى النَّارِ مَنْ قَالَ: لاَ إِلَهَ إِلَّا اللَّهُ، يَبْتَغِي بِذَلِكَ وَجْهَ اللَّهِ﴾

अल्लाहले नरक माथि त्यस व्यक्ति लाई बर्जित गरिसकेका छन जुन व्यक्तिले मात्र अल्लाहको खुशीको लागि लाइलाह इल्लल्लाहको गवाही दिएको छ » (बुखारी - ४२५,मुस्लिम , ३३)
७ - प्रेम : लाइलाह इल्लल्लाह : यस शब्द, र यसको अर्थ, र यसको लागि अनिवार्य कुराहरु प्रति प्रेमको भावना उतपन्न गर्ने, अर्थात अल्लाह र रसूल ﷺ सँग प्रेम गर्ने उहाँको प्रेम चाहिं सबै प्रकारको प्रेम भन्दा माथि राख्ने, र प्रेमको शर्त र त्यसको लागि अनिवार्य कुराहरुलाई पुरा गर्ने, अल्लाह सँग प्रेम गर्नका साथ साथै महानता, आदर, डर, र आशाको भावना पनि राख्ने, र जुन कुराहरुसित अल्लाहले घृणा गर्नु हुन्छ भने त्योसित घृणा गर्ने,

﴿يَا أَيُّهَا الَّذِينَ آمَنُوا مَنْ يَرْتَدَّ مِنْكُمْ عَنْ دِينِهِ فَسَوْفَ يَأْتِي اللَّهُ بِقَوْمٍ يُحِبُّهُمْ وَيُحِبُّونَهُ أَذِلَّةٍ عَلَى الْمُؤْمِنِينَ أَعِزَّةٍ عَلَى الْكَافِرِينَ يُجَاهِدُونَ فِي سَبِيلِ اللَّهِ وَلَا يَخَافُونَ لَوْمَةَ لَائِمٍ﴾ المائدة: ٥٤

हे ईमान ल्याएका मानिसहरु, यदि तिमीहरु मध्ये कोही आफ्नो धर्मबाट बिमुख भइहाल्छ भने अल्लाहले यस्ता मानिसहरुको सृष्टि गर्नेछन जसलाई अल्लाले माया गर्नेछन र तिनीहरुले पनि अल्लाहलाई माया गर्नेछन् । तिनीहरु मोमिन सँग नर्मीको व्यवहार गर्नेछन र नासतिक सँग कठोरताको, अल्लाहको मार्गमा जिहाद (धर्म युद्ध) गर्ने छन र कुनै तिरस्कृत मानिसको तिरस्कारको वासता गर्ने छैनन् ।

## मुहम्मदुर रसूलुल्लाहको अर्थ

मुखले र मन्ले यो स्वीकार गर्ने कि उहाँ चाहिं सबै संसारको लागी अल्लाहको तरफ बाट पठाइएको सन्देष्टा र सेवक हुन, यसै अनुसार कर्तव्य गर्ने, उहाँको आदेशको पालन गर्ने, उहाँले बताएको कुराहरु माथि विशवास राख्ने, उहाँले रोकेको कुराहरुबाट रुकिहाल्ने, र उहाँले बताएको विधि अनुसार अल्लाहको उपासना गर्ने ।

मुहम्मदु-र-रसूलुल्लाहमा दुइभाग छन्, एउटा अल्लाहको सेवक (**अब्दुहु**) र अर्को अल्लाहको सन्देष्टा (**रसूलुहु**) यो दुवैभागले उहाँको हक अधिकारमा भइरहेको हरेक प्रकारको घटथपलाई बहिस्कार गरिरहेका छन, किन भने उनी त अल्लाहको सेवक र सन्देष्टा हुनुहुन्छ, र यो दुवै गुणको माध्यमले उनी सबभन्दा महान व्यक्ति हुनुहुन्छ, अब्दको अर्थ हो पूजा गर्नेवाला भक्त अर्थात उनी एउटा मनुष्य हुन, उहाँको सृष्टि पनि उसैबाट भएको छ जसबाट सबै मानवजातिको सृष्टि भएको छ, संसारिक

परम्परा अनुसार उहाँ माथि पनि त्यही नियमहरु लागु हुन्छन जुन् सबै मानिसहरु माथि लागु हुन्छ, अल्लाह तआलाले भन्नु भएको छ :

﴿قُلْ إِنَّمَا أَنَا بَشَرٌ مِّثْلُكُمْ﴾ الكهف: ١١٠

तपाई भनिदिनुस कि म त तिमीहरु जस्तै एउटा मानिस हुँ । अर्को ठाउँमा भन्नु भयो:

الْحَمْدُ لِلَّهِ الَّذِي أَنْزَلَ عَلَى عَبْدِهِ الْكِتَابَ وَلَمْ يَجْعَلْ لَهُ عِوَجًا الكهف: ١

सबै प्रशंसाहरु अल्लाहको लागि नै छन् जसले आफ्ना भक्त माथि किताब अवतरित गर्नु भयो र यसमा कुनै प्रकारको त्रुटि छैन ।

रसूलको अर्थ हो ***«शुभ सुचक, सावधान गर्नेवाला, र अल्लाहतर्फ बोलाउनको लागि मानिसहरु तिर पठाइएको व्यक्ति»*** यो दुवै गुणको गवाहीको अर्थ यो हो कि उहाँको हकमा कुनै प्रकारको घटथपलाई स्वीकार न गर्ने, जस्तो कि इस्लामको दावी गर्नेवाला धैरै व्यक्तिहरुले उहाँको जायज हक भन्दा अधिक हक दिएर सिमा उलँघन गरिरहेका छन् यहाँ सम्म कि सेवकको स्थानबाट उठाएर पूज्यको स्थान दिइसकेका छन, तसर्थ अल्लाहलाई छाडेर उहाँ सँग मद्दत मांगिरहेका छन्, उहाँसित त्यसता कुराहरु मांगिरहेका छन् जसको शक्ति अल्लाह बाहेक अरु कसैमा छैन जस्तो कि मानवको अवश्यक्ता पुरा गर्ने, दुःख र पिडा हरने इत्यादि यो सबै मार्ग बिचलीत र पथभ्रष्ट पार्ने कुरा हुन ।

र तिनीहरु बाहेक धैरै मानिसहरु यस्ता पनि छन् जुन् उहाँको सन्देष्टा हुने कुरामा विशवास गर्दैनन् अथवा उहाँको अनुशरण गर्दैनन् बरु उहाँको जायज हकमा पनि कमी गरिरहेका छन्, तसर्थ उहाँको कुरा भन्दा अधिक दर्जा अन्य दोस्रो व्यक्तिको कुरालाई दिइरहेका छन्, उहाँको विधि र शैली सँग सम्बन्ध बिच्छेद र बेमुखी

गरिरहेका छन्, र उहाँको सुन्नतलाई छाडेर बिरोधी कुराहरु प्रति विशवास राखिरहेका छन् ।
तसर्थ एउटा मुस्लिम व्यक्ति माथी यो अनिवार्य हुन्छ कि त्यो रसूल सल्लल्लाहु अलैहि वसल्लमको ओहदा र दर्जामा घटथप नगरि राम्रो संग आस्था र विश्वास राखोस्
र राम्रो संग उहाँको अनुसरण र आज्ञापालन गरोस् किन भने उहाँले जुन उपदेश र सन्देश दिनु भएको छ त्यो सबै अल्लाहको तरफ बाट हुन ।

## ईमान र त्यसको स्तम्भहरु

**ईमान** : यो गवाही कर्तव्य र आस्थाको नाम हो,
गवाहीको अर्थ यो हो कि कलिमए तौहीद लाइलाह इल्लल्लाह लाई जिभ्रोले भन्नु अनि अल्लाहको स्मरण र महीमाको बखान गर्नु र क्षमायाचना गर्नु आदि ।
कर्मको अर्थ हो कि उपासनाको हरेक प्रकार जुन अल्लाह तआलाले बताउनु भएको छ जस्तै नमाज, जकात (धर्मदान) रोजा (ब्रत) हज इत्यादि त्यसलाई आफ्नो शरीरले गर्नु यस्तै त्यो सबै नराम्रा आस्था र कर्महरु लाई छाडिदिनु जुनकुराहरु बाट अल्लाहले मनाही गर्नु भएको छ ।
आस्थाको अर्थ यो हो कि हृदयमा विशवास राख्नु कि अल्लाह बाहेक अरु कोही पनि सत्य पूज्य छैन र मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम अल्लाहको सन्देष्टा हुनु हुन्छ, ।
**ईमानको स्तम्भहरु** : कुरआन र हदीस द्वारा यो कुरा प्रमाणित हुन्छ कि ईमानका छ वटा भागहरु छन्, र त्यो हुन अल्लाह प्रति ईमान, मलाएका (देवदुत) प्रति ईमान, ईश्वरीय ग्रन्थहरु प्रति ईमान, सन्देष्टाहरु प्रति ईमान, प्रलोक प्रति ईमान, र राम्रो र

नराम्रो भाग्य प्रति ईमान, जस्तो कि अल्लाह तआलाले भन्नु भएको छ :

﴿ آمَنَ الرَّسُولُ بِمَا أُنْزِلَ إِلَيْهِ مِنْ رَبِّهِ وَالْمُؤْمِنُونَ كُلٌّ آمَنَ بِاللَّهِ وَمَلَائِكَتِهِ وَكُتُبِهِ وَرُسُلِهِ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْ رُسُلِهِ وَقَالُوا سَمِعْنَا وَأَطَعْنَا غُفْرَانَكَ رَبَّنَا وَإِلَيْكَ الْمَصِيرُ ﴾ البقرة: ٢٨٥

अर्थात : रसूलले त्यो कुरामा ईमान ल्याउनु भयो जुन उनीमाथि अल्लाहको तर्फबाट अवतरित भयो र मोमिनहरुले पनि ईमान ल्याए, यिनीहरु सबै अल्लाह र उसको दुत (फरिश्ता) उसका किताब, र उसका सन्देष्टाहरु माथि ईमान ल्याउनु भयो, हामी उसको सन्देष्टाहरु मध्ये कसैको बीच भेदभावको व्यवहार गर्दैनौं, र उनीहरुले भने कि हामीले सुन्यौं र आज्ञपलन गर्यौं हे हाम्रो पालनर्कता, हामीले क्षमाको लागि प्रार्थना गर्दछौं, र तपाई छेउ नै फर्केर जानु छ ।

सही मुस्लिममा हदीस छ ऊमर बिन खत्ताबको वृत्तांत हो कि जिब्रिल عليه السلام ले मुहम्मद ﷺ संग ईमानको बारेमा सोध्नु भयो त मुहम्मद ﷺ ले भन्नु भयो

﴿ أَنْ تُؤْمِنَ بِاللهِ، وَمَلَائِكَتِهِ، وَكُتُبِهِ، وَرُسُلِهِ، وَالْيَوْمِ الْآخِرِ، وَتُؤْمِنَ بِالْقَدَرِ خَيْرِهِ وَشَرِّهِ ﴾

«ईमानको परिभाषा यो हो कि तिमी अल्लाह, देवदुत, ईश्वरीय ग्रन्थ, सन्देष्टा, प्रलोक, र राम्रो वा नराम्रो भाग्य प्रति ईमान र विश्वास राख» (मुस्लिम-८)

तसर्थ यो ६ वटा कुराहरु इस्लामी सही आस्थाको मूल आधार हुन जसको बयान पवित्र ग्रन्थ कुरआन्मा भएको छ र मुहम्मद ﷺ ले पनि त्यही लिएर आउनु भएको छ र त्यसैलाई ***ईमानको स्तम्भ*** भनिन्छ ।

## पहिलो : अल्लाह प्रति ईमान

अर्थात अल्लाहलाई उलूहियत, रुबूबियत, र अस्मा वस्सिफातमा एकलो मान्ने

र अल्लाह प्रति ईमान मध्ये यो विश्वास राख्ने कि वास्तवमा अरु सबै बाहेक अल्लाह नै पूज्य छन्, किन भने अल्लाह नै मानिसहरुको सृष्टिकर्ता हुन, उनीहरु माथि कृपा गर्नेवाला, जीवीका प्रदान गर्नेवाला, र बाहिर र भित्रको भेदलाई जानने वाला पनि अल्लाह नै हुन, र उहाँले नै आज्ञाकारीहरुलाई पुरस्कार प्रदान गर्ने र आज्ञा उलंघन गर्नेवालाहरुलाई सजाय दिने क्षमता राख्दछन ।

मुख्य कुरा के हो भने सबै प्रकारको पूजा र उपासना अल्लाहको र याचना, आशा, डर, त्रास, प्रेम, र महान्ताको कदर गर्ने समेत उहाँलाई एकलो मान्ने, उहाँको साथमा अरु कसैलाई सहभागी र साझेदार न बनाउने किन भने यो सबै भन्दा ठूलो पाप र घोर अपराध हो ।

## दोश्रो : मलाएका (देवदुत) प्रति ईमान

यस अन्तर्गत मलाएका प्रति संक्षिप्तमा पनि र तपसिलमा पनि ईमान राख्नु पर्छ, संक्षिप्तमा हामीले यो ईमान राख्दछौं कि अल्लाहका मलाएका अर्थात देवदुतहरु छन्, उनीहरुलाई अल्लाहले मात्र आफ्नो आज्ञा पालनको लागि सृष्टि गर्नु भएको छ, र उनीहरु धेरै प्रकारका छन्, कसैलाई अर्श अर्थात अल्लाहको सिंगहासन उठाउने जिम्मेवारी दिइएको छ त कसैलाई नरक र स्वर्गको सुरक्षा कर्मी बनाइएको छ, र कसैलाई मानिसहरुको कर्म दर्ता गर्ने जिम्मेवारी दिइएको छ ।

र तपसिल यो हो कि अल्लाहले वा रसूल ﷺ ले उनीहरु मध्ये जसको नामको खुलासा गर्नु भएको छ उनीहरु प्रति ईमान राख्ने जस्तो कि जिब्रईल عليه السلام, मिकाईल عليه السلام, नरकको सुरक्षा कर्मी मालिक عليه السلام, र सूर फुँकनको लागि नियुक्त भएको देवदुत ईस्राफील عليه السلام ।

## तेश्रो : किताब (ग्रन्थहरू) प्रति ईमान

अनिवार्य रुपले संक्षिप्तमा यो ईमान राख्नु पर्छ कि अल्लाहले मानिसहरु माथि आफ्नो हक बयान गर्नको लागि र त्यसको प्रचार प्रसारको लागि आफ्नो पैगम्बर र सन्देष्टाहरु माथि ग्रन्थ अवतरित गर्नु भएको छ र तपसिलमा ग्रन्थहरु मध्ये अल्लाहले जसको नाम बताउनु भएको छ त्यस माथि ईमान राख्ने जस्तो कि तौरात, जबूर, इन्जिल, र कुरआन, र त्यस मध्ये सबभन्दा अन्तिम र महान ग्रन्थ कुरआन हो, त्यो कुरआन जुन् पहिलेका सबै किताबहरुको संरक्षक र प्रमाणित गर्नेवाला छ, अनि यो कुरआन प्रलयको दिन सम्म सुरक्षित रहने छ त्यसैले हरेक मनुष्य माथि यो अनिवार्य हुन्छ कि यसै मार्फत हरेक कर्म गरोस ।

## चौथो : रसूल (सन्देष्टाहरू) प्रति ईमान

सन्देष्टाहरु माथि पनि संक्षिप्तमा र तपसिलमा ईमान राख्नु पर्छ, हामीले यो ईमान राख्दछौं कि अल्लाहले रसूलहरुलाई शुभसूचक र सावधानकर्ता, र सत्यको प्रचार प्रसारको लागी पठाउनु भएको छ, अल्लाहले भन्नु भयो :

وَلَقَدْ بَعَثْنَا فِي كُلِّ أُمَّةٍ رَسُولًا أَنِ اعْبُدُوا اللَّهَ وَاجْتَنِبُوا الطَّاغُوتَ **النحل: ٣٦**

हामीले हरेक समुदायमा पैगम्बर पठायौं कि मानिसहरु अल्लाहकै पूजा गरुन् र उहाँ बाहेक अन्य समस्त पूज्यहरुलाई त्यागुन ।

तसर्थ जसले सन्देष्टाहरुको कुरा स्वीकार गर्यो त्यसलाई खुशी र शान्ति प्राप्त भयो र जसले उनीहरुको बिपक्षमा भएर बिरोध गर्यो त्यसलाई असफलता र पछुतावा प्राप्त भयो ।

हामीले यो ईमान राख्दछौं कि समस्त सन्देष्टाहरुको मिशन चाहिं एउटै थियो, मात्र एउटै अल्लाहको पूजा र इस्लामको प्रचार प्रसार नै उनीहरुको मिशन र मूल उद्देश्य थियो, कुनै अन्तर छ भने मात्र धार्मिक नियम कानुनहरुमा छ, हामीले यो पनि ईमान राख्दछौं कि अल्लाहले आफ्नो सन्देष्टाहरु मध्ये कसैलाई कसैमाथि प्रधान्ता प्रदान गरेका छन, र सबभन्दा महान र अन्तिम सन्देष्टा मुहम्मद ﷺ हुनुहुन्छ, अल्लाह तआलाले भन्नु भयो :

﴿وَلَقَدْ فَضَّلْنَا بَعْضَ النَّبِيِّينَ عَلَى بَعْضٍ﴾ الإسراء: ٥٥

हामीले केही सन्देष्टाहरुलाई केही माथि प्रधान्ता प्रदान गरेका छौं र यस्तो पनि भन्नु भएको छ :

﴿مَا كَانَ مُحَمَّدٌ أَبَا أَحَدٍ مِنْ رِجَالِكُمْ وَلَكِنْ رَسُولَ اللَّهِ وَخَاتَمَ النَّبِيِّينَ﴾ الأحزاب: ٤٠

मुहम्मद ﷺ तिम्रो पुरुषहरु मध्ये कसैको पिता होइनन् बरु उनी अल्लाहको सन्देष्टा र नबीहरुका समापक हुन् ।

अल्लाह तआलाले उनीहरु मध्ये जसको नाम खोलेका छन वा रसूल ﷺ द्वारा जसको नाम प्रमाणित भएको छ उनीहरु माथि हामीले तपसिली ईमान राख्दछौं जस्तो कि नूह عليه السلام, हूद عليه السلام, सालेह عليه السلام, र ईब्राहीम عليه السلام, इत्यादि, उनी सबै माथि र हाम्रो नबी मुहम्मद ﷺ माथि अल्लाहको कपा र शान्ति होस ।

## पाँचौ : प्रलोक प्रति ईमान

यस अन्तर्गत त्यो हरेक कुरा यसमा समावेश हुन्छ जसको खबर अल्लाहले र रसूल ﷺ ले दिनु भएको छ जस्तो कि कबरको परिक्षा र त्यसमा हुने यातना र अनुग्रह, प्रलोकको दिनको कष्ट र कठिनाई, पुल सेरात, लेखा जोखा, र हिसाब किताब, प्रतिफल, कर्मको बही बितरन गर्ने, र सबैको बीच त्यो खोलिने जस्तो कार्यहरु, कोही आफ्नो बही दाया हातमा लिएको हुन्छ, त कोही आफ्नो बही देब्रे हातमा पिठ पछाडिबाट लिएको हुन्छ, र यस अन्तर्गत स्वर्गमा रहेको अनुकम्पा र उपहार र नरकमा रहेको यातना र सजाय, प्रति ईमान पनि आउँछ र मोमिनहरु आफ्नो पालनकर्ता लाई साक्षात दर्शन गर्न पाउने छन र अल्लाहले मोमिनहरुलाई सन्बोधित गर्ने जस्ता कुराहरु माथि पनि ईमान राख्नु पर्छ, र यस बाहेक त्यो सबै कुरा माथि ईमान राख्नु पर्छ जुन् कुरआनमा उल्लेख छ वा रसूलﷺ को सही हदीस द्वारा प्रमाणित भएको छ, त्यो सबै कुराहरु माथि अल्लाह र रसूलले बताएको तरिका अनुसार ईमान राख्नु र त्यसको गवाही दिनु जरुरी हुन्छ ।

## छैटौं : किस्मत र भाग्य प्रति ईमान

यस अन्तर्गत चार कुराहरु प्रति ईमान राख्नु पर्छ ।

**प्रथम** - अल्लाहलाई त्यो सबै कुराको ज्ञान छ जुन् भइसकेको छ वा भइरहेको छ वा हुनेवाला छ, र मानिसहरुको हरेक पलको खबर, र उनीहरुको धन सम्पत्ति, र मृत्युको समय समेत हरेक कार्यको खबर उहाँले राख्नु भएको छ, कुनै कुरा अल्लाहसित लुकेको छैन, जस्तो कि अल्लाहले भन्नु भएको छ :

﴿إِنَّ اللَّهَ بِكُلِّ شَيْءٍ عَلِيمٌ﴾ التوبة: ١١٥

नि:सन्देह अल्लाहलाई सबै कुराको ज्ञान छ ।

**दोश्रो** - भाग्य र किस्मतको हरेक कुरालाई अल्लाहले लेखेर राख्नु भएको छ, जस्तो कि अल्लाहले भन्नु भएको छ :

﴿وَكُلَّ شَيْءٍ أَحْصَيْنَاهُ فِي إِمَامٍ مُبِينٍ﴾ يس: ١٢

हरेक कुरालाई हामीले एक स्पष्ट किताबमा लेखिसकेका छौं ।

**तेश्रो** - यो ईमान राख्नु कि अल्लाहले जुन कुराको इच्छा गर्नु हुन्छ त्यो लागु हुन्छ र जुन कुराको इच्छा गर्नु हुदैन त्यो लागु हुदैन अर्थात संसारमा हरेक कुरा मात्र अल्लाहको इच्छाले हुन्छ, अल्लाह तआलाले भन्नु भएको छ : ﴿كَذَلِكَ اللَّهُ يَفْعَلُ مَا يَشَاءُ﴾ آل عمرا ٤٠

यसै प्रकार अल्लाहले जे चाहनु हुन्छ त्यो गर्नु हुन्छ ।

**चौथो** - भाग्यको घटनाहरुलाई अल्लाहले घटने भन्दा पहिले नै सृष्टि गरिसकेका छन, अल्लाह तआलाले भन्नु भएको छ :

﴿وَاللَّهُ خَلَقَكُمْ وَمَا تَعْمَلُونَ﴾ الصافات: ٩٦

तपाईहरु लाई र तपाईहरुले गरिरहेको हरेक कुरालाई अल्लाहले सृष्टि गरि दिनु भएको छ ।

## शिर्क र त्यसको प्रकारहरू

सृष्टि र शासन, उपासनाको अधिकार, र काम वा गुणमा अल्लाहको साथमा अरु कसैलाई साझेदार बनाउनु लाई शिर्क भनिन्छ अर्थात मुर्ति पूजा सूर्यको पूजा त्यसै गरि कुनै सन्देष्टा वा कुनै महान पुरुष वा कुनै कबर वाला संग दुआ र प्राथना गर्नु वा अल्लाह बाहेक अरु कसै संग मद्दत माग्नु वा अर्काको लागी नमाज पढनु वा ब्रत बस्नु वा अर्कै को नामले जिबह गर्नु यि सबै शिर्क हुन यसै गरि यदि कुनै व्यक्तिले सुर्य चन्द्रमा वा कबर वा कुनै मूर्ति अगाडी ढोग गर्यो भने त्यो पनि मुश्रिक हुन्छ अनि इस्लाम बाट खारिज भई हाल्छ ।

त्यसै गरि यदि कुनै मनुष्यले यो आस्था राख्दछ कि अल्लाहको काम र गुणहरुमा अल्लाको साथमा उहाँको अरुकोही पनि साझेदार छ भने त्यो पनि शिर्क हुन्छ ।

**शिर्क दुइ प्रकारका छन्** - ठूलो शिर्क, र सानो शिर्क ।

**पहिलो- ठूलो शिर्क,** अर्थात कुनै किसिमको उपासना अल्लाह बाहेक अरु कसैको लागि गर्ने, यस प्रकारको शिर्क गर्नेवाला व्यक्तिले यदि मृत्यु भन्दा पहिले तौबा अर्थात पशचाताप गरेन भने त्यो संधैको लागि नरकमा जान्छ, र उसको सबै कर्महरु विनास र बर्बाद भइहाल्छन, अल्लाह तआलाले भन्नु भएको छ :

﴿ وَلَوْ أَشْرَكُوا لَحَبِطَ عَنْهُمْ مَا كَانُوا يَعْمَلُونَ ﴾

यदि तिनीहरुले अल्लाह सँग अरु कसैको साझेदारी ठहराउँछन भने तिनीहरुको सबै कर्महरु बर्बाद भइहाल्छन ।

ठूला शिर्कलाई अल्लाहले तौबा नसूह अर्थात सच्चा र शुद्ध मनले क्षमा नमाँगे सम्म माफ गर्दैनन्, अल्लाह तआलाले भन्नु भयो:

﴿ إِنَّ اللَّهَ لَا يَغْفِرُ أَنْ يُشْرَكَ بِهِ وَيَغْفِرُ مَا دُونَ ذَلِكَ لِمَنْ يَشَاءُ وَمَنْ يُشْرِكْ بِاللَّهِ فَقَدِ افْتَرَى إِثْمًا عَظِيمًا ﴾ النساء ٤٨

अल्लाह आफ्नो साझेदार बनाउनेलाई क्षमा गर्ने छैन, र उस बाहेक अरु जसलाई चाहन्छन् माफ गरिदिन्छन, र जसले ऊ सँग अरु कसैको साझेदारी ठहराउँछ भने त्यसले ठुलो अपराध गरि रहेको छ ।

**ठूलो शिर्कको अनेकौ प्रकारहरु मध्ये,** अल्लाह बाहेक अरुसित प्रार्थना गर्ने, मन्नत मान्ने, र बलि दिने इत्यादि कुराहरु छन्, वा अल्लाहको तुलनामा अरुलाई कायम गर्ने, र तिनीहरु संग त्यसतै

माया र प्रेम गर्ने जस्तो अल्लाह संग माया गर्नुको हक र अधिकार छ अल्लाहले भन्नु भएको छ :

﴿ وَمِنَ النَّاسِ مَنْ يَتَّخِذُ مِنْ دُونِ اللهِ أَنْدَادًا يُحِبُّونَهُمْ كَحُبِّ اللهِ ﴾ البقرة: ١٦٥

केही मानिसहरु यस्तो पनि छन् जुन् अल्लाहको तुलनामा अरुलाई कायम गरेर तिनीहरु संग अल्लाह जस्तै माया गर्दछन् । **दोश्रो - सानो शिर्क,** कुरआन र हदीसमा जुन कुराहरुलाई शिर्क भनिएको छ तर त्यो ठूलो शिर्कको सीमा नाँगेको छैन भने त्यसलाई सानो शिर्क भनिन्छ, र यस प्रकारको शिर्कले मान्छेलाई इस्लामबाट खारिज गर्दैन तर तौहीदमा चाहिं कमी भइहाल्छ, जस्तो कि रियाकारी अर्थात देखावटि काम, वा यस्तो कार्यहरु जुन् ठूलो शिर्क सम्म पुर्याउन सक्छ तर पुगेको छैन, जस्तो कि कबरको नजिक भएर अल्लाहको लागि नमाज पढने, र अल्लाह बाहेक अरु कसैको कसम खाने, यस विशवासको साथ कि फायदा र घाटा दिने क्षमता अल्लाह बाहेक अरु कसैमा छैन, वा यस्तो भन्ने कि «जे अल्लाहले चाहन्छन र फलानो व्यक्तिले चाहन्छ» र यस्तै अन्य कुराहरु । किन भने नबी ﷺ ले भन्नु भएकोछ

﴿ أَخْوَفَ مَا أَخَافُ عَلَيْكُمُ الشِّرْكُ الْأَصْغَرُ ﴾

तिमीहरुको निम्ति मलाई जुन कुराको सबभन्दा अधिक डर लागेको छ त्यो सानो शिर्क हो, उहाँको साथीहरुले सानो शिर्क बारे सोध्नु भयो त उहाँले भन्नु भयो **«रिया»** अर्थात देखावटि काम, (यस हदीसलाई अहमदले बयना गर्नु भएको छ यस्तै नबी ﷺ ले भन्नु भएको छ :

﴿ مَنْ حَلَفَ بِغَيْرِ اللهِ فَقَدْ أَشْرَكَ ﴾

जुन सुकै व्यक्तिले अल्लाह बाहेक अरु कसैको कसम  खान्छ भने त्यो अल्लाह सँग शिर्क गरिरहेको छ। (अबू दाऊद २८२९)
यस प्रकारको शिर्क अन्तर्गत यो पनि आउँछ कि बिभिन्न प्रकारको रोग र दुखःबाट मुक्त हुनको लागि वा सुरक्षित हुनको लागि ताबीज लगाउने, वा धागा र बल्ला लटकाउने, तर यदि कसैको यो विश्वास छ कि ती कुराहरु मात्र कारण होइनन् बरु त्यो आफै लाभदायक अथवा हानीकारक हुन भने त्यो ठूलो शिर्कमा सामिल भइहाल्छ।
त्यसै गरि यदि कोहि परोहित र ज्योतिष कहाँ जान्छ अनि तिनिहरु सँग भाग्यको बारेमा सोधपूछ गर्दछ भगे त्यो पनि शिर्कको ढोकालाई खोलि रहेको छ किनभने त्यसको मनमा यो हुन्छ कि अल्लाह बाहेक अरु कोहिलाई पनि अदृश्यको कुराहरुको ज्ञान छ अनि यो ठूलो झुठ र निन्दाको कुरा हो अल्लाह तआलाले भन्नु भएको छ।

﴿ قُلْ لَا يَعْلَمُ مَنْ فِي السَّمَاوَاتِ وَالْأَرْضِ الْغَيْبَ إِلَّا اللهُ وَمَا يَشْعُرُونَ أَيَّانَ يُبْعَثُونَ ﴾النمل : ٦٥

अर्थात, तपाई भनि दिनुस कि जो कोहि आकाशहरु र धरतिमा छन अल्लाह बाहेक अरुकोहि अन्तरयामी छैन उनीहरु त यो पनि जान्दैनन कि कहिले उठाइने छन।
त्यसैले हरेक मुस्लिम माथि यो अनिवार्य हुन्छ कि त्यो मात्र एक अल्लाहको पूजापाठ र उपासना गरोस उँहाको साथमा अरु कसै लाई सहभागी र साझेदार न बनाओस किनभने यदि कसैले शिर्क गर्दछ भने त्यसको कुनै पनि सत्कर्म स्वीकार हुने छैन बरु त्यसको सबै कर्महरु व्यर्थ र बर्बाद भइहाल्छन।

## مجمل اعتقاد الفرقة الناجية

# मुक्ति पाउने समुहको आस्था संक्षिप्तमा

मुक्ति पाउने समुह अहले सुन्नत वलजमाअतको आस्था यो हो कि सच्चा मोमिन यस कुराको गवाही दिन्छ कि अल्लाह नै पालनकर्ता र पुज्य हुन, हरेक किसिमको गुण मात्र उहाँकै लागि हो, यही कारण छ कि एउटा मोमिन शुद्ध तरिकाले मात्र अल्लाहकै पुजा गर्दछ, र यस कुराको ज्ञान राख्दछ कि वही सृष्टिकर्ता, अस्तित्व दाता, चित्रकार, जीवीका प्रदान गर्नेवाला, वर्दान दिनेवाला, मनाही गर्नेवाला, र हरेक कुराको प्रबन्ध गर्नेवाला छ, वास्तवमा उही पुज्य हो, उही प्रथम हो उहाँ भन्दा पहिला कोही छैन, उही अन्तिम हो उहाँ भन्दा पछि कोही छैन, उही व्यक्त हो उहाँ भन्दा माथि कोही छैन, र उही अव्यक्त हो उहाँ भन्दा तल कोही छैन ।

हरेक दृष्टिले उही सबभन्दा ठुलो र उच्च स्थानमा छ, शारिरिक दृष्टिले, दर्जाको दृष्टिले, र सत्ताको दृष्टिले ।

अल्लाह तआला अर्श (सिंहासन) माथि बिराजमान हुनुहुन्छ, र त्यो पनि यस प्रकारले बिराजमान छ जस्तोकि उहाँको महान्ताले उचित र सोहाउँदो छ, हरेक ऐतबारले माथि भएता पनि उहाँको ज्ञान चाहिं व्यक्त अव्यक्त, तल माथि, संसारको हरेक कुरालाई घेरि राखेको छ, ऊ आफ्नो ज्ञानले मानिसहरुको साथ हुनुहुन्छ, उनीहरुको हरेक अवस्थाको जानकारि राख्नु हुन्छ, उनीहरुको नजिकै हुनुहुन्छ र प्रार्थना सुनिरहेको हुन्छ ।

ऊ सबै मानिसहरु भन्दा बढि सम्पन्न, र धनि हुनुहुन्छ, सबैलाई जीवनमा र जीवनका लागि अवश्यक कुराहरुमा संधै उहाँको अवश्यक्ता छ, एक क्षणको लागि पनि कसैलाई उहाँको अवश्यक्ता छैन भन्ने होइन, र ऊ अत्यन्त कृपालु र दयालु

हुनुहुन्छ, मानिसहरुले भोगिरहेको प्राकृतिक, र धार्मिक सुविधा र उपहारहरु सबै अल्लाहले नै दिएको हो, उही उपहार दिनेवाला, र दुखः मेटनेवाला छ ।

ऊ आफ्नो कृपाले प्रत्येक रातिको अन्तिम तेहाइमा सबभन्दा नजिकको आकाशमा अवतरित हुनुहुन्छ र भन्नुहुन्छ «कोही छ माँगनेवाला जसलाई म प्रदान गरौं, कोही छ क्षमा चाहनेवाला जसलाई म माफ गरिदिउँ» यहाँ सम्म कि फजरको समय भइहाल्छ, र ऊ आफ्नो महान्ता र शान अनुसार उचित तरिकाले उत्रिन्छन् ।

ऊ बुद्धिमता सम्पन्न छ, धर्म र सृष्टिमा उहाँकै बुद्धि र कौशल काम गरिरहेको छ, उहाँले कुनै पनि चिज व्यर्थमा बनाएका छैनन्, नत्र धर्मको कुनै नियम नै बेकार छ बरु सबै नियमहरु लाभदायक छन । र मानिसहरुको सुरक्षाको लागि बनाइएको छ । ऊ तौबा अर्थात पशचाताप स्वीकार गर्नेवाला, क्षमा प्रदान गर्नेवाला, र माफ गर्नेवाला छ, आफ्नो सेवकहरुको तौबा स्वीकार गर्छ, र उनीहरुको पापलाई मेटने गर्छ, जुन सुकै व्यक्तिले तौबा गर्नु हुन्छ, क्षमा चाहनु हुन्छ, र ऊ सँग रोजु गर्नु हुन्छ भने उसको ठुलठुलो पापहरु पनि माफ गरिदिनु हुन्छ । ऊ गुणग्राहक छ, थोरै भएपनि पुण्यको कार्यलाई धन्यवाद भन्नुहुन्छ र बदलामा धेरै उपहार दिनुहुन्छ, र कृतज्ञाहरु माथि धेरै कृपा गर्नु हुन्छ । सच्चा मोमिन ऊ हुन् जुन् अल्लाहको त्यो सबै गुण स्वीकार गर्छन जुन् अल्लाहले आफै खुदको बारेमा वा रसूलﷺ ले उहाँको बारेमा बयान गर्नु भएकोछ, जस्तो कि परिपुर्ण जीवन, सुन्ने र देखने शक्ति, सर्वश्रेष्ठ शक्ति, महान्ता, आत्मगौरब, सम्मान, प्रतिष्ठा, सुन्दरता, र समस्त प्रशंसा ।

सच्चा मोमिन कुरआन र हदीसको यस कुरा माथि ईमान राखनु हुन्छ कि स्वर्गमा मोमिनहरु आफ्नो आँखाले साक्षात अल्लाहको दर्शन गर्न पाउनेछन, अल्लाहको दर्शन र उहाँको प्रसन्नता प्राप्त

गर्नमा पाइएको सफलता नै सबभन्दा ठुलो र चोखो उपहार हो । जसको मृत्यु ईमान र तौहीद माथि हुँदैन भने त्यो सदा सदाको लागि नर्कमा जान्छ, तर ठुलठुला पाप गरेको मोमिनहरु मध्ये कुनै व्यक्तिले यदि बिना तौबाकै मर्नु भयो र क्षमा अथवा सिफारिस पाउने जस्तो कुनै कार्य पनि गरेको छैन भने यदि उनीहरु नर्कमा जानु हुन्छ भने संधैको लागि त्यहाँ बसनु हुँदैन, र जसको हृदयमा रायोको दाना बराबर पनि ईमान हुन्छ भने त्यो संधैको लागि नर्कमा बस्दैन बरु एक न एक दिन् त्यहाँबाट अवश्य बाहिर आउँछ ।

र यो पनि मान्नु हुन्छ कि ईमान भनेको हृदयमा भएको आस्था, र त्यसको कुरा, र त्यसको कर्तवय समेत अँग द्वारा गरिएको कार्य र मुखले भनेको कुराहरुको नाम हो,

तसर्थ जसले ईमानको पुरापुरा हक अदा गर्नु हुन्छ भने त्यही सच्चा मोमिन हुन्छ, र त्यही पुरस्कारको हकदार हुन्छ र सजायबाट मुक्ति पाउँछ, र जसले यसमा जे जति कमी गर्नु हुन्छ भने त्यति नै त्यसको ईमान पनि कम हुन्छ, यसै कारण हामीले के भन्छौं भने सुकर्म र पुण्यले ईमानमा बढोत्रि हुन्छ, र पाप र दुष्कर्मले ईमानमा कमी हुन्छ ।

एउटा मोमिनले यस कुराको गवाही दिनुपर्दछ कि मुहम्मद ﷺ अल्लाहको सेवक र रसुल अर्थात सन्देष्टा हुनुहुन्छ, अल्लाहले उहाँलाई मार्गदर्शन र सत्य धर्मका साथ पठाउनु भएको छ, ताकि अरु धर्महरु माथि विज्यी प्राप्त गरोस, मोमिनहरु माथि उहाँको हक स्वयं आफ्नो प्राण भन्दा अधिक छ, मुहम्मद ﷺ समस्त नबीहरुको लागि समापक हुनु हुन्छ अर्थात अन्तिम नबी हुनुहुन्छ, मानव र दानवको लागि शुभसुचक, र सचेतक हुनुहुन्छ, उनीहरुलाई अल्लाह तिर बोलाउनको लागि प्रकाशमान, र ज्योति

हुनुहुन्छ, अल्लाहले उहाँलाई धर्म र जगतको सुधारको लागि पठाउनु भएकोछ, ताकि मानिसहरु एक अल्लाहको पुजा गरुन, जसको साझेदार कोही पनि छैन,र यसका लागि अल्लाहले प्रदान गरेको जीवीका द्वारा सहायता प्राप्त गरोस ।

मोमिनलाई यस कुराको ज्ञान हुनु पर्दछ कि मुहम्मद ﷺ सबभन्दा महान ज्ञानी, सच्चा, शुभ सुचक, र सही गलत बयान गर्नेवाला हुन, र यसै कारण एउटा मोमिनले उहाँको इज्जत र सम्मान गर्नु पर्दछ, माया गर्नु पर्दछ, उहाँको मायालाई सबै मानिसहरुको माया भन्दा उच्च स्थान दिनुपर्दछ, धर्मको असुल (महत्व पुर्ण कुराहरु) र फोरुअ (नियम कानुनहरु) मा उहाँको अनुशरण गर्नु पर्दछ, उहाँको कुरा र उहाँको तरिकालाई अन्य सबैको कुरा र तरिका भन्दा माथि राख्नु पर्दछ

र यो ईमान राख्नु पर्दछ कि अल्लाहले उहाँलाई यस्ता यस्ता खुबी, गुण, र बिशेषताहरु प्रदान गरेको छ जस्तो अरु कसैलाई प्रदान गरेको छैन, तसर्थ उहाँको स्थान सबै मानिसहरु भन्दा उच्च छ, र उहाँको दर्जा सबभन्दा महान र ठुलो छ, हरेक गुणमा उहाँ अरु सबै भन्दा परिपुर्ण हुनुहुन्छ, पुण्यको यस्तो कुनै काम छैन जसको खबर उहाँले आफ्नो समुहलाई नदिएको र पापको पनि कुनै यस्तो काम छैन जसबाट उहाँले आफ्नो समुहलाई सचेत नगरेको हुन ।

त्यस्तै एउटा मोमिनले अल्लाहको तर्फबाट अव्तरित भएको हरेक किताब प्रति ईमान राख्नु पर्दछ, अल्लाहले पठाएको हरेक रसूल प्रति ईमान राखनु हुन्छ, उनीहरु मध्ये जसको बारेमा जानकारि छ वा जसको बारेमा जानकारि छैन सबै प्रति ईमान राखनु हुन्छ, रसूलहरुको बीच कुनै प्रकारको भेदभाव गर्नु हुँदैन, र यो मान्नु हुन्छ

कि हरेक रसूलको निमन्त्रण चाहिं एउटै हो, र त्यो मात्र एक अल्लाहको पुजा र उपासना गर्नु हो जसको कोही साझेदार छैन ।

भाग्यको हरेक कुरा प्रति ईमान राखनु हुन्छ, र यो ईमान राखनु हुन्छ कि अल्लाहले मानिसहरुको राम्रो, नराम्रो हरेक कार्यको जानकारि राखेको छ, कलमले लेखिसकेको छ, र उहाँको इच्छा लागु भइसकेको छ, ती हरेक कुरामा उहाँको बुद्धि काम गरिरहेको छ, अल्लाहले मानिसहरुलाई शक्ति र इच्छा प्रदान गरेको छ जसले गर्दा उनीहरु आफ्नो इच्छा अनुसार केही भन्ने र गर्ने अवसर पाउनु हुन्छन, कुनै कार्यमा अल्लाहले बाध्यता गरेको छैन, बरु हरेक कार्यलाई उनीहरुको इच्छा प्रति छोडिदिएको छ, आफ्नो न्याय र बुद्धि द्वारा मोमिनहरुको मन्मा ईमानलाई प्रिय र सुन्दर बनाएको छ र नास्तिकवाद, ठुलठुला पाप, र अन्य हरेक पापलाई अप्रिय बनाइदिएको छ ।

असुलको कुराहरु मध्ये यो पनि छ कि एउटा मोमिन्ले शुभेक्षाको कार्य गर्नु पर्छ, अल्लाहको लागि, ग्रन्थको लागि, रसूलको लागि, र मुस्लिमहरु मध्ये हाकिम, र जनता सबैको लागि,इस्लामी नियम अनुसार सुकर्मको हुकुम दिनु पर्छ र दुशकर्मबाट रोक्नु पर्छ, आमा बुवा सँग उच्च व्यवहार गनु पर्छ, सम्बन्धि,नातादार,घरछिमेकी, सबै हकदार,र सबै मानिसहरु सँग राम्रो व्यवहार गनु पर्छ, महान सोभाव र चरित्रको निमन्त्रण पेश गनु पर्छ, र नराम्रो चरित्र र भ्रष्ट आचरणबाट मनाही गर्नु पर्छ ।

यस कुरामा विशवास राख्नु पर्छ कि सबभन्दा महान मोमिन त्यो हो जसको कर्म र चरित्र सबभन्दा उत्तम होस, जुन् सबभन्दा सच्चा होस, पुण्य र भलो कार्यमा सबभन्दा अगाडि होस, र दुष्कर्ममा सबभन्दा अधिक टाँढा होस ।

एउटा मोमिनलाई यस कुराको ज्ञान हुनुपर्दछ कि कयामत सम्म अल्लाहको लागि जिहाद जारि रहनेछ, र जेहाद इस्लामको शान हो, ज्ञान र प्रमाणको जिहाद, र हातहतीयारको जिहाद, हरेक मुस्लिम माथि आफ्नो क्षमता अनुसार धर्मको रक्षा गर्नु अनिवार्य छ, र जिहाद चाहिं हाकिमको क्षेत्रछायामा हुनु पर्छ, हाकिम भलो मान्छे होस वा पापी होस, यदि जिहादको शर्तहरु उपलबध छ, र त्यसको कारण पाइएको छ भने ।

र त्यस्तै असुलको कुराहरु मध्ये यो पनि छ कि मुस्लिमहरुको बीच एकताको प्रयास गर्ने, त्यसलाई ध्यानमा राख्ने, र त्यसका लागि उनीहरुलाई प्रेरित गर्ने, उनीहरुको मुटुलाई जोडने, र शत्रुता, छलकपट, बिभाजित हुनुबाट रोकने र सचेत गर्ने, र यसको लागि हरेक प्रकारको उपायलाई प्रयोगमा ल्याउने, त्यस्तै मानिसहरुको ज्यान, धन सम्पत्ति, इज्जत, र अरु सबै हक अधिकार प्रति अपराधको रोकथाम गर्ने, र मुस्लिम अथवा नास्तिक हरेक सँग हरेक मामिलामा इन्साफ र न्यायको आदेश दिने ।

मोमिनले यो ईमान राख्नु पर्दछ कि मुहम्मदﷺ को समुदाय अरु सबै समुदायहरु भन्दा महान र सम्मानित हुनुहुन्छ, र उनीहरु मध्ये रसूल ﷺ को साथीहरु अति महान हुनुहुन्छ, खास गरि खोलफा-ए-राशेदीन, स्वर्गको प्रमाण पाएका दस व्यक्तिहरु, बद्रको योद्ध, र बैअते रिजवानमा उपस्थित भएको व्यक्तिहरु, र मोहाजिर र अन्सार मध्ये प्राथमिक्ता प्राप्त गरेको व्यक्तिहरु । तसर्थ एउटा मोमिनले चाहिं रसूल ﷺ को साथीहरु सँग माया गर्नु पर्दछ, र यसलाई आफ्नो धर्म सम्झनु हुन्छ, उनीहरुको खुबीको प्रचार गर्नु हुन्छ र उनीहरुको बारेमा भनेको नराम्रो कुराहरु प्रति चुपलाग्नु हुन्छ ।

त्यस्तै धर्मज्ञानी, सत्य बाटो देखाउने, न्याय गर्ने हाकिम,रअरुसबै धार्मिक व्यक्तिहरुलाई सम्मान गर्ने आफ्नो धर्म सम्झनु हुन्छ, र

अल्लाह सँग प्राथना गर्नु हुन्छ कि अल्लाह उनीहरुलाई हरेक प्रकारको सन्देह, शिर्क, नेफाक, र नराम्रो चरित्रबाट बचाइ राखोस, र मृत्यु सम्म नबी ﷺ को धर्म माथि सवल राखोस ।
यही त्यो ठुलो नियम र असुलहरु छन् जसमाथि मुक्ति पाउने समुहको ईमान छ , र यसै तिर सबैलाई बोलाउनु हुन्छ ।

# أحكام الطهارة
# पवित्रताको विषय

## अपवित्रता

अपवित्रता भनेको त्यो कुरा हो जसबाट बाच्नु र लागेको ठाउँलाई धुनु एउटा मुस्लिमको लागि अनिवार्य हुन्छ, तसर्थ यदि लुगा र शरीरमा कुनै अपवित्र वस्तु लागेको छ र त्यो स्पष्ट देखिने कुरा छ भने अन्त सम्म त्यसलाई धुनु अनिवार्य हुन्छ, जस्तो कि मासिक धर्मको रगत, तर यदि धोए पछि पनि त्यसको चिन्ह बाकि छ र त्यसलाई मेटनु गाह्रो छ भने केही फरक पर्दैन, र यदि अपवित्रता देखिने कुरा छैन भने त्यसलाई मात्र एक चोटि धोएर नै प्रयाप्त भई हाल्छ ।

र अपवित्रता यदि धरतिमा छ भने त्यसलाई पवित्र गर्नको लागि त्यस माथि पानी हाल्नु पर्छ, र यदि अपवित्रता तरल पदार्थ छ जस्तै पिशाब, र त्यो सुकिहाल्यो भने यस अवस्थामा धरति आफै पवित्र हुन्छ, र यदि अपवित्रता तरल पदार्थ छैन भने त्यसलाई हटाउनु जरुरी हुन्छ ।

पवित्रता प्राप्त गर्नको लागि, र अपवित्रता बाट मुक्त हुनुको लागि पानीको प्रयोग हुन्छ, जस्तो कि बर्षाको पानी, समुद्रको पानी, नदीको पानी, र इनारको पानी  इत्यादि, त्यस्तै प्रयोग भइसकेको पानीलाई पुनः प्रयोग गर्नु पनि जायज हुन्छ, र यस्तो पानीलाई प्रयोग गर्नु पनि जायज हुन्छ जसमा कुनै पवित्र वस्तुको मिश्रण भएको छ तर पानी चाहिं आफ्नो असली अवस्थामा बांकि नै छ र पानीको नामबाट खारिज पनि भएको छैन, तर यदि कुनै पवित्र वस्तुको मिश्रण भएर त्यसको नाममा परिवर्तन भइसकेको छ भने त्यस्तो पानीले पवित्रता प्राप्त हुदैन,

जस्तै चिया आदि, र त्यस्तै यदि अपवित्रताको मिश्रण भएर पानीको स्वाद, गंध, र रंगमा परिवर्तन भएको छ भने यस्तो पानीलाई पनि प्रयोगमा ल्याउनु जायज छैन, तर यदि त्यसमा कुनै प्रकारको परिवर्तन भएको छैन भने त्यसलाई पवित्रताको लागि प्रयोग गर्नु जायज छ । त्यस्तै खाए पछि बाकी रहेको पानीलाई प्रयोग गर्नु पनि जायज छ, तर यदि कुकुर वा बांगुरले खाएको छ भने त्यसलाई प्रयोग गर्नु जायज छैन, किन भने त्यो अपवित्र जनावरहरु हुन् ।

## अपवित्रताको प्रकार

अपवित्रता धेरै प्रकारको हुन्छ, त्यस मध्ये :

क - दिसा पिशाब ।

ख - वदी, अर्थात पिशाब पछि निस्कने सेतो रंगको गाढा तरल पदार्थ ।

ग - मजी, अर्थात कामवासनाको समयमा निस्केको सेतो रंगको लैसदार तरल पदार्थ ।

मनी (वीर्य) यो चाहिं पवित्र छ तर यदि भिजेको छ भने त्यसलाई धुनु उचित छ, र यदि सुकेको छ भने त्यसलाई दलनु पर्छ ।

घ - जुन् जनावरहरुको मासु खानु जायज छैन त्यसको गोबर र पिशाब, तर जुन् जनावरहरुको मासु खानु जायज छ भने त्यसको पिशाब र गोबर अपवित्र छैन ।

ड - मासिक धर्म र प्रसौतको रगत ।

उपरोक्त सबै अपवित्रताहरुलाई धुनु र शरीर र लुगाबाट हटाउनु जरुरी हुन्छ ।

र मजी यदि लुगामा लागेको छ भने त्यसलाई पानीको फोहारा दिएर नै भई हाल्छ ।

## अपवित्रताको आदेशहरू

१- यदि कसैलाई कुनै यस्तो फोहोर लागेको छ जसको बारेमा उसलाई थाहा छैन कि त्यो अपवित्र हो कि होइन भने त्यसको बिषयमा सोध्नु जरुरी छैन, र त्यसलाई धुनु पनि जरुरी छैन, किन भने असलमा सबै कुराहरु पवित्र हुन्छन् ।

२- यदि कुनै व्यक्तिले नमाज पढिसके पछि आफ्नो शरीरमा वा लुगामा अपवित्रता देख्यो जसको बारेमा अघिदेखि त्यसलाई जानकारी थिएन वा बिर्सेको थियो भने त्यसको नमाज सही हुन्छ त्यसलाई दोहर्याउनु पर्दैन ।

३- जसको लुगामा अपवित्रताको ठाउँ स्पष्ट हुदैन भने त्यसलाई खोज्ने प्रयास गर्नु पर्छ र अनुमान अनुसार अपवित्रताको ठाउँलाई सफा गर्नु पर्छ, किन कि अपवित्रता चाहिं महसुस हुने कुरा हो, जसको स्वयं आफ्नो एउटा रंग, स्वाद, र गंध हुन्छ तर यदि थाहा भएन भने पुरै लुगा धुनु पर्छ ।

## दिसा पिशाब

**दिसा पिशाब गर्ने तरिका यस अनुसार छन :**

१- शौचालयमा जाँदा पहिला आफ्नो देब्रे खुट्टा भित्र राख्ने, र प्रवेश गर्नु भन्दा पहिले यो भन्ने :

بسم الله، اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الْخُبُثِ وَالْخَبَائِثِ

**बिस्मि ल्लाहि अल्लाहुम्म इन्नी अऊजु बिक मिनल खुबुसी वल खबाइस,**

अल्लाहको नामबाट, हे अल्लाह ! म दुष्ट पापी पुरुष जिन्न, र नराम्रो महिला जिन्नहरुबाट तपाईको शरण चाहन्छु । र बाहिर आउँदा आफ्नो दायाँ खुट्टा बाहिर राख्ने र यो भन्ने غفرانك **(गुफरानक)** हे अल्लाह! म तपाईको क्षमा चाहन्छु ।

२- शौचालयमा जाँदा साथमा कुनै यस्ता वस्तु न राख्ने जसमा अल्लाहको नाम छ, तर यदि हराउने खतरा छ भने केहि फरक पर्दैन
३ - मरुभुमि, चौरमा दिसा गर्ने समयमा काबा तिर नत मुख गर्ने नत पिठ, तर कोठा भित्र यस्तो जायज छ तर कोठा भित्र पनि बाच्नु उचित र राम्रो कुरा हो ।
४ - मानिसहरु सित गुप्ताङ्गको पर्दा गर्ने र त्यसमा कुनै प्रकारको अल्छिपना र सुस्ति नगर्ने, पुरुषको पर्दाको ठाउँ चाहिं नाइटो देखि घुँडा सम्म हुन्छ, र महिलाको पुरा शरिर नै पर्दा हुन्छ, ।
५- शरीर र लुगामा दिसा पिशाब लाग्न न दिने
६- दिसा पिशाब गरिसके पछि पानीले राम्रो सँग सफा गर्ने, वा कागतको रुमाल (tissue) वा ढुंगाको प्रयोग गर्ने, र बायाँ हातले सफा गर्ने ।

# वुजू

बिना वुजू नमाज स्वीकार हुने छैन, अबू हुरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो :

لاَ يَقْبَلُ اللهُ صَلاَةَ أَحَدِكُمْ إِذَا أَحْدَثَ حَتَّى يَتَوَضَّأَ

तिमीहरु मध्ये जसको वुजू भँग भएको छ भने जब सम्म त्यो वुजू गर्दैन तब सम्म अल्लाहले त्यसको नमाज स्वीकार गर्दैनन् (बुखारी- ६९५४, मुस्लिम , २२५)
त्यसैले प्रत्येक मुस्लिम माथि नमाज पढने बेलामा वुजू गर्नु अनिवार्य हुन्छ ।
वुजूमा धेरै विशेष्ता र फाइदाहरु छन् जसलाई बुझ्नु पर्छ अनि ग्रहण गर्ने प्रयास गर्नु पर्छ ,
त्यस मध्ये हजरत उसमान ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

مَنْ تَوَضَّأَ فَأَحْسَنَ الْوُضُوءَ خَرَجَتْ خَطَايَاهُ مِنْ جَسَدِهِ، حَتَّى تَخْرُجَ مِنْ تَحْتِ أَظْفَارِهِ

जुन सुकै व्यक्तिले राम्रो तरिकाले वुजू गर्छ भने त्यसको शरिरबाट पापहरु निस्की हाल्छन, यहाँ सम्म कि त्यसको नङको तलबाट पनि पापहरु निस्की हाल्छन् (मुस्लिम - २४५)

र उहाँकै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

مَنْ أَتَمَّ الْوُضُوءَ كَمَا أَمَرَهُ اللهُ تَعَالَى، فَالصَّلَوَاتُ الْمَكْتُوبَاتُ كَفَّارَاتٌ لِمَا بَيْنَهُنَّ

जसले अल्लाहको आज्ञा अनुसार आफ्नो वुजू पुरा गर्छ भने, अनिवार्य नमाजहरुले यस्तो हरेक पापलाई मेटाइ दिन्छन जुन् त्यस अवधिमा त्यसले गरेको हुन्छ (मुस्लिम-२३१)

## वुजू गर्ने विधि

१ - (नियत) मनमा वुजूको इच्छा व्यक्त गर्ने, तर मुखले नभन्ने, किनकि मन्मा ठानेको कुरालाई नै इच्छा र नियत भनिन्छ, र त्यस पछि **बिस्मिल्लाह** भन्ने ।

२ - फेरि दुवै हात हत्केला सम्म तिन चोटि धुने ।

३ - फेरि तिन तिन चोटि कुल्ला गर्ने र नाकमा पानी हाल्ने ।

४ - फेरि तिन चोटि अनुहार धुने, चौराईमा एक कान देखि अर्को कान सम्म,र लम्बाईमा टाउकोमा कपाल उगने ठाउँ देखि दाढीको तल सम्म ।

५- फेरि दुवै हातलाई तिन चोटि धुने, औंलाको शुरु देखि कुहिनो सम्म, पहिला दायाँ हाथ फेरि बायाँ हाथ ।

६ - फेरि एक चोटि टाउको माथि हात फेरने, यस प्रकार कि आफ्नो दुवै हातलाई भिजाउने र टाउकोमा शुरु देखि अन्त सम्म फेरने र फेरि शुरु सम्म फर्काएर लाउने ।

७- फेरि एक चोटि दुवै कानमा हात फेरने, चोर औंलालाई कान भित्र हालने र बुढी औंठालाई कान माथि फेरने ।

८ - फेरि दुवै खुट्टालाई तीन चोटि धुने, औंलाको शुरु देखि छेपारि दुबै गोल गाठ सम्म, पहिला दायाँ खुट्टा फेरि बायाँ खुट्टालाई धुने ।
यदि वुजूको अंगलाई एक चोटि वा दुई चोटि धोयो भने वुजू भई हाल्छ तर यस कुरामा ध्यान दिनु पर्छ कि वुजूको कुनै भाग सुक्का न रहोस्
९- फेरि यो दुआ पढ्नु ।

أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ وَأَنَّ مُحَمَّدًا عَبْدُ اللهِ وَرَسُولُهُ

**अशहदु अल्लाइलाह इल्लल्लाहु वअन्न मुहम्मदन अब्दुल्लाहि व रसूलुह**

अर्थात : म गवाही दिई रहेको छु कि अल्लाह बाहेक कोही पूज्य छैन, र मुहम्मद ﷺ अल्लाहको सेवक र रसूल हुनु हुन्छ । उमर बिन खत्ताब رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो «तिमीहरु मध्ये जुन् सुकै व्यक्तिले वुजू गर्छ र राम्रो संग पुरा पुरा वुजू गर्छ फेरि यस दुआ लाई पढ्छ :

أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ وَأَنَّ مُحَمَّدًا عَبْدُ اللهِ وَرَسُولُهُ

भने त्यसको लागि स्वर्गको आठौं ढोकाहरु खुलिहाल्छन, र त्यो जुन् ढोकाबाट प्रवेश गर्न चाहन्छ भने त्यसै ढोकाबाट प्रवेश गरि हाल्छ » (मुस्लिम-२३४)
वुजू गर्नुमा तरतीब अर्थात अनुक्रम अनिवार्य हुन्छ वुजूको हरेक भागलाई एक श्रेणीले धुनु पर्छ जस्तै पहिला अनुहार धुनु त्यसपछि हाथ धुनु त्यसपछि मसह गर्नु (टाउको माथी हाथ फेरनु) त्यसपछि दुबै खुट्टा धुनु यसमा अगाडी पछाडी गर्नु जायज छैन ।

त्यसतै एउटा कुरामा अरु धयान राख्नु पर्छ कि वुजूको अर्को भाग धुनेमा यति ढिलो न भई हालोस् कि पहिलो भाग सुकी हालोस् ।

## वुजू भँग गर्ने कुराहरू

यि कुराहरु मध्ये यदि कुनै एउटा कुरा भयो भने वुजू भँग भई हाल्छ ।

(१) दिसा पिशाब गरेमा वा दिसा पिशाबको ठाउँबाट निस्केको हवा, मनी (वीर्य), मजी, वदी, र रगत (२) निन्द्रा (३) उँटको मासु खाए पछि (४) बिहोश हुने र सम्झिने शक्ति न हुनाले ।

## मोजा माथि मसह गर्ने (हात फेरने)

इस्लाममा यो सजिलोपना र सुविधा छ कि यसले मोजा माथि मसहको अनुमति प्रदान गरेको छ, र यो कुरा नबी ﷺ बाट प्रमाणित भएको छ, अम्र बिन ओमैया रजियल्लाहु अन्हुले भन्नु भएको छ कि :

رَأَيْتُ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَمْسَحُ عَلَى عِمَامَتِهِ وَخُفَّيْهِ

मैले नबी ﷺ लाई आफ्नो पगडी, र दुवै मोजा माथि मसह गर्दै देखेको छु (बुखारी २०५)

तर मसहको शर्त यो हो कि दुवै मोजालाई वुजू गरे पछि पवित्रताको अवस्थामा लगाइएको होस, र मसहको विधि यो हो कि भिजाएको दुवै हात मोजाको उपरि भागमा फेरने, तल भागमा न फेरने, घरमा भएको व्यक्तिको लागि मसहको अवधि एक दिन र एक राति सम्म हुन्छ, र यात्रिको लागि तीन दिन र तीन राति सम्म यसको अवधि हुन्छ, यस्तो यात्रा जसमा नमाज

कसर गर्न पाइन्छ अर्थात चार रकअतको नमाज दुइ रकअत पढन पाइन्छ ।

र अवधि समाप्त भए पछि, वा मोजा फुकाले पछि, वा ठूलो अपवित्रता लागे पछि मसह भँग र रद्द भइहाल्छ, (जुनुबी) ठूलो अपिवत्रता लागेमा अपवित्र भएको व्यक्तिलाई मोजा फुकालेर अनिवार्य रुपमा स्नान गर्नु पर्छ ।

## स्नान

पवित्रताको उद्देश्यले सम्पूर्ण शरीरमा पानी हालेर नुहाउनु लाई स्नान भनिन्छ, र त्यो सही हुनको लागि पुरा शरीरमा पानी बहाउनु, कुल्ला गर्नु, र नाकमा पानी हाल्नु जरुरी हुन्छ,

**स्नान पाँच कारणले अनिवार्य भई हाल्छ**

**प्रथम** - कामवासनाको साथमा उचालिएर निस्केको वीर्य, निन्द्राको अवस्थामा होस, वा जागिएको अवस्थामा, पुरुषबाट होस, वा महिलाबाट, तर यदि बिना कामवासनाले वीर्य निस्केको छ भने स्नान गर्नु जरुरी हुदैन, जस्तो कि रोगको कारण वा जाडोको कारण, त्यस्तै यदि सवप्न देखियो तर वीर्य वा त्यसको कुनै चिन्ह पाइएन भने स्नान गर्नु जरुरी हुदैन, तर यदि वीर्य वा त्यसको चिन्ह पाइएको छ भने सपनामा देखेको कुरा याद नभए पनि स्नान गर्नु जरुरी र अनिवार्य हुन्छ ।

**दोश्रो** - सम्भोग, अर्थात पुरुषको गुप्तलिङ्ग महिलाको गुप्तलिङ्गमा छिर्ने, वीर्य न निस्केको भएता पनि नुहाउनु अनिवार्य हुन्छ ।

**तेश्रो** - मासिक धर्म र प्रसौतको रगत बन्द भए पछि ।

**चौथो**- मृत्यु, किन कि मृतक मान्छेलाई नुहाउनु जरुरी हुन्छ ।

**पाँचौ** - काफिर यदि मुस्लिम भयो भने नुहाउनु अनिवार्य हुन्छ ।

## अपवित्र व्यक्तिको लागि बर्जित गरिएको कुराहरू

अपवित्र व्यक्तिहरुको लागि केही कुराहरु बर्जित गरिएका छन, त्यस मध्ये :

१ - नमाज पढनु ।

२ - तवाफ, अर्थात अल्लाहको घर काबाको चारै तिर परिक्रमा गर्नु ।

३ - कुरआन छुनु वा उठाउनु, त्यस्तै उच्च स्वरले वा धिमा स्वरले कन्ठगरेको कुरआन पढनु वा कुरआनमा हेरेर पढनु, इत्यादि ।

४ - मस्जिदमा बस्नु, तर मस्जिद पार गर्नुमा कुनै आपत्ति छैन, र यदि मस्जिदमा बस्नु जरुरी छ भने वुजू गरेर अपवित्रतालाई हलको गर्नु उचित छ ।

## तयम्मुम

पवित्रता प्राप्त गर्नुको लागी पानीको ठाउँमा माटो प्रयोग गर्नु लाई तयम्मुम भनिन्छ ।

घरमा वा यात्रामा दुवै अवस्थामा तयम्मुम जायज छ, र तयम्मुम चाहिं वुजू र स्नानको दुबैको सट्टामा हुन्छ, यदि निम्न कारणहरु मध्ये कुनै कारण पाइएको छ भने :

१ - यदि पानी उपलब्ध छैन, वा उपलब्ध छ तर पवित्रताको लागि प्रयाप्त मात्रामा छैन भने, तर सबभन्दा पहिला पानी खोजने प्रयास गर्नु पर्छ, र फेरि पानी न पाए पछि तयम्मुम गर्ने, त्यसै गरि यदि पानी नजिकै छ, तर त्यसलाई प्राप्त गर्नुमा ज्यानको वा मालको खतरा छ ।

२ - यदि मौसम वा पानी धेरै चिसो छ र पानी प्रयोग गर्नुमा खतरा छ भने ।

३ - यदि पानी छ तर पिउनुको र खाना बनाउनुको लागि मात्र छ भने तयम्मुम गर्ने ।
४ - यदि पवित्र गर्न खोजेको अँगमा घाउ छ भने त्यसलाई पानीले धुने, तर यदि पानीले धुनु हानिकारक छ भने त्यस माथि मसह गर्ने, अर्थात आफ्नो हात भिजाएर त्यस माथि फेरने, तर यदि मसह पनि हानिकारक हुनसक्छ भने त्यसको सट्टामा तयम्मुम गर्ने र बाकि सबै अँगलाई धुने ।

**तयम्मुम गर्ने विधि** यो हो कि मनमा नियत अर्थात इच्छा गर्ने, फेरि दुवै हत्केलालाई एक चोटि पवित्र माटोमा राख्ने, फेरि अनुहार माथि मसह गर्ने, फेरि बायाँ हातको भित्रि भागले दायाँ हातको उपरि भाग माथि मसह गर्ने, फेरि दायाँ हातको भित्रि भागले बायाँ हातको उपरि भाग माथि फेर्ने ।

जसले गर्दा वुजू भँग हुन्छ त्यसैले गर्दा तयम्मुम पनि भँग हुन्छ, र जसले पानी न पाएको कारण त्यम्मुम गरेको छ भने नमाज भन्दा पहिले वा नमाजको समयमा पानीको उपलब्धि ले पनि तयम्मुम भँग भइहाल्छ, तर यदि नमाज पढि सके पछि पानी उपलब्ध भयो भने नमाज सही हुन्छ, त्यसलाई दोहर्रियाउनु जरुरी छैन ।

## मासिक धर्म र प्रसौति

मसिक धर्म (हैज़) : यो त्यस रगतलाई भनिन्छ जुन महिलाको गर्भास्सय बाट बिना कुनै बिरामी वा बिना सुत्केरी प्रत्येक महिना बग्दछ, धेरै जसो यसको गन्ध नराम्रा र रंग कालो हुन्छ ।
प्रासौत (निफास) : सुत्केरी पछि गर्भास्सय बाट जुन रगत आउँछ त्यसलाई प्रसौति (निफास) भनिन्छ

मासिक धर्म र प्रसौतको समयमा नमाज पढनु वा ब्रत बस्नु जायज छैन, हजरत आइशा रजियल्लाहु अन्हाको हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

إِذَا أَقْبَلَتِ الحَيْضَةُ، فَدَعِي الصَّلاَةَ، وَإِذَا أَدْبَرَتْ، فَاغْسِلِي عَنْكِ الدَّمَ وَصَلِّي

मासिक शुरु भए पछि नमाज छाडि देउ, र मासिक समाप्त भए पछि रगत धोएर (स्नान गरेर) नमाज पढ (बुखारी- ३३१, मुस्लिम, ३३३)

र छाडिएको नमाज कजा गर्नु पर्दैन अर्थात अर्को समयमा पढनु पर्दैन, तर ब्रतको कजा गर्नु पर्छ, त्यस्तै मासिक भएकि महिलालाई अल्लाहको घर काअबाको तवाफ गर्नु जायज छैन, र यस्तो अवस्थामा श्रीमान र श्रीमतिको बीच सम्भोग पनि बर्जित गरिएको छ, तर सम्भोग बाहेक अरु तरिकाले माया गर्नु र मज्जा लिनु जायज छ, मासिकको समयमा कुरआन छुनु पनि जायज छैन ।

कुनै नमाजको समयमा नमाज पढने भन्दा पहिले यदि मासिक वा प्रसौत शुरु भयो भने सही कुरा यो हो कि पवित्र भए पछि त्यो नमाज कजा गर्नु पर्छ, र यदि कुनै महिला नमाजको समय सकिने भन्दा मात्र एक रकअत बराबर पहिले पवित्र भएकि हो भने त्यो नमाज पढनु जरुरी हुन्छ, उदाहरण यस्तो हो कि यदि सूर्यास्त भन्दा एक रकअत बराबर पहिले पवित्र भएकि हो भने असरको नमाज पढनु जरुरी हुन्छ र यदि आधि रात भन्दा पहिले पवित्र भएकि हो भने इशाको नमाज पढनु जरुरी हुन्छ ।

यदि ब्रत बस्ने बेलामा मासिक धर्म बग्न थाल्यो भने त्यसको रोजा भँग भई हाल्छ चाहे त्यो सूर्यास्त भन्दा एक छण पहिले किन नहोस र यदि त्यो रमजानको ब्रत हो भने त्यस दिनको

ब्रत लाई कजा गर्नु पर्छ अर्थात त्यस रोजा लाई फेरि अर्को समयमा राख्नु पर्छ ।

कुनै महिला मासिक रगत बग्ने अवस्थामा थियो अनि फजर उदयको एक छण पछि त्यो पवित्र भयो भने त्यस दिनको ब्रत सही हुने छैन र यदि फजर उदय भन्दा एक छण पहिले त्यसको मासिक रगत बन्द भयो भने त्यसको  त्यस दिनको ब्रत सही हुन्छ चाहे त्यो स्नान फजर उदय पछि गर्छ भने त्यसको ब्रत सही हुन्छ, जस्तो कि अपवित्र (जुनुबी) मान्छे यदि ब्रतको नियत गरि लिन्छ भने त्यसको ब्रत सही हुन्छ चाहे त्यो फजर उदय पछि स्नान किन न गरोस् ।

मासिक धर्म र प्रसौति महिलाहरुले अल्लाहको स्मरण गर्ने तकबीर तस्बीह प्राथना र खाना खानुमा अल्लाहको नाम लिने आदि कुराहरु गर्न पाउँछिन यसै गरि कुरआनको तिलावल सुन्नु र हदीस वा अरु इस्लामी किताबहरु पढनुमा कुनै आपत्ति छैन त्यसै गरि कुरआन लाई बिना हाथ लागाई त्यसतै पढनुमा पनि कुनै आपत्ति छैन ।

र रगत रुक्नुको साथै महिला पवित्र भइहाल्छ, तर स्नान गर्नु जरुरी हुन्छ, र स्नान गरे पछि त्यस माथि बर्जित गरिएको सबै कुराहरु जस्तै नमाज पढनु ब्रत बस्नु कुरआन लाई छुनु सबै पुन जायज भइहाल्छन् ।

# أحكام الصلاة

# नमाज़को विषय

## नमाज़को आदेश र अनुशासनहरू

नमाज इस्लामको दोश्रो आधार हो, जुन् हरेक वयस्क, बुद्धिमान, र मुस्लिम माथि अनिवार्य गरिएको छ, अल्लाह तआलाले भन्नु भएको छ :

﴿إِنَّ الصَّلَاةَ كَانَتْ عَلَى الْمُؤْمِنِينَ كِتَابًا مَوْقُوتًا﴾ النساء: ١٠٣

अर्थात : निःसन्देह मोमिनहरु माथि निर्धारित समयमा नमाज पढनु अनिवार्य गरिएको छ ।

र नबी ﷺ ले भन्नु भएको छ

﴿بُنِيَ الإِسْلاَمُ عَلَى خَمْسٍ: شَهَادَةِ أَنْ لاَ إِلَهَ إِلَّا اللهُ وَأَنَّ مُحَمَّدًا رَسُولُ اللهِ، وَإِقَامِ الصَّلاَةِ، وَإِيتَاءِ الزَّكَاةِ، وَالحَجِّ، وَصَوْمِ رَمَضَانَ﴾

इस्लामको बुनियाद पाँच कुराहरु माथि राखिएको छ, अल्लाह बाहेक कोही पूज्य छैन र मुहम्मद ﷺ अल्लाहको दुत हुनु हुन्छ भन्ने कुराको गवाही दिनु, नमाज कायम गर्नु, जकात (दान) दिनु, हज गर्नु, र रमजान महीनाको ब्रत बस्नु" (बुखारी- ८, मुस्लिम १६)

वयस्क (बुलूगत) को प्रमाण यो हो कि उमेर १५ वर्ष भइहालोस् वा कन्दनी तल कपाल उगी हालोस् वा स्वप्न वा कुनै अरु माध्यमले वीर्य निस्की हालोस् र महिलाहरुको लागी एउटा अरु कुरा पनि छ कि तिनीहरु को मासिक धर्म बग्न थालोस् यि निम्न कुराहरु मध्ये यदि कुनै एउटा कुरा भयो भने त्यो मान्छे वयस्क भई हाल्यो ।

र यसको अनिवार्यताको बिरोधी काफिर छ भन्ने कुरामा समस्त मुस्लिम समुदायले सहमति जनाएको छ, र अल्छिपना सुस्तिको कारण पुर्ण रुपले नमाज छोडिदिएको व्यक्तिले पनि अधिक सहाबाको बिचारमा काफिर हुन्छ,

जाबिर बिन अब्दुल्लाह ﵁ ले भन्नु भयो कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु कि

إِنَّ بَيْنَ الرَّجُلِ وَبَيْنَ الشِّرْكِ وَالْكُفْرِ تَرْكَ الصَّلَاةِ

कुनै व्यक्तिको बीच र शिर्क तथा कुफ्रको बीच यदि कुनै अन्तर छ भने त्यो नामाज हो (मुस्लिम - ८२) प्रलोकको दिन सबभन्दा पहिला मानिसहरुले यसैको हिसाब किताब दिनेछन ।

त्यस्तै नमाजमा धेरै ठुलठुला गुण र विशेषताहरु छन्, त्यस मध्ये अबुहोरैरह ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

مَنْ تَطَهَّرَ فِي بَيْتِهِ، ثُمَّ مَشَى إِلَى بَيْتٍ مَنْ بُيُوتِ اللهِ لِيَقْضِيَ فَرِيضَةً مِنْ فَرَائِضِ اللهِ، كَانَتْ خَطْوَتَاهُ إِحْدَاهُمَا تَحُطُّ خَطِيئَةً، وَالْأُخْرَى تَرْفَعُ دَرَجَةً»

जुन सुकै व्यक्तिले आफ्नो घरमा वुजू गरेर नमाजको लागि मस्जिद तिर हिड्छ भने त्यसको एक पाइलाले पाप मेटिन्छ त अर्काले दर्जा बुलन्द गरिन्छ»(मुस्लिम- ६६६)

र अबूहुरैरह ﵁ कै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

أَلَا أَدُلُّكُمْ عَلَى مَا يَمْحُو اللهُ بِهِ الْخَطَايَا، وَيَرْفَعُ بِهِ الدَّرَجَاتِ؟» قَالُوا بَلَى يَا رَسُولَ اللهِ قَالَ: «إِسْبَاغُ الْوُضُوءِ عَلَى الْمَكَارِهِ، وَكَثْرَةُ الْخُطَا إِلَى الْمَسَاجِدِ، وَانْتِظَارُ الصَّلَاةِ بَعْدَ الصَّلَاةِ، فَذَلِكُمُ الرِّبَاطُ

के म तिमीहरुलाई यस्तो कुरा तिर प्रदर्शित न गरौं जसको कारण अल्लाहले पाप मेटाइ दिन्छन र दर्जा बुलन्द गरिदिन्छन» सबैले भन्नु भयो, अवश्य बताउनु हे अल्लाहको रसूल, त उहाँले भन्नु भयो «कष्ट हुँदा पनि वुजू पुरा गर्ने, र मस्जिद तिर अधिक कदम उठाउने, र एक नमाज पछि अर्को नमाजको प्रतिक्षा गर्ने, यही रेबात हो अर्थात सिमा सुरक्षा हो»(मुस्लिम-२५१)

र अबूहुरैरह ﵁ को अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

مَنْ غَدَا إِلَى الْمَسْجِدِ، أَوْ رَاحَ، أَعَدَّ اللهُ لَهُ فِي الْجَنَّةِ نُزُلًا، كُلَّمَا غَدَا، أَوْ رَاحَ

जुन सुकै व्यक्तिले बिहान र साँझको समय मस्जिदमा जान्छ भने जब जब त्यो मस्जिदमा जान्छ तब तब अल्लाहले स्वर्गमा त्यसको स्वागतको सामाग्री तैयार गर्नु हुन्छ» (मुत्तफकुन्अलैह - ६६२, ६६९) ।

**नमाजको संबन्धमा महत्व पूर्ण कुराहरु निम्न छन :**

१ - पुरुषहरुको लागि मस्जिदमा गएर सामुहिक रुपले नमाज पढनु अनिवार्य छ, हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

لَقَدْ هَمَمْتُ أَنْ آمُرَ بِالصَّلاَةِ فَتُقَامَ، ثُمَّ أُخَالِفَ إِلَى مَنَازِلِ قَوْمٍ لاَ يَشْهَدُونَ الصَّلاَةَ، فَأُحَرِّقَ عَلَيْهِمْ

मैले यो ठानेको छु कि कसैलाई नमाज पढाउने आदेश दिउँ र म आफै गएर यस्तो व्यक्तिहरुको घरमा आगो लगाइदिउँ जुन् नमाजमा उपस्थित हुदैनन्» (बुखारी २४२, मुस्लिम ६५१)

२ - छिटै र शान्ति पुर्वक तरिकाले मस्जिद तिर लाग्ने ।

३ - मस्जिदमा प्रवेश गर्दा पहिला आफ्नो दायाँ खुट्टा भित्र राख्ने र यो दुआ (प्रार्थणा) गर्नेः

**(اللهم افتح لي أبواب رحمتك)**

**अल्ला हुम्मफ तहली अब वाब रहम तिक,**

अर्थातः हे अल्लाह! मेरो लागि तपाई आफ्नो दयाको ढोका खोलि देउ।(मुस्लिम - १६५२)

४ - बस्नु भन्दा पहिले दुई रकअत तहिय्यतुल मस्जिद पढ्नु सुन्नत छ, अबूकतादा ﷽ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

إِذَا دَخَلَ أَحَدُكُمُ الْمَسْجِدَ فَلْيَرْكَعْ رَكْعَتَيْنِ قَبْلَ أَنْ يَجْلِسَ

यदि तिमीहरु मध्ये कोही मस्जिदमा प्रवेश गर्दछ भने बस्नु भन्दा पहिले दुई रकअत नमाज पढि लिओस्» (बुखारी ४४४, मुस्लिम, ७१४)

५ - नमाजमा आफ्नो गुप्तलिङ्गलाई छोप्नु अनिवार्य छ, पुरुषको गुप्तलिङ्ग नाइटो देखि घुँडा सम्म हुन्छ, र महिलालाई नमाजमा अनुहार बाहेक पुरा शरीर छोप्नु पर्छ ।

६ - काअबाको दिषामा मुख गर्नु जरुरी हुन्छ, र यो नमाजको स्विकृतिको शर्त हो, यदि रोग अथवा अन्य कुनै बाध्यता छैन भने र यात्रामा फर्ज बाहेक अरु नमाजहरु  काअबा बाहेक अरु दिषामा पढ्न मिल्छ ।

७ - त्यस्तै समय मै नमाज पढनु अनिवार्य छ, समय भन्दा अघि नै पढेको नमाज सही हुदैन, र समय भन्दा ढिलो गर्नु पनि बर्जित गरिएको छ ।

८ - नमाजको लागि छिटो जानु, र प्रथम पंक्तिमा बस्ने प्रयास गर्नु, र नमाजको प्रतिक्षा गर्नु पुण्यको ठूलो कार्य हो, अबूहुरैरह ﷽ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

لَوْ يَعْلَمُ النَّاسُ مَا فِي النِّدَاءِ وَالصَّفِّ الأَوَّلِ، ثُمَّ لَمْ يَجِدُوا إِلَّا أَنْ يَسْتَهِمُوا عَلَيْهِ لاَسْتَهَمُوا، وَلَوْ يَعْلَمُونَ مَا فِي التَّهْجِيرِ لاَسْتَبَقُوا إِلَيْهِ

यदि मानिसहरुलाई थाहा भइहालोस कि अजान र प्रथम पंक्तिमा के राखिएको छ भने त्यो प्राप्त गर्नको लागि यदि चिठ्ठा हाल्नु पर्छ भने उनीहरुले चिठ्ठा पनि हाल्ने गर्छन्, र यदि यो थाहा भइहालोस कि नमाजको लागि छिटो जानुमा के राखिएको छ भने त्यसको लागि एकअर्का भन्दा अघि पुग्ने प्रयास गर्दछन्»( बुखारी-६१५, मुस्लिम ४३७)।

र अबूहुरैरह ﵁ कै अर्को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

لاَ يَزَالُ أَحَدُكُمْ فِي صَلاَةٍ مَا دَامَتِ الصَّلاَةُ تَحْبِسُهُ

तिमीहरु मध्ये कसैलाई जब सम्म नमाजले रोकि राखेको हुन्छ भने तब सम्म त्यो नमाज मै हुन्छ (बुखारी - ६५९, मुस्लिम ६४९)

## नमाज़को समय

जुहर नमाजको समय सूर्य ढलिने देखि हरेक वस्तुको छायां त्यस बराबर हुने सम्म हुन्छ।

असर नमाजको समय हरेक वस्तुको छाया त्यस बराबर हुने देखि सूर्य अस्त हुने सम्म हुन्छ।

मगरिब नमाजको समय सूर्य अस्त हुने देखि रातोपन समाप्त हुने सम्म हुन्छ।

इशा नमाजको समय रातोपना समाप्त हुने देखि आधि रात सम्म हुन्छ।

फजर नमाजको समय फजर उदय हुने देखि सूर्य उदय हुने सम्म हुन्छ ।

## जुन ठाउँमा नमाज़ सही हुदैन

१ - चिहान, रसूल ﷺ ले भन्नु भयो

الْأَرْضُ كُلُّهَا مَسْجِدٌ إِلَّا الْحَمَّامَ وَالْمَقْبَرَةَ

शौचालय र चिहान बाहेक समस्त धरति नमाज पढ्नुको ठाउँ हो» तर जनाजाको नमाज चाहिं चिहानमा पढनु जायज छ ।

२ - कबरको दिषामा नमाज पढ्नु, अबू मर्सद अलगनवी رضي الله عنه ले भन्नु भयो कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु कि

لَا تُصَلُّوا إِلَى الْقُبُورِ، وَلَا تَجْلِسُوا عَلَيْهَا

कबरको दिषामा नमाज न पढ्नु, र त्यस माथि न बस्नु» ( मुस्लिम -९७३) ।

३ - ऊँटहरु बस्ने ठाउँमा र अन्य कुनै पनि अपवित्र ठाउँमा नमाज पढनु जायज छैन ।

## नमाज़को कैफियत

### नमाज़ पढने विधि

नमाज़को लागि नियतको उपस्थिति अवश्यक छ, जस्तो अन्य हरेक उपासनामा पनि नियत अवश्यक हुन्छ, र नियत चाहिं मन्मा हुन्छ मुखले त्यो भन्नु पर्दैन, नमाजको कैफियत निम्न अनुसार छन् ।

१- आफ्नो सम्पूर्ण शरीरले काबाको दिषामा हुनु, त्यस बाहेक अरु कुनै दिषामा न हुनु र नत अरु कतै हेर्नु ।

२- फेरि तक्बीरतुल एहराम **अल्लाहु अकबर (الله أكبر )** भन्ने अल्लाह धेरै महान छन, र तक्बीरको समय आफ्नो दुवै हात काँध वा कान सम्म उठाउने ।

३- फेरि आफ्नो दायाँ हत्केलीलाई आफ्नो बायाँ हत्केलीको उपरि भागमा राखि छातिमा राख्ने ।

४- फेरि दुआए इस्तिफताह पढने:

**(الحمدلله حمداً كثيراً طيباً مباركاً فيه) अल्हम्दु लिल्लाहि हम्दन कसीरन तय्यिबन मुबारकन फीहि**

अर्थ : प्रशंसा अल्लाहको लागि नै छन्, धेरै, पवित्र, र बढदो प्रशंसा ।(मुस्लिम - ६००) **वा यो दुआ पढने :**

**سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ وَتَبَارَكَ اسْمُكَ، وَتَعَالَى جَدُّكَ، وَلَا إِلَهَ غَيْرَكَ**

**सुबहान कल्ला हुम्म व बिहम्दिक व तबार कस्मुक व तआला जद्दुक व ला इलाह गैरुक,**

अर्थ : हे अल्लाह ! तपाई पवित्र हुनु हुन्छ, सबै किसिमको प्रशंसाहरु मात्र तपाइकै लागि छन्, तपाईको नाम शुभ छ, तपाई प्रतिभाशाली र उच्च हुनु हुन्छ, र तपाई बाहेक कोही पूज्य छैन् । (अबुदाऊद र तिर्मिजी - ७७५, २४२

वा यस बाहेक नमाज शुरु गर्नुको दुआहरु मध्ये अन्य कुनै दुआ पढने, र उत्तम यो हो कि संधै एउटै दुआ न पढने बरु कहिले कुनै दुआ पढने त कहिले कुनै, किन भने यो विनम्रता र मनको उपस्तिथीमा अधिक सहायता पुर्याउँछ ।

५- फेरि अल्लाहको शरण माँगदा यो भन्ने:

أَعُوذُ بِٱللَّهِ مِنَ ٱلشَّيْطَٰنِ ٱلرَّجِيمِ

**अऊजु बिल्लाहि मिनश्शैतानिर्रजीम**

हे अल्लाह! म धुत्कारिएको शैतानबाट तपाईको शरण चाहन्छु;
६ - फेरि بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ "**बिस्मिल्ला हिर्रहमानिर्रहीम** भन्ने, म शुरु गर्दछु अल्लाहको नामबाट जुन् अत्यन्त दयालु र अति कृपालु छन् । र सुरहः फातिहा पढने:

الْحَمْدُ للهِ رَبِّ الْعَالَمِينَ(١) الرَّحْمَنِ الرَّحِيمِ(٢) مَالِكِ يَوْمِ الدِّينِ(٣) إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ(٤) اهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيمَ(٥) صِرَاطَ الَّذِينَ أَنْعَمْتَ عَلَيْهِمْ (٦) غَيْرِ الْمَغْضُوبِ عَلَيْهِمْ وَلَا الضَّالِّينَ(٧)

**अलहमदु लिल्लाहि रब्बिल आलमीन, अर्रहमा निर्रहीम, मालिकि यौमिद्दीन, इय्याक नाबुदु वइय्याक नसतईन, इहदि नस्सिरातल मुस्तक़ीम, सिरातल्लजीन अनअमत अलैहिम, गैरिलमगजूबि अलैहिम वलज्ज़ाल्लीन,, आमीन,,**

अर्थातः सारा प्रशंसा अल्लाहको लागि हुन् जुन् सम्पूर्ण ब्रहमाण्डको पालनकर्ता छन्, अत्यन्त दयालु अति कृपालु छन्, प्रतिफलको दिनको स्वामी हुन्, हामी तपाई कै उपासना गर्दछौं र तपाई सँग नै मद्दत चाहन्छौं, हामीलाई सोझो बाटो देखाउ, उनीहरुको बाटो जसलाई तपाईले पुरस्कृत गर्नु भयो, तिनीहरुको होइन जसमाथि तपाईको कोध भयो, नत पथ भ्रष्टहरुको बाटो । हे अल्लाह मेरो प्रार्थना स्वीकार गर ।

७ - फेरि कुरआनबाट जति पढन सकनुहुन्छ भने त्यति पढने ।

८ - फेरि आफ्नो दुवै हात काँधा सम्म उठाएर रुकूअमा जाने अर्थात निहुर्ने र अल्लाहु अकबर भन्ने । र रुकूअमा आफ्नो दुवै हत्केलीको औंलाहरुलाई फुकाएर घुँडा माथि राख्ने र यो भन्ने "**सुब्हान रब्बियल अज़ीम**" **(سبحان ربي العظيم)** पवित्र छ

मेरो महान पालनकर्ता । यो तीन चोटि भन्नु सुन्नत छ तर अधिक भन्नु पनि जायज छ र एक चोटिले पनि पुगि हाल्छ ।

९ - फेरि इमाम (नमाज पढाउने व्यक्ति) र मुन्फरिद (एकलै नमाज पढने व्यक्ति)ले **समीअल्ला हुलिमन हमिदह** **(سمع الله لمن حمده)** अर्थात अल्लाहले सुन्नु भयो जसले उहाँको प्रशंसा गर्यो

यो भन्दै आफ्नो टाउको रुकूअबाट उठाउने, साथै आफ्नो दुवै हात काँधा सम्म उठाउने, मामुम अर्थात इमाम सँग नमाज पढने व्यक्तिले **समीअल्ला हुलिमन हमिदह** **(سمع الله لمن حمده)** को सट्टामा **"रब्बना व लकल हम्द"** **(ربنا ولك الحمد)** भन्ने

अर्थात : हे हाम्रो पालनकर्ता प्रशंसा चाहिं तपाई कै लागि हो । फेरि आफ्नो दायाँ हत्केली बायाँ हत्केलीको उपरि भागमा राखि छातिमा राख्ने ।

१०- उभिएको समयमा यो भन्ने:

اللهُمَّ رَبَّنَا لَكَ الْحَمْدُ مِلْءَ السَّمَاوَاتِ، وَمِلْءَ الْأَرْضِ، وَمِلْءَ مَا بَيْنَهُمَا، وَمِلْءَ مَا شِئْتَ مِنْ شَيْءٍ بَعْدُ» '

**अल्लाहुम्म रब्बना लकल हम्दु मिल्अस्स मावाति व मिल्अल अरजि व मिल्अ मा बैनहुमा व मिल्अ मा शीइत मिन शैयइन बादु**

अर्थात : हे हाम्रो प्रभु! प्रशंसा मात्र तपाईको लागि छ, आकाश तथा धरतिको बराबर, र जति वस्तुहरु ती दुवैको बीचमा छन् ती सबैको बराबर, र त्यस थोकको बराबर जुन यस पछि तपाईले चाहनु हुन्छ ।

११ - फेरि पहिलो सजदा गर्ने अर्थात माथालाई भुईमा टेकने, ढोग गर्ने, सजदाको समय अल्लाहु अकबर भन्ने,

र आफ्नो सात अँगहरु माथि सजदा गर्ने, माथा नाक समेत, दुवै हत्केला, दुवै घुँडा, र खुट्टाको औंलाहरुको शुरुको भाग, पाखुरा हरुलाई बगलबाट हटाएर राख्ने, र खुट्टाको औंलाहरुको शुरुको भागलाई काबाको दिषामा राख्ने, र सजदामा (سبحان ربي الأعلى) **सुबहान रब्बियल आला** भन्ने, (पवित्र छ मेरो महान पालनकर्ता) । यो तीन चोटि भन्नु सुन्नत छ, तर अधिक भन्नु पनि जायज छ र एक चोटिले पनि पुगि हाल्छ, सजदामा धेरै भन्दा धेरै प्रार्थना गर्नु उत्तम छ, किनकि सजदाको समय एउटा यस्तो समय हो जुन समयमा प्रार्थना स्वीकार हुन्छ ।

१२- फेरि अल्लाहु अकबर भन्दै सजदाबाट आफ्नो टाउको उठाउने, दुवै सजदाको बीच आफ्नो बायाँ पाइला माथि बस्ने, र दायाँ पाइला उठाइ राख्ने, दायाँ हातलाई दायाँ जाँघको किनारामा घुँडाको नजिक राख्ने, र बायाँ हातलाई बायाँ जाँघको किनारामा घुँडाको नजिक राख्ने, र दुवै हातको औंलाहरु फुकाएर राख्ने, र बसेको समयमा यो भन्ने :

**(رب اغفر، رب اغفر لي)** रब्बिग फिरली रब्बिग फिरली । हे मेरो पालनकर्ता ! मलाई माफ गरिदेउ ।

१३- फेरि दोश्रो सजदा गर्ने, र यसमा पनि पहिलो सजदा जस्तै गर्ने ।

१४- फेरि **अल्लाहु अकबर** भन्दै दोश्रो सजदाबाट उठ्ने, र राम्रो सित उभिने ।

१५- दोश्रो रकअत पनि पहिलो रकअत जस्तै पढ्ने, पहिलोमा भनेको कुराहरु र गरिएको कार्यहरु नै दोश्रोमा पनि गर्ने, मात्र नमाज शुरु गर्नुको दुआ न पढने र अऊजु बिल्लाहि मिनश्शैतानिर्रजीम

पनि न भन्ने, दोश्रो रकअतको दोश्रो सजदा पछि यस्तै बस्ने जस्तो कि दुवै सजदाको बीचमा बसिन्छ, तर अन्तर चाहिं के छ भने यहाँ बस्दा आफ्नो दायाँ हातको बीचको औंलालाई औंठा सँग गाँठने, र चोर औंलाले संकेत दिने, र यस बैठकमा तशहुद पढने, र आफ्नो चोर औंलालाई हिलाउने : तशहुद भनेको यो हो:

التَّحِيَّـاتُ للهِ وَالصَّـلَوَاتُ وَالطَّيِّبَـاتُ، السَّـلاَمُ عَلَيْـكَ أَيُّهَـا النَّبِـيُّ وَرَحْمَـةُ اللهِ وَبَرَكَاتُـهُ، السَّـلاَمُ عَلَيْنَـا وَعَـلَى عِبَـادِ اللهِ الصَّـالِحِينَ، أَشْـهَدُ أَنْ لاَ إِلَـهَ إِلَّا اللهُ وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ

**अत्त हिय्यातु लिल्लाहि, वस्सलवातु वत्त य्यिबातु, अस्सलामु अलैक अय्यु हन्नबिय्यू व रहम तुल्लाहि व बरकातुहू, अस्सलामु अलैना व अला इबादिल्ला हिस्सा लिहीन, अशहदु अल्ला इलाहा इल्ल ल्लाहु व अशहदु अन्न मुहम्मदन अबदुहू व रसूलुह,** (सही बुख़ारी 831)

अर्थ : मौखिक उपासनाहरु र शरीर र मालको माध्यमले गरेको सबै उपासनाहरु मात्र अल्लाहका लागि छन्, सलामती होस तपाई माथि हे अल्लाहको नबी, र अल्लाहको दया तथा उन्नति पनि, सलामती हो हामी माथि तथा अल्लाहका असल भक्तहरु माथि, म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पनि पुजनीय छैन, र म गवाही दिन्छु कि मुहम्मद ﷺ अल्लाहको भक्त, तथा रसूल हुनु हुन्छ। (बुखारी-८३१)

फेरि यदि नमाज तीन रकअतको छ जस्तो कि मगरिब, वा चार रकअतको छ जस्तो कि जुहर, असर, र इशा भने अल्लाहु अकबर भन्दै र दुवै हात काँधा सम्म उठाउदै उभिने, र बाकिको

नमाज दोश्रो रकअत जस्तै पढने, तर अन्तर के छ भने उभिएको समय मात्र सुरह फातेहा पढने,
र अन्तिम रकअत को दोश्रो सजदा पछि बस्ने र माथि लेखिएको तशहुद, र दरुदे इब्राहिमी पढने: दरुदे इब्राहिमी यो हो

اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ، كَمَا صَلَّيْتَ عَلَى إِبْرَاهِيمَ، وَعَلَى آلِ إِبْرَاهِيمَ، إِنَّكَ حَمِيدٌ مَجِيدٌ، اللَّهُمَّ بَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ، كَمَا بَارَكْتَ عَلَى إِبْرَاهِيمَ، وَعَلَى آلِ إِبْرَاهِيمَ إِنَّكَ حَمِيدٌ مَجِيدٌ

**अल्ला हुम्म सल्लि अला मुहम्मदिन, व अला आलि मुहम्मदिन, कमा सल्लैत अला इब्राहीम व अला आलि इब्राहीम, इन्नक हमीदुम मजीद, अल्लाहुम्म बारिक अला मुहम्मदिन व अला आलि मुहम्मदिन कमा बारकत अला इब्राहीम व अला आलि इब्राहीम, इन्नक हमीदुम मजीद,**

हे अल्लाह ! दया गर मुहम्मद ﷺ माथि, र उहाँको सन्तानहरु माथि, जस्तो कि तपाईले दया गर्नु भयो ईब्राहीम, र उहाँको सन्तानहरु माथि, निसन्देह तपाई प्रशंसा योग्य तथा महान हुनु हुन्छ, हे अल्लाह ! उन्नति प्रदान गर मुहम्मद ﷺ र उहाँको सन्तानहरुलाई जस्तो कि तपाईले उन्नति प्रदान गर्नु भयो ईब्राहीम र उहाँको सन्तानहरुलाई, निसन्देह तपाई प्रशंसा योग्य र सर्वश्रेष्ट हुनु हुन्छौं ।
त्यस पछि जे चाहेको हो त्यो दुआ गर्ने, अधिक दुआ गर्नु सुन्नत छ, र हदीसमा आएको यो दुआ गर्ने :

اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ عَذَابِ القَبْرِ،و مِنْ عَذَابِ النار ومِنْ فِتْنَةِ المَحْيَا والمات وَ مِنْ فِتْنَةِ المَسِيحِ الدَّجَّالِ

**अल्लाहुम्म इन्नी अऊजु बिक मिन अज़ाबिल क़बरि, वमिन अजाबिन्नार व मिन फितनतिल मह्या वल ममाति व मिन फितनतिल मसीहिद्दज्जाल**
हे अल्लाह ! म तपाईको शरण चाहन्छु चिहानको सजायबाट र नरकको सजायबाट र जिवन र मृत्युको परिक्षाबाट र दज्जालको उपद्रवबाट ।
१६ - फेरि आफ्नो दायाँ तर्फ यो भन्दै सलाम फेरने **(السلام عليكم ورحمة الله)**
**अस्सलामु अलैकुम व रहमतुल्लाह** शान्ति र अल्लाहको दया होस तिमीहरु माथि, र बायाँ तर्फ पनि यस्तै गर्ने ।
१७- जुहर, असर, मगरिब, र इशाको अन्तिम तशहुदमा सुन्नत यो हो कि आफ्नो दायाँ पाइला उठाइ राख्ने, र बायाँ पाइला दायाँ पिंडलीको तलबाट निकालने, र धरतिमा बस्ने, र दुवै हात यस्तै राख्ने जस्तो कि प्रथम तशहुदमा राखेका थियौं ।

## नमाज़ समाप्त भएपछिको दुआहरू

أَسْتَغْفِرُ اللهَ، أَسْتَغْفِرُ اللهَ، أَسْتَغْفِرُ اللهَ

اللهُمَّ أَنْتَ السَّلَامُ وَمِنْكَ السَّلَامُ، تَبَارَكْتَ «يَا ذَا الْجَلَالِ وَالْإِكْرَامِ

**असतग़ फिरुल्लाह, असतग़ फिरुल्लाह, असतग़ फिरुल्लाह, अल्लाहुम्म अन्तस्सलाम, व मिनक स्सलाम, तबारक्त या जल जलालि वल इकराम,** (सही मुस्लिम 591)
म अल्लाह सित क्षमा माँगदछु, म अल्लाह सित क्षमा माँगदछु, म अल्लाहसित क्षमा माँगदछु, हे अल्लाह ! तपाई सलाम हुनु हुन्छ, अर्थात शान्तिलाई मन पराउनु हुन्छ, र तपाई शान्ति

प्रदान गर्नु हुन्छ, हे महान तथा प्रतिष्ठित अल्लाह ! तपाई सम्मानित र गरिमामय हुनु हुन्छ । (मुस्लिम - ५९१)

لاَ إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ، وَلَهُ الحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، اللَّهُمَّ لاَ مَانِعَ لِمَا أَعْطَيْتَ، وَلاَ مُعْطِيَ لِمَا مَنَعْتَ، وَلاَ يَنْفَعُ ذَا الجَدِّ مِنْكَ الجَدُّ

**ला इलाहा इल्लल्लाहु वह्दहु लाशरी कलहू, लहुलमुल्कु, व लहुलहम्दु, व हुव अला कुल्लि शैइन क़दीर, अल्लाहुम्म ला मानिअ लिमा आतैत, वला मुतिय लिमा मनअत, वला यनफउ ज़ल जद्दि मिनकलजद्द (मुत्तफ़क़ अलैह 844, 593)**

अल्लाह बाहेक कोही पनि पुजनीय छैन, उहाँ एकलो हुनु हुन्छ, उहाँको कोही पनि साझेदार छैन, उहाँकै लागि राज्य छ, तथा उहाँकै लागि सबै प्रकारका प्रशंसाहरु छन्, र सबै कुराहरु माथि उहाँकै अधिकार छ, हे अल्लाह ! जे सुकै पनि तपाईले दिनु हुन्छ भने त्यसलाई कोही पनि मनाही गर्न सक्दैन, र जे सुकै पनि तपाईले मनाही गरिदिनु हुन्छ भने त्यसलाई कोही पनि प्रदान गर्न सक्दैन, र धनी मान्छेलाई उसको धनले तपाईको सजायबाट मुक्ति दिन सक्दैन । (मुत्तफकुन्अलैह- ८४४, ५९३)

لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، لَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا بِاللهِ، لَا إِلَهَ إِلَّا اللهُ، وَلَا نَعْبُدُ إِلَّا إِيَّاهُ، لَهُ النِّعْمَةُ وَلَهُ الْفَضْلُ، وَلَهُ الثَّنَاءُ الْحَسَنُ، لَا إِلَهَ إِلَّا اللهُ مُخْلِصِينَ لَهُ الدِّينَ وَلَوْ كَرِهَ الْكَافِرُونَ

**ला इलाह इल्लल्लाहु वह्दहु ला शरीकलहू, लहुलमुल्कु, व लहुलहम्दु, व हुव अला कुल्लि शैइन क़दीर, ला हौल व ला कुव्वत इल्ला बिल्लाह, ला इलाह इल्लल्लाहु, वला नाबुदु इल्ला इय्याहू, लहुननेमतु वलहुल फज़्लु, वलहुस्सनाउल हसन, ला**

**इलाहा इल्लाहु मुख़लिसीना लहुद्दीन वलौ करिहल काफ़िरून** (सही मुस्लिम 594)

अल्लाह बाहेक कोही पनि पुजनीय छैन, उहाँ एकलो हुनु हुन्छ, उहाँको कोही पनि साझेदार छैन, उहाँको लागि राज्य छ, तथा उहाँकै लागि सबै प्रकारको प्रशंसाहरु छन्, र सबै कुराहरु माथि उहाँको अधिकार छ, अल्लाहको मद्दत बिना कुनै प्रकारको शक्ति र क्षमता हुदैन, अल्लाह बाहेक कोही पनि साँचो पुजनीय छैन, उहाँ बाहेक हामी अरु कसैको उपासना गर्दैनौं, सबै प्रकारको नेमत, प्रतिष्ठा, र प्रशंसा उहाँको लागि हो, अल्लाह बाहेक कोही पनि सत्य पुजनीय छैन, हामीले वास्तविक रुपमा उहाँकै उपासना गर्दछौं, यधापि नास्तिकहरुलाई नराम्रो किन न लागोस (मुस्लिम-५९४)

त्यस पछि तैंतीस चोटि **सुब्हानल्लाह**' سُبْحَانَ الله अल्लाह पवित्र छ, तैंतीस चोटि **अल्हम्दुलिल्लाह** الْحَمْدُ لِلّٰه सबै प्रकारको प्रशंसा अल्लाहकै लागि छन्, र तैंतीस चोटि **अल्लाहु अकबर**' اللّٰهُ أَكْبَرُ अल्लाह महान छन भन्ने, र सय पुरा गर्नको लागि यो भन्ने

لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِير

**ला इलाह इल्ल ल्लाहु वह्दहु लाशरी कलहू, लहुलमुल्कु, व लहुलहम्दु, व हुव अला कुल्लि शैइन क़दीर,**

अल्लाह बाहेक कोही पनि पुजनीय छैन, उहाँ एकलो हुनु हुन्छ, उहाँको कोही पनि साझेदार छैन, उहाँको लागि राज्य छ, तथा

उहाँको लागि सबै प्रकारको प्रशंसाहरु छन्, र सबै कुराहरु माथि उहाँकै अधिकार छ ।

फेरि आयतुल कुर्सी, कुलहु वल्लाहु अहद, र कुल अउजु बिरब्बिन्नास हरेक नमाज पछि पढने, र फजर र मगरिब नमाजमा यी तीनौ सुरह लाई तीन तीन चोटि दोहरियाउनु उचित छ ।

اللَّهُ لَا إِلَهَ إِلَّا هُوَ الْحَيُّ الْقَيُّومُ لَا تَأْخُذُهُ سِنَةٌ وَلَا نَوْمٌ لَهُ مَا فِي السَّمَاوَاتِ وَمَا فِي الْأَرْضِ مَنْ ذَا الَّذِي يَشْفَعُ عِنْدَهُ إِلَّا بِإِذْنِهِ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ وَلَا يُحِيطُونَ بِشَيْءٍ مِنْ عِلْمِهِ إِلَّا بِمَا شَاءَ وَسِعَ كُرْسِيُّهُ السَّمَاوَاتِ وَالْأَرْضَ وَلَا يَئُودُهُ حِفْظُهُمَا وَهُوَ الْعَلِيُّ الْعَظِيمُ

**आयतल कुर्सी** : अल्लाहू लाइलाह इल्ला हुवल हैय्युल कैय्यूम, लाताखुजुहु सिनतुं वला नौम, लहु माफिस्समावाति वमाफिल अरज, मनजल लजी यशफउ इन्दहू इल्ला बिइजनिह, याअलमु मा बैन ऐदीहिम वमा खलफहुम, वला युहीतून बिशैइम मिन इल्मिही इल्ला बिमा शाअ, वसिअ कुरसिय्यु हुस्समावाति वलअरज, वला यउदुहू हिफजुहुमा, वहुवल अलिय्युल अजीम

## नमाज़मा मस्बुक भएको बारे

मसबुक भनेको त्यो व्यक्ति हो जसको एक रकअत वा त्यस भन्दा अधिक नमाज इमाम सँग छुटिएको हो, र यसो भए इमाम सँग जति नमाज पाइएको छैन भने इमामले दोश्रो सलाम फेरिसके पछि त्यसलाई पुरा गर्नु पर्छ, र उसको नमाज उसै रकअतबाट शुरु हुन्छ जुन रकअतमा त्यो इमामलाई पाएको छ,

र इमाम सँग यदि रुकूअ पाइयो भने पुरा रकअत पाइयो, र यदि रुकूअ पाइएन भने पुरा रकअत छुट्टयो ।
मसबुक भएको व्यक्तिको लागि उचित यो हो कि मस्जिदमा प्रवेश हुने बित्तीकै मानिसहरु जुन अवस्थामा छन् त्यही अवस्थामा उनीहरु सँग जुडिहाल्ने, यद्यापि उनीहरु उभिएको होस, वा रुकूअमा होस, वा सजदामा होस, वा अरु कुनै अवस्थामा, अर्को रकअतको लागि उभिने सम्म प्रतिक्षा गर्नु उचित छैन, र उभिएर तक्बिरतुल एहराम भन्नु पर्छ, तर रोग वा अरु कुनै कारणले उभिन नसकिने व्यक्तिहरुको लागि अनिवार्य छैन ।

## नमाज़ भँग गर्ने कुराहरू

१- जानी जानी कुराकानि गर्ने, थोरै किन नहोस।
२- काबाको दिशा छोडेर अर्को दिशामा पूर्ण शरिरलाई फरकाउनु ।
३- वुजू भँग गर्ने कारणहरु मध्ये कुनै कारण भएमा ।
४- आवश्यक्ता न भएको कार्यहरु लगातार जारि राख्ने ।
५- हाँसने, थोरै किन नहोस ।
६- जानी जानी नमाजमा रुकूअ, वा सजदा, वा क्याम, वा कुऊद थप गर्ने ।
७ - जानी जानी नमाजको बिधिमा इमाम भन्दा अगाडि जाने ।

## नमाज़को वाजेबात (अनिवार्य कुराहरू)

१- तकबीरतुल एहराम बाहेक नमाजमा भनेको सबै तकबीरहरु ।
२- रुकूअमा एक चोटि सुब्हान रब्बियल अजीम (سبحان ربي العظيم) भन्नु ।

३- एकलो नमाज पढ्दा वा सामुहिक नमाजमा इमामको लागि यो अनिवार्य छ कि रुकूअबाट उठने समयमा समी अल्लाहुलिमन हमिदह (سمع الله لمن حمده) भन्नु

४- रुकूअबाट उठिसके पछि रब्बना वलकल हम्द (ربنا ولك الحمد) भन्नु ।

५- सजदामा एक चोटि सुब्हान रब्बियल आला (سبحان ربي الأعلى) भन्नु ।

६- दुवै सजदाको बीचमा रब्बिग फिरली (رب اغفر لي) भन्नु ।

७- प्रथम तशह्हुद ।

८- प्रथम तशह्हुदको लागि बस्नु ।

## नमाज़को स्तम्भहरू

१- फर्ज अर्थात अनिवार्य नमाजमा उभिने, यदि शक्ति छ भने, र नफिल नमाजमा उभिनु अनिवार्य छैन, तर बसेर पढेको नमाजमा उभिएर पढेको नमाज भन्दा आधा पुण्य पाइन्छ ।

२- तकबीरतुल एहराम ।

३- हरेक रकअतमा सुरहःफातिहा पढनु ।

४- हरेक रकअतमा रुकूअ गर्नु ।

५- रुकूअ पछि सिधा खडा हुनु ।

६- हरेक रकअतमा दुई चोटि सातौं अँगहरुले सजदा गर्नु ।

७- दुवै सजदाको बीचमा बस्नु ।

८- उल्लेख सबै कार्यहरु शान्ति पुर्वक तरिकाले गर्नु ।

९- अन्तिम तशह्हुद ।

१०- अन्तिम तशह्हुदमा बस्नु ।

११- नबी ﷺ माथि दरुद पठाउनु ।

१२- सलाम फेर्नु ।
१३- हरेक स्तम्भलाई कमिक रुपले अ-आफ्नो पालो र समयमा गर्नु ।

## नमाज़मा सहू अर्थात भूलचूक

सहु भनेको बिर्सनु हो, यदि नमाजी आफ्नो नमाजमा केही बिर्सेको छ, जस्तो कि नमाजमा केही थप गरेको, वा घटाएको, वा घटथप मध्ये सन्देह भएको छ भने त्यसको लागि सजदा सहु गर्नु पर्छ

यदि नमाजमा बिर्सेर केही थप गरेको छ, जस्तो कि कियाम ( उभिनु) रुकूअ, कुऊद (बैठक) र यस्तै अरु केही थप गरेको छ भने सलाम फेरे पछि दुई सजदा गर्नु पर्छ ।

त्यस्तै यदि बिर्सेर नमाजमा केही घटाएको छ जस्तो कि नमाजको कार्यहरु मध्ये कुनै कार्य अथवा भन्ने कुराहरु मध्ये केही छोडि दिएको छ जो कि नमाजको स्तम्भहरु मध्ये छ र अर्को रकअतको लागि कुरआन पढन शुरु गर्ने भन्दा पहिला याद आयो भने त्यो रकअत छोडेर पहिला त्यो स्तम्भ अदा गर्नु पर्छ र त्यस पछि बाकि नमाज पुरा गर्नु पर्छ , र अन्तिममा सजदा सहु गर्नु पर्छ , तर यदि अर्को रकअतको लागि कुरआन पढन शुरु गरे पछि याद आयो भने जुन रकअतमा त्यो स्तम्भ छुटिएको छ त्यो रकअत भँग भइहाल्छ र त्यस पछिको रकअत त्यसको सट्टामा हुन्छ ।

र यदि छोडिएको स्तम्भ बारे सलाम फेरे पछि थाहा भयो र अझै लामो समय बितेको छैन भने एक रकअत नमाज पढनु र सजदा सहु गर्नु, र यदि लामो समय बितिसकेको छ वा वुजू भँग भइसकेको छ भने नमाज दोहर्रियाउनु पर्छ ।

र यदि कुनै वाजिब अर्थात अनिवार्य विधिलाई बिर्सेको छ जस्तो कि प्रथम तशहुदको बैठक, वा नमाजको अनिवार्य कार्यहरु मध्ये अरु कुनै कार्य बिर्सेको छ भने सलाम फेर्नु भन्दा पहिले दुई चोटि सजदा सहु गर्नु पर्छ ।

तर सन्देहको अवस्थामा, यदि रकअतको गिन्तिमा सन्देह भएको छ जस्तो कि यो सन्देह भयो कि दुई रकअत नमाज पढेको छ कि तीन रकअत भने कमको हिसाबले नमाज पुरा गर्ने, किनकि कमको बारेमा कुनै सन्देह छैन, र सलाम फेर्नु भन्दा पहिले सजदा सहु गर्ने, र यदि कुनै स्तम्भ छुटेको बारे सन्देह भयो भने नमाज यस्तो पढनु पर्छ जस्तो कि वासतवमा त्यो स्तम्भ छुटिएको हो, तसर्थ त्यो अदा गर्नु र फेरि त्यस पछिको कार्य गर्नु, र सलाम फेर्नु भन्दा पहिले सजदा सहु गर्नु । र यदि सन्देह भएको कुराहरु मध्ये कुनै कुरा प्रति अधिक विशवास छ भने त्यही अनुसार काम गर्नु र सजदा सहु गर्नु ।

# नफिल नमाज़हरू

## सुन्नते मअक्कदह

हरेक मुस्लिम पुरुष र महिलाहरु लाई चाहियो कि यात्रामा न भएको अवस्थामा सधैं बारह रकअत नमाज पढने प्रयास गरुन, जुहर भन्दा पहिले चार रकअत, र त्यस पछि दुई रकअत, मगरिब पछि दुई रकअत, इशा पछि दुई रकअत, र फजर भन्दा पहिला दुई रकअत, उम्मे हबीबा रजियल्लाहु अन्हाले भन्नु भयो कि मैले रसूल ﷺ लाई भन्दै सुनेको छु कि

مَا مِنْ عَبْدٍ مُسْلِمٍ يُصَلِّي لِلهِ كُلَّ يَوْمٍ ثِنْتَيْ عَشْرَةَ رَكْعَةً تَطَوُّعًا، غَيْرَ فَرِيضَةٍ، إِلَّا بَنَى اللهُ لَهُ بَيْتًا فِي الْجَنَّةِ، أَوْ إِلَّا بُنِيَ لَهُ بَيْتٌ فِي الْجَنَّةِ

जुन सुकै मुस्लिमले अल्लाहको लागि प्रत्येक दिन अनिवार्य नमाजहरु बाहेक बारह रकअत नफिल नमाज पढछ भने त्यसको लागि अल्लाहले स्वर्गमा घर बनाउँछन, वा त्यसको लागी स्वर्गमा एउटा घरको निर्माण भइहाल्छ (मुस्लिम - ७२८)

नफिल नमाज र खास गरि सुन्नत नमाज घर मै पढनु उत्तम हुन्छ, जाबिर बिन अब्दुल्लाह ﵁ को हदीस हो कि रसूल ﷺ ले भन्नु भयो

إِذَا قَضَى أَحَدُكُمُ الصَّلَاةَ فِي مَسْجِدِهِ فَلْيَجْعَلْ لِبَيْتِهِ نَصِيبًا مِنْ صَلَاتِهِ، فَإِنَّ اللَّهَ جَاعِلٌ فِي بَيْتِهِ مِنْ صَلَاتِهِ خَيْرًا

तिमीहरु मध्ये यदि कसैको नमाज मस्जिदमा पुरा भइसक्यो भने त्यो आफ्नो घरमा पनि नमाज पढोस, किन कि घरको नमाजमा अल्लाहले धेरै लाभ राख्नु भएको छ» (मुस्लिम - ७७८)

बुखारी र मुस्लिममा जैद बिन साबित ﵁ बाट रसूल ﷺ को यो हदीस उल्लेख छ कि

فَإِنَّ خَيْرَ صَلاةِ الْمَرْءِ فِي بَيْتِهِ إِلَّا الصَّلاَةَ الْمَكْتُوبَةَ

अनिवार्य नमाजहरु बाहेक अरु नमाज घरमा पढनु उत्तम छ» ( मुत्तफकुन अलैह - ६११३, ७८१)

## वित्रको नमाज़

वित्रको नमाज पढनु सुन्नत हो, र यो सुन्नते मुअक्कदा हो, र यसको समय चाहिं इशा नमाज पछि देखि फजर उदय हुने सम्म हुन्छ, तर उत्तम समय रातिको अन्तिम भाग हो, यदि त्यो समयमा उठिने आत्मविशवास छ भने, र यो यस्तो सुन्नत हो जसलाई रसूल ﷺ ले कहीले छोडनु भएनन, बरु घरमा र

यात्रामा सँधै पढने गर्नु हुन्थ्यो, र कम्तीमा एक रकअत नमाज पढनु पर्छ, रसूल ﷺ रातिमा ग्यारह ११ रकअत नमाज पढने गर्थे, जस्तो कि हजरत आइशाको हदीसमा छ

أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، كَانَ يُصَلِّي بِاللَّيْلِ إِحْدَى عَشْرَةَ رَكْعَةً، يُوتِرُ مِنْهَا بِوَاحِدَةٍ

रसूल ﷺ रातिमा ग्यारह ११ रकअत नमाज पढने गर्थे, त्यस मध्ये एक रकअत वित्र हुन्थ्यो (मुस्लिम - ७३६)

र रातिको नमाज दुई दुई रकअत हुन्छ, इब्ने उमर رضي الله عنه को हदीसमा छ कि कसैले रसूल ﷺ सित रातिको नमाज बारे सोध्नु भयो त रसूल ﷺ ले भन्नु भयो

صَلَاةُ اللَّيْلِ مَثْنَى مَثْنَى، فَإِذَا خَشِيَ أَحَدُكُمُ الصُّبْحَ، صَلَّى رَكْعَةً وَاحِدَةً تُوتِرُ لَهُ مَا قَدْ صَلَّى

रातिको नमाज दुई दुई रकअत हो, यदि तिमीहरु मध्ये कसैलाई बिहान भइहाल्ने डर छ भने एक रकअत नमाज पढि लियोस् किनभने त्यो एक रकअत नमाज सम्पूर्ण नमाजलाई वित्र बनाइ दिन्छ (मुस्लिम - ७४९)

वित्रको नमाजमा रुकूअ पछि कहिले दुआए कुनूत पढनु राम्रो छ, किनकि हसन बिन अली رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले उहाँलाई वित्रको दुआ सिखाउनु भयो, तर सँधै न पढने, किनकि जति सहाबाहरुले नबी ﷺ को नमाजको कैफियत ब्यान गर्नु भएका छन उनीहरु मध्ये अधिक सहाबीहरुले कुनूतको चर्चा गर्नु भएका छैनन् । त्यस्तै जसको रातिको नमाज छुटेको छ भने दिनमा

जोडा जोडा कजा गर्नु उत्तम छ, जस्तो कि दुई रकअत, वा चार रकअत, वा छ रकअत, वा आठ रकअत, वा दस रकअत, वा बारह रकअत, किनकि नबी ﷺ ले यस्तै गर्नु भएको छ।

## फजरको दुई रकअत

रसूल ﷺ ले जुन् सुन्नतहरुलाई सँधै पढनु हुन्थे र कहिले पनि छाड्दैनन्थे त्यस मध्ये फजरको दुई रकअत सुन्नत पनि हो, हजरत आइशाको हदीसमा छ कि

أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ لَمْ يَكُنْ عَلَى شَيْءٍ مِنَ النَّوَافِلِ أَشَدَّ مُعَاهَدَةً مِنْهُ عَلَى رَكْعَتَيْنِ قَبْلَ الصُّبْحِ

नबी ﷺ फजरको दुई रकअत सुन्नत बाहेक अरु कुनै नफिल नमाजको पालन त्यति गर्दैनन्थे (मुत्तफकुन्अलैह - ११६३, ७२४)
र यस कारणले पनि कि नबी ﷺ ले ती दुवै रकअतको बारेमा भन्नु भएको छ ती दुई रकअत मेरो लागि समस्त संसार भन्दा अधिक प्रिय छन (मुस्लिम- ७२५)
पहिलो रकअतमा सुरह काफिरुन
**(قل يا أيها الكافرون)** र दोश्रो रकअतमा सुरह इख्लास
**(قل هو الله أحد)** पढनु सुन्नत हो, र कहिले पहिलो रकअतमा यो आयत पढन : **قُولُوا آمَنَّا بِاللَّهِ وَمَا أُنْزِلَ إِلَيْنَا ......(البقرة 136)**
र दोश्रो रकतमा
**قُلْ يَا أَهْلَ الْكِتَابِ تَعَالَوْا إِلَى كَلِمَةٍ سَوَاءٍ بَيْنَنَا وَبَيْنَكُمْ....(آل عمران 64)**
साथै सुन्नत यो हो कि ती दुई रकअतलाई लामो गरेर न पढने बरु हलका पढने, किन भने नबी ﷺ ले यस्तै पढनु भएको छ, र जसले फजर नमाज भन्दा अघि ती दुई रकअत पढन पाएन भने

नमाज समाप्त भए पछि त्यसलाई कजा गर्न पाउँछ, तर उत्तम यो हो कि सूर्य उदय भएर एक हात बराबर माथि आइ पुगे देखि सूर्य ढलने समय सम्म कजा गरिहाल्ने ।

## चाश्तको नमाज़

यो अव्वाबीन अर्थात क्षमा चाहने वाला हरुको नमाज़ हो, र यो सुन्नते मुअक्कदा हो, धेरै हदीसहरु द्वारा यस माथि प्रेरित गराइएको छ, अबुजर ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो :

يُصْبِحُ عَلَى كُلِّ سُلَامَى مِنْ أَحَدِكُمْ صَدَقَةٌ، فَكُلُّ تَسْبِيحَةٍ صَدَقَةٌ، وَكُلُّ تَحْمِيدَةٍ صَدَقَةٌ، وَكُلُّ تَهْلِيلَةٍ صَدَقَةٌ، وَكُلُّ تَكْبِيرَةٍ صَدَقَةٌ، وَأَمْرٌ بِالْمَعْرُوفِ صَدَقَةٌ، وَنَهْيٌ عَنِ الْمُنْكَرِ صَدَقَةٌ، وَيُجْزِئُ مِنْ ذَلِكَ رَكْعَتَانِ يَرْكَعُهُمَا مِنَ الضُّحَى

प्रत्येक बिहान तिमीहरुको हरेक जोड माथि एउटा सदका अर्थात दान अनिवार्य हुन्छ, र प्रत्येक तस्बीह सदका हो, प्रत्येक तहमीद सदका हो, प्रत्येक तहलील सदका हो, प्रत्येक तक्बीर सदका हो, सुकर्मको हुकुम दिनु सदका हो, र दुष्कर्मबाट रोक्नु सदका हो, र चाश्तको नमाज ती सबैको तर्फबाट प्रयाप्त भइहाल्छ (मुस्लिम - ७२०) अबूहुरैरह ﵁ ले भन्नु भएको छ कि

أَوْصَانِي خَلِيلِي بِثَلَاثٍ لاَ أَدَعُهُنَّ حَتَّى أَمُوتَ: «صَوْمِ ثَلاَثَةِ أَيَّامٍ مِنْ كُلِّ شَهْرٍ، وَصَلاَةِ الضُّحَى، وَنَوْمٍ عَلَى وِتْرٍ

मेरो स्वामी मुहम्मद ﷺ ले मलाई तीन कुराको वसियत गर्नु भएको छ कि मृत्यु सम्म त्यसलाई न छोड्नु, प्रत्येक महिनामा

तीन दिन बर्त बस्नु, र चाशतको नमाज पढ्नु, र सुतनु भन्दा पहिले वित्रको नमाज पढ्नु (मुत्तफकुन अलैह - ११७८, ७२१) यसको उत्तम समय दिन चढेको र कडा घाम लागेको समय हो, र सूर्य ढलनको साथै यसको समय समाप्त भइहाल्छ, कम्तिमा दुई रकअत पढनु पर्छ र अधिकको कुनै सिमा छैन ।

## नमाज़ निषेध गरिएको समय

यहाँ केही यस्तो समय दिइएको छ जुन समयमा नमाज पढनु जायज छैन, र त्यो यस प्रकार छन् :

१- फजर नमाज देखि सूर्य उदय भएर एक हात बराबर माथि आइ पुगे लगभग दस मिनेट सम्म ।

२ - दिउँसो आकाशको ठिक बीचमा सूर्य भएको समय, जुन समय छाया चाहिं कुनै दिषामा हुदैन, यहाँ सम्म कि सूर्य पश्चिममा ढलि हालोस ।

३ - असर नमाज देखि सूर्यास्त हुने सम्म ।

मनाही गरिएको समयमा केही नमाजहरु जायज छन् जस्तो कि कुनै खास कारणले पढनु पर्ने नमाजहरु जस्तो कि तहियतुल मस्जिद, जनाजाको नमाज, ग्रहणको नमाज, तवाफको दुई रकअत, र वुजूको दुई रकअत, इत्यादि । र त्यस्तै छुटिएको नमाज कजा गर्नु पनि जायज छ, किनकि रसूल ﷺ ले भन्नु भएको छ مَنْ نَسِيَ صَلَاةً، أَوْ نَامَ عَنْهَا، فَكَفَّارَتُهَا أَنْ يُصَلِّيَهَا إِذَا ذَكَرَهَا

जसले नमाज बिर्सयो वा सुतेको कारण त्यसको नमाज कजा भयो भने उसको प्राश्चित चाहिं यस्तो हुन्छ कि ध्यानमा आउने बित्तिकै त्यसलाई पढनु पर्छ» (मुत्तफकुन्अलैह- ५९७, ६८४)

त्यस्तै फजरको सुन्नत कजा गर्नु जायज छ, र जुहरको सुन्नत यदि आफ्नो समयमा पढन सकेको छैन भने असर नमाज पछि कजा गर्नु जायज छ।

# أحكام الزكاة
# ज़कातको बिषय

## ज़कात अर्थात धर्मदानको हुकुम

जकात इस्लामको तेश्रो आधार हो, र यो नेसाबको मालिक भएको अवस्थामा एक मुस्लिम माथि अनिवार्य हुन्छ, अल्लाह तआलाले भन्नु भयो :

وَأَقِيمُوا الصَّلَاةَ وَآتُوا الزَّكَاةَ [البقرة:٤٣]

नमाज कायम गर र जकात दिने गर ।

जकातको नियम लागु गर्नमा धेरै फायदा र लाभहरु छन्, त्यस मध्ये :

१- आत्माको पवित्रता , कन्जुसयाई र लालच जस्तो चरित्रबाट मुक्ति पाइन्छ ।

२- एउटा मुस्लिममा दान गर्ने बानी हुन्छ ।

३- धनी र गरिबको बीचमा प्रेमको भावना उतपन्न हुन्छ, किनकि प्राकृतिक रुपले जसले दान गर्दछ भने त्यस प्रति प्रेमको भावना उजागर हुन्छ ।

४- मुस्लिम समाजमा गरिब व्यक्तिहरुको अवश्यक्ता पुरा हुन्छ ।

५- मानिसहरुले पापबाट मुक्ति पाउँछन्, किनकि जकातले पाप मेटिन्छ र दर्जा बढाइन्छ ।

## कुन कुराहरूमा ज़कात अनिवार्य हुन्छ ?

सुन्, चाँदि, व्यापारको सामग्री, जनावर, धर्तिबाट उत्पादन भएको अनाज, फल, र धातुहरुमा जकात अनिवार्य हुन्छ ।

## सुन र चाँदीको ज़कात

सुन् र चाँदि जुन सुकै रुपमा होस यदि जकातको सिमा सम्म पुगेको छ भने त्यसमा जकात अनिवार्य हुन्छ,
सुनको नेसाब बीस मिसकाल हो जो कि ८५ ग्रामको बराबर हुन्छ, र चाँदिको नेसाब दुई सय नबवी दिर्हम हो जो कि ५९५ ग्राम बराबर हुन्छ, तसर्थ यदि कोही सुन् वा चाँदिको नेसाबको मालिक छ भने त्यस माथि २.५% को दरले जकात लाग्ने छ, फेरि यदि जकात नगद मुद्रामा दिन चाहनु हुन्छ भने सुन् र चाँदि माथि एक वर्ष बितिसके पछि त्यसको हालको मुल्य सोध्ने र त्यस अनुसार राष्ट्रिय मुद्रामा जकात दिने, उदाहरणको लागि : कुनै व्यक्ति यदि १०० ग्राम सुनको मालिक छ भने एक वर्ष बिते पछि त्यस माथि जकात अनिवार्य हुन्छ, किन भने त्यो नेसाबको मालिक भएको छ र त्यसमा ढाइ ग्राम जकात लाग्ने छ, तर यदि नगद मुद्रामा जकात दिन चाहि रहेको छ भने एक वर्ष बिते पछि त्यसको मुल्य सोध्नु पर्छ र जम्मा सुनलाई ग्रामको मुल्यमा गुणा गर्नु पर्छ, फेरि त्यसमा २.५% जकात दिनु पर्छ, र चाँदिमा पनि त्यस्तै गर्नु पर्छ ।
त्यस्तै मुद्रामा पनि जकात अनिवार्य हुन्छ यदि नेसाब सम्म पुगेको छ र एक वर्ष बितिसकेको छ भने, तसर्थ जुन् सुकै व्यक्ति सँग ८५ ग्राम सुनको मुल्य बराबर मुद्रा छ भने त्यस माथि जकात लागु हुन्छ, र २.५% जकात दिनु पर्छ, यसो भए एक मुस्लिम सँग यदि रुपया पैसा छ र त्यस माथि एक वर्ष बितिसकेको छ भने सोनार सँग ८५ ग्राम सुन्को मुल्य सोध्नु पर्छ, यदि त्यती रुपैया उ सँग छ भने त्यसमा जकात दिने र यदि त्यस भन्दा कम छ भने त्यसमा जकात लागदैन, उदाहरणको लागि

यदि कसै सँग ८०० रियाल छ र त्यस माथि एक वर्ष बितिसकेको छ भने त्यसलाई एक ग्राम चाँदिको मुल्य सोध्नु पर्छ यदि उसको देशमा मुद्राको वयल्यु चाँदिले तै हुन्छ भने र त्यस अनुसार यदि ५९५ ग्राम चाँदिको मुल्य ८४० रियाल हुन्छ भने त्यसमा जकात लागदैन, किन भने उ सँग भएको रुपया अझै नेसाब सम्म पुगेको छैन, जो कि ५९५ ग्राम चाँदिको मुल्य हो, र सुनको बारेमा पनि यस्तै गर्नु पर्छ ।

## व्यापारको सामग्रीमा ज़कात

मुस्लिम समुदायमा जुन धनी व्यापारिहरु छन् र आफ्नो सम्पति व्यापारमा लगाएका छन भने उनीहरु माथि अल्लाहको कृतज्ञता प्रकट गर्नको लागि र आफ्नो गरिब दाजु भाइहरु सँग वफादारी व्यक्त गर्नको लागि बार्षिक जकात अनिवार्य हुन्छ, व्यापारको सामग्रीमा यस्तो सबै वस्तुहरु सामिल छन् जुन् फायदा राखि खरिद बिक्रिका लागि तयार गरिएका हुन्छ, जस्तो कि जग्गा, जनावर, खाना, पानी, वाहन, इत्यादि, यसमा जकातको शर्त यो हो कि त्यसको मुल्यांकन सुन् र चाँदि मध्ये कुनै एक बमोजिम नेसाब सम्म पुगेको होस, र त्यसको जम्मा मुल्यमा २.५% जकात लाग्ने छ,

उदाहरणको लागि यदि कोही एक लाख रियालको मुल्यांकन बराबर व्यापारको सामानको मालिक छ भने त्यस माथि २५०० रियाल लाग्ने छ,

खरिद बिक्रि गर्नका लागि खोलिएको पसलको मालिकहरु माथि जरुरि छ कि प्रत्येक सालको शुरुमा आफु सँग भएको व्यापारको सामानलाई मुल्यांकन गरोस, र फेरि त्यसको जकात अदा गरोस, र यदि कुनै व्यापारिले एक वर्ष बितने भन्दा मात्र दस दिन पहिला थप सामग्री खरिद गर्नु भएको छ भने अरु समाग्री समेत

त्यसको पनि जकात दिनु पर्छ, र त्यसको बार्षिक हिसाब त्यो दिन देखि नै शुरु हुन्छ जुन दिन देखि त्यो व्यापार शुरु गरेको छ, र जकात चाहिं बार्षिक हुन्छ अर्थात हरेक मुस्लिमलाई वर्षमा एक चोटि आफ्नो धन सम्पतिमा जकात दिनु पर्छ ।

जुन जनावरहरुलाई चारा दिनु पर्छ र त्यो व्यापारको लागि छन भने त्यसमा जकात लागु हुन्छ, त्यसको संख्या नेसाब सम्म पुगोस वा न पुगोस, यदि नगदमा त्यसको मुल्य नेसाब नांघि सकेको छ भने जकात दिनु पर्छ

## शेयरको ज़कात

हालको समयमा मान्छेहरु जग्गा आदिहरुमा शेयरको खरिद बिक्रि गर्दछन, र त्यस मध्ये कति व्यक्तिहरु केही बर्षका लागि आफ्नो कम अथवा अधिक रुपया पैसा जम्मा गरेर छोडदिन्छ, यस्तो भएको अवस्थामा ती सबै शेयरहरुमा जकात लाग्ने छ, किन भने ती सबै व्यापारको सामग्रीको गिण्तिमा हुन्छ, तसर्थ एक मुस्लिमलाई प्रत्यक वर्ष ती सबै शेयरहरुको मुल्यांकन गरि त्यस्मा जकात दिनु पर्छ

### धर्तिबाट उत्पादन भएको अनाजमा ज़कात

अनाज र फलहरु मध्ये जसको वजन हुन्छ र अधिक समय सम्मका लागि राख्न सकिन्छ भने त्यसमा जकात लाग्छ, जस्तो कि खजुर, किस्मिस, गहुँ, जौ, र चामल, इत्यादि, तर कच्चा फल, र साग सब्जिमा जकात अनिवार्य हुदैन, र नेसाब सम्म पुगे पछि मात्र अनाजमा जकात लागु हुन्छ जो कि ६१२ किलो हो, जकातको यस किसिममा बर्ष पुरा हुनु जरुरि छैन, बरु जब दाना ठोस भइहाल्छ र फल ठुलो भइहाल्छ भने त्यसमा जकात अनिवार्य भइहाल्छ, फेरि यदि त्यसको सिंचाइ बर्खा वा नहरबाट भएको छ अर्थात किसानले आफै मेहनत गरि सिंचाइ गरेको छैन

भने त्यसमा दसौं भाग लाग्ने छ, तर यदि किसानले आफै मेहनत गरि सिंचाइ गरेको छ भने त्यसमा बिसौं भाग लाग्ने छ, यसको उदाहरण यस्तो छ कि यदि कोही गहुँको खेति गर्नु भयो र त्यसबाट ८०० किलो उत्पादन भयो भने त्यसमा जकात लाग्ने छ, किनकि गहुँको नेसाब ६१२ किलो हो, र त्यसमा दसौं भाग लाग्छ जुन् ८० किलो हुन्छ, यदि आफ्नो मेहनतले सिंचाइ गरेको छैन, तर यदि आफै मेहनत गरि सिंचाइ गरेको छ भने त्यसमा बिसौं भाग लाग्नेछ जुन् ४० किलो हुन्छ ।

## जनावरहरूमा ज़कात

जनावर भन्नाले उँट, गाई, भेडा, र बाख्राहरु बुझिन्छ, र यदि निम्नमा दिएको शर्तहरु पाइएको छ भने मात्र जकात अनिवार्य हुन्छ

१- नेसाब सम्म पुग्ने, सबभन्दा कम नेसाब उँटमा पाँच, भेडा र बाख्रामा चालीस, र गाईमा तीस हो, यस भन्दा कममा जकात छैन ।

२- मालिकको कब्जामा पुरा एक साल सम्म रहने ।

३- साएमा हुने, अर्थात जुन जनावरहरुले सालको अधिक समय आफै चरने गर्छन, तर जुन जनावरहरुलाई चारा दिनु पर्छ वा जसको लागि उसको मालिकले चारा खरिद गर्नु हुन्छ अथवा थन्कयाएर राख्नु हुन्छ भने त्यसमा जकात लाग्ने छैन, बरु जुन जनावरहरु अधिक समय आफै चरने गर्छन भने त्यसमा मात्र जकात अनिवार्य हुन्छ ।

४- प्रयोगमा राखिएको जनावर नहोस,जस्तो कि जोत वा सवारिमा प्रयोग गर्नको लागि ।

## ऊँटमा ज़कात

ऊँटमा जकात अनिवार्य हुन्छ यदि नेसाब सम्म पुगेको छ भने, र त्यसको नेसाब चाहिं पाँच हो, तसर्थ यदि कुनै मुस्लिम ५ देखि ९ ऊँटको मालिक छ, र एक बर्ष देखि उसको कब्जामा छन भने त्यसमा १ बाखा दिनु पर्छ, र यदि १० देखि १४ सम्मको मालिक छ भने त्यसमा २ बाखा दिनु पर्छ, र यदि १५ देखि १९ सम्मको मालिक छ भने त्यसमा ३ बाखा लाग्छ, र यदि २० देखि २४ सम्मको मालिक छ भने त्यसमा ४ बाखा लाग्छ,

यदि २५ देखि ३५ सम्मको मालिक छ भने त्यसमा बिन्ते मखाज अर्थात एक बर्षको ऊँटनी दिनु पर्छ, तर यदि त्यो छैन भने इब्ने लबुन अर्थात दुइ बर्षको उँट पनि दिन सक्छ, र यदि ३६ देखि ४५ सम्मको मालिक छ भने त्यसमा बिन्ते लबुन अर्थात दुइ बर्षको उँटनी लाग्छ,

र यदि ४६ देखि ६० सम्मको मालिक छ भने त्यसमा हिक्का अर्थात तीन बर्षको उँट लागछ, र यदि ६१ देखि ७५ सम्मको मालिक छ भने त्यसमा जिज्आ अर्थात चार बर्षको ऊँट लाग्छ, र यदि ७६ देखि ९० सम्मको मालिक भने त्यसमा २ बिन्ते लबुन अर्थात दुइ बर्षको २ ऊँटनी दिनु पर्छ, र यदि ९१ देखि १२० सम्मको मालिक छ भने त्यसमा २ हिक्का अर्थात तीन बर्षको २ ऊँट लाग्छ, र यदि त्यस भन्दा अधिक छ भने प्रत्येक ४० मा बिन्ते लबुन र प्रत्येक ५० मा हिक्का लाग्ने छ, निम्न सूची द्वारा ऊँटमा जकातको कैफियत बयान गरेको छ ।

| संख्या | | ज़कात | संख्या | | ज़कात |
|---|---|---|---|---|---|
| देखि | सम्म | | देखि | सम्म | |
| ५ | ९ | १ बाख्रा | ३६ | ४५ | बिन्ते लबुन |
| १० | १४ | २ बाख्रा | ४६ | ६० | हिक्का |
| १५ | १९ | ३ बाख्रा | ६१ | ७५ | जिज्आ |
| २० | २४ | ४ बाख्रा | ७६ | ९० | २ बिन्ते लबुन |
| २५ | ३५ | बिन्ते मखाज | ९१ | १२० | २ हिक्का |

र यदि त्यस भन्दा अधिक छ भने प्रत्येक चालीसमा बिन्ते लबुन र प्रत्येक पच्चासमा हिक्का

## गाईमा ज़कात

यदि कोही ३० देखि ३९ सम्म गाईको मालिक छ भने त्यसमा इज्ल तबीअ अर्थात एक बर्षको बाछ्रा लाग्ने छ, र यदि ४० देखि ५९ सम्मको मालिक छ भने त्यसमा मोसिन्नह अर्थात दुइ बर्षको गाई लाग्ने छ, र यदि ६० देखि ६९ सम्मको मालिक छ भने त्यसमा २ तबीअ अर्थात एक बर्षको २ बाछ्रा लाग्ने छ, र यदि ७० देखि ७९ सम्मको मालिक छ भने त्यसमा १ मोसिन्नह अर्थात दुइ बर्षको गाई र १ तबीअ अर्थात एक बर्षको बाछ्रा लाग्ने छ, फेरि प्रत्येक ३० गाईमा १ तबीअ र प्रत्येक ४० गाईमा १ मोसिन्नह लाग्ने छ, र त्यस भन्दा अधिकमा यही हिसाब लागु हुन्छ ।

| संख्या | | ज़कात |
|---|---|---|
| देखि | सम्म | |
| ३० | ३९ | तबीअ |
| ४० | ५९ | मोसिन्नह |
| ६० | ६९ | २ तबीअ |
| ७० | ७९ | १ मोसिन्नह र १ तबीअ |

## भेड बाख्रामा ज़कात

यदि कोही ४० देखि १२० सम्म भेडाको मालिक छ भने त्यसमा १ बाख्रा लाग्ने छ, र यदि त्यस भन्दा एउटा पनि अधिक भयो भने २०० सम्म २ बाख्रा लाग्ने छ, र यदि त्यस भन्दा एउटा पनि अधिक भयो भने ३९९ सम्म ३ बाख्रा लाग्ने छ, र यदि त्यस भन्दा एउटा पनि अधिक भयो भने ४९९ सम्म ४ बाख्रा लाग्ने छ, र यदि त्यस भन्दा एउटा पनि अधिक भयो भने ५९९ सम्म ५ बाख्रा लाग्ने छ, फेरि प्रत्येक १००मा १ बाख्रा लाग्ने छ

| संख्या | | ज़कात |
|---|---|---|
| देखि | सम्म | |
| ४० | १२० | १ बाख्रा |
| १२१ | २०० | २ बाख्रा |
| २०१ | ३९९ | ३ बाख्रा |
| ४०० | ४९९ | ४ बाख्रा |
| ५०० | ५९९ | ५ बाख्रा |

फेरि त्यस भन्दा जति अधिक हुन्छ भने प्रत्येक १०० मा १ बाख्रा

## ज़कातको हकदार

अल्लाह सुब्हानहु वतआलाले भन्नु भएको छः

إِنَّمَا الصَّدَقَاتُ لِلْفُقَرَاءِ وَالْمَسَاكِينِ وَالْعَامِلِينَ عَلَيْهَا وَالْمُؤَلَّفَةِ قُلُوبُهُمْ وَفِي الرِّقَابِ وَالْغَارِمِينَ وَفِي سَبِيلِ اللهِ وَابْنِ السَّبِيلِ فَرِيضَةً مِنَ اللهِ وَاللهُ عَلِيمٌ حَكِيمٌ﴾ [التوبة:٦٠]

सदका (जकात) मात्र गरीब र निमुखा हरुको लागि हुन् र जो यस कामका लागि नियुक्त गरिएका हुन्, र उनीहरुका लागि जसको हृदयलाई आकर्षित गर्न र रिझाउन अभिष्ट हुन्छ, र दासहरुलाई मुक्त गर्नमा, र ऋणिहरुको ऋण तिर्नुमा, र अल्लाहको बाटोमा, र यात्रिहरुको सहायतामा, यो अल्लाहको तर्फबाट पठाइएको अनिवार्य आदेश हो, अल्लाह सबै कुरा जान्नेवाला अत्यन्त तत्वदर्शी छ ।

अल्लाह तआलाले यहाँ आठ किसीम बयान गर्नु भएको छ जस मध्ये प्रत्येक किसीमले जकातको हकदार हुनेछ,

इस्लाममा जकात चाहिं समाज र अवश्यक्ता परेका मानिस हरुको लागि छन्,

अरु धर्महरु जस्तो मात्र धार्मिक मानिसहरुको साथ खास छैन, जकातको हकदार यिनीहरु छन ।

१- लाचार, त्यो व्यक्ति जुन् आफ्नो अवश्यक्ता बाट आधा भन्दा पनि कम पाइरहेकोछ ।

२- गरीब, त्यो व्यक्ति जुन् आफ्नो आवश्यक्ता बाट आधा भन्दा अधिक पाइरहेकोछ तर प्रयाप्त मात्रामा होइन, तसर्थ यस्तो व्यक्तिहरुले केही महिनाका लागि वा साल भरका लागि जकात पाउने छन ।

३- जकातका लागि नियुक्त गरिएका व्यक्तिहरु, त्यो व्यक्ति जसलाई हाकिमले जकात जम्मा गर्नको लागि नियुक्त गरेको छ,

यस्तो व्यक्तिहरुले धनी भएर पनि आफ्नो काम र हैसियतको अनुसार जकातबाट मजदुरी लिन पाउँछन ।

४- आकर्षित गर्ने र रिझाउने कर्ममा, यस्तो नेताहरु जुन् आफ्नो समुहमा लोक प्रिय छन्, उनीहरु मध्ये यदि कोहि मुस्लिम हुन चाहनु हुन्छ वा जसको दुष्ट व्यवहारबाट मुस्लिम समुदायलाई सुरक्षित राख्नु पर्ने छ, त्यस्तै नया मुस्लिमहरुलाई रिझाउनको लागि र उनीहरको मनमा ईमानलाई ठोस गर्नको लागि पनि जकातको प्रयोग हुन्छ ।

५- त्यस्तै दासहरुलाई शत्रुबाट मुक्त गराउने कर्ममा पनि जकात प्रयोग हुन्छ ।

६- ऋणिहरु, त्यो व्यक्ति जस माथि ऋण छ, यस्तो व्यक्तिहरुले ऋण तिर्नको लागि जकात पाउने छन, यस शर्तको साथ कि त्यो मुस्लिम होस र ऋण तिर्नको क्षमता नहोस, त्यस्तै पापको लागि लिएको ऋण नहोस, र ऋण तिर्ने समय आइसकेको होस ।

७- अल्लाहको बाटोमा, त्यो जिहाद अर्थात धर्म युद्धमा लागेका व्यक्ति जुन् बिना तलबले सित्तैमा धर्म युद्ध गरिरहेका हुन्छन भने उनीहरु जकात पाउनेछन् अथवा उनीहरुको लागि हतियार खरिद गर्नमा पनि जकातको पैसा प्रयोग हुनसक्छ,

र धार्मिक शिक्षा प्राप्त गर्नु पनि जिहाद अन्तर्गत आउँछ, तसर्थ यदि कुनै व्यक्तिले सबै कुराहरुलाई त्यागेर धार्मिक शिक्षा प्रति गर्नका लागि आफुलाई समर्पित गरिसक्नु भएको छ भने त्यसलाई अवश्यक्ता अनुसार जकात दिनु जायज छ ।

८- यात्री, यस्तो यात्री जुन् बीच बाटोमा फसेकोछ र घर सम्म पुग्ने कुनै साधन छैन, र यस्तो व्यक्तिले आफ्नो ईलाकामा धनी भएर पनि घर सम्म पुग्ने साधन बमोजिम जकात पाउँछ ।

**तर मस्जिद बनाउनको लागि, बाटो मरम्मत गर्नको लागि, र अरु यस्ता कुनै कार्यको लागि जकात दिनु जायज छैन ।**

**नोट** १ - समुद्रबाट निस्केको वस्तुहरुमा जकात छैन, जस्तो कि हिरा, मोती, र माछा, इत्यादि, तर यदि व्यापारको लागि राखिएको छ भने त्यसमा जकात लाग्नेछ ।

२ - त्यस्तै भाडामा दिएको कोठा र उधोगहरुमा जकात छैन, बरु जकात चाहिं बर्ष लागे पछि फाइदामा लाग्छ, जस्तो कि यदि कोही घर भाडामा दिएको छ र त्यसको भाडा उठाइ रहेछ, र त्यो भाडाको जम्मा पैसा कम्तिमा नेसाब सम्म पुगेको पैसामा साल लागि सकेको छ भने त्यसमा जकात अनिवार्य हुन्छ ।

## أحكام الصيـــام
# व्रतको बिषय

## व्रत (रोज़ा) को हुकुम

इस्लामको पाँच आधारहरु मध्ये एउटा आधार रमजानको रोजा पनि हो, नबी ﷺ ले भन्नु भएको छः

بُنِيَ الإِسْلاَمُ عَلَى خَمْسٍ: شَهَادَةِ أَنْ لاَ إِلَهَ إِلَّا اللهُ وَأَنَّ مُحَمَّدًا رَسُولُ اللهِ، وَإِقَامِ الصَّلاَةِ، وَإِيتَاءِ الزَّكَاةِ، وَالحَجِّ، وَصَوْمِ رَمَضَانَ

**इस्लामको स्थापना पाँच आधारहरु माथि भएको छ, यो गवाही दिनु कि वास्तवमा अल्लाह बाहेक अरु कोही पूज्य छैन, र मुहम्मद ﷺ अल्लाहको रसूल हुनु हुन्छ, नमाज कायम गर्नु, जकात दिनु, हज गर्नु, र रमजानमा व्रत बस्नु»** (बुखारी- ८, मुस्लिम, १६)

रोजा भनेको अल्लाहसित नजिक हुनु र त्यसको प्रसन्नता प्राप्तिको लागि फजर उदय हुने देखि सुर्य अस्त सम्म खानु पीउनु, यौन सम्पर्क, र हरेक प्रकारको रोजा भँग गर्ने कुराहरुबाट रुक्नु हो, रमजानको रोजाको अनिवार्यता प्रति सबै मुस्लिमहरुको सहमति भएको छ, अल्लाह तआलाले भन्नु भएको छः

فَمَنْ شَهِدَ مِنْكُمُ الشَّهْرَ فَلْيَصُمْهُ [البقرة:١٨٥]

**तिमीहरु मध्ये जसले पनि यो महिना पायो भने पुरा महिना व्रत बसोस ।**

र यो हरेक वयस्क र बुद्धिमान मुस्लिम माथि अनिवार्य छ, १५ बर्षको उमेरले, वा कन्दनी भन्दा तलको ठाउँमा बाल उग्नाले, वा

सपनामा वा अरु कुनै कारणले वीर्य निसकनाले वयस्कको पहिचान हुन्छ, र महिलाहरुको लागि मासिक खुलनु पनि एउटा थप पहिचान हुन्छ, तसर्थ जहिले पनि कुनै व्यक्तिमा यी कुराहरु मध्ये कुनै कुरा पाइन्छ भने त्यो वयस्क घोषित हुन्छ।

## रमज़ानको गुण र बिशेषता

अल्लाह तआलाले रमजानको महिनामा धेरै यस्तो गुण राख्नु भएको छ जुन् अरु समयमा राखिएको छैन, त्यसको विशेषता र गुणहरु मध्ये :

१- मलाएका अर्थात देवदुत हरुले रोजादार को लागि रोजा खोलिने सम्म अल्लाह संग क्षमा माँगने गर्छन।

२- यस महिना मा अट्टेरी शैतान हरु थुनिएका हुन्छन।

३- यस महिना मा लैलतुल कद्र भनेको एउटा खास राति हो जुन् हजार महिना भन्दा अधिक राम्रो र उत्तम छ। यसको विशेषता मध्ये यो पनि हो कि :

४- रमजान महिनाको अन्तिम रातिमा रोजादारहरुलाई क्षमा प्रदान हुन्छ।

५- रमजान को हरेक रातिमा केहि व्यक्ति हरु लाई अल्लाहले नरकबाट मुक्त गरिदिनु हुन्छ।

६- रमजानको महिनामा ऊमराको पुण्य हज् बराबर हुन्छ।

रमजानको विशेषताहरु मध्ये अबूहुरैरह ﷛ को हदीस छ कि रसूल ﷺ ले भन्नु भयो:

مَنْ صَامَ رَمَضَانَ، إِيمَانًا وَاحْتِسَابًا، غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ

जसले रमजानको रोजा इमान र उपहारको आशामा राख्दछ भने उसको पहिलेका सम्पूर्ण पापहरु माफ भई हाल्छन» (बुखारी - ३८,मुस्लिम, ७६०)

अर्को हदीसमा रसूल ﷺ ले भन्नु भयोः

كُلُّ عَمَلِ ابْنِ آدَمَ يُضَاعَفُ، الْحَسَنَةُ عَشْرُ أَمْثَالِهَا إِلَى سَبْعِمِائَة ضِعْفٍ، قَالَ اللهُ عَزَّ وَجَلَّ: إِلَّا الصَّوْمَ، فَإِنَّهُ لِي وَأَنَا أَجْزِي بِهِ

आदमको सन्तानले गरेको हरेक कर्ममा बिकास हुन्छ, एउटा पुण्य चाहिं दस गुणा देखि सात सय गुणा सम्म अधिक बिकासित हुन्छ, अल्लाह तआलाले भन्नु भयो : तर मात्र रोजा बाहेक किन भने रोजा चाहिं मात्र मेरो लागि छ र त्यसको तर्फबाट म आफै प्रयाप्त छु (बुखारी- ५९२७, मुस्लिम, ११५१)

## रमज़ान शुरू हुनुको प्रमाण

दुइकुराले रमजानको महिना प्रमाणित हुन्छ

१- रमजानको चन्द्रमा हेर्ने, तसर्थ रमजानको चन्द्रमा हेरे पछि रोजा राख्नु अनिवार्य भइहाल्छ, रसूल ﷺ ले भन्नु भयोः

إِذَا رَأَيْتُمُ الهِلاَلَ فَصُومُوا، وَإِذَا رَأَيْتُمُوهُ فَأَفْطِرُوا

यदि तिमीहरुले चन्द्रमा देख्नु भयो भने रोजा राख र चन्द्रमा हेरे पछि रोजा छाड (बुखारी १९००, मुस्लिम, १०८०)

र रमजानको चन्द्रमा हेरेको कुरा प्रमाणित हुनुको लागि मात्र एउटा विशवासीलो व्यक्तिको गवाहीको अवश्यक्ता हुन्छ तर रोजा खोलनुको लागि शव्वालको चन्द्रमा हेरेको कुरा दुइवटा विशवासीलो व्यक्तिको गवाहीले मात्र प्रमाणित हुन्छ ।

२- शाबान महिनाको ३० दिन पुरा हुने, तसर्थ यदि शाबानको महिना पुरा भइसकेको छ भने ३१वौं दिन रमजानको प्रथम दिन हुनेछ, किन कि रसूल ﷺ ले भन्नु भयो:

فَإِنْ غُمَّ عَلَيْكُمْ فَأَكْمِلُوا العِدَّةَ ثَلاثِين

यदि आकाश सफा छैन भने ३० दिनको मियाद पुरा गर» ( बुखारी- १९०७, मुस्लिम, १०८१)

## रोज़ा खोलनको छुट पउने व्यक्तिहरू

१- यस्तो किसिमको रोगी जसलाई स्वस्थ हुने आशा छ तर रोजा राख्न गाह्रो भइ रहेछ भने त्यसलाई रोजा नराखनको छुट दिइएको छ, र स्वस्थ भए पछि जति दिनको रोजा छाडनु भएको छ त्यति दिनको रोजा राख्नु पर्छ, तर जसको रोग चाहिं संधैको लागि छ र स्वस्थ हुने कुनै पनि आशा छैन भने त्यस माथि रोजा अनिवार्य हुदैन बरु त्यसले हरेक दिनको सट्टामा एउटा गरिबलाई खाना खुवाउनु पर्छ, डेढ किलो चामल वा यस्तो अरु कुनै अनाज दिनु पर्छ, वा जति दिन रोजा राख्नु भएको छैन भने त्यति गरिबलाई एकै चोटि खाना पकाएर खुवाउन सक्छ ।

२- यात्री, तसर्थ यात्रीलाई आफ्नो शहरबाट निस्कने देखि फर्केर आउने सम्म रोजा न राख्नुको अनुमति दिइएको छ, जब सम्म कि पुगेको ठाउँमा केहि दिन सम्म बसने इच्छा गरेको छैन ।

३- त्यस्तै महिला यदि गर्भवति छे वा बच्चालाई दुध खुवाइ रहेकि छे र बच्चा वा आफु प्रति खतरा महसुस गरिरहेकि छे भने व्रत न बस्ने अनुपति पाएकि छे, र कारण समाप्त भए पछि जति दिनको रोजा छुटेको छ भने त्यति दिनको कजा राख्नु पर्छ ।

४- यस्तो बुढो मानिस जसलाई रोजा राख्नु गाह्रो भइरहेको छ भने त्यस्तो मानिसहरुलाई व्रत छाडनुको अनुमति दिइएको छ र उसमाथि कजा अनिवार्य छैन अर्थात अर्को समयमा राख्नु पर्ने छैन, बरु त्यो हरेक दिनको बदलामा एउटा गरिबलाई खाना खुवाउँछ ।

## रोज़ा भंग गर्ने कुराहरू

१- जानी जानी आफ्नो इच्छाले खान पीन गर्ने, तर बिर्सेर खाएमा रोजा माथि केहि प्रभाव हुदैन, रसूल ﷺ ले भन्नु भयो:

مَنْ نَسِيَ وَهُوَ صَائِمٌ، فَأَكَلَ أَوْ شَرِبَ، فَلْيُتِمَّ صَوْمَهُ، فَإِنَّمَا أَطْعَمَهُ اللهُ وَسَقَاهُ

**यदि कुनै व्यक्तिले रोजाको अवस्थामा बिर्सेर खायो वा पीयो भने आफ्नो रोजा पुरा गरोस, किन भने उसलाई अल्लाहले खुवाउनु र पिलाउनु भएको छ** (मुस्लिम- ११५५)

र रोजा भंग गर्ने कुराहरु मध्ये यो पनि हो कि नाक द्वारा पेटमा पानी पुर्याउने, नसामा तागतको सुई लिने, वा रगतको सुई लिने, यी सबै कुराहरुले रोजा भंग हुन्छ, किन कि रोजादारको लागि यो कुराहरु खानु पीउनु जस्तो छ ।

२- यौन कृया, तसर्थ यदि रोजादारले यौन सम्पर्क गर्नु हुन्छ भने उसको रोजा भंग भइहाल्छ, र उस माथि कजा समेत कफारा अर्थात दन्ड र जरिवाना पनि अनिवार्य हुन्छ, र त्यसको जरिवाना एउटा दास मुक्त गर्नु छ, तर यदि दास पाएन भने लगातार दुई महिना व्रत बस्नु पर्छ, यस बीच एउटा पनि रोजा छाडनु मिल्दैन तर मात्र धारमिक कारणले, जस्तो कि ईद, बकईद, र तशरीक अर्थात बकईद पछिको तीन दिन, वा अरु कुनै स्पष्ट कारणले जस्तो कि रोग र यस्तो यात्रा जसको उदेश्य मात्र रोजा खोलनु न होस, तसर्थ बिना कारणले यदि एक दिनको पनि रोजा खोल्यो

भने फेरि शुरु देखि रोजा राख्नु पर्छ ताकि रोजा लगातार होस, तर यदि दुई महिनाको लगातार रोजा राख्ने शक्ति छैन भने ६० गरिबलाई खाना खुवाउनु पर्छ ।
३ - आफ्नो इच्छाले म्वाई खाएर वा हस्तमैथुन गरेर वा अन्य कुनै तरिकाले वीर्य बाहिर गर्नु, यी सबै कुराहरुले रोजा भँग हुन्छ र कजा अनिवार्य हुन्छ, तर कफारा अर्थात जरिवाना लाग्दैन, र यदि स्वपनमा वीर्य निस्कियो भने त्यस बाट रोजा भँग हुदैन ।
४- हजामत अर्थात उपचारको लागि शरीर बाट खास तरिकाले रगत बाहिर गर्ने, वा रगत दान गर्ने, तर कम मात्रामा रगत बाहिर गर्नाले रोजा भँग हुदैन, जस्तो कि उपचारको लागि रगत लिने, अथवा आफै रगत बगि हाल्ने, नाकबाट, घाउबाट, वा दाँत निकाले पछि बगेको रगतले रोजा माथि केहि प्रभाव पर्दैन ।
५- जानी जानी आफ्नो इच्छाले बुमिट गर्ने, तर यदि आफै बुमिट भएको छ भने त्यसमा केहि छैन ।
रोजा भंग गर्ने यी सबै कुराहरु मध्ये कुनै कुराले रोजा भंग हुदैन यदि त्यसको बारेमा जानकारी, ध्यान, र इच्छा छैन भने, तसर्थ यदि त्यसको धार्मिक हैसियत र हुकुम बारे जानकारी छैन, वा समयको जानकारी भएन जस्तो कि कसैलाई यस्तो लाग्यो कि फजर उदय भएको छैन, वा यस्तो लाग्यो कि सुर्य अस्त भइ सकेको छ भने उसको रोजा भंग हुनै छैन । त्यस्तै यदि बिर्सेर केहि गरेको छ भने उसको रोजा सही हुन्छ, र यो पनि कि त्यो काम चाहिं इच्छा पुर्वक हुनु परोस, तसर्थ यदि बाध्यताले गरेको छ भने उसको रोजा सही हुन्छ र उस माथि कजा पनि हुदैन ।
६- रोजा भंग गर्ने कुराहरु मध्ये मासिक धर्म र प्रसौतको रगत पनि हो, तसर्थ रगत आए पछि महिलाको रोजा भंग भइहाल्छ, र

यस्तो महिलाहरुको लागि रोजा राख्नु जायज छैन, तर रमजान पछि छोडेको सबै रोजा कजा गर्नु पर्छ ।

## जुन कुराहरूले रोज़ा भंग हुदैन

१- स्नान गर्नु, पौडनु, र गर्मीमा पानी द्वारा चिसोपनाको आनन्द लिनु ।

२- रातिमा फजर उदय हुने सम्म खान पीन गर्नु र यौन सम्पर्क गर्नु ।

३- दतिउन गर्नु, दिनको कुनै पनि समयमा दतिवन गर्नाले रोजा माथि कुनै प्रभाव हुदैन, बरु त्यो मुस्तहब अर्थात उत्तम कुराहरु मध्ये एउटा हो ।

४- कुनै पनि हलाल र जायज औषधिले उपचार गर्ने, मात्र औषधि चाहिं तागतको न होस, तसर्थ तागतको सुई बाहेक अरु सुई लिनु जायज छ, आँखा र कानमा औषधिको बुंद हाल्नु पनि जायज छ, यधापि त्यसको स्वाद कण्ठमा किन न पुगिहालोस, तर यसको लागि रोजा खोलने समय सम्मको प्रतिक्षा गर्नु उत्तम छ, त्यस्तै अस्थमाको स्प्रे प्रयोग गर्नु जायज छ, खाना चाखनाले पनि रोजा भंग हुदैन, यदि खानाको कुनै अंश पेट सम्म पुगेको छैन भने, कुल्ला गर्नमा र नाकमा पानि हालेर सफा गर्नमा पनि कुनै हर्जा छैन, तर धेरै गर्नु पनि ठिक छैन, ताकि पानीको कुनै अंश पेटमा न पुगिहालोस, त्यस्तै खुशबु लगाउनु र राम्रो सुगन्धहरु सुंघनमा पनि कुनै हर्जा छैन ।

५- महिलाहरुको मासिक धर्म र प्रसौतको रगत यदि रातिमा बन्द भएको छ भने तिनीहरु व्रत बस्ने छिन र फजर उदय भए पछि नुहाउनु जायज छ, किन भने फजर नमाजको लागि अवश्य नुहाउनु पर्छ, र अपवित्र भएको मानिसहरुले पनि यस्तै गर्नु पर्छ ।

## सूचना

१- यदि कुनै काफिर वा नासतिकले रमजानको दिनमा मुस्लिम हुनु भयो भने त्यस माथि दिनको बाकि समयमा खान पीनबाट रुक्नु अनिवार्य हुन्छ, तर कजा गर्नु पर्दैन ।

२- फर्ज अर्थात अनिवार्य रोजाको लागि फजर उदय हुने भन्दा पहिला रातिमै रोजाको नियत अर्थात इच्छा व्यक्त गर्नु पर्छ, तर नफिल रोजाको नियत फजर उदय भए पछि बरु दिन चढि सके पछि पनि गर्न पाइन्छ यदि केहि खाएको छैन भने ।

३- रोजा खोलने समय प्रार्थणा गर्नु उचित छ, रसूल ﷺ ले भन्नु भयो रोजा खोलने समय रोजादारको लागि एउटा दुआको अधिकार हुन्छ र त्यो दुआ चाहिं रद्द हुदैन (इब्ने माजा- १७४३) र हदीसमा आएको छ कि इफ्तार पछि यो दुआ पढनु, **जहबज्जमउ वब्तल्लतिल उरूक़ो व सबतल अज्र इनशा अल्लाह**

ذَهَبَ الظَّمَأُ وَابْتَلَّتِ الْعُرُوقُ، وَثَبَتَ الْأَجْرُ إِنْ شَاءَ اللهُ

कि तिर्खा समाप्त भयो र नसाहरु पनि भिज्यो र यदि अल्लाहले चाहनु भयो भने पुण्य पनि उल्लेख भयो ।(अबुदाऊद- २०१०)

४- जसलाइ दिनमा यो जानकारी भयो कि रमजानको महिना शुरु भइसके को छ भने त्यसको लागि खानु पीउनुबाट रुक्नु अनिवार्य भइहाल्छ र अर्को समयमा कजा गर्नु पर्छ ।

५- जस माथि कजाको रोजा छ भने जिम्मेबारि बाट मुक्त हुनको लागि त्यसको लागि त्यो रोजा छिटो भन्दा छिटो पुरा गर्नु उचित छ, र धिलो गर्नु जायज पनि छ, त्यस्तै छोडिएको रोजा लगातार अथवा बेला बेलामा पनि कजा गर्नु जायज छ, तर बिना कुनै कारणले अर्को रमजान सम्म धिलो गर्नु जायज छैन ।

## रोज़ाको सुन्नत

१- सेहरी खानु, रसूल ﷺ ले भन्नु भएको छः

تَسَحَّرُوا فَإِنَّ فِي السَّحُورِ بَرَكَةً

सेहरी खाने गर किन भने सेहरीमा बरकत अर्थात फायदा राखिएको छ(मुत्तफकुन अलैह- १९२३, १०९५)

र रातिको अन्तिम समयमा सेहरी खानु सुन्नत छ, रसूल ﷺ ले भन्नु भयोः

لَا تَزَالُ أُمَّتِي بِخَيْرٍ مَا عَجَّلُوا الْإِفْطَارَ، وَأَخَّرُوا السُّحُورَ

मानिसहरुले सँधै भलाइमा रहने छन जब सम्म कि उनीहरुले रोजा खोलनमा छिटो गर्ने छन र सेहरीमा ढिलो गर्ने छन - बुखारी - १९५७, मुस्लिम, १०९८) ।

२- सुर्य अस्त भए पछि छिटै रोजा खोलने, र रोतब अर्थात आधा पाकेको खजुरले रोजा इफ्तार गर्नु सुन्नत छ, तर यदि सम्भव छैन भने कुनै पनि खजुरले, र यदि त्यो पनि छैन भने पानीले, र यदि त्यो पनि छैन भने जे उपलब्ध छ त्यसैले रोजा खोलने ।

३- रोजाको अवस्थामा दुआ गर्ने, खास गरि रोजा खोलने समयमा, रसूलﷺ ले भन्नु भयोः

ثَلَاثُ دَعَوَاتٍ مُسْتَجَابَاتٌ: دَعْوَةُ الصَّائِمِ، وَدَعْوَةُ الْمُسَافِرِ، وَدَعْوَةُ الْمَظْلُومِ

तीन प्रकारको दुआ स्वीकार हुन्छ, रोजादारको दुआ, पिडितको दुआ, र यात्रीको दुआ» । (अबलैहकी )

रोजादारको लागि रमजानमा क्याम गर्नु (तरावीहको नमाज पढनु) पनि उचित छ, रसूल ﷺ ले भन्नु भयो

مَنْ قَامَ رَمَضَانَ إِيمَانًا وَاحْتِسَابًا، غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ

जसले रमजानको महिनामा ईमानको साथ र उपहारको आशा गरि क्याम गर्नु हुन्छ भने उसको पछिल्लो हरेक पाप माफ भइहाल्छ (बुखारी- २००९, मुस्लिम, ७५९) तसर्थ एउटा मुस्लिमलाई चाहियो कि इमाम सँग तरावीहको नमाज पुरा गरोस, रसूल ﷺ ले भन्नु भयो:

من قام مع إمامه حتى ينصرف كُتِبَ له قيام ليلة

जुन सुकै व्यक्तिले इमामलाई फर्किने सम्म ऊ सँग क्याम गर्नु हुन्छ भने त्यसको हकमा पुरै रातिको क्यामको पुण्य उल्लेख हुन्छ (अहलु स्सोनन्) ।

त्यस्तै रमजानमा जे जे कार्य चाहिं अधिक गर्नु उचित छ त्यस मध्ये यो पनि हो कि अधिक भन्दा अधिक सदका अर्थात दान गर्ने ।

त्यस्तै अधिक भन्दा अधिक कुरआन पढनको प्रयास गर्नु पनि राम्रो हो, किन कि रमजानको महिना कुरआनको महिना हो, र कुरआन पढने व्यक्तिले हरेक अक्षरको बदलामा एक पुण्य पाउँछ र हरेक पुण्य चाहिं दस गुणा सम्म बिकासित हुन्छ ।

## तरावीहको नमाज़

तरावीह चाहिं रमजानमा रातको सामुहिक नमाज हो, त्यसको समय इशा नमाज पछि देखि फजर उदय हुने सम्म हुन्छ, नबी ﷺ ले रमजानको क्याम प्रति प्रेरित गर्नु भएको छ, सुन्नत अनुसार ११ रकअत नमाज पढने र प्रत्येक दुई रकअतमा सलाम फेरने, र यदि ११ रकअत भन्दा अधिक पढनु हुन्छ भने त्यसमा कुनै आपत्ति छैन,

त्यस्तै तरावीहको नमाजमा सुन्नतको तरिका यो हो कि बिस्तारै बिस्तारै लामो नमाज पढने तर नमाज पढने व्यक्तिहरु लाई कष्ट र कठिनाइमा न पार्ने,
तरावीहका लागि महिलाहरुको उपस्थितीमा पनि कुनै आपत्ति छैन यदि कुनै खतरा छैन र महिलाहरु आफ्नो श्रृँगारलाई छोपेर, सुगन्ध प्रयोग न गरी पर्दामा निस्कनु पर्छ ।

## नफिल रोज़ा

रसूल ﷺ ले निम्न दिनको रोजा प्रति प्रेरित गर्नु भएको छ:
१- शव्वाल महिनामा ६ दिन, रसूल ﷺ ले भन्नु भयो:

مَنْ صَامَ رَمَضَانَ ثُمَّ أَتْبَعَهُ سِتًّا مِنْ شَوَّالٍ، كَانَ كَصِيَامِ الدَّهْرِ

जसले रमजानको रोजा राख्नु भयो, र त्यस पछि शव्वालको ६ दिन थप रोजा राख्नु भयो भने त्यो व्यक्ति यस्तै भयो जस्तो कि सदा सदाको लागि रोजा राखेको छ(मुस्लिम- ११४)
२- सोमवार र बिहिवार दुई दिनको उपवास ।
३- प्रत्येक महिनामा तीन दिन, र यदि बीच महिनाको व्रत राख्यो भने राम्रो हुन्छ अर्थात १३, १४, १५ गते ।
४- आशुराको दिन, अर्थात मोहर्रम महिनाको १० गते, तर यहुदिहरुको बिरुद्धमा त्यस भन्दा एक दिन अघि वा एक दिन पछिको रोजा राख्नु उत्तम छ, अबुकतादा رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो:

صِيَامُ يَوْمِ عَاشُورَاءَ، إِنِّي أَحْتَسِبُ عَلَى اللهِ أَنْ يُكَفِّرَ السَّنَةَ الَّتِي قَبْلَهُ

आशुराको रोजा प्रति म अल्लाह सित यो आशा राखेको छु कि उहाँले बिगत एक बर्षको पापहरु लाइ क्षमा गरि दिनु हुन्छ ( मुस्लिम- ११६२)

५- अरफाको दिन, अर्थात जुलहिज्जा महिनाको ९ गते, हदीसमा छ कि

صِيَامُ يَوْمِ عَرَفَةَ، أَحْتَسِبُ عَلَى اللهِ أَنْ يُكَفِّرَ السَّنَةَ الَّتِي قَبْلَهُ، وَالسَّنَةَ الَّتِي بَعْدَهُ

अरफाको रोजा प्रति म अल्लाह सित यो आशा राखेको छु कि बिगत एक बर्ष र अगामि एक बर्षको पाप माफ भइहाल्छ» ( मुस्लिम- ११६२)

**जुन दिनमा व्रत बस्नु बर्जित गिरएको छ**

१- ईद र बकर्ईदको दुई दिन् ।

२ - तशरीक को तीन दिन, अर्थात जुलहिज्जा को ११, १२, १३ गते, तर हज केरान र हज तमत्तोअ गर्नेहरु बाहेक, यदि हदि अर्थात बलीको जनावर उपलब्ध छैन भने ।

३ - मासिक धर्म र सुत्केरीको समयमा ।

४- पति घरमा उपस्थित भएको अवस्थामा पत्निले रोजा न राख्ने, रसूल ﷺ ले भन्नु भयो:

لاَ تَصُومُ المَرْأَةُ وَبَعْلُهَا شَاهِدٌ إِلَّا بِإِذْنِهِ

श्रीमतिलाई आफ्नो श्रीमानको अनुमति बिना रमजान बाहेक अरु समयमा रोजा राख्नु मिलदैन, यदि श्रीमान घरमा उपस्थित छ भने (बुखारी- ५१९२,मुस्लिम, १०२६)

# أحكـــام الحــج
# हजको बिषय

## हज को हुकुम र बिशेषता

प्रत्येक मुस्लिम पुरुष र महिला माथि जीवनमा एक चोटि हज गर्नु अनिवार्य छ, यो इस्लामको पाँचौ आधार हो, अल्लाह तआलाले भन्नु भएको छः

وَلِلهِ عَلَى النَّاسِ حِجُّ البَيْتِ مَنِ اسْتَطَاعَ إِلَيْهِ سبيلا [آل عمران:٩٧]

मानिसहरु माथि अल्लाहको हक छ कि जसले त्यस घर सम्म पुग्ने सार्मथ्य राख्दछ त्यसले हज गरोस ।

र रसूल ﷺ ले भन्नु भयो

पाँच कुराहरु माथि इस्लामको स्थापना गरिएको छ, यो गवाही दिनु कि अल्लाह बाहेक कोहि पुजाको हकदार छैन, र मुहम्मद ﷺ अल्लाहको रसूल हुन्, नमाज कायम गर्नु, जकात दिनु, हज गर्नु, र रमजानको महिनामा व्रत बस्नु ।(-बुखारी - ८, मुस्लिम १६)

हज चाहिं अल्लाहसित नजिक गर्ने कार्यहरु मध्ये एउटा महान र उच्च कार्य हो,

रसूल ﷺ ले भन्नु भयो

مَنْ حَجَّ هَذَا البَيْتَ، فَلَمْ يَرْفُثْ، وَلَمْ يَفْسُقْ رَجَعَ كَيَوْمِ وَلَدَتْهُ أُمُّهُ

जुन सुकै मानिसले यस घर (काबा) को हज गर्छ र त्यस बीच कुनै फोहर कुरा गर्दैन र कुनै पाप पनि गर्दैन भने त्यो व्यक्ति हजबाट यस्तै फर्केर आउँछ जस्तो कि आजै आमाको पेटबाट जन्मेको हो (-बुखारी -१८१९,मुस्लिम १३५०)

## हजको शर्तहरू

वयस्क र बुद्धिमान मुस्लिमहरु माथि हज अनिवार्य हुन्छ यदि क्षमता छ भने, र क्षमता भन्नाले सवारीको मालिक हुनु पर्ने र बाटोमा खानु पीउनु र लुगाहरु जस्तो आवश्यक कुराहरुको लागि प्रयाप्त मात्रामा धन सम्पत्तीको मालिक हुनु पर्ने हो, र त्यस्तै जुन मानिसहरुको पालन पोषणको खर्च उस माथि अनिवार्य छ भन्ने त्यसको खर्चबाट बाचेको अधिक धन सम्पत्ती हुनु पर्छ, बाटोमा सुरक्षा र शारिरीक स्वास्थ पनि क्षमता अन्तरगत आउँछ, तसर्थ यस्तो कुनै रोग र शारिरीक तथा मानसिक कमजोरी नहुनु पर्ने जसले गर्दा हजको कर्ममा बाधा होस, र
महिलाहरुको लागि उपरोक्त शर्तहरुका साथै एउटा शर्त महरम ( पति बुवा भाई) को उपस्थिती पनि छ , तसर्थ हजमा महिला सँग अवश्य एउटा महरम हुनु पर्छ, श्रीमान वा अरु कुनै महरम, र यदि ईद्दत अर्थात सोकमा बसेकि छे भने हजको लागि निस्कन सक्नु हुँदैन, किनकि अल्लाहले सोक मानाइरहेकि महिलाहरुलाई घरबाट निस्कने अनुमति दिनु भएको छैन, तसर्थ यदि कसैसँग यस्तो किसिमको बाध्यता छ भने त्यस माथि हज अनिवार्य छैन ।

## हजको अनुशासन र नीतिशास्त्रहरू

१ - हजको यात्रा भन्दा अघि नै हाजीले पढेर वा सोध पुछ गरेर हज र ऊमराको बिधिहरुको सम्पूर्ण जानकारि प्राप्त गर्ने ।
२ - राम्रो साथिहरु बनाउने प्रयास गर्ने, ताकि उनीहरुले पुण्यको कार्यमा सहयोग पुर्याउन, र यदि कुनै धर्मको ज्ञानी वा छात्रहरुको संगत प्राप्त भयो भने अधिक राम्रो हुन्छ ।
३- हजको उदेश्य चाहिं यो हो कि अल्लाहको प्रसन्नता र उहाँको निकटता प्राप्त होस ।

४- जिभ्रोलाई फालतु र नराम्रो कुराहरु बाट रोकि राख्ने ।
५- धेरै भन्दा धेरै अल्लाहको स्मरण र प्रार्थना गर्ने ।
६- मानिसहरुलाई कष्ट न दिने ।
७- महिलाहरुले पर्दा गर्ने र पुरुषहरुको भीड देखि टाँढा नै रहने प्रयास गर्ने ।
८- हाजीले यस कुरालाई ध्यानमा राख्ने कि ऊ एउटा इबादत अर्थात पुजामा छ कुनै भ्रमणमा होइन, किन भने केहि हाजीहरुले हजलाई एउटा भ्रमणको औसर र फोटो उतारने मौका सम्झिसकेका छन, अल्लाहले उनीहरुलाई सच्चाबाटो देखाउन ।

## एहराम

एहराम भनेको हजको बिधिमा प्रवेश गर्ने नियत अर्थात चाहना हो, जुन सुकै व्यक्तिले हज वा उमरा गर्न चाहनु हुन्छ भने त्यस माथि एहराम अनिवार्य हुन्छ, हज र ऊमरा गर्नेवाला व्यक्ति यदि मक्का बाहेक अरु कुनै ठाउँबाट आइरहेको छ भने रसूल ﷺ ले तोकेको मीकातहरु मध्ये कुनै एउटा मीकातबाट अनिवार्य रुपले एहराम बाँधनु पर्छ, र त्यो यस प्रकार छन्:

१- जुलहोलैफा, यो मदीनाको नजिक एउटा सानो गाँउ हो, अहिलेको समयमा त्यसलाई अब्यारे अली भनिन्छ, र त्यो मदीनावासिहरुको मीकात हो ।
२- अलजोहफा, यो राबिगको नजिक एउटा गाँउको नाम हो, तर आजको समयमा मानिसहरुले राबिगबाट नै एहराम बाँधि रहेका छन्, र त्यो सिरिया वासि हरुको मीकात हो ।
३- करनुलमनाजिल,(अस्सैलुल कबीर)यो ताएफको नजिक छ, र नजदवासिहरुको मीकात हो ।

४- यलमलम, यो मक्का देखि ७० कि. मि. टाँढा छ, र त्यो यमनवाला हरुको मीकात हो ।

५- जाते इर्क, यो एराकवासिहरुको मीकात हो ।

यी सबै मीकातहरु रसूल ﷺ ले उनीहरुको लागि तोक्नु भएको छ जसको खुलासा हामीले गरेका छौं र उनीहरुको लागि पनि जुन् कुनै अरु ठाउँबाट हज र ऊमराको उदेश्यले त्यस तर्फबाट आउँछन्, तर मक्कावासिहरु र हरम अर्थात मक्काको खास क्षेत्र फल देखि बाहिर बसेको व्यक्तिहरु लाई आफ्नो घरबाट नै एहराम बाँध्नु पर्छ ।

## एहरामको सुन्नत

एहराम भन्दा अघि जुन जुन कार्य गर्नु सुन्नत छ त्यस मध्ये :

१ - नङ काट्ने, बगलको रौं खौरने वा उखालने, जुँङ्गा काट्ने, कन्दनी भन्दा तलको बाल खौरने, नुहाउने, र सुगन्ध लगाउने, तर सुगन्ध चाहिं लुगामा होइन बरु शरिरमा मात्र लगाउने ।

२ - सिलाएको लुगा उतारने, लुंगी र च्यादर मात्र लगाउने, महिलाहरुले चाहिं मनपराएको लुगा लगाउन पाउने छिन, तर पर्दा गर्ने, आफ्नो श्रृँगारलाई प्रकट नगर्ने, दुवै हत्केली र अनुहारलाई अपरिचित व्यक्तिहरु बाट छोपि राख्ने , हातमा पन्जा र अनुहारमा नेकाब नलगाउने ।

३- मस्जिद पुगेर जमाअत सँग अर्थात सामुहिक नमाज पढने, यदि नमाजको समय छ भने, वा वोजुको दुई रकअत सुन्नत पढने, र फेरि एहराम बाँधने ।

## हजको प्रकार

हज तीन प्रकारका छन्, र त्यो :

१ - **हजे तमत्तोअ,** अथार्त मात्र ऊमराको एहराम बाँध्ने, फेरि आठौं दिन आए पछि मक्कामा हजको एहराम बाँधने, र मीकातमा यो भन्ने **लब्बैक उमरतन मुतमत्तियन बिहा इलल हज्ज**

**(لبيك عمرة متمتعاً بها إلى الحج)**

हे अल्लाह ! म उपस्थित छु, ऊमराको साथ साथ हजको लाभ उठाउनको लागि । र हज तमत्तोअ सबै हज मध्ये विशेष र उत्तम हज हो, खास गरि यदि हाजी हजको समय भन्दा निकै पहिले मक्का आइ पुगेको छ भने, फेरि अर्को चोटि मक्कामा बसेको ठाउँबाट नै हजको एहराम बाँध्ने, र यो भन्ने **(لبيك حجاً)**

हे अल्लाह ! म हजको लागि उपस्थित छु । र यस प्रकारको हजमा हाजीलाई हदि अर्थात बली दिनु अनिवार्य छ, हदिमा एउटा बाखा एक जनाबाट र एउटा उँट वा गाई सात जनाबाट प्रयाप्त हुन्छ ।

२ - **हजे केरान**, अर्थात एकै चोटि हज र ऊमरा दुवैको एहराम बाँध्ने, र यस्तो भन्ने **लब्बैक उमरतन व हज्जन (لبيك عمرة وحجاً)**

हे अल्लाह ! म हज र ऊमरा दुवैको लागि उपस्थित छु । र त्यही एहराममा यौमुन्नहर अर्थात ईदको दिन सम्म बस्ने, विशेष गरि यो उनीहरुको लागि छ जुन् हज भन्दा थोरै समय पहिले आउँछन्, र ऊमराबाट हलाल भएर अर्को चोटि हजको एहराम बाँध्नको लागि प्रयाप्त समय पाउँदैनन्, र उनीहरुको लागि पनि जुन् आफु संग हदि ल्याएका हुन्छ ।

३ - हजे इफराद, अर्थात मात्र हजको उदेश्य राख्ने, र मीकातबाट एहराम बाँध्ने समय यो भन्ने **लब्बैक हज्जन (لبيك حجاً)**

हे अल्लाह! म हजको लागि उपस्थित छु । यस प्रकारको हजमा हदि लाग्दैन ।

हाजी यदि वायु यात्रा गरि आइ रहनु भएको छ भने मीकातको बराबर पुगेर एहराम बाँध्ने, वा त्यस भन्दा पहिले एहराम बाँध्ने यदि मीकातको थाहा पाउनु गाह्रो छ भने, र मीकातमा गर्नु पर्ने सबै कार्य गर्ने, जस्तो कि आफुलाई सफा पार्ने, अत्तर लगाउने, नङ काटने, र यदि चाहेको भए हवाइजहाजमा चढने भन्दा पहिला वा हवाइजहाजको भित्र नै एहराम बाँध्ने, फेरि मीकात पुग्ने भन्दा अघि वा मीकातको बराबर पुगेर एहरामको नियत गर्ने ।

## एहरामको तरिका

एहरामको तरिका यो हो कि :

क - यदि हज तमत्तोअ गर्न खोजेको छ भने **लब्बैक उमरतन मुतमत्तियन बिहा इलल हज्ज (لبيك عمرة متمتعاً بها إلى الحج)** भन्ने ।

ख - यदि हज केरान गर्न खोजेको छ भने **लब्बैक उमरतन व हज्जन(لبيك عمرة وحجاً)** भन्ने ।

ग - यदि हज इफराद गर्न खोजेको छ भने मात्र **लब्बैक हज्जन (لبيك حجاً)** भन्ने ।

एहराम पछि तलबिया (निम्न उल्लेखित) दुआ पढनु सुन्नत छ, र त्यस्तै एहराम पछि काबाको तवाफ शुरु गर्ने सम्म तलबिया दोहरियाउनु पनि सुन्नत हो, तलबियाको शब्द यो हो

**लब्बैक अल्लाहुम्म लब्बैक, लब्बैक ला शरीक लक लब्बैक, इन्नल हम्द वन्नेमत लक वल मुल्क ला शरीक लक**

**«لَبّيْكَ اللّهُمّ لَبّيْكَ لَبّيْكَ لَا شَرِيكَ لَكَ لَبّيْكَ إِنّ الْحَمْدَ وَالنِّعْمَةَ لَكَ وَالْمُلْكَ لَا شَرِيكَ لَكَ»**

म उपस्थित छु हे अल्लाह म उपस्थित छु, म उपस्थित छु तिम्रो कोहि पनि साझेदार छैन, म उपस्थित छु, सबै प्रकारको प्रशंसा, तथा कृपा, र राज्य तिम्रै लागि छन् कोहि पनि तिम्रो भागिदार छैन् ।

**एहराममा बर्जित गरिएको कार्यहरु** एहराम बाँधे पछि केहि यस्तो कुराहरु बर्जित भइहाल्छ जुन् एहराम भन्दा पहिला जायज थियो, किन भने त्यो अब एउटा खास इबादत अर्थात उपासनामा प्रवेश गरि सक्यो, र त्यस माथि निम्न कुराहरु बर्जित भइहाल्छन :

क- टाउको वा शरिरको कुनै अंगबाट केश उखालने, तर अवश्यक्ता परेमा टाउको खुर्किनमा कुनै आपत्ति छैन ।

ख- नङ काट्ने, तर यदि नङ टुट्यो, वा त्यसमा पिडा भइरहेछ भने यस्तो अवस्थामा नङ काट्नमा कुनै हर्ज छैन ।

ग- अत्तर वा सुगन्धित साबुन प्रयोग गर्ने ।

घ- यौन सम्पर्क र त्यस माथि उत्साहित गर्ने कुराहरु जस्तो कि विवाह गर्ने, कामवासनाले हेर्ने, शरिर टाँसने, र मुँइ खाने, इत्यादि ।

ड - पन्जा लगाउने ।

च - शिकार गर्ने ।

**यी कार्यहरु नर र नारी दुवैको लागि बर्जित गरिएका छन्**

**पुरुषहरुको लागि निम्न कार्यहरु पनि बर्जित गरिएका छन्**

१- सिलाएको लुगा लगाउने, तर अवश्यक कुराहरु लगाउनु जायज छ जस्तो कि सिब्ता (खास प्रकारको लुगा), घडि, र चशमा, आदि ।

२- टाउकोमा टाँसिएको कुनै वस्तुले टाउको छोपने, तर यदि टाउकोमा टाँसिएको छैन भने त्यसमा कुनै आपत्ति छैन, जस्तो कि छाता, गाडि, र टेन्ट, इत्यादि ।

३- जुराफ लगाउने, तर यदि चप्पल पाएन भने छालाको मोजा लगाउनु जायज छ ।

यदि कुनै व्यक्तिले बर्जित गरिएको यी कार्यहरु मध्ये कुनै कार्य गर्नु हुन्छ भने त्यसको तीन अवस्था हुन्छ ।

१- बिना कुनै अवश्यक्ताले यदि यस्तो गरेकोछ भने त्यो पापी हुन्छ र त्यस्लाई फिदिया अर्थात बली दिनु पर्छ ।

२- यदि अवश्यक्ताले यस्तो गरेकोछ भने त्यसलाई पाप लाग्दैन तर फिदिया चाहिं दिनु पर्छ ।

३ - यदि जानकारी न भएर वा बिर्सेर वा बाध्य भएर यस्तो गरेको छ भने त्यसलाई पाप पनि लाग्दैन र फिदिया पनि लाग्दैन

## तवाफ

मस्जिदे हराममा प्रवेश गर्दा सबभन्दा पहिला दायाँ खुट्टा राख्नु र यो भन्नु सुन्नत छः

**बिस्मिल्लाहि वस्सलातु वस्सलामु अला रसूलिल्लाह, अल्ला हुम्मग़फ़िरली जुनूबी वफ़्तह ली अबवाब रहमतिक**

**بِسْمِ اللّه وَالسّلَامُ عَلَى رَسُولِ اللّهِ اللّهُمّ اغْفِرْ لِي ذُنُوبِي وَافْتَحْ لِي أَبْوَابَ رَحْمَتِكَ**

म शुरु गर्दछु अल्लाहको नामबाट, दरुद र सलामती होस रसूलुल्लाह माथि, हे अल्लाह ! मेरो सबै पापहरु माफ गरिदेउ, र मेरो लागि आफ्नो दयाको ढोका खोली देऊ । यो दुआ सबै मस्जिदको लागि छ, फेरि तवाफको लागि सिधा काबा तिर हिंड्ने ।

तवाफ भनेको यो हो कि काबाको चारै तिर अल्लाहको उपासनाको लागि सात चोटि परिक्रमा गर्ने, चक्कर लगाउने काबा आफ्नो बायाँ तिर राखेर हजरे असवद देखि शुरु गर्ने, र त्यहीं आएर समाप्त गर्ने, तवाफको समय अनिवार्य रुपले वोजुको अवस्थामा हुनु पर्छ, र तवाफको तरिका यो हो:

१- हजरे असवद सम्म पुगेर दायाँ हातले त्यसलाई छुने र **(بسم الله والله أكبر)** भन्ने, म शुरु गर्दछु अल्लाहको नामबाट, र अल्लाह धेरै महान र ठुलो हुनु हुन्छ । यदि सम्भव छ भने त्यसको चुम्बन दिने, र यदि सम्भव छैन भने हातले छुने र हातलाई चुम्बन दिने, तर यदि हजरे असवदलाई छुनु पनि सम्भव छैन भने त्यस तर्फ अनुहार फेरेर हातले संकेत दिने र **(الله أكبر)** भन्ने, यस्तो अवस्थामा हातलाई चुम्बन न दिने, फेरि काबालाई आफ्नो बायाँ तिर राखेर तवाफ शुरु गर्ने, र ईच्छा अनुसार दुआ गर्ने अथवा जति सम्भव हुन्छ भने त्यति कुरआन पढने, आफ्नो लागि र अरुको लागि आफ्नो भाषामा दुआ गर्ने, किनकि तवाफको कुनै खास दुआ छैन ।

२ - रुकने यमानी सम्म पुगेर यदि सम्भव छ भने आफ्ने दायाँ हातले त्यसलाई छुने, र बिस्मिल्ला अल्लाहु अकबर भन्ने, तर आफ्नो हातलाई चुम्बन न दिने, र यदि छुन सम्भव छैन भने हिंडी रहने, नत हातले संकेत दिने, नत तकबीर भन्ने, रुकने यमानी र हजरे असवदको बीचमा यो भन्ने:

**रब्बना आतिना फिद्दुनिया हसनतंव वफ़िल आखिरति हसनतवं वक़िना अजाबन्नार**

رَبَّنَا آتِنَا فِي الدُّنْيَا حَسَنَةً وَفِي الآخِرَةِ حَسَنَةً وَقِنَا عَذَابَ النَّارِ

हे हाम्रो पालनकर्ता ! हामीलाई संसारमा पनि पुण्य प्रदान गर, र प्रलोकमा पनि पुण्य प्रदान गर, र नकको सजायबाट रक्षा गर ।

३ - हजरे असवद सम्म पुगेर यदि सम्भव छ भने हातले छुने, र यदि सम्भव छैन भने हातले संकेत दिने र **(الله أكبر)** भन्ने ।

यसरी सात चक्कर मध्ये एक चक्कर पुरा हुन्छ, र अरु चक्कर पुरा गर्नको लागि तवाफ जारि राखने, सातौं चक्करमा त्यस्तै गर्ने जस्तो पहिला चक्करमा गरेको, जैले पनि हजरे असवद सम्म पुगिन्छ त तकबीर भन्ने, र सातौं चक्करको अन्तमा पनि तकबीर भन्ने, पहिला तीन चक्करमा रमल र अन्तिम चार चक्करमा साधारण तरिकाले हिंडनु सुन्नत छ, सानो सानो कदम उठाएर छिटो हिंडनाले रमल भनिन्छ त्यस्तै पुरा तवाफमा इजतेबाअ गर्नु सुन्नत छ, र इज्तेबाअ यो हो कि च्यादरको दुवै किनारा दायाँ काँधको तलबाट लिएर बायाँ काँधमा राख्ने, तर रमल र इज्तेबाअ मात्र प्रथम तवाफमा हुन्छ जब कुनै व्यक्तिले हज वा ऊमरा गर्नको लागि मक्का आइपुग्नु हुन्छ ।

तवाफ समाप्त भए पछि मकामे इब्राहीमको पछिलो ठाउँमा दुई रकअत नमाज पढनु सुन्नत छ, यस प्रकार कि मकामे इब्राहीम उसको र काबाको बीचमा भइहालोस, र नमाज भन्दा पहिला आफ्नो च्यादर लगाइ हाल्ने, च्यादरलाई दुवै काँधमा राख्ने र त्यसको दुवै किनारा छातीमा राखने, पहिलो रकअतमा सुरः फातेहा र सुरः काफिरुन पढने, र दोस्रो रकअतमा सुरः फातेहा र सुरः इख्लास पढने, यदि मकामे ईब्राहीमको नजिक भीडको कारणले नमाज पढनु सम्भव छैन भने मस्जिदको कुनै ठाउँमा पनि नमाज पढ्न सकिन्छ ।

## सई (सफा र मर्वा पहाडि बीच दौड्नु)

त्यस पछि सईको ठाउँमा जाने, र सफा तिर लाग्ने, त्यसको नजीक पुगेर यो पढने:

إِنَّ الصَّفَا وَالمَرْوَةَ مِنْ شَعَائِرِ الله فَمَنْ حَجَّ البَيْتَ أَوِ اعْتَمَرَ فَلَا جُنَاحَ عَلَيْهِ أَنْ يَطَّوَّفَ بِهِمَا وَمَنْ تَطَوَّعَ خَيْرًا فَإِنَّ اللهَ شَاكِرٌ عَلِيمٌ﴾ [البقرة:١٥٨]

सफा र मर्वा पर्वत अल्लाहको निशानीहरु मध्ये एक हुन्, तसर्थ जुन् मानिसले काबाको हज वा ऊमरा गर्ने छ भने उसले दुवैको परिक्रमा गर्नमा कुनै पाप छैन, र आफ्नो स्वेच्छाले जो भलो गर्ने छ, त अल्लाह कदर गर्नेवाला, र राम्रो जान्नेवाला छन ।

फेरि काबालाई हेर्ने सम्म सफा पहाडि माथि चढने, र काबा तिर पल्टेर आफ्नो दुवै हात उठाउने र अल्लाहको प्रशंसा गर्ने, मन परेको दुआ गर्ने, र यो भन्ने:

**لاَ إِلَهَ إِلاّ اللّهُ واللّهُ أكبَر لاَ إِلَهَ إِلاّ اللّهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ يُحْيِى وَيُمِيتُ وَهُوَ عَلَى كُلّ شَيْءٍ قَدِيرٌ لاَ إِلَهَ إِلاّ اللّهُ وَحْدَهُ أَنْجَزَ وَعْدَهُ وَنَصرَ عَبْدَهُ وَهَزَمَ الأَحْزَابَ وَحْدَهُ**

**लाइलाह इल्लल्लाहु वल्लाहु अकबर ला इलाह इल्लल्लाहु वहदहु ला शरीक लहु लहुल मुल्कु व लहुल हम्द युहयी व युमीतु व हुवा अला कुल्लि शैइन क़दीर. लाइलाह इल्लल्लाहु वहदहु अनजज़ा वाअदहु व नसर अब्दहु व हज़मल अहज़ाब वहदहु**

अल्लाह बाहेक कोहि पनि उपासना योग्य छैन, ऊ एकलै छ उसको कोहि पनि साझेदार छैन, उसैको लागि राज्य छ, र उसैको लागि प्रशंसा छ, जीवन र मृत्यु उसैको हातमा छ, ऊ सबै थोक माथि सर्वशक्तिमान छ, अल्लाह बाहेक कोहि पनि

पुजनीय छैन, ऊ एकलै छ, उसले आफ्नो वचन पुरा गर्यो, र एकलै सबै सेनाहरुलाई पराजित गर्यो ।

फेरि लामो समय सम्म दुआ गर्ने र यसलाई तीन चोटि दोहरियाउने ।

फेरि सफाबाट उतरेर मर्वा पर्वत तिर हिंडने, र हरियो संकेत सम्म पुगे पछि अर्को हरियो संकेत सम्म सकभर छिटो हिंडने, यो सुन्नत हो, तर शर्त यो हो कि अरु कसैलाई कष्ट न दिने,( खास पुरुषहरु नै छिटो हिंडने छन्, महिलाहरुले होइन) फेरि मर्वा पुगेर त्यस माथि चढ्ने, र काबा तिर पल्टेर दुवै हात उठाउने र त्यही भन्ने जुन् सफा माथि भनेका थियो, यस प्रकार सईको सात चक्कर मध्ये एक चक्कर समाप्त भयो, दुआ गरे पछि मर्वाबाट उतरेर सफा तिर लाग्ने, र पहिला चक्कर जस्तै गर्ने, सईको समयमा अधिक भन्दा अधिक दुआ गर्नु सुन्नत छ ।

हाजीले यदि हजे तमत्तोअ गरि रहनु भएकोछ भने त्यसको लागि सई पछि कपाल खौरनु, ऊमरा समाप्त गर्नु, लुगा लगाउनु, र एहरामबाट मुक्त हुनु सम्भव छ, फेरि आठ गतेको जुहर नमाज भन्दा केहि क्षण पहिला आफ्नो ठाउँबाट हजको एहराम बाँध्ने, र ऊमराको एहराम बाँध्ने समय जे जे गरेको छ त्यही सबै कार्यहरु यहाँ पनि गर्ने, फेरि यो भन्दै हजको नियत गर्नेः

**लब्बैक हज्जन, लब्बैक ला शरीक लक लब्बैक इन्नल हम्दा वन्नेअमत लक वल मुल्कु ला शरीक लक**

**لَبّيْكَ حجاً لَا شَرِيكَ لَكَ لَبّيْكَ إِنّ الْحَمْدَ وَالنِّعْمَةَ لَكَ وَالْمُلْكَ لَا شَرِيكَ لَكَ**

हे अल्लाह! म हजको लागि उपस्थित छु, म उपस्थित छु, कोहि तपाईको साझेदार छैन, म उपस्थित छु, सबै प्रकारको प्रशंसा तथा कृपा अनि राज्य तपाईकै लागि छन्, कोहि तपाईको भागिदार छैन ।

फेरि जुहर, असर, मगरिब, एशा, र फजर सबै नमाज मेनामा पढने र त्यसमा कसर गर्ने अर्थात चार रकअतको नमाज मात्र दुइ रकअत पढने ।

## जुलहिज्जा महिनाको आठौं दिन

हाजीले मेना जानु हुन्छ र त्यहाँ जुहर, असर, मगरिब, एशा, र फजरको नमाज पढ्नु पर्दछ, चार रकअतको नमाज घटाएर मात्र दुइ रकअत पढ्नु पर्दछ ।

## नौवो दिन (९ गते, अरफाको दिन)

यो दिनमा निम्न कार्यहरु गर्नु पर्छ :

१ - सुर्य उदय भए पछि अरफा तिर लाग्ने र सुर्य अस्त हुने सम्म त्यहीं बस्ने, मध्याह्न भए पछि जुहर र असरको नमाज कसर गरेर एक साथ पढने, फेरि नमाज पछि अल्लाहको स्मरण, दुआ, र तलबियामा व्यसत भइहाल्ने, सुन्नत यो हो कि अल्लाह सित अधिक भन्दा अधिक दुआ र बिन्ती गर्ने, आफ्नो लागि र सबै मुस्लिमहरुको लागि दुआ गर्ने, र जे चाहियो भने त्यो सबै मांगने, दुआको समयमा आफ्नो दुवै हात उठाउनु उचित छ, अरफामा बस्नु हजको एउटा स्तम्भ हो, जुन् सुकै व्यक्ति अरफामा बस्दैनन् त्यसको हज सही हुने छैन, त्यहाँ बस्नको समय ९ गतेको सुर्य उदय हुने देखि १० गतेको फजर उदय हुने सम्म छ, तसर्थ जुन सुकै व्यक्तिले यस भित्र दिन वा रातिको कुनै पनि समय त्यहाँ व्यातित गर्दछ भने त्यसको हज पुरा भइहाल्छ, र यस कुराको पुष्टि जरुरि छ कि वास्तवमा हाजीले अरफाको क्षेत्रफलमा प्रवेश गरि सकिएको छ ।

२ - सुर्य अस्त भइसकेको छ भन्ने कुराको पुष्टि भए पछि त्यहाँबाट शान्ति पुर्वक तरिकाले ठुलो स्वरमा तलबिया भन्दै मुज्दलिफा तिर हिंड्ने।

मुज्दलिफमा - मुज्दलिफा पुगने बित्तिकै मगरिब र इशाको नमाज एक साथ पढने, र त्यसमा कसर गर्ने, नमाज पछि आफ्नो निजी कार्यहरु जस्तो कि खानाको तैयारी र यस्तो अन्य कार्यहरुमा व्यस्त हुनु सम्भव छ, यसमा कुनै हर्ज छैन, र उचित यो हो कि छिट्टै सुति हाल्ने ताकि बिहान फजर नमाजमा उठ्ने समय शरिरमा फुर्ती होस ।

## दसौं दिन (ईदको दिन)

१ - फजरको समय भए पछि फजरको नमाज पढने, र त्यस पछि आफ्नो ठाउँमै बसेर पुर्ण रुपले उज्यालो हुने सम्म अल्लाको अधिक स्मरण गर्ने र दुआ गर्ने ।

२ - सानो सानो सातवटा ढुँगा लिने र सुर्य उदय हुने भन्दा पहिला तलबिया भन्दै मेना तिर लाग्ने ।

३ - जमरतुल अकबा सम्म तलबिया जारि राखने, र एउटा एउटा ढुँगाले गरि सातौं ढुँगालाई हिर्रकाउने, र हरेक ढुँगा हिर्रकाउँदा **(الله أكبر)** भन्ने ।

४ - ढुँगा हिर्रकाए पछि हदि जिबह गर्ने अर्थात बली दिने, यदि हजे तमत्तोअ वा हजे केरान गरि रहेको छ भने, र उचित यो हो कि स्वयं त्यसको मासु खाने, अरुलाई पनि दिने र दान पनि गर्ने

५ - हदि जिबह गरे पछि कपाल खौरने वा कटाउने, तर खौरनु चाहिं उत्तम छ, र महिला हरुले आफ्नो हरेक चोटिबाट औंलाको एक टुप्पो बराबर कटाउने छिन् (तीन से.मी. बराबर) ।

त्यस पछि एहरामको कारणले लुगा, सुगन्ध, नङ काट्ने, र केश काट्ने जस्तो बर्जित गरिएको कार्यहरु जायज भइहाल्छन, तर

विवाह गर्नु अझै बर्जित हुन्छ, काबाको तवाफ गर्ने सम्म, र त्यस पछि स्नान गरि सफा हुनु, अत्तर लगाउनु, र लुगा लगाउनु उचित छ ।

६ - काबा गएर तवाफे हज (तवाफे इफाजा) गर्ने, यसर्थ काबाको चारै तिर सात चक्कर काट्ने, त्यस पछि दुई रकअत नमाज पढ्ने, फेरि सईको ठाउँमा गएर सफा र मर्वा बीच सात चोटि सई गर्ने, यदि हजे तमत्तोअ गरि रहनु भएको छ भने, तर यदि हजे केरान वा हजे इफराद गरि रहनु भएको छ र तवाफे कुदूमको समयमा नै सई गरिसक्नु भएको छ भने अहिले सई गर्नु जरुरि छैन, किनकि त्यसको पहिला सई नै हजको सई हो, तर यदि मक्का आउने समय सई गर्नु भएको छैन भने अहिले सई गर्नु अनिवार्य हुन्छ,

सई पछि एहरामको कारणले बर्जित गरिएको सबै कार्यहरु पुनः बहाल भइहाल्छन, तसर्थ त्यो सबै कार्यहरु जायज भइहाल्छन जुन् एहरामका कारणले बर्जित गरिएको थियो ।

७ - हाजीहरुलाई ११,१२, को राति मेनामा ब्यतिथ गर्नु अनिवार्य छ, तर १३ को रात मात्र यस्तो व्यक्तिहरुलाई ब्यतिथ गर्नु पर्छ जुन् ढिलो गर्न चाहनु हुन्छन, रात बिताउनको अर्थ यो हो कि रातको अधिक समय मेनामा बस्ने ।

र यो जुन अनुक्रम भनिएको छ कि पहिला ढुँगा हिर्रकाउने, त्यस पछि जिबह गर्ने, त्यस पछि कपाल खौरने, र त्यस पछि तवाफ गर्ने यही सुन्नत हो, तर यदि यसमा कुनै प्रकारको तल माथि भयो भने त्यसमा कुनै आपत्ति छैन ।

## ग्यारहौं (११) दिन

हाजीलाई आजको दिनमा ढुँगा हिर्रकाउनु जरुरि छ, ढुँगा हिर्रकाउनको समय मध्याह्न पछि शुरु हुन्छ, त्यस भन्दा पहिला जायज छैन, र अर्को

दिनको फजर उदय हुनुको साथै त्यसको समय समाप्त भइहाल्छ, सबभन्दा पहिला सानो जमरालाई ढुँगाले हिर्रकाउनु पर्छ, त्यस पछि बीचको जमरा, र त्यस पछि ठुलो जमरा, मध्याह्न पछि कुनै पनि समयमा, र ढुँगा हिर्रकाउने तरिका यो हो :

१ - आफु सँग २१ सानो ढुँगा राख्ने, र सानो जमरा तिर लाग्ने, त्यसलाई ७ ढुँगाले हिर्रकाउने, हरेक ढुँगा हिर्रकाउने समय **(الله أكبر)** भन्ने, ढुँगालाई गोल आकारमा पुर्याउने प्रयास गर्ने, हरेक ढुँगालाई छुट्टा छुट्टै हिर्रकाउने, र सुन्नत यो हो कि त्यस पछि दायाँ तिर उभेर लामो समय सम्म दुआ गर्ने ।

२ - त्यस पछि मध्ये जमरा तिर लाग्ने, र त्यसलाई छुट्टा छुट्टै ७ ढुँगाले हिर्रकाउने, हरेक ढुँगा हिर्रकाउने समय **(الله أكبر)** भन्ने, र सुन्नत यो हो कि त्यस पछि अलि बायाँ तिर उभिएर लामो समय सम्म दुआ गर्ने ।

३ - फेरि ठुलो जमरा तिर लाग्ने, र त्यसलाई ७ ढुँगाले हिर्रकाउने, हरेक ढुँगा हिर्रकाउने समय **(الله أكبر)** भन्ने, र त्यहाँ न रुकने बरु त्यहाँबाट गइहाल्ने ।

## बारहौं (१२) दिन

१ - ग्याहौं दिनमा गरेको सबै कार्य गर्ने ।

**यदि हाजीले ढिलो गर्न चाहनु हुन्छ र तेहौं (१३) दिन पनि रुकन चाहनु हुन्छ - उत्तम चाहिं यही हो भने त्यो दिन पनि त्यही कार्य गर्ने जो ग्याहैं र बाहौं दिनमा गरेको थियो ।**

२ - बाहौं दिन वा तेहौं दिन (ढिलो गर्न खोजेको व्यक्तिको लागि) ढुँगा हिर्रकाए पछि काबा तिर लाग्ने, तवाफे वेदाअ अर्थात बिदाइको तवाफ गर्ने, काबाको चारै तिर सात चक्कर काटने, फेरि यदि सम्भव छ भने मकामे ईब्राहिमको पछि वा मस्जिदको

कुनै पनि ठाउँमा दुई रकअत नमाज पढने, र महिलाले यदि मासिक धर्ममा छे वा सुत्केरि भएकि छे भने त्यसको लागि यो तवाफ माफ हुन्छ ।

हाजीले तवाफे एफाजालाई आजको दिन सम्म ढिलो गर्न सक्नु हुन्छ, र यस्तो भएमा यो तवाफ तवाफे वेदाअको तर्फबाट प्रयाप्त हुन्छ, तर नियत चाहिं तवाफे एफाजाको नै हुन्छ तवाफे वेदाअको होइन ।

३ - त्यस पछि अनिवार्य छ कि हाजीले अरु कुनै कार्यमा व्यस्त न हुने, बरु अल्लाहको स्मरण गर्दै, दुआ गर्दै, र लाभ दायक कुराहरु सुन्दै मक्काबाट निस्कनु पर्छ ।

तवाफ गरे पछि केहि समयको लागि मक्कामा रुक्न पाइन्छ, जस्तो कि साथीहरुको प्रतिक्षा गर्ने, सामान लोड गर्ने, बाटोमा अवश्यक पर्ने सामग्री खरिद गर्ने, इत्यादि ।

## हजको स्तम्भहरू

१ - एहराम २ - अरफामा बस्ने

३- तवाफे एफाजा (ईदको दिनको तवाफ) ४ - सफा र मर्वाको सई

**यदि कसैले यस मध्ये कुनै एउटा स्तम्भ छाडिदिनु भयो भने त्यसको हज सही हुदैन**

## हजमा अनिवार्य कार्यहरू

१ - मीकातबाट एहराम बाँध्ने ।

२ - यदि अरफाको दिनमा पुग्यो भने सुर्य अस्त हुने सम्म त्यहीं बस्ने ।

३ - मुज्दलिफामा राति बिताउने, फजर पछि राम्रोसित उज्यालो हुने सम्म त्यहीं बस्ने, तर कमजोर व्यक्तिहरु र महिला हरुको लागि मात्र आधि रात सम्म बसनु जायज छ ।

४ - तशरीक (११, १२, १३) को प्रत्येक राति मेनामा बिताउने ।

५- तशरीकको प्रत्येक दिन ढुँगा हिर्काउने ।

६ - कपाल खौरने वा कटाउने ।

७ - तवाफे वेदाअ गर्ने ।

**यदि कसैले यस मध्ये कुनै एउटा अनिवार्य कार्यलाई छोडनु भयो भने त्यसलाई दम अर्थात जरिवाना दिनु पर्छ, र जरिवानामा चाहिं एउटा बाखा, वा ऊँट वा गाईको सात भाग मध्ये एक भाग हरम (मक्का)को गरीब व्यक्तिहरुको लागि दिनु पर्छ ।**

## मस्जिदे नबवीको भ्रमण

नमाज पढनको लागि मस्जिदे नब्वी जानु उचित छ, किनकि हदीसमा छ कि मस्जिदे नब्वीमा एक नमाज मस्जिदे हराम ( मक्काको मस्जिद) बाहेक अरु सबै मस्जिदहरुको तुलनामा एक हजार नमाज भन्दा अधिक राम्रो हुन्छ, र यस मस्जिदको भ्रमण साल भरमा कहिले पनि हुन सक्छ, यसको कुनै खास समय छैन, र हजको भाग पनि छैन, यदि एउटा मुस्लिमले त्यो मस्जिद सम्म पुग्नु भयो भने त्यसको लागि नबी ﷺ र उहाँको दुवै साथी अबुबकर र ऊमरको कबरमा जानु पनि उचित छ, पुरुषहरुले मात्र कबरमा जानको अनुमति पाएका छन महिलाहरुले होइन,

र नबी ﷺ को कोठालाई छुनु वा तवाफ गर्नु, र त्यस तर्फ फर्केर दुआ गर्नु कसैको लागि जायज छैन ।

# أحكـــام الأطعمـــة

# खाद्दय वस्तुहरूको बिषय

अल्लाह सुब्हानहु व तआलाले आफ्नो सेवकहरुलाई पवित्र वस्तुहरु खानको आदेश दिएको छ र फोहर र अपवित्र वस्तुहरुबाट मनाहि गरेको छ, अल्लाह तआलाले भन्नु भयो:

يَا أَيُّهَا الَّذِينَ آَمَنُوا كُلُوا مِنْ طَيِّبَاتِ مَا رَزَقْنَاكُمْ [البقرة:١٧٢]

हे आस्थावानहरु ! जुन पवित्र कुराहरु हामीले तिमीलाई प्रदान गरेका छौं तीनको उपभोग गर ।

असलमा सबै खाने कुराहरु हलाल छन् मात्र त्यस बाहेक जसलाई अल्लाहले छुट्याउनु भएको छ, तसर्थ अल्लाहले आफ्नो मोमिन भक्त हरुलाई लाभ पुर्याउनको लागि पवित्र कुराहरुको अनुमति दिनु भएको छ, र यसै कारण अल्लाहले प्रदान गरेको उपहारलाई पापको कार्यमा प्रयोग गर्नु जायज छैन,

बर्जित गरिएको खान पीनबारे अल्लाहले आफ्नो सेवकहरुलाई तपसिल पुर्वक जानकारि दिनु भएको छ, अल्लाह तआलाले भन्नु भयो :

وَقَدْ فَصَّلَ لَكُمْ مَا حَرَّمَ عَلَيْكُمْ إِلَّا مَا اضْطُرِرْتُمْ إِلَيْهِ [الأنعام:١١٩]

तिम्रो लागि बर्जित गरिएका सबै कुराहरु एक एक गरी वर्णन गरी सकेको छु, तर त्यस अवस्था बाहेक जब कि ती कुरा खानको निम्ति बाध्य भइहाल्छौं ।

तसर्थ जसलाई हराम गरिएको छैन भने त्यो हलाल छन ।

रसूल ﷺ ले भन्नु भयो «अल्लाहले केहि कुरा अनिवार्य गर्नु भएको छ, त्यसलाई न छोड, र केहि सीमा बन्दि गर्नुको छ,

त्यसलाई न नांघ, र केहि कुरा हराम गर्नुको छ, त्यसलाई न गर, र केहि कुराबारे चुप लाग्नु भएको छ, तर बिर्सेर होइन बरु तिमीहर प्रति दयाको कारणले, तसर्थ त्यसको खोज पुछार नगर» (अत्तबरानी) ।

खाने पीउने, लगाउने वस्तुहरु मध्ये यस्तो हरेक वस्तु जसलाई अल्लाह र रसूल ﷺ ले हराम गरेका छैनन भने त्यसलाई हराम गर्नु जायज छैन, नियम यो हो कि त्यो हरेक खाना जुन पवित्र छ र जसमा कुनै प्रकारको हानी छैन भने त्यो जायज छ, र अपवित्र र हानीकारक खाना जायज छैन, जस्तो कि मरेको जनावर, रगत, रक्सी, र चुरोट, र अपवित्रताको मिश्रणको कारणले अपवित्र भएको वस्तु पनि हराम छ किनकि त्यो खराब र हानीकारक छन् ।

र हराम मुर्दा जनावर त्यो हो जसको प्राण इस्लामी नियमले जिबह गरेको बिना गएको होस, र रगत भनेको त्यो रगत जुन् जिबह गर्ने समय जनावरबाट बगिएको हो, तर जिबह गरे पछि मासु र नसाहरुमा बाँचेका रगत जायज छन ।

जायज खाद्दयहरु दुई प्रकारका छन्, जनावरहरु, र साग सब्जीहरु, त्यस मध्ये जुन हानीकारक छैन भने त्यो जायज छ, फेरि जनावरहरु दुई प्रकारका छन्, धर्तिमा बस्ने जनावर र समुद्रमा बस्ने जनावर, समुद्रमा बस्ने सबै जनावर हलाल छन् त्यसको लागि जिबहको शर्त पनि छैन, बरु समुद्रको मुर्दा पनि जायज छ, र धर्तिमा बस्ने जनावरहरु जायज छन, तर जुन खास किसिमको जनावरहरुलाई इसलामले हराम गरेको छ त्यस बाहेक, र त्यो यस प्रकार छन् -

१ - घरेलु गधा ।

२ - यस्तो जनावरहरु जसको लामो र तीखो शिकार गर्ने दाँत हुन्छ, मात्र एउटा खास किसिमको जनावर बाहेक जसलाई अंग्रेजीमा (Hyaena) भनिन्छ ।
पंक्षीहरु सबै जायज छन् मात्र तोकिएको पंक्षीहरु बाहेक, जस्तो कि :
१ - यस्तो पंक्षीहरु जुन् आफ्नो पन्जाले शिकार गर्छन्, इब्ने अब्बास ﵁ ले भन्नु भयो कि «रसूल ﷺ ले हरेक लामो र तीखो दाँत भएको जनावर र हरेक पन्जा भएको पंक्षीबाट मनाहि गर्नु भएको छ» (मुस्लिम- १९३४)
२ - यस्तो पंक्षीहरु जुन् मुर्दा खान्छन्, जस्तो कि गीद्ध, चिल, र काग, किन भने तिनीहरु फोहोर खाने गर्छन् ।
र घृणात्मक जनावरहरु पनि हराम छन् जस्तो कि सर्प, मुसो, र किराहरु ।
उल्लेख जनावर र पंक्षीहरु बाहेक सबै हलाल छन्, जस्तो कि घोडा, चार खुट्टे जनावरहरु, कुखुरा, बन्को गधा, हरीण, मृग, चरो, खरायो, इत्यादि ।
र त्यस मध्ये जसको चारा अधिक समय अपवित्र कुराहरुमा हुन्छ भने त्यसको मासु हराम गरिएको छ, र त्यसलाई तीन दिन सम्म बाँधेर मात्र पवित्र चारा दिनु पर्छ ।
प्याज, लहसुन्, र यस प्रकारको अरु कुनै गन्ध आउने वस्तुहरु खाएर मस्जिदमा जानु उचित छैन । कुनै व्यक्तिले यदि हराम वस्तु खानको लागि बाध्य भयो जस्तो कि यदि त्यो खाएन भने ज्यान जान सक्छ भने यस्तो अवस्थामा बिष बाहेक अरु कुनै पनि हराम वस्तु त्यति मात्रामा खानु जायज छ जतिले आफ्नो ज्यान जोगाउनु सम्भव हुन्छ ।

र जसले कुनै बगैचाको रुखमा लागेको वा झडेको फलको नजिकबाट जानु भयो र त्यस बागैचामा दिवार र भित्ता पनि छैन र देखभाल गर्ने कुनै व्यक्ति पनि छैन भने त्यसको फल खान पाइन्छ तर बोकनु मिल्दैन, त्यस्तै रुख माथि चढनु, झट्टा फालनु, र जम्मा गरेको फलबाट खानु जायज छैन, तर मात्र अवश्यक्ता अनुसार ।

## जिबहको हुकुम

धर्तिमा बस्ने जनावरहरु तब मात्र हलाल हुन्छन् जब ति इस्लामी तरिकाले जिबह गरिएका हुन्छन, जिबह भन्नाले धरतिमा बस्ने र खान पाइने जनावरको कण्ठ र नाडीलाई काटनु हो, जुन जनावरलाई यस्तो जिबह गर्नु सम्भव छैन भने त्यसलाई छुरि घोंपेर जिबह गर्ने । र जुन नजावरलाई जिबह गर्नु सम्भव छ भने त्यसलाई बिना जिबहकै खानु जायज हुदैन, किन भने जिबहको बिना जनावर मुर्दा घोषित हुन्छ ।

## जिबहमा केहि शर्तहरू राखिएका छन

१ - जिबह गर्नको लागि सक्षम हुनु पर्ने, यस प्रकार कि बुद्धिमान होस, अल्लाहको तर्फबाट उतारिएको धर्म प्रति ईमान राखेको होस, अर्थात मुस्लिम वा अहले किताब (यहुदि र क्रशचन) होस, पागल, नसा गरेको व्यक्ति, र बुद्धि न भएको बच्चाहरुको हातबाट जिबह गरिएको जनावर जायज छैन, किन भने बुद्धि न हुनको कारणले उनीहरुबाट जिबहको नियत नै सही हुदैन । त्यस्तै मुर्ती, आगो, वा कबर पुजनेवाला हरुको जिबह पनि हलाल हुँदैन ।

२ - हतियार उपस्थित हुनु पर्ने, फलामको, वा ढुँगाको, वा अरु कुनै वस्तुको रगत बगाउन सकिने धारिलो छुरीले जिबह गर्नु जायज छ, तर हाड र नङले जिबह गर्नु जायज छैन ।

३ - कण्ठलाई काट्नु पर्ने, कण्ठ भनेको साँस लिने बाटो हो, नाडिलाई पनि काटनु पर्छ, र त्यो खान पीनको बाटो हो, र दुवै नसाहरु मध्ये एउटालाई काट्ने ।

जिबहको लागि तोकिएको यो ठाउँ र खास गरि ती कुराहरुलाई काटने,

र त्यसको फाइदा यो हो कि यस्तो गरेमा रगत बगिहाल्छ, किन भने त्यो ठाउँ सबै नासाहरुको संगम हुन्छ र ज्यान पनि छिटो जान्छ, मासु पनि मिठो हुन्छ र जनावरलाई पनि सहज र सजिलो हुन्छ । र जुन जनावरहरुलाई समातनु सम्भव छैन र उल्लेख ठाउँमा जिबह गर्नु पनि सम्भव छैन जस्तो कि शिकारको जनावर इत्यादि भने त्यसको शरिरको कुनै अंगलाई घाइते गर्नाले त्यसको जिबह भइहाल्छ, घाटि अठ्याएर, चोट लागेर, अग्लो ठाउँबाट लडेर, र सिंगको प्रहार भएर मारेको, र कुनै हिंसक पशुबाट शिकार भएको जनावर हरुलाई खानु जायज छ यदि जिवित अवस्थामा जिबह गरिएको छ भने र यदि मृत्क अवस्थामा भेटिए भने खानु जाएज छैन ।

४ - जिबह गर्ने समयमा बिस्मील्लाह **(بسم الله)** भन्ने, र साथै अल्लाहु अकबर **(الله أكبر)** भन्नु पनि सुन्नत छ ।

## जिबहको नितीशास्त्रहरू

१- जनावरलाई बिना धारिलो चक्कुले जिबह गर्नु उचित छैन ।

२- जनावरको आँखा अगाडि छुरिमा धार चढाउनु उचित छैन ।

३- जनावरलाई काबा बाहेक अरु कुनै दिषामा जिबह गर्नु उचित छैन ।

४ - प्राण छुट्ने भन्दा पहिला घाटि तोडनु, र छाला काढनु राम्रो छैन ।

गाई र बाखाहरुलाई बायाँ तिर सुताएर जिबह गर्नु, र ऊँटको बायाँ खुट्टा बाँधेर उभिएको अवस्थामा जिबह गर्नु सुन्नत हो

# शिकार

यदि अवश्यक्ता छ भने शिकार गर्नु जायज छ, तर मात्र खेलकुदको लागि शीकार गर्नु उचित छैन, घाइते भए पछि समातिए सम्म शिकार दुई अवस्थामा हुन्छ ।

१- यदि जिवित अवस्थामा समातियो भने त्यसलाई जिबह गर्नु अनिवार्य छ ।

२- यदि मृत्यु अवस्थामा वा अन्तिम अवस्थामा पाइयो भने त्यो हलाल हुन्छ ।

र जिबहको लागि जे शर्त राखिएको छ त्यहि शिकारको लागि पनि राखिएको छ ।

१- बुद्धिमान, मुस्लिम, वा अहले किताब होस, तसर्थ कुनै मुस्लिमको लागि पागल, नसा गरेको, र मुर्ती र आगो पुजने व्यक्तिहरुको शिकार खानु जायज छैन ।

२- शिकार गर्ने हतियार धारिलो होस, जसले रगत बगाउनु हुन्छ, तर नङ र दाँत (सबै प्रकारको हाड) द्वारा नहोस, शिकारलाई हतियारको धारले घाइते गरेको होस, वजनले होइन, र शिकारी कुकुर र पंक्षीबाट मारिएको शिकार खानु जायज छ यदि त्यसलाई शिकारको तालीम र शिक्षा दिइएको छ भने ।

**र त्यसको तालीम यो हो कि** यदि त्यसलाई शिकारको लागि छोडियो भने गएर शिकारलाई समातेर राख्छ र मालिक आइ पुग्ने सम्म त्यसलाई आफ्नो लागि होइन बरु मालिकको लागि सुरक्षित राख्दछ ।

३ - शिकारको उदेश्यले हतियार चलाउने, तसर्थ हतियार यदि आफै हातबाट लडेर कुनै शिकारलाई मार्यो भने त्यो हलाल हुदैन, किन भने यसमा शिकारको उदेश्य थिएन, त्यस्तै यदि कुकुर आफै गएर शिकार मार्यो भने हलाल हुदैन, किन भने मालिकले त्यसलाई पठाउनु भएको छैन, र शिकारको इच्छा पनि जनाइएको छैन, र यदि कसैले शिकार माथि गोली प्रहार गर्नु भयो तर गोली चाहिं अर्कै शिकारलाई लाग्यो वा एक भन्दा अधिक शिकारलाई लाग्यो भने सबै हलाल हुन्छ ।

४- तीर चलाउँदा र शिकारी जनावर पठाउँदा बिस्मील्लाह **(بسم الله)**भन्ने, र साथमा अल्लाहु अकबर **(الله أكبر)** भन्नु पनि सुन्नत हो ।

***नोट*** - रसूल ﷺ द्वारा अनुमति प्राप्त भएको कार्य बाहेक अरु कुनै कार्यमा कुकुर पालनु हराम छ, र त्यो तीन कुरा मध्ये एउटा हो, शिकार गर्नुको लागि, वा जनावरहरुमा (गार्ड) पहरा दिनुको लागि, वा खेतीमा ( गार्ड) पहरा दिनको लागि ।

# أحكـــام اللبـــاس

# पोशाकको बिषय

इस्लाम चाहिं सुन्दर्ता र सफाइको धर्म हो, मुस्लिमलाई सुन्दर र सोहाँउदो रुपमा प्रकट हुनको अनुमति दिएको छ बरु त्यस प्रति प्रेरित गरेकोछ, अल्लाह तआलाले शरिरलाई छोपनुको लागि र सुन्दर्ता प्राप्त गर्नुको लागि पोशाकको सृष्टि गर्नु भएको छ, अल्लाह तआलाले भन्नु भयो :

يَا بَنِي آَدَمَ قَدْ أَنْزَلْنَا عَلَيْكُمْ لِبَاسًا يُوَارِي سَوْآَتِكُمْ وَرِيشًا وَلِبَاسُ التَّقْوَى ذَلِكَ خَيْرٌ ذَلِكَ مِنْ آَيَاتِ اللهِ لَعَلَّهُمْ يَذَّكَّرُونَ﴾ [الأعراف:٢٦]

हे आदमका सन्तान ! हामीले तिम्रो लागि पोशाक बनायौं जसले तिम्रो गुप्तांङ्गहरुलाई ढांकिन्छ र प्वांख पनि बनायौं, र उत्तम पोशाक सत्यनिष्ठता नै हो, यो अल्लाहको निशानीहरु मध्ये एक हो, ताकि मानिसहरु याद गरुन ।

असलमा सबै लुगाहरु हलाल छन् मात्र त्यस्तो लुगाहरु बाहेक जुन् स्पष्ट शुलोकहरु द्वारा बर्जित गरिएको छ, इस्लामले कुनै खास किसिमको पोशाक तोकेको छैन कि त्यसलाई नै लगाउनु पर्छ, तर केहि यस्तो नियम कानुन र अनुशासन राखेको छ जसको पालन एउटा मुस्लिमको पोशाकमा अवश्य हुनु पर्छ, र त्यस मध्ये :

१- गुप्तांङ्गहरुलाई छोपने वाला होस, शरिरको आकारलाई स्पष्ट प्रकट गर्नेवाला नहोस ।

२- नास्तिकहरु वा कुनै खास किसिमको पापमा प्रशिद्ध व्यक्तिहरुको रुपमा प्रकट हुनको लागि लगाइएको न होस ।

३ - त्यसमा फोजुलखर्च गरेको न होस ।

तसर्थ यदि यो सबै नियमहरु पोशाकमा उपलब्ध छन भने आफ्नो अवश्यक्ता र समाजमा चलन अनुसार जुन सुकै पोशाक लगाउन पाइन्छ, र जुन प्रकारको लुगाहरुबाट मनाहि गरिएको छ त्यो निम्न अनुसार छन :

१- पुरुषहरुको लागि रेशम र सुन्को प्रयोग, तर महिलाहरुको लागि जायज छ, अली बिन अबुतालिब ﵁ को हदीसमा छ कि नबी ﷺ आफ्नो दायाँ हातमा रेशम र बायाँ हातमा सुन् राखि भन्नु भयो «यो दुवै वस्तु मेरो समुहको लोग्ने मानिसहरुको लागि हराम गरिएको छ» (अन्नेसाई, अबुदाऊद, इब्ने माजा)

तर पुरुषहरुको लागि चाँदिको औंठि लगाउनमा कुनै हर्ज छैन र कुनै यस्तो प्रकारको लुगा लगाउनमा पनि कुनै हर्ज छैन जसमा अलिगति चाँदि टाँसिएको छ र समाजमा यस्तो लुगा लगाउने चलन भएको छ ।

२- यस्तो प्रकारको लुगा लगाउने जसमा कुनै प्राणी वस्तुको चित्र होस, तसर्थ एउटा मुस्लिमलाई कुनै यस्तो लुगा लगाउनु जायज छैन जसमा मनुष्य वा जनावरको चित्र होस, यधापि त्यो लुगामा होस, वा गहनामा होस, वा अरु कुनै पनि लगाउने वस्तुमा होस,

हजरत आइशाको हदीसमा छ कि उहाँले एउटा गलैंचा किन्नु भई जसमा बिभिन्न चित्रहरु थियो, जब रसूल ﷺ ले त्यसलाई देख्नु भयो त ढोका मै उभिराख्नु भयो र भित्र आउनु भएन, हजरत आइशाले भन्छीन् कि मैले उहाँको अनुहारमा घृणा देखे, र त्यस पछि म भने कि हे अल्लाहको रसूल ! म अल्लाहसित र रसूलुल्लाह सित आफ्नो पापको क्षमा चाहन्छु, मेरो अपराध चाहिं के छ ? रसूल ﷺ ले भन्नु भयो «कस्तो हो यो गलैंचा?» त मैले भने कि यो म तपाई कै लागि खरिद गरकी छु ताकि तपाई

त्यस माथि बसनु र त्यस्लाई सिरानी राख्नु, त रसूल ﷺ ले भन्नु भयो «प्रलोकमा यस्तो चित्रकारहरुले सजाय पाउँछन, उनीहरुलाई आदेश हुन्छ कि तिमीले सृष्टि गरेको वस्तुहरुलाई जिवित गर» फेरि भन्नु भयो «जुन सुकै घरमा चित्र हुन्छ त्यसमा फरिशता अर्थात देवदुत प्रवेश गर्दैनन्» ( बुखारी-२१०७, मुस्लिम२१०५) ।

३- पुरुषहरुको लागि घुँडाको तल सम्म लुगा लगाउनु जायज छैन, अबूहुरैरह ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

مَا أَسْفَلَ مِنَ الكَعْبَيْنِ مِنَ الإِزَارِ فَفِي النَّارِ

«जुन सुकै लुँगी घुँडा भन्दा तल सम्म छ भने त्यो आगोमा जान्छ» (बुखारी- ५७८७)

यस मनाहि अन्तर्गत कुर्ता, पाइजामा, पैन्ट, च्यादर, र यस्तो हरेक लुगा सामिल छ जुन् गोलीगाठो भन्दा तल हुन्छ, मात्र घमण्डले लगाइएको व्यक्ति सँग खास छैन, तर यदि घमण्डले कोहि यस्तो गर्नु हुन्छ भने त्यसको लागिसजाय अझै कठिन छ, इब्ने उमर ﵁ को हदीस हो कि रसूल ﷺ ले भन्नु भयो

مَنْ جَرَّ ثَوْبَهُ خُيَلَاءَ لَمْ يَنْظُرِ اللهُ إِلَيْهِ يَوْمَ القِيَامَةِ

«जुन सुकै व्यक्तिले घमण्डको कारण आफ्नो लुगा धरतिमा छुवाउँछ भने प्रलोकमा अल्लाहले त्यसको तर्फ हेरने छैन» ( बुखारी- ३६६५,मुस्लिम २०८५)

तर महिलाको लागि लामो लुगा लगाउनु अनिवार्य छ ताकि उसको कदम छोपिएको होस ।

४- यति पातलो लुगा लगाउनु जायज छैन जुन् गुप्ताङ्गहरुलाई छोपन सक्दैन, वा यति फिट लुगा लगाउनु पनि जायज छैन

जसको द्वारा शरिरको आकार स्पष्ट हुन्छ, पुरुष र महिला सबैको लागि ।

५- महिलाको लागि पुरुष जस्तो लुगा लगाउनु र पुरुषको लागि महिला जस्तो लुगा लगाउनु हराम गरिएको छ, इब्ने अब्बास ﷻ को हदीस छ कि

لَعَنَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ الْمُتَشَبِّهِينَ مِنَ الرِّجَالِ بِالنِّسَاءِ، وَالْمُتَشَبِّهَاتِ مِنَ النِّسَاءِ بِالرِّجَالِ

«रसूल ﷺ ले महिला जस्तो लुगा लगाउने पुरुष र पुरुष जस्तो लुगा लगाउने महिलालाई धुत्कारनु भएको छ» (बुखारी- ५८८५)

६- त्यस्तै काफिर जस्तो लुगा लगाउनु हराम गरिएको छ, तसर्थ एक मुस्लिमको लागि काफिरहरुको खास पोशाक लगाउनु जायज छैन, अब्दुल्लाह बिन अमर बिन अलआसले भन्नु भयो कि रसूल ﷺ ले मलाई दुइवटा पिला रंगको लुगा लगाएको हेर्नु भयो र भन्नु भयो «यो काफिरहरुको लुगा हो यसलाई तिमी न लगाउ» (मुस्लिम- २०७७)

## पोशाकको तरिका र नितीशास्त्रहरू

१- नयाँ लुगा लगाउँदा एउटा मुस्लिमको लागि दुआ पढनु सुन्नत छ, अबु सईद अल खुदरि ﷻ को हदीसमा छ कि रसूल ﷺ ले नयाँ लुगा अर्थात कुर्ता वा पगडि लगाउँदा त्यसको नाम लिएर यो भन्नु हुन्थेः

**अल्लाहुम्म लकल हम्द अन्त कसौतनीहि अस्अलुक मिन खैरिही व खैरि मा सुनिअ लहु वअअुजुबिक मिन शर्रीही व शर्री मा सुनिअ लहु.**

اللَّهُمَّ لَكَ الْحَمْدُ أَنْتَ كَسَوْتَنِيهِ أَسْأَلُكَ مِنْ خَيْرِهِ وَخَيْرِ مَا صُنِعَ لَهُ، وَأَعُوذُ بِكَ مِنْ شَرِّهِ، وَشَرِّ مَا صُنِعَ لَهُ

हे अल्लाह तपाई कै लागि सम्पूर्ण प्रशंसा छ, तपाईले यो लुगा मलाई पर्दान गर्नु भयो, म तपाई सित यसको कुशल्ता, राम्रो कुरा तथा जुन कारणले यो बनाइएको छ त्यसको राम्रो कुरा चाहन्छु, र यसको न राम्रो कुरा र जुन थोकको लागि यो बनाइएको छ त्यसको न राम्रो कुराबाट तपाइको शरण चाहन्छु (अबु दाउद-४०२०)

२- लुगा लगाउँदा दायाँ तर्फबाट शुरु गर्नु सुन्नत छ, हजरत आइशाले भनेकि छिन्

كَانَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يُحِبُّ التَّيَمُّنَ مَا اسْتَطَاعَ فِي شَأْنِهِ كُلِّهِ، فِي طُهُورِهِ وَتَرَجُّلِهِ وَتَنَعُّلِهِ

«नबी ﷺ ले आफ्नो सबै कार्यमा दायाँ तर्फबाट शुरु गर्नु मन पराउँथे, पवित्रता प्राप्त गर्नुमा, कङ्घी गर्नुमा, र जुता लगाउनुमा» (बुखारी - ४२६,मुस्लिम २६८)

त्यस्तै जुता लगाउँदा पहिला दायाँ खुट्टामा लगाउने, र फुकालने समय पहिला बायाँ खुट्टाको जुता फुकालने, अबुहोरैरह رضي الله عنه को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

إِذَا انْتَعَلَ أَحَدُكُمْ فَلْيَبْدَأْ بِالْيُمْنَى، وَإِذَا خَلَعَ فَلْيَبْدَأْ بِالشِّمَالِ، وَلْيُنْعِلْهُمَا جَمِيعًا، أَوْ لِيَخْلَعْهُمَا جَمِيعًا

«तिमीहरु मध्ये यदि कोहि जुता लगाउँछ भने पहिला दायाँ खुट्टामा लगाउने, र यदि फुकालछ भने पहिला बायाँ खुट्टाको जुत्ता फुकालने र दुवै जुता लगाउने वा दुवै फुकालने» (बुखारी- ५८५५, मुस्लिम ५४९५)

हदीसमा एउटै खुट्टामा जुता लगाउनाले मनाहि गरिएको छ ।

३ - त्यस्तै एउटा मुस्लिमले आफ्नो लुगा र शरिरको सफाइ र पवित्रता प्रति ध्यान दिनु र त्यसको प्रयास गर्नु सुन्नत छ, किन भने हरेक प्रकारको श्रृंगार र सुन्दर्ताको आधार सफाइ नै हो, र इस्लामले शरिर र लुगाको सफाइ र त्यसको प्रर्यास गर्ने प्रति प्रेरित गरेको छ ।

४- सेतो लुगा लगाउनु उत्तम छ, इब्ने अब्बास ﵄ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

الْبَسُوا مِنْ ثِيَابِكُمُ الْبَيَاضَ فَإِنَّهَا مِنْ خَيْرِ ثِيَابِكُمْ، وَكَفِّنُوا فِيهَا مَوْتَاكُمْ

तिमीहरु सेतो लुगा लगाउने गर, किन भने यो सबभन्दा उत्तम लुगा हो, र मृतक मान्छेहरुलाई पनि यही लुगामा कफन दिने गर» (अबुदाउद- ९१५)

तर सबै रंगको लुगा जायज छ ।

५- संतुलित र मध्ये खालको लुगा र श्रृंगार र सुन्दर्ताको सामाग्री प्रयोग गर्ने, अल्लाह तआलाले भन्नु भयो:

﴿وَالَّذِينَ إِذَا أَنْفَقُوا لَمْ يُسْرِفُوا وَلَمْ يَقْتُرُوا وَكَانَ بَيْنَ ذَلِكَ قَوَامًا﴾

कि यदि खर्चा गर्दछन भने न अपव्यय गर्छन नत कन्जुस्याइ बरु उनीहरु यी दुवैको बीचमा रहि संतुलित खर्चा गर्छन ।

र बुखारीमा हदीस छ कि रसूल ﷺ ले भन्नु भयो «तिमीहरु खान पीन गर, लुगा लगाउने गर, र दान गर, तर अपव्यय र घमण्डको बिना» ।

# أحكام النكـــاح
# विवाहको बिषय

## विवाहको शर्त

१ - **दुलहा र दुलही दुवैको स्वीकृति,** तसर्थ वयस्क र बुद्धिमान पुरुषले जुन् महिला सँग विवाह गर्न चाहनु हुदैन भने त्यो सँग विवाहको लागि बाध्यता पुर्याउनु सही छैन, र नत वयस्क र बुद्धिमान महिलालाई उस सँग विवाहको लागि बाध्यता पुर्याउनु सही छ जुन् सँग त्यो विवाह गर्न चाहिंदैन,

इस्लाममा महिलालाई उसको स्वीकृति बिना विवाह गराउने प्रति रोक लगाइएको छ, महिला यदि कुनै व्यक्ति सँग विवाह प्रति नकारात्मक भएकि छे भने त्यसलाई बाध्य बनाउनु जायज छैन, यधापि त्यसको बुवा नै किन न होस् ।

२- **वली (अभिभावक),** तसर्थ अभिभावकको बिना विवाह सही हुने छैन, नबी ﷺ ले भन्नु भयो لاَنِكَاحَ إِلَّا بِوَلِيٍّ

अभिभावकको बिना विवाह हुदैन (तिर्मिजी- १०२०)

यदि कुनै महिलाले आफ्नो विवाह आफै गर्नु हुन्छ भने त्यसको विवाह सही हुदैन, अक्द अर्थात बन्धनको समय आफै उपस्थित होस वा आफ्नो कुनै वकिललाई सोम्पिएकि होस, त्यस्तै मुस्लिम महिलाको अभिभावक कुनै काफिर व्यक्ति हुन सक्दैन, र जसको कोहि पनि अभिभावक छैन भने त्यसको विवाह हाकिमले गराउँछ ।

अभिभावक भनेको महिलाको कुनै यस्तो निकटतम नातेदार व्यक्ति हो जुन् वयस्क र बुद्धिमान हो, सबभन्दा पहिला त्यसको पिता, फेरि पिताको वकिल, त्यस पछि बाजे, र त्यस भन्दा माथिको पिढी हो, उनीहरु मध्ये जुन् व्यक्ति महिलाको जति निकट हुन्छ भने उसको अधिकार पनि त्यति नै अधिक हुन्छ, र त्यस पछि उसको छोरा, छोराको छोरा अर्थात नातिहरु र त्यस भन्दा तलको नातिहरु पनि अभिभावक हुनेछन ।

त्यस पछि उसको आफ्नो दाजुभाइहरु, र त्यस पछि सौतेला ( पिता चाहिं एउटै होस तर आमा चाहिं अर्कि होस) दाजुभाइहरु, त्यस पछि आफ्नो भाइको छोरा, फेरि सौतेला भाइको छोरा, तर यिनी सबै मध्ये जुन् व्यक्ति जति नजिक हुन्छ त्यसको अधिकार पनि त्यति नै अधिक हुन्छ ।

र त्यस पछि आफ्नो काका, फेरि पिता तर्फबाटको काका, फेरि उनीहरुको छोरा, र यिनी सबैहरु मध्ये जुन् व्यक्ति जति नजिक हुन्छ त्यसको अधिकार पनि त्यति नै अधिक हुन्छ, फेरि पिताको काका, फेरि उसको छोरा, फेरि बाजेको काका, फेरि उसको छोरा, तर विवाह गराउनु भन्दा पहिला अभिभावकले अनिवार्य रुपमा महिलाको अनुमति लिनु पर्छ ।

अभिभावकको उपलब्धिको फाइदा यो हो कि त्यो व्यभिचार र यौन सम्पर्क माथि प्रतिबन्ध लगाउँछ, किन भने एउटा परस्त्रीगामीको लागि यो कुनै असम्भव कुरा छैन कि त्यो कुनै महिलालाई फँसाएर ऊ सँग विवाह गरिहालोस, फेरि त्यस माथि आफ्नो साथी वा अरु कसैको गवाहि पनि कायम गर्न सकनु हुन्छ ।

३- **दुइवटा गवाह**, विवाहमा अक्दको समय दुइवटा वा त्यस भन्दा अधिक मुस्लिम पुरुष, र न्यायप्रिय गवाहको उपस्तिथि अनिवार्य छ, र त्यो दुइवटा गवाह वा त्यस भन्दा अधिक हुनु जरुरि छ, र त्यो दुवै व्यक्तिले व्यभिचार गर्ने र रक्सी खाने जस्तो ठुल ठुला पापबाट सुरक्षित र न्यायप्रिय हुनु पर्छ ।

अक्दको शब्द यो हो कि दुल्हा वा त्यसको वकिलले यो भन्नु हुन्छ कि तपाइ आफ्नो छोरि वा तपाइको वसियतमा भएकि फलानो केटिको विवाह मसँग गराइ देउ, र त्यस पछि अभिभावकले यो भन्नु हुन्छ कि मैले आफ्नो छोरि अथवा मेरो जिम्मेबारिमा भएकि फलानो केटिको विवाह तपाइसित गराइदिए , फेरि दुल्हाले यो भन्नु हुन्छ कि मसँग त्यसको विवाह मलाई स्विकार छ, दुल्हाले आफ्नो तर्फबाट अरु कसैलाई वकिल पनि बनाउन सकनु हुन्छ ।

४- **महरको अनिवार्यता**, (विवाहको बदलामा दुलहाले दुल्हीलाई दिने रकम) नियम अनुसार महर थोरै हुनु पर्छ, अर्थात महर जति कम र सजिलो हुन्छ त्यति नै उत्तम हुन्छ, महरलाई सदाक् पनि भनिन्छ, अक्दमा महरको घोषणा गर्नु र हाथौं हाथ त्यहिं पेश गर्नु सुन्नत छ, तर त्यसलाई ढिलो गर्नु वा किस्तामा दिनु पनि जायज छ ।

यदि कसैले एकलो हुने (सम्भोग) भन्दा पहिला आफ्नो स्वासनीलाई तलाक दिनु भयो भने आधा महर तिर्नु पर्छ, र यदि विवाह भए पछि सम्भोग भन्दा पहिला पतिको मृत्यु भयो भने पुरा महर पाइन्छ र उत्तराधिकार पनि हुन्छ ।

## विवाहको प्रभाव

१- **खर्चा**, पत्निलाई उचित खान पीन, लुगा, र घर प्रदान गर्नु पतिको जिम्मेबारि हो, यदि उसले आफ्नो जिम्मेबारिमा कुनै प्रकारको कमी गर्नु हुन्छ भने त्यो दोषि हुन्छ, पत्निले आफ्नो पतिको सम्पत्तिबाट अवश्यक्ता अनुसार खर्च पनि गर्न पाउँछ, त्यसको नाममा श्रृण पनि लिन सकनु हुन्छ, जसको भुक्तानी पतिलाई गर्नु पर्छ,

खर्चाको विषय अन्तर्गत एउटा विषय वलीमा पनि छ, वलीमा भनेको त्यो भोजन हो जुन् दुल्हाले विवाहको समय मानिस हरुलाई निमन्त्रित गरि खुवाउने गर्नु हुन्छ,

यो एउटा यस्तो सुन्नत हो जसको आदेश भएको छ, नबी ﷺ ले स्वंय यस्तो गर्नु भयो र यसको आदेश पनि दिनु भयो ।

२ - **उत्तराधिकार,** एउटा व्यक्तिले जब कुनै महिला सँग सही निकाह द्वारा विवाह गर्नु हुन्छ भने त्यहि समय देखि उनी दुवैको बीच उत्तराधिकार कायम भइहाल्छ, अल्लाह तआलाले भन्नु भयोः

जुन सम्पत्ति तिम्रो स्वासनीहरुले छोडरे मर्दछन् यदि तीनका सन्तानहरु छैनन् भने त्यसको आधा भाग तिम्रो हुनेछ, र यदि उनको सन्तान छन् भने छाडेर गएको सम्पत्तिमा तिम्रो भाग एक चौथाइ हुन्छ, तर यो बिभाजन मृतकको त्यस इच्छा पत्रको कार्यान्वयन पशचात हो जुन उसले गरेर गएको छ, र उसले लिएको श्रृण तिरिसके पछि गरिने छ,

र जुन सम्पत्ति तिमीले छाडेर मर्छौं भने यदि तिम्रो सन्तानहरु छैनन् भने तिम्रो स्वासनीहरुको त्यसमा एक चौथाइ भाग छ, र यदि सन्तान छन भने तीनलाई आठौं भाग छ, तिम्रो इच्छा पत्रको कार्यान्वयन पशचात जुन तिमीले गरेका छौं र श्रृणको भुक्तानी पछि बाँटिने छन् । (सूरह निसा १२)

र यस कुराको कुनै मोल हुदैन कि पत्नि सँग एकलो भएर मिलन भएको छ कि छैन ।

## विवाहको सुन्नत र नितीशास्त्रहरू

१ - विवाहको प्रचार गर्नु सुन्नत हो, त्यस्तै दुलहा र दुलहीको लागि दुआ गर्नु सुन्नत हो, तसर्थ दुल्हा वा दुल्हीलाई यो भन्ने

**बारकल्लाहु लक व बारक अलैक वजमअ बैनकुमा फिखैर**

**بَارَكَ اللّٰهُ لَكَ وَبَارَكَ عَلَيْكَ وَجَمَعَ بَيْنَكُمَا فِى خَيْرٍ**

अल्लाहले तिमीलाई कल्यान र उन्नती प्रदान गरोस, र तिमी माथि उन्नती र कल्यान अवतरित गरोस, र तिमी दुवैलाई भलो कुराको लागि भेला र एकत्र गरोस ।

२ - सम्भोग गर्ने समय दुवैलाई यो दुआ पढनु सुन्नत छः

**बिस्मील्लाही अल्लाहुम्म जन्निबना शशैतान वजन्निबी शशैतान मा रजक्तना**

**بِاسْمِ اللّٰهِ اللّٰهُمَّ جَنِّبْنَا الشَّيْطَانَ وَجَنِّبِ الشَّيْطَانَ مَا رَزَقْتَنَا**

अल्लाहको नाममा, हे अल्लाह ! हामीलाई शैतानबाट बचाउ, र जुन सन्तान हामीलाई प्रदान गर त्यसलाई पनि शैतानबाट बचाउ ।

३- सम्भोगको समय पति पत्निको बीच भएको यौन कृयाको भेदबारे अरु कसैलाई भन्नु जायज छैन ।

४- मासिक धर्म र सुत्केरिको समय स्वासनी सँग सम्भोग गर्नु बर्जित गरिएको छ, रगत बन्द भए पछि पनि स्नान गर्ने सम्म ( सम्भोग गर्नु हराम छ) ।

५- पत्निको दिसा गर्ने बाटोमा भोग गर्नु हराम छ, यो ठुलो पाप अन्तर्गत आउँछ जसलाई इस्लामले हराम गरेको छ ।

६- पति माथि अनिवार्य छ कि पत्निलाई सम्भोगमा पुर्ण रुपले हक दिनु, र गर्भको डरले पत्निको सहमति र अवश्यक्ता बिना भोग पछि विर्यलाई बाहिर न गिराउनु पनि अनिवार्य छ ।

## पत्नीको गुण

आनन्द प्राप्त गर्नु र राम्रो परिवार र स्वस्थ समुदाय तयार गर्नु नै विवाहको उदेश्य हो, त्यस कारण यदि कुनै महिलामा बाहिर र भित्रको सुन्दरता पाइएको छ भने त्यसमा धेरै गुण पाइएको छ, बाहिरको सुन्दरताको अर्थ यो हो कि शरिरको सबै अँगहरु पुर्ण रुपले स्वस्थ होस, र भित्रको सुन्दरताको अर्थ यो हो कि धर्म र चरित्रमा राम्रो होस, अल्लाहको कृपाले यही सुख र शान्ति हो, तर त्यस मध्ये पनि धार्मिक हुनु अति महत्वपुर्ण हो, जस्तो कि नबी ﷺ ले यसको वसियत गर्नु भएको छ, महिलाले पनि चाहियो कि धर्मात्मा र अल्लाह सित डरने व्यक्तिलाई खोज गर्ने प्रयास गरोस ।

## अगम्य महिलाहरू

यो दुई प्रकारका छन्, त्यस मध्ये एक प्रकारको महिला सँग विवाह संधैको लागि हराम गरिएको छ, र अर्को प्रकारको महिलाहरु एक समय र मुद्दतका लागि हराम छन् ।

**प्रथम** - संधैका लागि अगम्य महिलाहरु तीन प्रकार कि छन्

**१- बंशद्वारा अगम्य महिलाहरु,** र त्यो सात छन् जसको खुलासा अल्लाहले यस प्कार गर्नु भएको छः

**حُرِّمَتْ عَلَيْكُمْ أُمَّهَاتُكُمْ وَبَنَاتُكُمْ وَأَخَوَاتُكُمْ وَعَمَّاتُكُمْ وَخَالَاتُكُمْ وَبَنَاتُ الأَخِ وَبَنَاتُ الأُخْتِ** [النساء:٢٣]

तिमीहरुको लागि बर्जित हो तिम्रो आमाहरु, तिम्रो छोरीहरु, तिम्रो बहिनीहरु, तिम्रो फुफिहरु, तिम्रो सानीआमाहरु, तिम्रो भतिजीहरु, र तिम्रो भान्जीहरु ।

क - आमा अन्तर्गत आमा, बुवा तर्फको हजुर आमा, र आमा तर्फको हजुर आमा सबै आउँछ।

ख - छोरी अन्तर्गत आफ्नो छोरी, नातिनी (छोराको छोरी र छोरीको छोरी) र त्यस भन्दा तलको सबै पिढि आउँछ ।

ग- बहिनी अन्तर्गत आफ्नो बहिनी, बुवाको छोरी, र आमाको छोरी सबै आउँछ ।

घ- फुफु अन्तर्गत आफ्नो फुफु, बुवाको फुफु, बाजेको फुफु, आमाको फुफु, र आमाको आमाको फुफु सबै आउँछ ।

ङ - सानी आमा अन्तर्गत आफ्नो सानी आमा, बुवाको सानी आमा, बाजेको सानी आमा, आमाकि सानी आमा, र आमाको आमाको सानी आमा सबै आउँछ ।

च- भतिजी अन्तर्गत आफ्नो भतिजी, सौतेला भाइको छोरी, उनीहरुका नातिनी हरु, र त्यस भन्दा तलको सबै पिढि आउँछ ।

छ - भान्जी अन्तर्गत आफ्नो भान्जी, सौतेली बहिनीको छोरी, उनीहरुको नातिनी हरु, र त्यस भन्दा तलको सबै पिढि आउँछ ।

२- **दुधको कारण अगम्य भएकि महिलाहरु,** यीनीहरु पनि बंशका कारण अगम्य भएकि महिलाहरु जस्तै हुन्, रसूल ﷺ ले भन्नु भयो

يَحْرُمُ مِنَ الرَّضَاعِ مَا يَحْرُمُ مِنَ النَّسَبِ

दुधको कारणले उनीहरु नै अगम्य हुन्छ जुन वंशको कारण अगम्य हुन्छ (बुखारी - १४४७, मुसिलम , २६४५)

र जुन महिलाहरु दुधको कारण हराम हुनेछिन त्यसमा केहि शर्तहरुको उपलब्धि जरुरि छ :

क - पाँच चोटि वा त्यस भन्दा अधिक चोटि दुध खाएको होस, तसर्थ यदि कुनै बच्चा कुनै महिलाको दुध मात्र चार चोटि खाएको छ भने त्यो महिला उसको आमा हुदैन ।

ख - दुध छोडिने भन्दा पहिला दुध खाएको होस, अर्थात दुई बर्षको अवधि भन्दा पहिले र पाँचौ पटक चाहिं दुध छोडिने भन्दा पहिला खाएको होस, र यदि दुध छोडि सके पछि खानु भएको छ वा केहि पटक दुध छोडने भन्दा पहिला र केहि पटक दुध छोडि सके पछि खाएको छ भने त्यो महिला पनि उसको आमा हुदैन ।

र जब दुध खुवाउने सबै शर्तहरुको पुर्ति हुन्छ भने मात्र बच्चा महिलाको सन्तान घोषित हुन्छ,
र त्यसको आफ्नो सन्तान बच्चाको दाजुभाइ हुन्छन, यधापि त्यस भन्दा ठुलो होस वा सानो होस, र महिलाको पतिको सन्तानहरु पनि बच्चाको दाजुभाइ हरु हुन्छन्, यधापि दुध खुवाएकि महिलाबाट जन्मिएको होस वा अर्के महिलाबाट, र यहाँ यो कुरा ध्यानमा राख्नु पर्छ कि दुध खाएको बच्चा बाहेक उसको परिवारको अरु सदस्यहरु सँग दुध द्वारा कुनै नाता हुदैन र उनीहरु माथि यसको कुनै प्रभाव पर्दैन ।
३ - **विवाह सुत्रबाट अगम्य महिलाहरु,**
क - बुवा बाजेको स्त्रीहरु, तसर्थ जहिले नै कुनै व्यक्तिले कुनै महिला सँग विवाह गर्नु हुन्छ भने त्यो महिला त्यस पुरुषको छोरा र नाती (छोराको छोरा र छोरीको छोरा) र त्यस भन्दा तलको पिढिको लागि हराम भइहाल्ने छिन, यधापि भोग भएको होस वा न भएको होस ।
ख - सन्तानको स्त्रीहरु, तसर्थ जहिले नै कुनै व्यक्तिले कुनै महिला सँग विवाह सुत्रमा बंधनु हुन्छ भने त्यो महिला उसको बुवा, बाजे, र पुर्खाहरु (बुवा तर्फको पुर्खा वा आमा तर्फको पुर्खा) माथि अबैध भइहाल्छ, भोग गरेको होस वा न गरेको होस ।
ग - स्वासनीको आमा र बाजेहरु, तसर्थ जहिले नै कुनै व्यक्तिले कुनै महिला सँग विवाह सुत्रमा बंधनु हुन्छ भने स्वासनीको आमा र त्यसको बाजेहरु हराम भइहाल्ने छन, सम्भोग भएको

होस वा न भएको होस, यधापि स्वासनीको बुवा तर्फको बाजे होस वा आमा तर्फको बाजे होस ।

घ - स्वासनीको छोरी र नातिनीहरु, तसर्थ जहिले नै कुनै व्यक्तिले कुनै महिला सँग विवाह गर्नु हुन्छ र सम्भोग पनि गर्नु हुन्छ भने त्यो महिलाकि छोरी र नातिनीहरु त्यसको लागि हराम भइहाल्ने छिन, तिनीहरु पहिलो पति द्वारा होस वा अर्को पति द्वारा होस, तर यदि सम्भोग भन्दा पहिला नै दुवैको बीच भिन्नता भयो भने उसको छोरी र नातिनीहरु हराम हुदैन।

**दोश्रो** - एक मुद्दत र समय सम्म अगम्य भएकि महिलाहरु : तिनीहरु अनेकौं प्रकार कि छिन् :

क - स्वासनीको बहिनी, र फुफु, र सानीआमा, पति पत्निको बीच भिन्नता हुने सम्म, मृत्यु द्वारा वा तलाक द्वारा, र इद्दत ( म्याद) समाप्त हुने सम्म ।

ख - कसैको इद्दत काटिरहनु भएको समय, अर्थात यदि कुनै महिला कसैको इद्दत (मियाद) मा बसेकि छ भने मियाद समाप्त हुने सम्म त्यो सँग विवाह गर्नु जायज छैन, र यस्तो अवस्थामा विवाहको प्रस्ताव राख्नु पनि जायज छैन ।

घ- हज वा ऊमराको एहराम बाँधिएकि महिला, तसर्थ उस सँग विवाह गर्नु जायज छैन, पुर्ण रुपले एहरामबाट हलाल अर्थात मुक्त हुने सम्म ।

## तलाक (विवाह वीक्षित)

तलाक चाहिं वास्तवमा मकरुह छ अर्थात उचित छैन, तर कहिले तलाक बाहेक अरु कुनै बिकल्प नै हुदैन, जस्तो कि पत्नीले पति द्वारा दुख पाइ रहेकि छ अथवा पतिले पत्नी द्वारा दुख पाइ रहेको छ वा अरु कुनै कारणले, अल्लाह तआला आफ्नो कृपाले आफ्नो सेवकहरुको लागि तलाक जायज गर्नु भएकोछ, तसर्थ यदि यस्तो कुनै अवस्था भयो भने तलाक दिनुमा कुनै आपत्ति छैन, तर एउटा पतिलाई निम्न कुराहरु ध्यानमा राख्नु जरुरी छ :

१ - मासिक धर्मको अवस्थामा तलाक न दिने, यदि यस्तो अवस्थामा तलाक दिनु भयो भने अल्लाह र रसूलको अवज्ञा, र हराम कार्य गर्नु भयो, र यस्तो अवस्थामा अनिवार्य रुपले रोजु गर्नु पर्छ, तलाक फिर्ता लिनु पर्छ र पवित्र भए पछि यदि चाहियो भने फेरि तलाक दिनु जायज छ, तर उचित यो हो कि अर्को चोटि मासिक धर्म खुलिने सम्म छाड दिने र त्यस पछि पवित्रताको अवस्तामा यदि चाहियो भने राख्ने वा तलाक दिने ।

२ - यस्तो पवित्रताको अवस्थामा तलाक न दिने जसमा सम्भोग गरेको हो, तर यदि गर्भवति छ भने तलाक दिनु जायज छ, तसर्थ यदि कसैले आफ्नो स्वासनीलाई तलाक दिने इच्छा गरेको छ यस अवस्थामा कि उसले मासिक धर्म पछि सम्भोग गरेको छ भने अर्को चोटि मासिक धर्म खुले पछि पवित्रता प्राप्त गर्ने सम्म तलाक दिन पाउदैन, समय चाहिं लामो किन न भइहालोस, र त्यस पछि चाहियो भने सम्भोग भन्दा पहिला तलाक दिने, तर

यदि गर्भ महसुस भयो वा पहिला देखि नै गर्भवति थियो भने तलाक दिनमा कुनै आपत्ति छैन ।

## तलाक पशचातको केहि आदेशहरू

जब तलाकको अर्थले पत्नी सँग भिन्नता भयो भने त्यस पछि धेरै आदेशहरु लागु हुन्छन, र त्यस मध्ये :

१- इद्दतको अनिवार्यता, यदि पतिले आफ्नो पत्नी सँग सम्भोग गरिसकेको छ वा एकलो बसिसकनु भएको छ भने । तर यदि सम्भोग वा एकलो हुने भन्दा पहिला तलाक दिएको छ भने त्यसको लागि पत्नीलाई इद्दतमा बस्नु पर्दैन, र इद्दत चाहिं तीन पटक मासिक धर्म खुलने सम्म हुन्छ, यदि यस्तो महिला छ जसलाई मासिक धर्म आउँछ भने, र यदि कुनै महिलालाई महिनावारी आउदैन भने त्यसको लागि इद्दत तीन महिना सम्म हुन्छ, र यदि गर्भवति छ भने बच्चा जन्म दिने सम्म,

इद्दतको एउटा फाइदा यो पनि छ कि पतिले आफ्नो तलाक दिएको पत्नीलाई फर्काउने मौका पाओस, र साथै गर्भवति छ कि छैन भने त्यस कुराको पनि पुष्टि होस ।

२ - पतिको लागि पत्नी अबैध भइहाल्छ यदि त्यस भन्दा पहिला पनि दुइ पटक तलाक दिइसकेको छ भने, अर्थात यदि कुनै व्यक्तिले आफ्नो पत्नीलाई तलाक दिनु भयो, फेरि इद्दत मै उ सँग रोजु गर्नु भयो, वा इद्दत समाप्त भए पछि फेरि उ सँग बिहे गर्नु भयो, त्यस पछि अर्को पटक तलाक दिनु भयो, फेरि इद्दत मै उ सँग रोजु गर्नु भयो, वा इद्दत समाप्त भए पछि फेरि उ सँग बिहे गर्नु भयो, र त्यस पछि तेश्रो पटक तलाक दिनु भयो भने उसको

लागि त्यो महिला तब सम्म हलाल हुदैन जब सम्म कि त्यो महिला अर्को व्यक्ति सँग नियमित रुपले सही विवाह गरी सम्भोग न गरोस, र त्यस पछि त्यो व्यक्ति यदि आफ्नो इच्छाले तलाक दिनु भयो भने मात्र यस्तो अवस्थामा फेरि पहिलो पतिको लागि हलाल हुने छिन्, अल्लाहको कृपा छ कि उसले तीन तलाक पछि महिलालाई हराम घोषित गरिदिएको छ, ताकि पत्नी पतिको अत्याचारको शिकार न भइहालोस ।

## खोलअ

महिलाले केहि माल तिरेर मन न पराएको पतिबाट भिन्नता प्राप्त गर्नको प्रस्ताव राख्नु र त्यस बाट मुक्त हुनलाई खोलअ भनिन्छ, र यदि पतिलाई पत्नी मन पराएको छैन र पतिले नै भिन्नता प्राप्त गर्न चाहनु हुन्छ भने यस्तो अवस्थामा उसलाई महिला सँग माल लिनको अधिकार छैन, बरु त्यही महिला माथि सन्तोष गर्नु पर्छ वा त्यसलाई तलाक दिनु पर्छ।

महिलाले चाहियो कि खोलअको प्रस्ताव न राखोस, तर मात्र यस्तो अवस्थमा खुलअ मांगनु जायज छ जब त्यो पिडित भएकि छ र सहन् गर्नु सम्भव छैन, साथै पतिको लागि जायज छैन कि आफ्नो पत्नी माथि जानी जानी अत्याचार गरोस ताकि त्यो बाध्य भइ खोलअ माँगन थालोस, र पतिले महरमा दिएको माल भन्दा अधिक माँगनु पनि उचित छैन ।

## विवाह राखने वा भँग गर्ने छुट

दुलहा र दुलही मध्ये हरेकले विवाह पशचात कुनै कारण विवाह बंधनलाई कायम राख्ने वा तोडने छुट पाउने छन, जस्तो कि

पतिले पत्नीमा वा पत्नीले पतिमा कुनै यस्तो प्रकारको रोग वा शरिरमा कुनै यस्तो प्रकारको त्रुटि पाइयो जसको बारेमा विवाहको समय जानकारी दिएको थिएन, यस्तो अवस्थामा विवाह कायम राख्न वा तोडनको अधिकार हुन्छ, उदाहरणको लागि :

१ - दुवै जना मध्ये कोहि एक पागल छ वा त्यसलाई कुनै यस्तो रोग लागेको छ जसको कारणले अर्कोलाई पुर्ण रुपले आफ्नो हक प्राप्त गर्ने सम्भावना छैन भने त्यसलाई विवाह भँग गर्नको अधिकार छ, र यदि यो चाहिं सम्भोग भन्दा पहिला भयो भने पतिले दिएको महर वापस माग्न सक्नु हुन्छ ।

२- विवाहको समय महरको रकम अदा गर्नमा सक्षम न हुने, यसो भए सम्भोग भन्दा पहिला महिलालाई विवाह भँग गर्ने अधिकार हुन्छ, तर सम्भोग भइ सके पछि यो अधिकार हुदैन ।

३- खर्चा दिन न सक्ने, तसर्थ जसले खर्चा दिन सकदैन भने त्यसको पत्नीले सकिएको समय सम्म सहन गर्नु पर्छ र त्यस पछि अदालत द्वारा विवाह भँग गराइने अधिकार पाइन्छ ।

४- यदि पति बेपत्ता भयो र त्यसको ठाउँको बारेमा कुनै जानकारी प्राप्त भए न, र पत्नीको लागि खर्चा पनि छोडिएको छैन, र कसै माथि खर्चाको जिम्मेबारी पनि सोमपिएको छैन, र कसैले त्यस माथि खर्चा पनि गर्दैन, र आफु सँग खर्चा गर्ने क्षमता पनि छैन कि पति आइ पुगे पछि आफुले गरेको सबै खर्चा फिर्ता माँगन सक्नु हुन्छ भने यस्तो अवस्थामा महिलालाई न्यायधिस द्वारा विवाह भँग गराउने अधिकार छ ।

# काफिरहरू सँग विवाह

एक मुस्लिमको लागि किताबिया अर्थात यहुदि र क्रिशचन बाहेक अरु कुनै काफिर सँग विवाह गर्नु अबैध गरिएको छ, र मुस्लिम महिलाको लागि मुस्लिम बाहेक अरु कसै सँग विवाह गर्नु जायज छैन, यहुदि र क्रिशचन होस वा अरु कुनै धर्मको होस, त्यस्तै यदि पत्नीले चाहिं पति भन्दा पहिला इस्लाम स्विकार गरेकि छ भने पतिलाई मुस्लिम न हुने सम्म सम्भोग गर्न दिनु जायज छैन, निम्नमा काफिरहरु सँग विवाहको बारेमा केहि खास आदेशहरु छन्

१- यदि पति र पत्नी दुवैले इस्लाम स्विकार्नु भयो भने दुवैको विवाह बाँकि रहने छ यदि कुनै धार्मिक निषेधता छैन भने, जस्तो कि पत्नी पतिको लागि अगम्य होस, वा त्यसको लागि उ सँग विवाह गर्नु जायज न होस, यस्तो अवस्थामा दुवैको बीच भिन्नता गराइन्छ।

२ - यदि यहुदि र क्रिशचन महिलाको पति मुस्लिम भयो भने दुवैको विवाह बाँकि रहने छ

३ - यदि यहुदि र क्रिशचन बाहेक कुनै अरु धर्ममा भएको पति पत्नी मध्ये कोहि सम्भोग भन्दा पहिला मुस्लिम हुन्छ भने दुवैको विवाह भँग भइहाल्छ।

४ - यहुदि र क्रिशचन वा अरु कुनै पनि काफिरको पत्नी यदि सम्भोग भन्दा पहिला मुस्लिम हुन्छ भने विवाह भँग भइहाल्छ, किन भने एउटि मुस्लिम महिला कुनै काफिरको लागि हलाल छैन्।

५- यदि कुनै काफिरको पत्नी सम्भोग पछि इस्लाम स्विकार गरेकि हो भने इद्दत समाप्त हुने सम्म मामला स्थकित हुन्छ, तसर्थ इद्दत समाप्त भए पछि विवाह आफै भँग भइहाल्छ यदि

उसको पति मुस्लिम भएन भने, र महिला चाहिं आफ्नो इच्छा अनुसार जुन सुकै व्यक्ति सँग विवाह गर्न सकनु हुन्छ, र यदि चाहियो भने प्रतिक्षा पनि गर्न सक्नु हुन्छ, तर यस म्याद भित्र पति माथि पत्नीको कुनै हक अधिकार हुदैन, त्यस्तै पतिको पनि कुनै हुकुम महिला माथि चलदैन,

र यदि पति मुस्लिम भयो भने त्यो महिला उसको स्वासनी नै हुन्छ, नया विवाहको अवश्यक्ता पर्दैन, जति बर्ष सम्म पनि त्यसको प्रतिक्षा किन न गरोस, र यहुदि र क्रिशचन बाहेक यदि काफिर महिलाको पति मुस्लिम हुनु भयो भने त्यस माथि पनि यही नियम लागु हुन्छ ।

६ - यदि सम्भोग भन्दा पहिला स्वासनी इस्लामबाट मुर्तद अर्थात धर्म भ्रष्ट भइ भने विवाह आफै खंडित भइहाल्छ, र महरको हकदार पनि हुदैन, र यदि पति मुर्तद भयो भने विवाह खंडित भइहाल्छ तर पतिलाई आधा महर तिरनु पर्छ, र यदि दुवै जना मध्ये मुर्तद भएको व्यक्ति फेरि मुस्लिम भयो भने उनीहरुको विवाह बाँकि रहने छ यहाँ सम्म कि दुवैको बीच तलाक भइहालोस ।

## यहूदि र क्रिशचन महिलाहरू सँग विवाहको समस्या

जब अल्लाह तआलाले विवाहलाई जायज गर्नु भयो, त उसको उदेश्य चहिं यो थियो कि चरित्रलाई सफा पार्ने, समाजलाई अशलिलताबाट मुक्त गर्ने, गुप्ताँगलाई सुरक्षा प्रदान गर्ने अर्थात पुरुष र महिला बीच नाजायज सम्बन्ध माथि रोक लगाउने, र समाजमा शुद्ध इस्लामी नियम लागु गर्ने , र यस्तो मुस्लिम समुदायको अभिसकार गर्ने जुन्

यो गवाही दिन्छ कि पुज्य चाहिं मात्र एउटै अल्लाह हो र मुहम्मद ﷺ अल्लाहको रसूल हुन, र यो सबै प्रकारको सुधार मात्र एउटा धार्मिक, पवित्र, र राम्रो चरित्र कि महिला सँग विवाह गरेर नै प्राप्त हुन्छ, यहुदी र क्रिशचन महिला सँग विवाहको प्रभावहरु म निम्न कुराहरुमा संक्षिप्त गरी पेश गरी रहेको छु :

१ - परिवार भित्र, सानो परिवारमा यदि पति ठोस व्यक्तित्वको मालिक छ भने स्वासनी माथि त्यसको प्रभाव हुन्छ र अधिक अनुमान यही हुन्छ कि पत्नीले पनि मुस्लिम भइहाल्छ, तर कहिले उल्टो पनि हुन सक्छ, कहिले पत्नीले यस्तो कार्यहरु गरिन्छ जुन् उसको बिचारमा धर्मले जायज गरिएको छ जस्तो कि रक्सी खाने, बंगुरको मासु खाने, र केटाहरु सँग मित्रता कायम गर्ने, यदि यस्तो भयो भने परिवारको सत्यानास हुन्छ, एकता भँग हुन्छ, र बच्चाहरुले पनि गलत र दुष्ट वाणीको छायामा प्रशिक्षण पाउने छन, बरु कहिले वातावरण अझै खराब हुन सक्छ, जब हठधर्म पत्नी चाहिं छोरा छोरीलाई चर्चमा लिएर जान्छ, यसो भए बच्चाहरुलाई क्रिशचनको पुजापाठ हेर्ने बानी हुन्छ, र सानोमा परेको बानी बुढो हुने सम्म कायम रहन्छ ।

२ - समाज भित्र प्रभाव, मुस्लिम समाजमा यहुदी र क्रिशचन महिलाहरुको ठुलो संख्यामा उपलब्धि खतरनाक छ, किन भने उनीहरु मुस्लिम समुदाय माथि बैचारिक युद्धको कारण बन्न सक्ने छिन, र उनीहरुको इसाई रितिरेवाजको कारण समाजमा भेदभाव उत्पन्न हुन्छ, र समाज बर्बाद हुन्छ, र त्यस रितिरेवाज मध्ये बिना पर्दा नर नारीको हेलमेल, र गुप्तांगहरुलाई न छोप्न सकिने लुगाहरु, र इस्लामी शिक्षाको बिरुद्ध केहि चालचलनलाई प्राथमिक्ता प्राप्त छ ।

# أحكام المـــرأة المسلـــمة

# मुस्लिम महिलाको बिषय

## इस्लाममा नारीको स्थान

इस्लाममा महिलाको अधिकार बारे चर्चा गर्नु भन्दा पहिले यो कुरा स्पष्ट गर्नु जरुरि छ कि अर्को समाजमा महिलालाई कुन दृष्टिकोणले हेरिएको छ र उ सँग कस्तो व्यवहारिक सम्बन्ध कायम गरिएको छ,

युनानमा महिलाहरु खरिद बिकि हुन्थे, र उसको कुनै पनि हक अधिकार थिएन, बरु सबै प्रकारको हक अधिकार पुरुषले मात्र पाउँथे, उत्तराधिकारको पनि हक थिएन, नत धन समपत्तिमा कुनै प्रकारले खर्च गर्ने हक थियो,

उनीहरुको प्रख्यात दार्शनिक **सकरातले** भन्नु भएको छ कि नारीको उपस्तिथी नै संसारको बर्बादीको मुल्य कारण हो, र नारी भनेको बीषको यस्तो रुख हो जुन् बाहिरबाट एकदमै सुन्दर छ तर जब चरीहरु त्यसलाई खान्छन् भने पक्कै मरीहाल्छन्

र रोमनमा यो बिचार थियो कि नारीमा प्राण नै हुदैन, उनीहरुको नजीक नारीको नत कुनै मुल्य थियो, न कुनै हक अधिकार, उनीहरुको नारा थियो कि «नारीमा प्राण हुदैन» र त्यसै कारण उनीहरले महिलाको शरिर माथि तातो तेल हालेर, खम्बामा बाँधेर सजाय दिन्थे बरु निर्दोष महिलाहरुलाई पनि घोडाको पुच्छरमा बाँधेर मृत्यु सम्म घोडा दगुराउने गर्थे ।

भारतमा पनि यस्तै दृष्टिकोणले नारीलाई हेरिरहेको थिये, बरु उनीहरुले यस भन्दा पनि अधिक के गर्नु हुन्थ्यो भने पतिको मृत्यु पछि पतनीलाई जिउँदो आगोमा जलाइ दिन्थे ,

र चिनवासीहरुले त नारीलाई यस्तो दुखदायक पानी जस्तो भन्नु हुन्थ्यो जुन् खुशी र समपत्ति सबैलाई नष्ट पारि दिन्छ, चाइनाको हरेक व्यक्तिले आफ्नो पत्नीलाई बिकि गर्ने अधिकार पाउँथ्यो, र धरतिमा जिउँदो गाडने हक पनि राख्द थियो ।

यहुदीहरुले नारीलाई श्राप मान्थे , किन भने उसले आदमलाई एउटा रुखको फल खुवाएर उहाँबाट पाप गराइन्, त्यस्तै उनीहरुले यो मान्दथे कि मासिक धर्मको समयमा नारी अपवित्र भइहाल्छ, र घर समेत यस्तो हरेक वस्तु जसलाई नारी हात लगाएकि हुन्छ भने त्यो पनि अपवित्र भइहाल्छ, र भाई हुँदा बुवाको धन समपत्तिमा एउटि नारीले उत्तराधिकारी हुन सक्दैन् ।

र इसाइहरुको बिचारमा नारी शैतान हुन्छ, एउटा इसाइ पादरीको भनाइ छ कि «नारीलाई मानव जातिबाट कुनै सम्बन्ध नै छैन» र **बोनाविन्टरले** भन्नु हुन्छ कि «यदि तिमीहरुले महिलालाई देख्छौं भने यो न बुझ्नु कि कुनै मानव जातिलाई हेर्दै छौं, तिमीहरुले कुनै खतरनाक जनावरलाई पनि हेरिरहेका छैनौं, बरु तिमीहरुले जसलाई हेरिरहेका छौं त्यो साक्षात शैतान हो, र जे सुन्दछौं त्यो सर्पको सुस्कारी हो» ।

अंग्रेजी कानून बमोजिम बिगत आधा शताब्दि सम्म देशवासी अन्तर्गत महिलाको गिन्ती नै थिएन, र महिलाको कुनै व्यक्तिगत हक अधिकार थिएन, नत कुनै वस्तुको मालिक हुने थिइ, यहाँ सम्म

कि लगाएको लुगाको पनि मालिक थिइनन्, १५६७ ई. स. मा इस्काटलैण्डको संसदले यो बिधान पारित गरेको थियो कि महिलालाई कुनै वस्तु माथि अधिकार मिल्दैन, अंग्रेजी संसदले आठौं हेनरीको समयमा महिलाहरुलाई इन्जील पढने प्रति रोक लगाएको थियो, किन भने महिला अपवित्र हुन्छ, र फरान्सीहरुले साल ५८६ ई. स. मा एउटा भेला गर्नु भयो जसमा यस बिषयको छलफल भयो कि महिला जाति मानव छ कि छैन, र यो निर्णय दिनु भयो कि महिला मानव त छ तर मात्र पुरुषको सेवाको लागि जन्म लिएको छ, १८०५ ई. स. सम्म अंग्रेजी दस्तुर बमोजिम एउटा पतिले आफ्नो पत्नीलाई बिक्रि गर्ने अधिकार पाउँथयो र पत्नीको मुल्य चाहिं ६ पेन्स तोकिएको थियो।

अरबमा इस्लाम भन्दा पहिले महिलाको कुनै हैसियत नै थिएन, नत उत्तराधिकार हुन्थी नत अरु कुनै हक अधिकार पाउँथी बरु धेरै व्यक्तिहरु यस्तो पनि थिए जुन् आफ्नो छोरिलाई जिउँदो गाडने गर्थे।

त्यस पछि इस्लाम आयो र महिला माथि भईरहेको सबै अत्याचारलाई जडै देखि उखाड्यो र यो घोषणा गर्यो कि महिला र पुरुष सबै बराबर छन् , महिलाको पनि आफ्नो हक अधिकार छ जस्तो कि पुरुषको हक अधिकार छ , अल्लाह तआलाले भन्नु भयो:

يَا أَيُّهَا النَّاسُ إِنَّا خَلَقْنَاكُمْ مِنْ ذَكَرٍ وَأُنْثَى وَجَعَلْنَاكُمْ شُعُوبًا وَقَبَائِلَ لِتَعَارَفُوا
إِنَّ أَكْرَمَكُمْ عِنْدَ اللهِ أَتْقَاكُمْ إِنَّ اللهَ عَلِيمٌ خَبِيرٌ﴾ [الحجرات:١٣]

हे मानवहरु ! हामीले तिमीलाई एक पुरुष र एक स्त्रीबाट जन्म दिएको छु र हामीले तिमीहरुलाई अनेकौं जाती वर्गमा बनाएको छु ताकि तिमीहरु एक अर्कालाई चिन्न सक अल्लाहको दृष्टिमा सबै भन्दा बढि प्रतिष्ठित व्यक्ति उही छन् जुन् सबै भन्दा अधिक भय गर्नेवाला हुन् निश्चय नै अल्लाह सबै कुरा जान्दछ उ, सर्वज्ञ छ ।

र यो पनि भन्नु भयो:

**وَمَنْ يَعْمَلْ مِنَ الصَّالِحَاتِ مِنْ ذَكَرٍ أَوْ أُنْثَى وَهُوَ مُؤْمِنٌ فَأُولَئِكَ يَدْخُلُونَ الْجَنَّةَ وَلَا يُظْلَمُونَ نَقِيرًا﴾** [النساء:١٢٤]

जसले सत्कर्म गर्दछ चाहे त्यो पुरुष होस वा स्त्री, ईमान भएको छ भने यस्तो मानिसहरुले जन्नतमा प्रवेश पाउने छन् र तिनीहरु प्रति खजुरको गुठलीको फाँक बराबर (अलिकति) पनि अन्याय गरिने छैन ।

र यो पनि भन्नु भयो:

**وَوَصَّيْنَا الْإِنْسَانَ بِوَالِدَيْهِ حُسْنًا** [العنكبوت:٨]

हामीले हरेक मानिसलाई आफ्नो आमा बुवा सँग राम्रो व्यवहार गर्ने आदेश दिएका छौं ।

र रसूल ﷺ ले भन्नु भयो कि

**أَكْمَلُ الْمُؤْمِنِينَ إِيمَانًا أَحْسَنُهُمْ خُلُقًا، وَخَيْرُكُمْ خَيْرُكُمْ لِنِسَائِهِمْ**

«मोमिन हरुमा सबभन्दा पुर्ण ईमानवाला त्यो हो जसको चरित्र राम्रो होस, र सबभन्दा राम्रो त्यो हो जसको व्यवहार आफ्नो धर्म पत्नी सँग राम्रो होस» (तिर्मिजी – १०८२)

कुनै व्यक्तिले नबी ﷺ सित सोध्नु भयो कि हे अल्लाहको रसुल ! हाम्रो सेवाको सबभन्दा अधिक हकदार को हो ? त उहाँले भन्नु भयो «तिम्रो आमा» त्यसले फेरि सोध्नु भयो, त्यस पछि को हो? त उहाँले भन्नु भयो «तिम्रो आमा» त्यसले फेरि सोध्नु भयो, त्यस पछि को हो? त उहाँले भन्नु भयो «तिम्रो आमा» त्यसले फेरि सोध्नु भयो, त्यस पछि को हो? त उहाँले भन्नु भयो «तिम्रो बुवा» (बुखारी ,५९७, मुस्लिम, २५४८)

छोटकरिमा यो थियो महिला प्रति इस्लामको दृष्टिकोण ।

## महिलाको साधारण हक अधिकार

महिलाको केहि साधारण हक अधिकारहरु छन् जसको ज्ञान राख्नु र जसलाई स्वीकारनु जरुरि छ, ताकि एउटि महिला जहिले पनि ईच्छुक भएकि भए आफ्नो पूर्ण हक अधिकार लिन पाओस, र त्यो हक अधिकार छोटकरिमा यस प्रकार छन् :

१ - मालिक हुने अधिकार, तसर्थ महिला चाहिं इच्छा अनुसार जुन सुकै वस्तुको मालिक हुन सक्छिन् जस्तो कि घर, जग्गा, उद्योग, बागैचा, सुन्, चांदी, र अनेकौं प्रकारको जनावरहरु, चाहे पत्नी होस वा आमा होस, छोरि होस वा बहिनी होस ।

२ - विवाहको हक, दुलहा छनौट गर्न पाउने हक, र दुख पाइएको अवस्थामा खुलअ र तलाकको हक, यो सबै हक महिलाले पाउने छिन् ।

३ - सबै अनिवार्य कुराहरुको तालीम र शिक्षाको हक, जस्तो कि अल्लाह तआलाको ज्ञान, पुजा उपासना र त्यसको तरिकाको ज्ञान, महिला माथि अनिवार्य हक, अवश्यक नितीशास्त्रहरु, उच्च र महान चरित्रहरुको ज्ञान, किन भने अल्लाहले आफ्नो निम्न भनाईमा आम आदेश दिनु भएको छ

तिमीले यस कुराको ज्ञान राख कि अल्लाह बाहेक कोहि सत्य पुज्य छैन ।

र रसूल ﷺ ले पनि सबैलाई सम्बोधित गर्नु भयो «हरेक मुस्लिमलाई शिक्षा प्राप्त गर्नु अनिवार्य छ» (इब्ने माजा - २२०)

४ - इच्छा अनुसार आफ्नो सम्पत्ति द्वारा दान गर्ने अधिकार, आफु प्रति, आफ्नो पति, आफ्नो सन्तान र आमा बुवा प्रति खर्चा गर्न पाउने अधिकार, तर फुजुल खर्चा गर्नु मिलदैन, र यस बिषयमा महिलाले त्यहि हैसियत पाउने छिन् जुन हैसियत चाहिं पुरुषले पाउँछन् ।

५ - माया र घृना गर्ने अधिकार, तसर्थ राम्रो चरित्रको महिलाहरु सँग माया गर्ने, भेंट घाट गर्ने (पति छ भने पतिको आज्ञाले) उनीहरुलाई उपहार दिने, चिठ्ठी पठाउने, हाल खबर सोध्ने, र कुनै प्रकारको घटना भएमा उनीहरुलाई सान्तवना दिने, र त्यस्तै नराम्रो

महिलाहरु सँग घृना गर्ने, र अल्लाहको लागि उनीहरु सित सम्बन्ध नराखने ।

६ - आफ्नो जीवनमा आफ्नो सम्पत्तिबाट एक तेहाईमा वसीयत अर्थात उत्तरदान गर्ने अधिकार, र मृत्यु पछि कुनै प्रकारको बिरोध र रोकटोक बिना त्यो वसीयत लागु हुने, किन भने वसीयत चाहिं साधारण निजी अधिकार हो, तसर्थ यो अधिकार जस्तो पुरुषले पाउँछन् त्यस्तै महिलाले पनि पाउने छिन्, किन भने पुण्य कमाउनको अवश्यक्ता सबैले छ, तर शर्त यो हो कि वसीयत चाहिं एक तेहाई भन्दा अधिकमा नहोस, र यस्नमा पुरुष र महिला सबै बराबर छन् ।

७ - लुगा लगाउने अधिकार, तसर्थ एउटि महिला आफ्नो इच्छा अनुसार जे जस्तो लुगा लगाउन चाहनु हुन्छिन त्यसतो लुगा लगाउन सक्नहुने छिन, रेशमी लुगा, सुन्को गहना, जुन् एउटा पुरुषको लागि बर्जित गरिएको छ,

तर महिलालाई नांगो हुने र आफ्नो सुन्दरताको प्रदर्शन गर्ने अधिकार छैन, जस्तो कि आधा वा मात्र एक चौथाई लुगा लगाउने, वा टाउको नछोप्ने, वा घाँटी र छाति खुल्ला राख्ने, तर जसको अगाडि यो सबै कुरोहरु जायज छ भने फेरि त्यसमा कुनै हर्ज हुदैन ।

८ - पतिको लागि श्रृँगार गर्ने अधिकार, अर्थात सुरमा लगाउने, गाला र ओठमा रातो रँग लगाउने, सुन्दर शान्दार गौरवपूर्ण लुगा लगाउने, परन्तु जुन् प्रकारको लुगा काफिर र व्यश्याहरुको पहिचान

छ भने त्यस प्रकारको लुगा नलगाउने, ताकि गलत र सन्देहपुर्वक ठाउँबाट टाँढा रहन पाओस ।

९ - खान पीनको अधिकार, तसर्थ मीठो र गुलियो खाना खाने, र पानी पिउने, महिला र पुरुष बीच खानपीनको कुरोमा कुनै फर्क छैन, त्यस मध्ये जे जायज गरिएको छ त्यो महिला र पुरुष दुवैको लागि छ र जे हराम अर्थात बर्जित गरिएको छ त्यो महिला र पुरुष दुवैको लागि छ, अल्लाह तआलाले भन्नु भयो:

खाने पिउने गर, तर फोजुल खर्ची नगर, अल्लाहलाई फोजुल खर्ची गर्नेवाला मन पर्दैन ।

र यो चाहिं एउटा आम घोषना हो जसमा नर नारी दुवै सामिल छन् ।

## पति माथि पतनीको हक अधिकार

महिलाको निजी हक र अधिकार मध्ये एउटा हक पति माथि छ र बदलामा उस माथि पनि पतिको हक छ, जस्तो कि पतिको आज्ञा पालन गर्ने यदि त्यो आज्ञा अल्लाह र रसूल ﷺ को बिरुद्धमा छैन भने, र खानपीन तयार गर्ने, ओछ्यान लगाउने, बच्चाहरुलाई दुध खुवाउने, उनीहरुको पालन पोषण गर्ने, धन सम्पत्ति र इज्जतको सुरक्षा गर्ने, आफुलाई सुरक्षित राख्ने र जायज र अनुमति प्राप्त हरेक प्रकारको श्रृँगार गर्ने ।

यहाँ पति माथि पतनीको केहि अनिवार्य हक अधिकार दिइएको छ, अल्लाह तआलाको भनाई छ

स्वासनीको अधिकार पुरुष माथि उस्तै छ जस्तो पुरुषको अधिकार स्वासनी माथि छ

र त्यो अधिकारहरु हामीले यहाँ यस कारण बयान गरिरहेका छौं ताकि महिलाहरुलाई त्यसको जानकारी होस, र आफ्नो हक र अधिकार माँगनमा कुनै प्रकारको डर र लाज नमहसुस गरोस, त्यस्तै पतिलाई अनिवार्य रुपले पतनीको पुर्ण हक र अधिकार दिनु पर्छ तर यदि पत्नीले चाहन्छे भने आफ्नो कुनै हक माफ गर्न पनि सक्ने छिन् ।

१ - दुखः र सुखः मा आफ्नो प्रस्थिती अनुसार पत्नी माथि खर्च गर्ने, खर्च मध्ये लुगा, खाना, पानी, औषधि, उपचार, र घर सबै आउँछ ।

२ - पत्नीको इज्जत, शरीर, धनसम्पत्ति, र धर्मको रक्षा गर्ने, किन भने पति उसको अभिभावक हो र कुनै वस्तुको अभिभावक त्यो हुन्छ जुन् उसको ख्याल राख्दछ र सुरक्षा प्रदान गर्दछ ।

३ - धर्मको जरुरी कुराहरुको शिक्षा प्रदान गर्ने, र यदि त्यो आफै गर्न सक्दैन भने मस्जिद हरुमा महिला हरुको बैठकमा उपस्थित भएर शिक्षा प्राप्त गर्नको अनुमति दिने, वा बिद्यालयमा वा यस्तो अरु कुनै ठाउँमा, यदि कुनै किसिमको समस्या र घटनाको डर छैन, र पति र पत्नी कसैलाई कुनै किसमको क्षति भइ रहेको छैन भने ।

४ - पत्नी सँग राम्रो व्यवहार गर्ने, अल्लाह तआलाको भनाइ छः
उनीहरु सँग राम्रो व्यवहार गर ।

राम्रो व्यवहार मध्ये यो हो कि सम्भोगमा उसको हक नखाइदिने, गाली गरि उसलाई दुखी नगर्ने, र उसको अपमान नगर्ने, त्यस्तै

राम्रो व्यवहार मध्ये यो पनि हो कि आफ्नो नातेदारहरु सित भेँटघाँटमा उसमाथि प्रतिबन्ध नलगाउने, यदि कुनै प्रकारको खतरा छैन भने, र नगर्न सकिने काम त्यसलाई नसोम्पिने, कुरा कानी र काम काजमा ऊ सँग राम्रो बर्ताउ गर्ने, रसूल ﷺ ले भन्नु भयो कि

«तिमीहरु मध्ये सबभन्दा राम्रो व्यक्ति त्यो हो जुन् आफ्नो परिवारको लागि राम्रो छ, र म आफ्नो परिवारको लागि तिमीहरु मध्ये सबभन्दा राम्रो छु» (तिर्मिजी–३८३०)

# पर्दा

इस्लामले परिवारलाई बर्बादीबाट बचाउने प्रयास गरेको छ र त्यसलाई उच्च चरित्र, राम्रो सौभाव र नितीशास्त्रहरुको ठोस घेरा दिएको छ, ताकि सबैको मन् र आत्मा सवस्थ होस, र समाज चाहिं सफा रहोस,

समाजमा अशलिलता नफैलोस, काम वासनाको मौका नहोस,

यस कारण अशलिलता र दुष्टता फैलाउने कार्यहरु माथि प्रतिबन्ध लगाएको छ, महिला र पुरुष सबैलाई आफ्नो दृष्टि तल राख्ने आदेश दिएको छ।

अल्लाहले पर्दाको नियम महिलाको सम्मान र प्रतिष्ठाको लागि लगानु भएको छ, इज्जतको सुरक्षा र अपमानबाट बचाउनको लागि, पापी र दुष्ट आतमक व्यक्तिबाट टाँढा राख्नको लागि, अशलिलताको बाटो बन्द गर्नको लागि, जुन् चाहिं आँखाको

कारण फैलिन्छ, र महिलाको आत्मासम्मान र पवित्रतालाई इज्जत र प्रतिष्ठाको च्यादरमा ढाँकनको लागि लगाएको छ ।
इस्लामको सबै विद्वान व्यक्तिहरुले महिला माथि पर्दा अनिवार्य छ भन्ने कुरामा सहमति जनाएका छन, महिलाहरुले अपरिचित व्यक्तिहरुको अगाडि अनिवार्य रुपमा पर्दा गर्नु पर्छ र यो पनि अनिवार्य छ कि अशलिलता फैलाउने सुन्दर अँगहरुको प्रदर्शन नगर्ने तर अनुहार र दुवै हत्केलीको पर्दाको बिषयमा विद्ववानहरुले दुई समुहमा बिभाजित भएका छन् परन्तु पर्दा र त्यसको अनिवार्यता र सिमाबन्दीको बिषयमा धेरै प्रमाण आएको छ , हरेक समुहले निकै प्रमाण द्वारा अफ्नो बिचारलाई प्रमाणित गरेका छन् र जुन् प्रमाण चाहिं उनीहरुको बिपक्षमा लागि रहेको छ त्यसको अर्कै अर्थ बयान गरेका छन् । पर्दाको अनिवार्यता माथि प्रमाणहरु मध्ये केहि यस प्रकार छन् :
अल्लाह तआलाले भन्नु भयो:

وَإِذَا سَأَلْتُمُوهُنَّ مَتَاعًا فَاسْأَلُوهُنَّ مِنْ وَرَاءِ حِجَابٍ ذَٰلِكُمْ أَطْهَرُ لِقُلُوبِكُمْ وَقُلُوبِهِنَّ [الأحزاب:٦٤]

कि जब तिमीहरुले नबीको पत्नीहरु सँग केहि माँगन चाहन्छौं भने उनीहरु सित पर्दाको पछाडिबाट माँग, यो धेरै पवित्रताको कुरा हो, तिम्रो हृदयको लागि र उनीहरुको हृदयको लागि पनि ।
अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भएको छ

يَا أَيُّهَا النَّبِيُّ قُلْ لِأَزْوَاجِكَ وَبَنَاتِكَ وَنِسَاءِ الْمُؤْمِنِينَ يُدْنِينَ عَلَيْهِنَّ مِنْ جَلَابِيبِهِنَّ ذَلِكَ أَدْنَى أَنْ يُعْرَفْنَ فَلَا يُؤْذَيْنَ وَكَانَ اللهُ غَفُورًا رَحِيمًا ﴾ [الأحزاب:٥٩]

हे पैगम्बर ! आफ्ना पत्नीहरु, र आफ्ना छोरीहरु, ईमानवाली स्त्रीहरुसँग भनिदिनुस कि तिनीहरु आफु माथि आफ्ना च्यादर हालने गरुन् यस प्रकार छिटै उनीहरुको पहिचान भइहाल्छ, र फेरि कसै तर्फबाट दुखः भोग्नु पर्दैन र अल्लाह धेरै क्षमाशील र दयावान छन ।

त्यस्तै अल्लाहले यो पनि भन्नु भएको छः

وَقُلْ لِلْمُؤْمِنَاتِ يَغْضُضْنَ مِنْ أَبْصَارِهِنَّ وَيَحْفَظْنَ فُرُوجَهُنَّ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا مَا ظَهَرَ مِنْهَا وَلْيَضْرِبْنَ بِخُمُرِهِنَّ عَلَى جُيُوبِهِنَّ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا لِبُعُولَتِهِنّ .... ﴾ [النور:٣١]

मोमिन स्त्रीहरु सित भनिदिनुस कि उनीहरुले पनि आफ्ना दृष्टिहरु तल राख्ने गरुन् र आफ्नो पवित्रताको रक्षा गरुन् र आफ्ना श्रृँगार प्रकट नगरुन् मात्र त्यस बाहेक जुन् खुला रहन्छ र आफ्ना वक्षस्थललाई दुपट्टाहरुले छोपी राखुन् र आफ्नो श्रृँगार कसैलाई प्रकट नगरुन् तर मात्र आफ्नो पतिलाई ...... ।

र हदीस द्वारा प्राप्त भएको प्रमाणहरु मध्ये नबी ﷺ कि पत्नी हजरत आइशा رضي الله عنها ले भनेकि छिन् कि

كُنَّ نِسَاءُ الْمُؤْمِنَاتِ يَشْهَدْنَ مَعَ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ صَلَاةَ الفَجْرِ مُتَلَفِّعَاتٍ بِمُرُوطِهِنَّ، ثُمَّ يَنْقَلِبْنَ إِلَى بُيُوتِهِنَّ حِينَ يَقْضِينَ الصَّلَاةَ، لَا يَعْرِفُهُنَّ أَحَدٌ مِنَ الغَلَسِ

«हामी मोमिनहरुको स्वासनीहरु रसूल ﷺ सँग फजरको नमाजमा आफ्नो च्यादरले अनुहार छोपेर उपस्थित हुन्थियौं, फेरि नमाज समाप्त भएपछि आफ्नो घर तिर फर्किन्थियौं, र अन्ध्यारोको कारण कसैले पनि चिन्ह सकिदैनथियो» (बुखारी –५७८, मुस्लिम , ६४५)

र उहाँकै अर्को हदीसमा उहाँले भनेकि छिन् कि

كَانَ الرُّكْبَانُ يَمُرُّونَ بِنَا وَنَحْنُ مَعَ رَسُولِ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ مُحْرِمَاتٌ، فَإِذَا حَاذَوْا بِنَا سَدَلَتْ إِحْدَانَا جِلْبَابَهَا مِنْ رَأْسِهَا عَلَى وَجْهِهَا فَإِذَا جَاوَزُونَا كَشَفْنَاهُ

«जुन समय हामी रसूल ﷺ सँग एहराम बाँधेका थियौं, सवारहरु हाम्रो नजिकबाट गईरहेका थिये तर जब उनी हाम्रो बराबरीमा आउँथे त हामी आफ्नो च्यादर टाउकोबाट अनुहार माथि लटकाउने गर्थियौं र जब उनीहरु पार भईहाल्थे त हामी आफ्नो अनुहार खोलीदिन्थ्यौं(अबुदाऊद-१५६२)

र एउटा हर्को हदीसमा उहाँले भनेकि छिन् कि «शुरुमा हिजरत गरेकि अर्थात मक्का छोडेर मदिना गएकि महिलाहरु माथि अल्लाहले दया गरोस, किन भने जब अल्लाहले यो आयत उतारनु भयोः

﴿ وَلْيَضْرِبْنَ بِخُمُرِهِنَّ عَلَى جُيُوبِهِنَّ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا لِبُعُولَتِهِنَّ .... ﴾

[النور:٣١]

आफ्ना वक्षस्थललाई दुपट्टाहरुले छोपी राखुन् र आफ्नो श्रृँगार कसैलाई प्रकट नगरुन् तर मात्र आफ्नो पतिलाई ...... । त्यस

पछि उनीहरुले आफ्नो च्यादरलाई च्यातेर पर्दा गर्न थालिन् । ( बुखारी )

प्रमाणहरु त धेरै छन् तर पर्दाको मामलामा विवाद हुनको साथै यति कुरामा सबैको सहमती छ कि अवश्यक्ता अनुसार महिलाले आफ्नो अनुहार खोलन पाउने छिन् जस्तो कि बिरामीको अवस्थामा डाक्टरको नजिक,

र त्यस्तै यस कुरामा पनि सबै सहमत छन् कि कुनै प्रकारको समस्या र संकटको डर छ भने अनुहार खोल्नु जायज छैन, र यो कुरा प्रमाणित भइसकेछ, यहाँ सम्म कि उनीहरुको नजिक पनि जुन् अनुहारलाई खोल्नु जायज भनिन्छ कि यदि कुनै समस्या र संकटको डर छ भने त्यस्तो अवस्थामा महिलालाई अनिवार्य रुपले अनुहार छोप्नु पर्छ, र आजको समयमा समस्या नै समस्या छ , भ्रष्ट र दुष्टचरित्रहरु चारै तिर फैलिएका छन, खास गरि यस्तो अवस्थामा जब कि धेरै महिलाहरु जुन् अनुहार खोलने गर्दछिन् आफ्नो अनुहार र आँखामा श्रृँगार गर्ने गर्दछिन् र यसको बर्जित हुनु बारे सबैले सहमती जनाएका छन् ।

इस्लामले महिलाहरुका लागि अपरिचित व्यक्तिहरु सँग मेलजोल राख्नु हराम गरिदिएको छ, र यो सबै राम्रो चरित्र, परिवार, र सम्मानको रक्षाको लागि हो, इस्लामले सतर्क राख्ने, समस्या र धोका माथि रोक लगाउने प्रयास गरेको छ , महिलाहरुले पर्दा नगरेर बाहिर पुरुषहरु सँग मेलमिलाप राख्नु भयो भने यस्तो अवस्थामा कामवासना भडकिन्छ र अपराध र पापको बाटो

खुलिहाल्छ र त्यसलाई सजिलो बनाइदिन्छ , अल्लाह तआलाले भन्नु भयोः

وَقَرْنَ فِي بُيُوتِكُنَّ وَلَا تَبَرَّجْنَ تَبَرُّجَ الْجَاهِلِيَّةِ الْأُولَى [الأحزاب:٣٣]

आफ्नो घरमा राम्रो सँग बसिराख, र बिगत अज्ञानकाल जस्तो सज धज गरि देखाउने नगर । त्यस्तै यो पनि भन्नु भयोः

وَإِذَا سَأَلْتُمُوهُنَّ مَتَاعًا فَاسْأَلُوهُنَّ مِنْ وَرَاءِ حِجَابٍ ذَلِكُمْ أَطْهَرُ لِقُلُوبِكُمْ وَقُلُوبِهِنَّ

जब तिमीले नबीको पत्नीहरु सँग केहि माँगन चाहन्छौं भने उनीहरु सित पर्दाको पछाडिबाट माँग, यो धेरै पवित्रताको कुरा हो, तिम्रो हृदयको लागि र उनीहरुको हृदयको लागि पनि ।

रसूल ﷺ ले महिला र पुरुषको बिच मेलजोल र मेलजोल बनाउने हरेक कारण माथि कडा रोक लगाउनु भएकोछ , यहाँ सम्म कि पुजापाठ र त्यसको पवित्र स्थलमा पनि ।

तर एउटि महिलाले बाध्य भएर कहिले घरबाट बहिर यस्तो ठाउँमा जानु पर्छ जहाँ पुरुषहरु हुन्छन् जस्तो कि उसलाई कुनै काम परेको छ र त्यो काम गर्नेवाला ऊ सँग अरु कोहि छैन, त्यस्तै आफ्नो लागि वा ऊ जसको अभिभावक छ त्यसको खानपीनको व्यवस्थाको लागि खरिद बिकि गर्ने, वा अरु कुनै कारणले यदि घरबाट बाहिर जानु पर्छ भने त्यसमा कुनै आपत्ति छैन, तर धार्मिक सीमाको पालन गर्नु पर्छ यस प्रकार कि आफ्नो श्रृंगार नदेखाइ कन पर्दा गरि बाहिर जाने, र पुरुषहरुबाट टाँढा रहने ।

राम्रो चरित्र र परिवारको सुरक्षाको लागि इस्लामले जुन् नियमहरु लागु गरिदिएको छ त्यस मध्ये यो पनि छ कि अपरिचित व्यक्तिहरु

सँग एकलो नहुने, रसूल ﷺ ले कुनै अपरिचित व्यक्ति सँग एकलो हुन माथि कडा रोक लगाउनु भएको छ यदि पति वा अरु कुनै महरम अर्थात जुन् सँग विवाह बर्जित गरिदिएको छ त्यस्तो कुनै व्यक्ति साथमा छैन भने, किन भने शैतान संधै आत्मा र चरित्रलाई बिगाड्ने प्रयास गरिरहेको हुन्छ

## मासिक धर्म र प्रसौतको रगत बारे

### मासिक धर्मको समय र अवधी

विशेष गरि जुन् उमेरमा मासिक धर्म पाइन्छ त्यो १२ देखि ५० बर्ष सम्मको उमेर हो, तर कुनै महिलालाई, ठाउँ, र मौसम अनुसार त्यस भन्दा अघि नै महिनवारी शुरु भइहाल्छ र कसैलाई ढिलो पनि हुन्छ ।

## गर्भवती महिलाको मासिक धर्म

गर्भको अवस्थामा विशेष गरि मासिक धर्म बन्द भइहाल्छ तर यदि गर्भवति महिलाले रगत हेर्नु भयो भने यदि सुत्केरि भन्दा थोडै पहिला छ जस्तो कि दुई दिन वा तीन दिन र साथमा दर्द पनि भइरहेको छ भने त्यो प्रसौतको रगत हुन्छ र यदि सुत्केरि भन्दा धेरै पहिला भएको छ वा सुत्केरिमा थोडै समय बाँकि छ तर साथमा दर्द भइरहेको छैन भने त्यो प्रसौतको रगत पनि हुदैन र मासिक धर्म पनि हुदैन ।

## असंतुलित मासिक धर्म

मासिक धर्ममा असतुंलन कई प्रकारका हुन्छन् :

प्रथम - अधिक हुने वा कम हुने , अर्थात जसलाई ६ दिन सम्म रगत आउने गर्थ्यो भने त्यसलाई ७ दिन सम्म आउने र जसलाई ७ दिन सम्म रगत आउने गर्थ्यो भने त्यसको रगत ६ दिन मै बन्द भइहाल्ने ।

दोश्रो - अघि वा पछि हुने , अर्थात जसको समय महिनाको अन्तिममा थियो भने त्यसलाई महिनाको शुरु मै भइहाल्ने, र जसको समय महिनाको शुरुमा थियो भने त्यसलाई महिनाको अन्तमा हुने, यस्तो अवस्थामा यदि त्यो रगत मासिक धर्म जस्तो छ भने त्यो मासिक धर्म नै हुन्छ र त्यो बन्द भए पछि नै पवित्र हुन्छ चाहे समय भन्दा अधिक होस वा कम, त्यस्तै अघि नै भएको होस वा पछि ।

तेश्रो - पहेलो रंग वा मैलो रंग, अर्थात घाऊको पानी जस्तो पहेलो रंग हेर्ने वा पहेलो र कालो बीचको मैलो रंग हेर्ने, तसर्थ यदि मासिक धर्मको समयमा वा मासिक धर्मको तुरन्त पछि तर पवित्र हुने भन्दा पहिला यस्तो हेर्नु भयो भने त्यो मासिक धर्म नै हुन्छ र त्यस माथि मासिक धर्मको नियम नै लागु हुन्छ र यदि पवित्र भएपछि यस्तो हुन्छ भने त्यो मासिक धर्म हुदैन ।

चौंथो - मासिक धर्म चाहिं रुकि रुकि आउने, अर्थात कहिले रगत आउने त कहिले नआउने, र यस्तो दुइ अवस्थामा हुन्छ :

पहिलो अवस्था - यदि कुनै महिला सँग संधै र हरेक समय यस्तै हुन्छ भने त्यो मासिक धर्मको रोग हुन्छ र त्यस माथि मासिक धर्मको रोगीको नियम लागु हुन्छ ।

दोश्रो अवस्था - संधै यस्तो हुदैन बरु कहिले हुन्छ र फेरि त्यस पछि पवित्रताको समय पनि आउँछ , यस्तो अवस्थामा यदि एक दिन भन्दा कम समयको लागि रगत बन्द भएको छ भने त्यो पवित्रता हुदैन, र महिला पनि पवित्र हुदैन, तर यदि पवित्रताको प्रमाण छ भने मात्र पवित्र हुन्छ जस्तो कि अन्तिम समयमा रगत बन्द भएको वा मासिक धर्म बन्द भएपछि गर्भ द्वारा निसकने सेतो रंगको पानी हेरेको ।

पाँचौ - सुकिएको रगत, अर्थात मात्र आर्द्रता हेर्ने, तसर्थ यदि मासिक धर्मको समयमा अथवा मासिक धर्मको साथै तर पवित्रता भन्दा पहिला यस्तो हुन्छ भने त्यो मासिक धर्म हुन्छ र यदि पवित्र भएपछि यस्तो हुन्छ भने त्यो मासिक धर्म हुदैन ।

## मासिक धर्मको नियमहरू

प्रथम - नमाज, अर्थात मासिक धर्ममा भएकि महिलाहरु माथि नमाज हराम गरिएको छ, फर्ज नमाज पनि र नफिल नमाज पनि, उसको नमाज सही पनि हुदैन र उसमाथि नमाज अनिवार्य पनि छैन, तर यदि मासिक शुरु हुने भन्दा पहिला पुरा एक रकअतको पनि समय पाइएको छ भने यस्तो अवस्थामा त्यो नमाज अनिवार्य हुन्छ त्यो समय चाहिं नमाजको शुरु समयबाट पाइएको होस वा अन्तिम समयबाट पाइएको होस, शुरु समयबाट पाइएको उदाहरण यस प्रकार छ कि यदि सुर्य अस्त भएपछि एक रकअत नमाज पढने बराबर समय पाइए पछि मासिक खुल्यो भने पवित्र भएपछि मगरिबको नमाज अनिवार्य

रुपले कजा गर्नु पर्छ , किन भने मासिक खुल्ने भन्दा पहिला त्यो महिला एक रकअत नमाजको समय पाइएकि थिइ , त्यस्तै अन्तिम समयबाट पाइएको उदाहरण यस प्रकार छ कि यदि सुर्य उदय हुने भन्दा पहिला एक रकअत नमाज पढने बराबर समय पाइए पछि पवित्र भएकि छ भने पवित्र भएर फजरको नमाज अनिवार्य रुपले पढनु पर्छ , किन भने त्यसले यति समय पाइएकि थिइ जति समय एक रकअत नमाजको लागि प्रयाप्त हुन्छ ।

तर जिक्र (अल्लाहको स्मरण) तकबीर (अल्लाहको महान्ता बयान गर्ने शब्द) तस्बीह (अल्लाहको पवित्रता बयान गर्ने शब्द) , तहमीद (अल्लाहको प्रशंसा बयान गर्ने शब्द) र खाना खाने समय अल्लाहको नाम लिने, इत्यादि, त्यस्तै फिकह अर्थात इस्लामी नियम र दसतुर र हदीस पढने, प्रार्थना गर्ने, आमीन (हे अल्लाह ! प्रार्थना स्वीकार गर) भन्ने, र कुरआन सुन्ने जस्तो कार्यहरु हराम गरिएको छैन, तर आफै कुरआन पढने बारे यो आदेश छ कि यदि मुखले नभनी मात्र आँखाले हेरेर वा हृदयमा अध्यन गरेर पढन चाहनु हुन्छ भने त्यस्नमा कुनै आपत्ति छैन, जस्तो कि कुरआन वा कुनै बोर्ड राखेर त्यसमा आयत हेरेर हृदयमा पढोस, र उत्तम यही छ कि मुखले भनेर कुरआन नपढोस तर मात्र अवश्यक्ता अनुसार, जस्तो कि महिला शिक्षक होस र क्षात्रहरुलाई सुनाउने अवश्यक्ता परेको छ, वा परिक्षाको समयमा क्षात्राहरुलाई कुरआन पढेर सुनाउनु पर्ने, वा अन्य यस्तै कुनै कारणले ।

दोश्रो - रोजा, (व्रत) मासिक भएकि महिला माथि फर्ज र नफिल सबै प्रकारको रोजा हराम छन् र उसबाट रोजा सही हुने छैन, तर फर्ज रोजाको कजा जरुरी छ र यदि रोजाको अवस्थामा महिनवारी खुलेको छ भने त्यो रोजा खण्डित भइहाल्छ, चाहे सुर्य अस्त हुने भन्दा मात्र केहि क्षण पहिला नै किन नहोस, र यदि त्यो फर्ज रोजा छ भने त्यसको कजा अनिवार्य हुन्छ, र यदि सुर्य अस्त हुने भन्दा पहिला मासिक भएको जस्तो महसुस भयो तर सुर्य अस्त भए पछि रगत निस्क्यो भने उसको रोजा खण्डित हुदैन बरु पुरा हुन्छ , त्यस्तै यदि मासिकको अवस्थामा फजर उदय भयो र फजर उदय भएको केहि क्षण पछि नै पवित्र भयो भने त्यो दिनको रोजा सही हुने छैन, तर यदि फजर उदय हुने भन्दा केहि क्षण पहिला पवित्र भयो र रोजा राख्यो भने त्यो रोजा सही भइहाल्छ, चाहे फजर पछि नै किन न स्नान गरेको होस ।

तेश्रो - काबाको तवाफ, फर्ज र नफिल दुवै तवाफ यस्तो महिलाहरु माथि हराम छ र त्यसबाट सही पनि हुदैन, तर हजको अरु कामहरु जस्तो कि सफा र मर्वा पहाडि बीच सई गर्ने , अरफामा बस्ने, मुज्दलिफा र मिनामा राति बिताउने, ढुँगा हिर्काउने, र यस बाहेक हज र उमराको अरु सबै कामहरु हराम छैन, तसर्थ यदि महिलाले पवित्रताको अवस्थामा तवाफ गर्नु भयो र तवाफ गर्ने बित्तिकै वा सईको समयमा मासिक शुरु भइहाल्यो भने यसमा कुनै आपत्ति हुदैन ।

चौंथो - मस्जिदमा ठहरिने, अर्थात मासिक भएकि महिलाको लागि मस्जिदमा ठहरिनु बस्नु हराम गरिएको छ ।

पाँचौ - सम्भोग, अर्थात पतिलाई उ सँग सम्भोग गर्नु हराम छ र उसलाई सम्भोगको मौका दिनु पनि हराम छ,

तर अल्लाहको कृपाले यति अनुमति पाइएको छ कि त्यस द्वारा कामवासनालाई मेटन सक्नु हुन्छ जस्तो कि मुई खाने, पाखुरामा समातने, र गुप्ताँग बाहेक अरु तरिकाले मज्जा लिने ।

छैटौं - तलाक, मासिकको अवस्थामा पत्नीलाई तलाक दिनु हराम छ, र यदि यस्तो अवस्थामा तलाक दिनु भयो भने पतिले अल्लाह र रसूल ﷺ को आज्ञाको उलँघन गर्नु भयो र हराम कार्य गर्नु भयो, र यस्तो अवस्थामा रोजु गर्नु र पवित्रता सम्म बाँकि राख्नु जरुरी हुन्छ, फेरि यदि चाहियो भने पवित्र भए पछि तलाक दिने, तर अर्को चोटि मासिक हुने सम्मको लागि छोड्नु नै उचित हुन्छ , फेरि त्यस पछि पवित्रताको अवस्थामा चाहियो भने राख्ने वा तलाक दिने ।

सातौं - स्नानको अनिवार्यता, मासिक भएकि महिलाका लागि पवित्र भएपछि आफ्नो पूर्ण शरीरलाई सफा गरि नुहाउनु जरुरि छ , कपाल खोल्नु जरुरी छैन, तर यदि यति बलियो तरिकाले गाँठिएको छ कि जरो सम्म पानी पुग्दैन जस्तो शंका लागि रहेको छ भने मात्र यस्तो अवस्थामा कपाल खोल्नु पर्छ , त्यस्तै यदि नमाजको समयमा पवित्र भयो भने छिटै स्नान गर्नु जरुरी हुन्छ ताकि समयमा नमाज अदा गर्न पाओस, तर यदि यात्रामा छ र पानी छैन वा पानी त छ तर प्रयोग गर्नमा खतरा छ वा बिरामी छ र पानी चाहिं अरु हानीकारक हुनसक्छ भने स्नानको

सट्टामा तयम्मुम गर्न पाइन्छ र बाध्यता समाप्त भएपछि अवश्य स्नान गर्नु पर्छ ।

## इस्तेहाजा र त्यस्को नियमहरू

इस्तेहाजा भनेको संधै जारी रहने रगत हो, जुन् कहिले बन्द हुदैन, वा मात्र केहि समयको लागि बन्द हुन्छ जस्तोकि महिनामा एक दिन वा दुइ दिनको लागि, र यो पनि भनिएको छ कि यदि १५ दिन भन्दा अधिक समय सम्म रगत आउँछ भने त्यो इस्तेहाजा हुन्छ तर यदि कसैको बानी नै यति छ भने त्यो मासिक धर्म हुन्छ ।

## इस्तेहाजा भएकि महिला तीन अवस्थामा हुन्छन

प्रथम - इस्तेहाजा हुनु भन्दा पहिला मासिक धर्मको समय नियमित होस, यस्तो अवस्थामा साबिक अनुसार मासिक धर्मको समय गिण्ती गरि त्यस्मा बसनु पर्छ , मात्र त्यस माथि नै मासिक धर्मको नियम लागु हुन्छ र त्यस बाहेक इस्तेहाजा हुन्छ र त्यस माथि इस्तेहाजाको नियम लागु हुन्छ ।

यसको उदाहरण - कुनै महिला जसलाई हरेक महिनाको शुरुमा ६ दिन सम्म मासिक धर्म हुन्थ्यो र त्यस पछि उस्लाई इस्तेहाजाको रोग लागयो, अर्थात संधै रगत आउन थाल्यो, यसतो अवस्थामा उस्को मासिक धर्म हरेक महिनाको शुरुको ६ दिन सम्म हुन्छ र त्यस बाहेक इस्तेहाजा हुन्छ , र यस अनुसार इस्तेहाजा भएकि महिला मासिक धर्मको नियमित समय अनुसार

बसने गरिन्छ र त्यस पछि स्नान गरेर नमाज पढिन्छ र रगतलाई कुनै वासता गर्नु पर्दैन ।
दोश्रो - इस्तेहाजा भन्दा पहिला कुनै नियमित समय नहोस, यस प्रकार कि मासिक भएको प्रथम चोटि देखि नै इस्तेहाजाको रगत जारी भइहाल्यो, यस्तो अवस्थामा महिलालाई छुटयाउनु पर्छ , यदि कालो अथवा मोटो अथवा गन्धित हुन्छ भने त्यो मासिक धर्म हुन्छ र त्यस माथि मासिक धर्मको नियम लागु हुन्छ र यदि यस्तो हुँदैन भने त्यो इस्तेहाजा हुन्छ र त्यस माथि इस्तेहाजाको नियम लागु हुन्छ ।
यसको उदाहरण - कुनै महिलालाई पहिला चोटि मासिक भयो र फेरि रगत बन्द भएन, तर त्यो छुटयाउनमा सक्षम छ जस्तो कि १० दिन कालो हुन्छ र बांकि महिना रातो, अथवा १० दिन मोटो हुन्छ र बांकि महिना पातलो, अथवा १० दिन सम्म त्यसमा मासिक धर्मको गन्ध हुन्छ र बांकि महिनामा गन्ध हुँदैन, यस्तो अवस्थामा प्रथम मासिक धर्म यस प्रकार हुन्छ कि प्रथम उदाहरणमा कालो, दोश्रो उदाहरणमा मोटो, र तेश्रो उदाहरणमा गन्ध भएको रगत मासिक धर्म हुन्छ र त्यस बाहेक इस्तेहाजा हुन्छ ।
तेश्रो - नत नियमित समय होस नत छुटयाउने क्षमता होस, यस प्रकार कि शुरु देखि नै लगातार रगत जारी भयो र संधै एक जस्तै हुन्छ अथवा फर्क हुन्छ तर मासिक धर्म जस्तो होइन, यस्तो अवस्थामा अधिक महिलाहरुलाई जति समय सम्म मासिक धर्म हुन्छ भने त्यस्लाई मान्नु पर्छ तसर्थ महिनाको ६ दिन अथवा ७

दिन सम्म मासिक धर्म हुन्छ जुन चाहिं पहिलो चोटि रगत आएको समय देखि शुरु हुन्छ र त्यस बाहेक इस्तेहाजा हुन्छ

## इस्तेहाजाको नियमहरू

इस्तेहाजाको नियम पवित्रताको नियम जस्तै हो , तसर्थ इस्तेहाजा भएकि महिला र पवित्र भएकि महिलामा निम्न कुराहरु बाहेक अरु कुनै फर्क छैन ।

प्रथम - हरेक नमाजको लागि अनिवार्य रुपमा वोजु गर्नु पर्ने ।

दोश्रो - वोजु गर्ने समय रगतको दागलाई धोनु पर्ने, र गुप्ताँगमा रुइ राखेर त्यस माथि कपडा राखने ताकि रगत चाहिं त्यसैमा रुकि हालोस् ।

## नेफास (प्रसौत) र त्यस्को नियमरू

नेफास भनेको त्यो रगत हो जुन् बच्चा जन्मिएको कारण गर्भबाट निस्कन्छ , र यो चाहिं बच्चा जन्मिने समय वा त्यस भन्दा पछि वा त्यस भन्दा दुइ तीन दिन अघि देखि नै दर्दका साथ शुरु भइहाल्छ , जब यो रगत बन्द हुन्छ तब मात्र महिला पवित्र हुन्छ , र यदि ४० दिन भन्दा अधिक आउँछ भने ४० दिन पछि रगत जारी रहेको भए पनि स्नान गर्नु पर्छ, किन भने प्रसौतको यही अन्तिम समय हो, तर ४० दिन पछि यदि मासिकको रगत छ भने मासिकबाट पवित्र हुने सम्म प्रतिक्षा गर्नु पर्छ , र त्यस पछि स्नान गर्नु पर्छ , त्यस्तै प्रसौत तबै प्रमाणित हुन्छ जब स्पष्ट मानवको जन्म हुन्छ, तर यदि गर्भपात भएर यस्तो सानो अवस्थामा जन्म लिन्छ जुन् अझै मानवको रुप लिएको छैन भने त्यो प्रसौतको रगत हुदैन, बरु त्यो

नासाको रगत हुन्छ , र त्यस माथि इस्तेहाजा कै नियम लागु हुन्छ , र गर्भ भएको दिन देखि कम्तिमा ८० दिन र अधिक्तम् ९० दिनमा मानवको रुप धारण हुन्छ ।

र प्रसौतको नियमहरु उपरोक्त मासिक धर्मको नियमहरु नै छन् ।

## गर्भ र मासिक रोकने औषधिहरू

महिलाको लागि मासिक धर्म रोक्ने औषधिहरुको प्रयोग जायज छ , तर दुई शर्तका साथ :

प्रथम - हानीकारक नहोस, र यदि हानीकारक छ भने जायज हुदैन

दोश्रो - यदि पति सँग संबन्धित कुरो छ भने पतिको अनुमतिले

त्यस्तै मासिक खोल्ने औषधिको प्रयोग पनि दुई शर्तका साथ मात्र जायज छन् :

प्रथम - पतिको अनुमति ।

दोश्रो - कुनै अनिवार्य कामबाट मुक्त हुनको मात्र बहाना नहोस, जस्तो कि नमाज वा रोजा वा यस्तै अरु कुनै कामबाट मुक्त हुनको लागि नहोस ।

र गर्भ निरोधक औषधि प्रयोग गर्ने कर्म दुइ प्रकारका छन्

प्रथम - संधैको लागि बन्द गर्ने, र यो जायज छैन ।

दोश्रो - केहि समयको लागि बन्द गर्ने, जस्तोकि महिला धेरै गर्भवति भइरहेकि छ र गर्भको कारण त्यसलाई कम्जोरी भइरहेछ, यस्तो अवस्थामा त्यो आफ्नो गर्भलाई दुई बर्षमा एकचोटिको हिसाबले नियमित गर्न चाहनु हुन्छ वा अरु कुनै कारणले यस्तो गर्न चाहनु हुन्छ भने त्यो जायज छ यदि त्यो हानीकारक छैन र पतिले अनुमति दिएको छ भने ।

# مختصـــرة السيـــرة النبويـــة

# नबी ﷺ को जीवनी संक्षिप्तमा

## नबी हुनु भन्दा पिहला अरबको स्तिथी

मुर्ती पुजा नै अरबमा प्रचलित धर्म थियो, र सही धर्मको बिरुद्ध मुर्ती पुजालाई धर्मको रुपमा धारण गर्नको कारणले नै त्यस अवधिलाई जाहेलियत अर्थात मुर्खताको नाम दिइएको छ, अल्लाह बाहेक जुन् प्रसिद्ध मुर्तीहरुको उनीहरुले पुजा गर्दै थिए भने त्यसको नाम लात, मनात, उज्जा, र होबल थियो, तर अरबमा केहि व्यक्तिहरु यस्तो पनि थिए जुन् यहुदि, क्रिश्चन, र मजुसी धर्मलाई धारण गरेको थिए, र उनीहरु मध्ये थोरै संख्यामा यस्तो व्यक्तिहरु पनि थिए जुन् इब्राहीम عليه السلام को धर्म र बाटोलाई समातेका थिए ।

आर्थिक जीवनमा गाउँको क्षेत्रहरु पुर्ण रुपले चराउनु पर्ने जनावरहरु माथि निर्भर थियो, र शहरमा आर्थिक जीवन कृषि र व्यापार माथि निर्भर थियो, त्यसतै इस्लाम भन्दा पहिला अरब द्विपमा मक्का व्यापारको ठुलो शहर थियो, मदीना र ताएफ जस्तो केहि सांसकृतिक ठाउँहरु पनि थिए,

र यदि सामाजीक स्तरको कुरा गरौं भने चारै तिर अत्याचार फैलिएको थियो, कम्जोरलाई कुनै अधिकार थिएन, केटिहरुलाई जिउँदो गाडने रेवाज थियो, हराम कार्यहरु मज्जाले हुन्थ्यो, शक्तिशालीहरु कम्जोरको हक खाइरहेका थिए, उनीहरुले अन्गिनत विवाह गर्थे, व्यभिचार एउटा साधारण कुरा थियो,

कुलहरुको बीच सानो सानो कुराले लडाइ भइहाल्थ्यो, यहाँ सम्म कि एउटै कुल भित्र आपसमा पनि लडाइ हुन्थ्यो ।
इस्लाम प्रकाशित हुनु भन्दा पहिला अरब द्विपको स्तिथी संक्षिप्तमा यही थियो ।

## दोहरो बलिदानको छोरा

नबी ﷺ को बाजे अब्दुल मुत्तलिब माथि कुरैश कुलको मानिसहरु धेरै गर्व महसुस गर्थे किन भने उहाँले अधिक संख्यामा सन्तान र धेरै धन सम्पत्ति पाएका थिए र यस कारण अब्दुल मुत्तलिबले यो मन्नत मान्नु भयो कि यदि अल्लाहले मलाई दसवटा (१०) छोरा प्रदान गर्नु भयो भने त्यस मध्ये एउटालाई म भगवानको निकट बली दिन्छु , र यस्तै भयो, उहाँले दसवटा छोरा पाउनु भयो, जस मध्ये एक नबी ﷺ को पिता अब्दुल्लाह पनि हुनु हुन्थ्यो, त्यस पछि जब अब्दुल मुत्तलिबले आफ्नो मन्नत पुरा गर्न खोज्नु भयो त उहाँले आफ्नो सबै छोराको नाउमा चिट्ठा निकालनु भयो, तर चिट्ठा अब्दुल्लाहको नाउमा आयो, जब उहाँले अब्दुल्लाहको बली दिने प्रयास गर्नु भयो त सबै मानिसहरुले उहाँको बिरोध गर्नु भयो र त्यस्तो नगर्ने प्रस्ताव राख्नु भयो, ताकि समाजमा यो एउटा चलन र रेवाज न भइहालोस, र फेरि सबै यस कुरा माथि सहमत हुनु भयो कि अब्दुल्लाह र १० ऊँटको बीच चिट्ठा निकालनु पर्छ , त्यो १० ऊँट चाहिं अब्दुल्लाहको सट्टामा हुन्छन, तर जब उनीहरुले चिट्ठा गर्नु भयो त अब्दुल्लाहकै नाम आयो, त्यस पछि उनीहरुले दुइगुना अधिक ऊँट हाल्नु भयो तर पनि अब्दुल्लाहकै नाम आयो,

त्यस पछि प्रत्येक पटक उनीहरुले ऊँटको संख्या बढाउँदै गए तर संधै अब्दुल्लाहको नाम नै आउँथियो, यहाँ सम्म कि जब ऊँटको संख्या १०० पुग्यो त ऊँटको नाम आयो, र यस प्रकार अब्दुल मुत्तलिबले आफ्नो छोरा अब्दुल्लाहको नाउमा १०० ऊँट काटनु भयो ।

अब्दुल्लाह आफ्नो पिताको सबभन्दा प्रिय छोरा थिए, खास गरि उहाँको सट्टामा ऊँट काटिए पछि त अझै प्रिय हुनु भयो, र जब अब्दुल्लाह ठुलो हुनु भयो त उहाँको पिताले उहाँको लागि बनु जोहरा कि एउटि केटि आमेना बिन्ते वहबलाई रोजनु भयो, उहाँ सँग विवाह सम्पन्न भयो र आमेना गर्भवति भइ, गर्भको तीन महिना पछि अब्दुल्लाह एउटा व्यापारि समुह सँग सिरया तिर लाग्नु भयो, तर फर्केर आउँदा बाटोमा बिरामी हुनु भयो र मदिनामा आफ्नो मामा बनु नज्जारमा ठहरिनु भयो, र त्यहिं उहाँको देहान्त भयो र माटोको हवाला हुनु भयो ।

यता गर्भको समय पुरा भयो, र सोमवारको दिन मुहम्मद ﷺ जन्म लिनु भयो, तर उहाँको जन्म मिति बारे कुनै खास महिना र दिन तोकिएको छैन, कसैले ९ रबिउल अव्वल भन्छन त कसैले १२, कसैले रमजानको महिनामा जन्मिएको हो भन्ने गर्छन त कसैले कुनै अर्कै मिति भनेका छन , उहाँको जन्म ५७१ ई. स. मा भयो, र यसै बर्षले आमुल फिल अर्थात हाथीको साल भनिन्छ ।

## हाथीको कथा

अबरहा अलहबशी जो कि यमनमा नज्जाशीको नायब थियो, जब उसले यो देख्यो कि अरबको व्यक्तिहरु मक्का शहरमा काबाको हज गर्नु हुन्छन , त्यसलाई महान बुझ्नु हुन्छन , र टाँढा टाँढाबाट त्यहाँ आउनु हुन्छ भने सन्आ नामको शहरमा उसले एउटा गृजा घरको स्थापना गर्यो, ताकि अरबको हाजीहरु पनि मक्का छोडेर यहिं आउन थालुन, तर अरबको एउटा कुल बनी केनानाको एउटा व्यक्तिले जब यस कुरा बारे थाहा पाउनु भयो त रातको समयमा त्यस ग्रिजा घरमा गएर दिवार र भित्ताहरुमा गोबर लिपदिनु भयो,

अबरहालाई जब यस कुराको जानकारि भयो त धेरै रिसायो र क्रोधित भयो, र साठि हजारको संख्यामा एउटा ठुलो सैनिक तयार गर्यो, साथमा नौंवटा हाथी पनि थिए, यति तयारिका साथ काबालाई ध्वंसत पार्नको लागि मक्का तिर हिंड्यो , आफ्नो लागि एउटा ठुलो हाथी रोजेको थियो, मक्काको नजिक पुगेर आक्रमणको लागि आफ्नो सैनिकलाई तयार गर्यो, तर हाथीहरु अगाडि बढेनन् बरु त्यहिं बस्न थाले, हाथीहरुलाई यदि अर्को दिशामा लगाउँ थियो भने दौडन थाल्थे र यदि काबाको दिशामा लगाउँ थियो भने बसि हाल्थे, यस्तो हुँदै थियो कि त्यहि समयमा अल्लाहले उनीहरु माथि अबाबील नामको  पँछिहरु पठाउनु भयो, र त्यो पन्छिले उनीहरु माथि सानो सानो ढुँगा हिर्काउन थाल्यो, र त्यो ढुँगाहरु नर्कको आगोमा तताइएको थियो, हरेक पँछि आफु सँग तीनवटा चना बराबरको ढुँगा बोकेको थिए,

एउटा आफ्नो चुच्चोमा र दुइवटा आफ्नो दुवै खुट्टामा, जसलाई पनि लाग्थ्यो त्यसको अँगहरु कटन र झडन थाल्थ्यो, र अन्तमा त्यसको मृत्यु भइहाल्थ्यो, यस प्रकार सबै बाटोमै लडदै भागन थाले, र अबरहालाई अल्लाहले यस्तो रोगमा फाँसनु भयो कि उसको सबै औंलाहरु झडिहाल्यो, र सन्आ पुग्ने सम्म धेरै पिडा भयो र अन्तमा त्यहिं उसको मृत्यु भयो, यहाँ मक्कामा कुरैशको व्यक्तिहरु युद्धको डरले अफ्नो ज्यान जोगाउनको लागि पहाड र खोलाहरुमा लुकाएका थिए, तर जब योद्धाहरु माथि यस्तो संकट आयो त उनीहरुले आफ्नो आफ्नो घर तिर सुरक्षित फर्किनु भयो, यो घटना नबी ﷺ को जन्म भन्दा पचास दिन अघिको हो ।

## नबी ﷺ ले खाएको दुध

जब नबी ﷺ को जन्म भयो त उहाँको काका अबुलहब कि दासी सोवैबहले उहाँलाई दुध खुवाइन् र यस भन्दा अघि उसले उहाँको काका हजरत हमजा बिन अब्दुल मुत्तलिबलाई पनि दुध खुवाएकि थिइन् , यस प्रकार हजरत हमजा رضي الله عنه नबी ﷺ को रेजाइ भाई ( एउटै आमाको दुध खाएको) भए, अरबमा एउटा बानी थियो कि उनीहरु आफ्नो सन्तानहरुको लागि गाउँको दाई आईमाई खोजने गर्थे जहाँ शरिरको बिकास र स्वास्थको सबै व्यवस्था पाइन्छ, र त्यहि कारण नबी ﷺ ले अर्कै आईमाईको घरमा सर्नु भयो, उहाँको जन्मको समयमा बनू सअद कि महिलाहरु दुध खुवाउने बच्चाहरुको खोजिमा मक्का पुगेकि थिइन् , सबै महिलाहरु घर घर जाँदै थिइन, तर अनार्थ र गरिब हुनुको कारण नबी ﷺ लाई राख्ने

कुरामा कोहि पनि सहमत भइनन् , र ति महिलाहरु मध्ये एउटि हलिमा सादिया पनि थिइन् जसले नबी ﷺ लाई राख्ने तयार भएकि थिइनन् तर उहाँले धेरै प्रयास गरेर पनि आफु सँग लैजाने कुनै धनि घरको सन्तान पाइनन् ,ताकि त्यसको मजदुरीले जीवनको कठिनाई र गरिबीको दुखःमा सहायता प्राप्त होस, खास गरि अनिकालको त्यो सालमा, अन्तमा थोरै मजदुरी र अनार्थ बच्चा माथि संतुष्ट भइ आमेनाको घर तिर फर्किने बिचार गरिन् , हलिमा आफ्नो श्रीमान सँग एउटा कमजोर, पातलो, र बिस्तारै हिंडने ऊँटनी माथि सवार भएर मक्का आएकि थिइन्, तर रसूल ﷺ लाई आफ्नो गोदमा लिएर फर्किने समय त्यहि सबभन्दा अगाडि धेरै तेजीले दौडि रहेकि थिइ, साथीहरु त साह्रै अचम्म हुनु भयो, र जस्तोकि हलिमा आफै भन्नु हुन्छ कि उहाँको स्तनमा थोरै दुध आउँ थियो र भुकको कारण उहाँको बच्चा संधै रोई रहन्थ्यो, तर जब उहाँले आफ्नो छाती रसूल ﷺ को मुखमा हालने भइन् त धेरै दुध आउन थाल्यो, हलिमाले बनी साअदको क्षेत्रमा अनिकालको बारेमा बयान गर्दै भन्नु हुन्छ कि जब उहाँले यो बच्चालाई दुध खुवाउने सुनौलो मौका पाईन् त उहाँको धरतिमा धेरै अनाज भयो र जनावरहरुको संख्यामा पनि बृद्धि भयो, बरु उहाँको अवस्था नै बदलिन थाल्यो, गरिबी र कठीनाइको ठाउँमा धन् र खुशी प्राप्त भयो ।

मुहम्मद ﷺ ले हलीमाको पालन पोषनमा दुइ बर्ष बिताउनु भयो, र हलीमाले पनि उहाँलाई निकै ख्याल राख्ने गर्थिइन, उहाँलाई महसुस भइसकेको थियो कि यस बच्चालाई एउटा

अनौठो र बेगलै प्रकारको अवस्थाले घेरि राखेको छ , दुइ बर्ष पछि हलीमाले उहाँलाई उहाँको आमा र बाजेको घर लिएर गइन् , तर हलिमा जुन् नबी ﷺ को बरकत (उन्नति) द्वारा आफ्नो बदलिएको प्रस्थिती देखेकि थिइन् आमेना सँग धेरै आग्रह गरिन् ताकि दोश्रो पटक पनि उहाँलाई आफु सँग राख्ने अनुमति प्राप्त भइहालोस, र यस प्रकार आमेनाले फेरि एक चोटि उहाँलाई राख्ने अनुमति प्रदान गरि दिनु भयो , हलीमा खुशी खुशी अनार्थ बच्चा लिएर आफ्नो गाउँ बनि साअदमा फर्किने भइन् ।

## छाती च्यातने घटना

एक दिनको समयमा जब मुहम्मद ﷺ करिब करिब चार बर्षको भइसकेका थिए, र जुन् समय उहाँ आफ्नो रेजाइ भाइ अर्थात हलीमा सादियाको छोरा सँग टेन्ट भन्दा टाँढा भएर खेलदै थिए कि हलीमाको छोरा डराएको अवस्थामा दगुरदै आउनु भयो र आमालाई आफ्नो कुरैशी भाइ तिर पुग्ने अनुरोध गर्नु भयो, हलीमाले सोधिन् कि के भयो? त जवाफमा उसले भन्नु भयो कि मैले दुइ जनालाई सेतो लुगामा देखेको छु, उनीहरुले मुहम्मद ﷺ लाई लगिरहेका छन् र उहाँलाई सुताएर उहाँको छाती च्याति रहेका छन् , त्यसको भनाइ सकिने भन्दा पहिला नै हलीमा दौडन थालिन्, मुहम्मद ﷺ हक्काबक्का आफ्नो ठाउँमा उभिएको थिए, उहाँको अनुहारको रँग पनि पहेलो र फिका भइसकेको थियो, हलीमाले तुरुन्तै सोध्नु भयो कि के भएको? त उहाँले भन्नु भयो कि म ठिक छु , र त्यस पछि पुरा कथा

सुनाउनु भयो कि सेतो लुगामा आएको दुइजनाले मलाई लगेर मेरो छाती च्यातनु भयो, फेरि मुटु निकालनु भयो, र त्यसबाट एउटा कालो टुक्रा निकालेर फाल्नु भयो, फेरि चिसो पानीले मुटुलाई धुनु भयो, त्यस पछि फेरि मुटुलाई भित्र राखेर छातीमा हात फेर्नु भयो, फेरि ठाउँ छोडेर जानु भयो र अदृश्य हुनु भयो, हलीमाले मुहम्मद ﷺ लाई टेन्टमा ल्याईन् र अर्को दिन फजर हुने बित्तिकै मक्का ल्याइ, आमिना कहाँ पुर्याइ दिइन् बच्चा राख्ने उतसाहित हलीमालाई यस्तो समयमा देखेर आमेना अचम्म भइन्, र कारण सोधने भइन् , त हलीमाले छाती च्यातने घटना सुनाउनु भइन् ।

आमेना आफ्नो अनार्थ छोरा सँग बनि नज्जारमा उहाँको मामाहरु सित भेँट घाँटको लागि मदीना तिर लागिन् र केहि दिन त्यहिं बिताउनु भयो , मक्का फर्किने समय बाटोमा अबवा नामको ठाउँमा उहाँको देहान्त भयो, र त्यहिं धरतिको हवाला भइ, मुहम्मद ﷺ ले त्यहिं आफ्नो आमालाई बिदा गर्नु भयो, र त्यो समय मुहम्मद ﷺ को ऊमेर ६ बर्षको थियो, अब उहाँको सम्पूर्ण जिम्मेबारि उहाँको बाजे अब्दुल मुत्तलिबको थियो, तसर्थ अब्दुल मुत्तलिबले उहाँको पालन पोषन गर्नु भयो, उहाँको ख्याल राख्नु भयो, र उहाँ प्रति माया ग्राँसनु भयो, तर ८ बर्षको उमेरमा उहाँको बाजेको पनि देहान्त भइहाल्यो, त्यस पछि उहाँको काका अबुतालिबले गरिबी र अधिक सन्तानका बावजूद उहाँको पालन पोषन गर्नु भयो, उहाँको काका र उनकि श्रीमतिले उहाँलाई आफनै छोरा जस्तो मान्नु भयो, र यस

अनार्थ बच्चालाई पनि आफ्नो काका सँग धेरै माया भयो, उहाँको प्रार्थमिक प्रशिक्षण चाहिं यस्तो अवस्थामा भयो, सच्चाई र निष्ठा माथि हिर्कनु भयो, यहाँ सम्म कि सच्चाई र निष्ठा उहाँको पहिचान भइसकेको थियो, तसर्थ यदि कोहि यो भन्थ्यो कि निष्ठावान आयो वा सत्यवादी आयो भने मुहम्मद ﷺ नै बुझिन्थ्यो ।

जब नबी ﷺ अलिकति ठुलो हुनु भयो त जीवन्मा आफै माथि निर्भर हुने प्रयास गर्नु भयो र जीवीका कमाउनमा जुटि हाल्यो , श्रम र कमाइको यात्रा शुरु गर्नु भयो, र थोरै पैसामा कुरैशको केहि व्यक्तिहरुको बाख्रा चराउन थाल्नु भयो ।

उहाँले सिरयाको एउटा व्यापारि यात्रामा पनि भाग लिनु भयो, जसमा खदीजा बिन्ते खोवैलिदले धेरै पुँजी लगाएकि थीइन्, खदीजा एउटि धनी बिधवा महिला थिइन्, र यस यात्रमा उहाँको पुँजीको वकिल र जिम्मेबार उहाँको आफ्नो दास मैसरा थियो, रसूल ﷺ को बरकत र उहाँको निष्ठाको कारण खदीजालाई यस व्यापारमा निकै र धेरै फाइदा भयो, कहिले यस्तो भएको थिएन, तसर्थ उहाँले आफ्नो दास मैसरासित यस फाइदाको कारण सोधनु भयो, जवाफमा उसले भन्नु भयो कि मुहम्मद बिन अब्दुल्लाहले नै सामान लगाउने र बिकि गर्ने जिम्मेबारि लिएका थिए, मानिसहरुको भिड पनि धेरै संख्यामा भयो, त्यस कारण नै यति ठुलो फायदा भएको छ, उहाँले कसै सँग धोका गर्नु भएन, खदीजाले आफ्नो दास मैसराको कुरा ध्यान पुर्वक तरिकाले सुन्नु भयो, उहाँले पहिले देखि नै मुहम्मद बिन अब्दुल्लाहको बारेमा केहि कुराहरु जानी राखेकि

थिइन् र यस प्रकार मुहम्मद ﷺ उहाँलाई साह्रै मन् पर्नु भयो उहाँले मुहम्मद ﷺ सँग विवाह गर्ने प्रयास गर्नु भयो र उहाँको बिचार बारे जानकारी प्राप्त गर्नका लागि आफ्नो एउटि नातेदारलाई पठाउनु भयो, त्यति खेर नबी ﷺ को ऊमेर २५ बर्षको थियो, त्यो महिलाले आएर खदीजा तर्फबाट विवाहको प्रस्ताव राख्ने भइन् र नबी ﷺ ले त्यो प्रस्ताव स्विकार गर्नु भयो, विवाह सम्पन्न भयो, र दुवैलाई एक अर्काबाट खुशी प्राप्त भयो,

नबी ﷺ ले खदिजाको धनलाई बढाउनु भयो र त्यसमा आफ्नो अनुभव र सक्षम हुने प्रमाण पेश गर्नु भयो, धेरै बर्ष बित्यो, र खदीजालाई एक पछि एक गर्भ भएर बच्चाहरुको जन्म भयो, खदीजा द्वारा छोरिहरु मध्ये जैनब, रोकैया, उम्मे कुलसुम, र फातिमा भइन, र छोराहरु मध्ये कासिम र अब्दुल्लाह भए, तर यो दुवै छोराहरुको सानै उमेरमा मृत्यु भयो

## नुबुव्वत

मुहम्मद ﷺ ले जब उमेरको चालिसौं बर्षमा प्रवेश गर्नु भयो त मक्काको पुर्बमा एउटा पहाडमा हेरा नामको गुफामा एकलो बस्न थाले, त्यहाँ गएर लगातार केहि दिन र केहि राति सम्म अल्लाहको इबादत (पुजा) गर्न थाले, रमजान महीनाको २१ गते रातिको समयमा जब उहाँ गुफामा हुनु हुन्थ्यो र उहाँको उमेर ४० बर्ष पुगिसकेको थियो त देवदुत हजरत जिब्रईल عليه السلام प्रकट हुनु भयो, र भन्नु भयो पढ, त उहाँले भन्नु भयो मलाई पढन

आउँदैन, जिब्रईल عليه السلام ले दोश्रो र तेश्रो पटक त्यहि दोहरियाउनु भयो र तेश्रो पटक भन्नु भयो:

اقْرَأْ بِاسْمِ رَبِّكَ الَّذِي خَلَقَ (١) خَلَقَ الإِنْسَانَ مِنْ عَلَقٍ (٢) اقْرَأْ وَرَبُّكَ الأَكْرَمُ (٣) الَّذِي عَلَّمَ بِالقَلَمِ (٤) عَلَّمَ الإِنْسَانَ مَا لَمْ يَعْلَمْ (٥) ﴾. [العلق].

आफ्नो पालनकर्ताको नाम लिएर पढ, जसले सृष्टि गर्यो, जसले मानिसलाई रगतको थोपबाट बनायो, तिमी पढदै गर, तिम्रो पालनकर्ता धेरै दयावान छ, जसले कलमको माध्यमबाट शिक्षा प्रदान गर्यो, जसले मानिसलाई त्यो ज्ञान प्रदान गर्यो जुन् उसले थाहा थिएन ।

फेरि जिब्रईल عليه السلام त्यहाँबाट फर्किनु भयो, रसूल ﷺ ले हेरा गुफामा त्यस भन्दा अधिक बसने साहस गर्न सकेनन, तसर्थ आफ्नो घर तिर फर्कि हाल्नु भयो, र आफ्नो श्रीमति खदीजाको निकट यस्तो अवसथामा जानु भयो कि मुटुको धडकन साह्रै तेज भएको थियो, र श्रीमतिलाई भन्नु भयो «मलाई च्यादर उढाइ देउ, मलाई च्यादर उढाइ देउ» त उहाँको श्रीमति च्यादर उढाइ दिनु भयो, यस प्रकार भयबाट अलि मुक्त हुनु भयो र त्यस पछि खदीजालाई घटनाको तपसिल बताउनु भयो र भन्नु भयो कि «मलाई आफ्नो ज्यानको डर लागिरहेको छ » त खदीजाले भन्नु भयो कि «कतापी यस्तो हुदैन, अल्लाहको कसम, अल्लाहले कहिले पनि तपाईलाई नीच र अपमानित गर्दैन, तपाईले नातेदारहरुको ख्याल राख्दछौं, कमजोरको मद्दत गर्छौं, गरिबलाई

दान दिन्छौं, पाहुनालाई इज्जत र सम्मान प्रदान गर्छौं, र आपत्तिमा परेका व्यक्तिहरुलाई सहायता पुर्याने गर्छौं» ।

केहि समय पछि नबी ﷺ ले फेरि हेरा गुफामा गएर आफ्नो इबादत अर्थात पुजा जारि गर्नु भयो, र इबादत समाप्त गरेर मक्का वापस हुनको लागि गुफाबाट उतरिनु भयो, जब बीच खोलामा पुग्नु भयो त हजरत जिब्रईल عليه السلام प्रकट हुनु भयो, ऊ आकाश र धरति बीच कुर्सीमा बसेका थिए, हजरत जिब्रईल عليه السلام ले (वही) अर्थात पैगाम दिनु भयोः

يَاأَيُّهَا الْمُدَّثِّرُ* قُمْ فَأَنْذِرْ* وَرَبَّكَ فَكَبِّرْ* وَثِيَابَكَ فَطَهِّرْ* وَالرُّجْزَ فَاهْجُرْ

हे मुहम्मद ! लुगा बेर्नेवाला, उठ्नु र सावधान गर्नु, आफ्नो पालनकर्ताको महानता बयान गर्नु, र आफ्नो कपडालाई पवित्र राख्नु, र फेहरीपनालाई छाडि दिनु फेरि
त्यस पछि लगातार वही आउन थाल्यो ।

जब रसूल ﷺ ले इस्लामको प्रचार प्रसार शुरु गर्नु भयो त सबभन्दा पहिला उहाँको स्वासनी हजरत खदिजा رضي الله عنها नै मुस्लिम हुनु भयो, एउटै अल्लाहको गवाहि दिनु भयो र मुहम्मद ﷺ लाई अल्लाहको दुत र सन्देष्टा मान्नु भयो, त्यस पछि रसूल ﷺ ले आफ्नो प्रिय साथी अबुबकर رضي الله عنه लाई भन्नु भयो त उहाँले पनि कुनै शंका र संदेह बिना स्विकार गरेर ईमान ल्याउनु भयो, रसूल ﷺ को काका अबुतालिबले गरेको पालन पोषनको कारण उहाँले आफ्नो काका सँग वफादारि कायम राख्नु भयो र उहाँको एउटा छोरा अली رضي الله عنه लाई आफु सँग राखेर

उहाँको पालन पोषन गर्नु भयो र उहाँको सबै खर्चा बेहर्नु भयो, यस्तो वतावरणमा हजरत अली ﷺ लाई पनि सत्यताको पहिचान भयो र उहाँले इस्लाम स्विकारनु भयो, र त्यस पछि हजरत खदीजा رضي الله عنها को दास जैद बिन हारेसाले पनि इस्लाम स्विकारनु भयो

गुप्त रुपले नबी ﷺ आफ्नो निमन्त्रण जारि राख्नु भयो, मुस्लिमहरुले पनि आफ्नो इस्लामको खबर गुप्त नै राख्नु हुन्थ्यो, किन भने यदि कसैको बारेमा खबर भइहाल्थ्यो भने इस्लामबाट रोकनको लागि कुरैशले अनेकौ प्रकारको सजाय र यातना त्यसलाई दिने गर्थो ।

## खुल्लम खुल्ला प्रचार

रसूल ﷺ ले तीन बर्ष सम्म बेगला बेगलै गुप्त रुपले प्रचार गर्नु भयो, त्यस पछि अल्लाह तआलाले यो आयत अवतरित गर्नु भयो:

فَاصْدَعْ بِمَا تُؤْمَرُ وَأَعْرِضْ عَنِ الْمُشْرِكِينَ﴾ [الحجر:٩٤]

जुन् आदेश तपाइलाई प्राप्त भएको छ त्यो स्पष्ट रुपमा सुनाइ दिनुस, र मुशरिकहरु सँग मुख फर्काइ लिनुस ।

त्यस पछि नबी ﷺ ले एक दिन सफा पहाडिमा उभेर मक्कावासी हरुलाई संबोधित गर्नु भयो, धेरै मानिसहरु त्यहाँ जम्मा भए, तिनीहरु बीच मुहम्मद ﷺ को काका अबुलहब पनि थियो, र त्यो अल्लाह र रसूल ﷺ को ठुलो दुश्मन् अर्थात शत्रु थियो, तसर्थ जब मानिसहरु उपस्थित भइसके त रसूल ﷺ ले

उनीहरुलाई संबोधन गर्दै यो भन्नु भयो कि «यदि म यो भनौं कि यस पहाडको पछाडि दुश्मन्को एउटा टोली तिमीहरु माथि आक्रमणको लागि लुकेर बसेको छ त के तिमीहरु मेरो कुरा माथि विश्वास गर्छौं?» सबैले एकै स्वरमा भने कि हो, हामीले संधै तपाइलाई सच्चा र निष्ठावान पाएका छौं, त उहाँले भन्नु भयो कि «म तिमीहरुलाई ठूलो सजाय र यातनाबाट सावधान गर्दछु» त्यस पछि सबैलाई अल्लाह तिर आउने र मुर्ती पुजा छोड्ने निमन्त्रण पेश गर्नु भयो, तर सबैको वीचबाट अबुलहबले उभेर भन्यो कि तिमी बर्बाद होस, के तिमीले यसै कारण हामी सबैलाई एकत्रित गरेको? त अल्लाहले कुरआनमा कयामत सम्म पढिने एउटा सुरह अवतरित गर्नु भयो:

تَبَّتْ يَدَا أَبِي لَهَبٍ وَتَبَّ (١) مَا أَغْنَى عَنْهُ مَالُهُ وَمَا كَسَبَ (٢) سَيَصْلَى نَارًا ذَاتَ لَهَبٍ (٣) وَامْرَأَتُهُ حَمَّالَةَ الْحَطَبِ (٤) فِي جِيدِهَا حَبْلٌ مِنْ مَسَدٍ (٥)

अबुलहबको दुवै हात भाँचिए, र स्वयं त्यो पनि नष्ट भइहाल्यो, नत उसको सम्पत्ति उसको काम आयो, नत उसको कमाइ, ऊ शिघ्र नै प्रज्वलित आगोमा पर्ने छ र उसकि स्त्री पनि पर्नेछे, जसले दाउरा बोकनेवाली छे, उसको घाँटिमा खोजुरबाट बनाइएको डोरी हुनेछ ।

नबी ﷺ आफ्नो प्रचार प्रसार जारी राख्नु भयो, बरु मानिसहरुको बीचमा खुल्लम खुल्ला प्रचार गर्न थाल्नु भयो, काबाको नजिक पुगेर नमाज पढनु हुन्थ्यो, मानिसहरुको भिडमा उपस्थित हुन्थ्यो,

बजारमा आएर मुशरिकहरुलाई इस्लामको निमन्त्रण पेश गर्नु हुन्थ्यो, जस कारण उहाँले धेरै दुखः पाउनु भयो, र साथमा मुस्लिम भएको व्यक्तिहरु माथि पनि नासतिकहरुको अत्याचार बढदै गयो, यासिर, सोमैया, र उनी दुवैको छोरा अम्मार माथि भएको अत्याचार त मात्र एउटा नमुना हो, जसमा अम्मारको आमा बुवा दुवै सजायको पिडाले शहीद हुनु भयो, र सोमैया इस्लाममा प्रथम शहीद घोषित भइन,

त्यसतै बेलाल बिन रेबाह अलहबशी ﵁ ले ओमैया बिन खलफ र अबुजहलको हातबाट धेरै सजाय काटनु भयो, बेलाल ﵁ अबुबकर﵁ को माध्यमबाट इस्लाममा प्रवेश गरेका थिए, र जब उहाँको मालिक ओमैया बिन खलफलाई यस कुराको जानकारी भयो त उसले इस्लामबाट हटाउनको लागि हरेक प्रकारको सजाय प्रयोग गर्यो, तर उहाँले छोडेनन् बरु आफ्नो धर्मलाई समाति राख्नु भयो, उहाँलाई हत्कडी लगाएर मक्काबाट बाहिर लैजान्थ्यो, र तातो बलुवामा लेटाएर छातीमा ठुलो ढुँगा राख्ने गर्थ्यो, र त्यस पछि साथीहरु सँग मिलेर कोराले पिटन थाल्थ्यो, तर बेलाल ﵁ अहद, अहद, अर्थात अल्लाह एउटै हो भन्ने कुरा दोहरियाउने गर्नु हुन्थ्यो, यस्तै अवस्थामा अबुबकर ﵁ त्यहाँ आइ पुग्नु भयो, र औमयाबाट खरिद गरेर अल्लाहको बाटोमा आजाद गरिदिनु भयो ।

अत्याचारको यस्तो समयमा रसूल ﷺ को लागि समझदारी यही थियो कि मुस्लिमहरुलाई आफ्नो इस्लाम बारे कसैलाई नभन्ने

आदेश दिनु हुन्थ्यो, साथीहरु सँग लुकाएर भेँटनु हुन्थ्यो, किन भने यदि खुल्लम खुल्ला उनीहरु सँग भेँटनु भयो भने मुशरिकहरुले उनीहरुको बीच र उनीहरुले पाइरहेको शिक्षा र ज्ञानको बीच बाध्यता पुर्याउन सकनु हुन्थ्यो, र दुवै समुहमा भिडन्तको पनि समभावना थियो, र भिडन्तको अवस्थामा मुस्लिमहरु ब्र्बाद र समाप्त हुन सकनु हुन्थ्यो, किन भने उनीहरुको संख्या र उनीहरु सँग भएको हातहथियार थोरै थियो, यस्तो अवस्थामा लुकाएर गुप्त रहनु नै समझदारी र बुद्धिको कुरा थियो, तर रसूल ﷺ ले आफै हरेक प्रकारको कष्ट र दुखःका बावजूद खुल्लम खुल्ला मुशरिकहरुमा इस्लामको प्रचार गर्नु हुन्थ्यो, र अल्लाहको इबादत अर्थात उपासना गर्नु हुन्थ्यो ।

## हबशा तर्फ हिजरत (यात्रा)

यदि कसैले इस्लाम स्विकार गरेको छ भने भेद खुलिहाल्थ्यो र खास गरि कमजोर अवस्थाको व्यक्तिहरु माथि नासतिकहरुको लगातार अत्याचारका कारण सहाबाले अर्थात नबी ﷺ को साथीहरुले आफ्नो धर्म लिएर नज्जाशीको देश हबशा तिर गइहाल्ने अनुमति माग्नु भयो, जहाँ उनीहरु सुरक्षित हुने छन्, खास गरि यस्तो अवस्थामा कि अधिक मुस्लिमहरुलाई आफ्नो र आफ्नो परिवारको ज्यान खतरामा लागिरहेको थियो,

रसूल ﷺ ले पनि अनुमति प्रदान गर्नु भयो, यो घटना चाहिं नबी भएको पाँचौ बर्षमा भयो, र यस प्रकार सत्तरी ७० मुस्लिमहरु आफ्नो

परिवार समेत हिजरत गर्नु भयो, तिनीहरु मध्ये उसमान बिन अफान र उहाँ कि स्वासनी रोकैया बिन्ते रसूल ﷺ पनि थिइन,

तर कुरैशको व्यक्तिहरुले मुस्लिमहरुलाई हबशाबाट पनि निकालने प्रयास गर्नु भयो, त्यहाँका राजाको निम्ति धेरै उपहार पठाइयो, र ती शर्नार्थीहरुलाई सोम्पिने प्रस्ताव राख्नु भयो, र भन्नु भयो कि मुस्लिमहरु ईसा (जेसस कराइस्ट) र उहाँकि आमालाई गाली दिने गर्छन् , तर जब नज्जाशीले उनीहरुसित यस बारे सोध्नु भयो त उनीहरुले खुलासा गर्नु भयो कि ईसा عليه السلام को बारेमा कुरआन के भनिरहेको छ र सत्य कुरो चाहिं के छ , राजाले सुरहः मरयम सुन्नु भयो, र त्यस पछि मुस्लिम भइहाल्यो, त्यति मात्र होइन बरु आफ्नो इस्लामाको खुल्लम खुल्ला एलान गर्नु भयो, र कुरैशको प्रस्तावलाई ठोकियाउनु भयो, र मुस्लिमहरुलाई सुरक्षा प्रदान गर्नु भयो ।

त्यहि बर्ष रमजानको महिनामा नबी ﷺ ले हरममा मान्छेहरुको बीच पुगेर सुरह नजम पढन थाल्नु भयो, त्यहाँ अधिक संख्यामा कुरैशको व्यक्तिहरु जम्मा भएका थिए, नासतिकहरु संधै एक अर्कालाई रसूल ﷺ को कुनै पनि कुरा नसुन्ने सुझाउ दिने गर्थे, त्यस कारण यस भन्दा पहिला उनीहरुले अल्लाहको भनाइ अर्थात कुरआन सुनेकै थिएनन्, तर जब उनीहरुले यो सुरह सुन्नु भयो त उनीहरुलाई अचम्म लाग्यो, उनीहरुको कानमा अल्लाहको यस्तो मिठो आवाज गुँज्यो कि सबै ध्यान पुर्वक तरिकाले कुरआन सुन्न थाले, सबैले होश गुमाउनु भयो, कसैको

मन्मा त्यस बाहेक अरु कुनै कुराका जग्गा नै थिएन, यहाँ सम्म कि नबी ﷺ ले जब यो पढनु भयो

فَاسْجُدُوا لِلّٰهِ وَاعْبُدُوا [النَّجم:٦٢]

अल्लाह कै लागि सजदा गर र उसैको पुजा उपासना गर ।

त उहाँले सजदा गर्नु भयो र उहाँ सँग सबैले सजदा गर्नु भयो, किन भने कोहि आफ्नो काबुमा नै थिएन ।

कुरैशले नबी ﷺ को बिरुद्ध युद्ध जारी राख्नु भयो, र यसका लागि अनेकौं प्रकारको हतकण्डा प्रयोग गर्नु भयो, सजाय दिनु भयो, अत्याचार गर्नु भयो, धमकी दिनु भयो, लालच दिनु भयो, तर यस सबै प्रयासको बावजूद इस्लाम बलियो हुदै गयो, र मुस्लिमहरुको संख्या बढदै गयो, त्यस पछि उनीहरुले इस्लामको बिरुद्ध एउटा अर्को उपाय सोच्नु भयो, उनीहरुले एउटा दसतावेज लेख्नु भयो जसमा सबैले आफ्नो हस्ताक्षर दिनु भयो, र त्यसलाई काबाको भित्तामा टाँस्नु भयो, जसमा उनीहरुले मुस्लिम र बनू हाशीमको पुर्ण रुपले बाइकाट गर्ने प्रतिज्ञा लिएका थिए कि उनीहरु सँग खरिद बिक्री नगर्ने, विवाह नगर्ने, कुनै प्रकारको सहायता प्रदान नगर्ने, र कुनै प्रकारको व्यवहार नराख्ने,

मुस्लिमहरु बाध्य भएर मक्काबाट निस्कनु भयो र शेअबे अबितालिब नामको एउटा डाडामा गएर बस्नु भयो, र त्यहाँ मुस्लिमहरुले धेरै कष्ट उठाउनु भयो, भुक र अनेकौं प्रकारको दुखः भोग्नु भयो, धनी व्यक्तिहरुले त आफ्नो अधिक धन सम्पत्ति

त्यहिं लुटाइ दिनु भयो, खदिजा رضي الله عنها ले त आफ्नो पुरै धन लुटाइ दिनु भयो, उनीहरुको बीच अनेकौं प्रकारको रोग सरन थाल्यो, धेरै व्यक्तिहरुको त मरने अवस्था भएको थियो, तर उनीहरुले हिम्मत र साहसले काम लिनु भयो, एउटा व्यक्तिले पनि इस्लाम छोडनु भएन, यो बाइकाट चाहिं तीन साल सम्म चलदै गयो, त्यस पछि कुरैशको केही ठुलो व्यक्तिहरुले जसको बनूहाशीम सँग नाता थियो उनीहरुले यस प्रतिज्ञा र वचनलाई तोडनु भयो र सम्पूर्ण सभामा यसको घोषणा गर्नु भयो, दस्तावेजलाई जब निकालेर हेर्नु भयो त के हेर्नु हुन्छ कि किराहरुले त दस्तावेजलाई खाइसकेका छन मात्र باسمك اللهم हे अल्लाह तपाई कै नामबाट शुरु गर्दछु को शब्द बाँकि थियो, र यस प्रकार संकटको समय समाप्त भयो, र मुस्लिम र बनू हाशीम फर्केर फेरि मक्का आउनु भयो, तर कुरैश अझै आफ्नो मुस्लिम बिरुद्ध अत्याचारि बिचार माथि कायम नै थिए ।

## दुखद बर्ष

नबी ﷺ को काका अबुतालिबको शरिरमा रोग सर्न थाल्यो, ओछ्यानबाट उठ्ने शक्ति जवाफ दिइ हाल्यो, र चांडै अन्तिम समय पनि आइ पुग्यो, मृत्यु भन्दा पहिला उहाँको सिर्हानामा रसूल ﷺ ले «लाइलाह इल्लल्लाह» भनिदिने गोहार लगाइ राख्नु भयो , तर त्यहाँ उपस्थित अबुतालिबको पापी साथीहरुले जसको प्रधान व्यक्ति अबुजहल थियो मनाहि गर्नु भयो , र भन्नु भयो , के तिमी आफ्नो पुर्वजको धर्म छोडि दिन्छौ ? के तिमी

अब्दुल मुत्तलिबको धर्म छोडिदिन्छौ ? उनीहरुले लगातार यस्तो भन्दै गए यहाँ सम्म कि अबुतालिबको मृत्यु शिर्क कै अवस्थामा भइहाल्यो

र यस कारण रसूल ﷺ लाई दोहरो दुखः भयो कि उहाँको काकाको मृत्यु कुफरको अवस्थामा भयो, अबुतालिबको मृत्युको लगभग दुइ महिना पछि हजरत खदिजा رضي الله عنها को पनि देहान्त भइहाल्यो, रसूल ﷺ धेरै दुखी हुनु भयो, उनी दुवैको मृत्यु पछि त कुरैशको अत्याचार पनि रसूल ﷺ माथि साह्रै बढन थाल्यो ।

## रसूल ﷺ ताएफमा

मुस्लिमहरु माथि कुरैशको अत्याचार र अन्याय दिन प्रति दिन बढदै गयो, त्यस कारण रसूल ﷺ ले ताएफ जाने बिचार गर्नु भयो, उहाँले सोच्नु भयो कि शायद अल्लाह तआला उनीहरुलाई इस्लामको बाटो देखाउँ छन, ताएफ जानु कुनै सजिलो कार्य थिएन, ताएफको चारै तिर ठुल ठुला पहाडका कारण त्यहाँको बाटो धेरै कठिन् थियो, तर ताएफवासीहरुले नबी ﷺ लाई एकदमै नराम्रो तरिकाले सामुना गरि उहाँलाई ठोकियाउनु भयो, उहाँको कुरा पनि सुन्नु भएनन, बरु उहाँलाई धुत्कारनु भयो, र दुष्कर्मी केटाहरुलाई उहाँको पछाडि लगाइदिनु भयो, पापी केटाहरुले उहाँ माथि ढुँगा हिडकाएर उहाँको खुट्टालाई घायते पार्नु भयो, रसूल ﷺ निराश र दुखद भएर मक्का तिर फर्किन लागनु भयो, त्यहि समय जिब्रईल عليه السلام र पहाडको फरिशता (

देवदुत) प्रकट हुनु भयो, र जिब्रईल ﷺ ले भन्नु भयो कि «अल्लाह तआलाले तपाईको सेवामा पहाडको फरिशतालाई पठाउनु भएको छ , तपाई जे चाहन्छौं आज्ञा दिनुस» त्यस पछि पहाडको फरिशताले भन्नु भयो «हे मुहम्मद ! यदि तपाई चाहन्छौं भने म अखशबैन (मक्काको दुइटै पहाडको नाम) लाई एक अर्का सँग मिलाइ दिन्छु र बीचमा उनीहरुलाई पीस दिन्छु» त रसूल ﷺ ले भन्नु भयो «बरु म आशा गर्दछु कि अल्लाह उनीहरको कोखबाट यस्तो सन्तान जन्म दिन्छन् जुन् मात्र एक अल्लाहको उपासना गर्ने छन् र उहाँको उपासनामा कुनै प्रकारको मिश्रण गरिदैनन्» । रसूल ﷺ को साहस र दयाको यो एउटा महान र ठुलो नमुना हो ।

## चंद्रमा च्यातिएको चमतकार

रसूल ﷺ र नासतिकहरु बीच झगडाको जुन् मुद्दाहरु थिए त्यस मध्ये एउटा यो पनि थियो कि उनीहरुले रसूल ﷺ सित आफ्नो दुतावासलाई प्रमाणित गर्नका लागि चमत्कारको माँग गर्दै थिए, र धेरै पटक उनीहरुले आफ्नो यो माँग राखेका थिऐ, एक चोटि उनीहरुले चंद्रमालाई दुइ भागमा बिभाजित गरिदिने प्रस्ताव राखे, त रसूल ﷺ ले आफ्नो पालनकर्ता अल्लाह सित प्रार्थना गर्नु भयो, र अल्लाहले उनीहरुलाई दुई भागमा बिभाजित भएको चंदरुमा प्रत्यक्ष रुपले देखाउनु भयो, कुरैशले यो प्रमाण लामो समय सम्म हेर्नु भयो, तर पनि उनीहरुले इस्लाम स्विकार

गरेनन्, बरु भन्नु भयो कि मुहम्मदले हामीहरुलाई जादु गरिदिएको छ, तिनीहरु मध्ये एक व्यक्तिले भन्नु भयो कि यदि मुहम्मदले तिमीहरुलाई जादु गरेको छ भने संसारको सबै व्यक्तिलाई जादु गर्नु सम्भव छैन, तसर्थ भर्मणमा गएको व्यक्तिहरुको प्रतिक्षा गर, जब भर्मणमा गएको व्यक्तिहरुले फर्केर वापिस मक्का आउनु भयो, त उनीहरु सित सोध पुछ भयो, र उनीहरुले पनि भन्नु भयो कि हो हामीले पनि यस्तो हेरेका छौं, तर त्यसका बावजूद पनि कुरैशले इस्लाम स्विकार गरेनन् बरु आफ्नो कुफर माथि डटि रहनु भयो ।

## इसरा र मेअराज

रसूल ﷺ ताएफबाट फर्कनु भयो र त्यहाँ जस्तो व्यवहारको सामुन्ना गर्नु भयो, त्यस पछि अबुतालिबको देहान्त भयो, फेरि हजरत खदिजा رضي الله عنها को देहान्त, र साथमा मुस्लिमहरु माथि कुरैशको बढदो अत्याचारको कारण रसूल ﷺ धेरै चिन्तित हुनु भयो, र यस्तो अवस्थामा अल्लाह तआलाले उहाँलाई धैर्य दिनु भयो, तसर्थ एक चोटि रातको समयमा जब रसूल ﷺ सुतिरहनु भएको थियो, हजरत जिब्रईल عليه السلام बुर्राक लिएर प्रकट हुनु भयो, बुर्राक भनेको घोडा जस्तै एउटा जनावर हो जसको दुइवटा पखेटा हुन्छ र बिजुली जस्तो तेज गतिमा हिंडने क्षमता हुन्छ, जिब्रईल عليه السلام ले रसूल ﷺ लाई त्यस माथि सवार गर्नु भयो, र फलसतीनमा बैतुल मक्दिस लग्नु भयो, फेरि त्यहाँबाट आकाशको यात्रा गर्नु भयो, यात्रामा रसूल ﷺ ले आफ्नो

पालनकर्ताको धेरै चिन्हहरु हेर्नु भयो, र त्यहिं आकाश मै पाँच चोटि नमाजको आदेश भयो, र सन्तुष्टि र विशवासका साथ त्यहि रात फर्केर मक्का पनि आउनु भयो, यस बारे अल्लाह तआलाले भन्नु भएको छ :

سُبْحَانَ الَّذِي أَسْرَى بِعَبْدِهِ لَيْلًا مِنَ الْمَسْجِدِ الْحَرَامِ إِلَى الْمَسْجِدِ الْأَقْصَى الَّذِي بَارَكْنَا حَوْلَهُ لِنُرِيَهُ مِنْ آيَاتِنَا إِنَّهُ هُوَ السَّمِيعُ الْبَصِيرُ﴾ [الإسراء:١]

त्यो अल्लाह अत्यन्त पवित्र छ , जसले एकै रातमा आफ्नो भक्तलाई मस्जिदुल हराम अर्थात काबाबाट मस्जिदुल अकसा अर्थात बैतुल मक्दिस सम्म लैजानु भयो, जसको चारै तिर मैले बरकत अर्थात उन्नति दिइराखेको छु, ताकि हामी उसलाई आफ्नो केहि निशानीहरु देखाऔं, निसन्देह अल्लाह नै धेरै सुन्नेवाला र देख्नेवाला छ ।

त्यसको बिहान रसूल ﷺ ले काबा तिर गए, र रातिमा जे जे भएको थियो सबै मान्छेहरुलाई सुनाउन थाले, नासतिकहरुले उहाँलाई अरु पनि झुटो भन्न थाले, र उहाँको अपमान गर्न लागे केहि उपस्थित व्यक्तिहरुले त उहाँलाई विवश र असफल गर्नको लागि बैतुल मक्दिसको एक एक तपसिल सोध्न थाले, र उहाँले हरेक प्रशनको ठिक उत्तर दिनु भयो, तर यी सबै सोध पुछको बावजूद पनि नासतिकहरुलाई सन्तुष्टि भएन त उनीहरुले भने कि हामीलाई कुनै अर्कै प्रमाण चाहियो, त रसूल ﷺ ले भन्नु भयो कि बाटोमा म एक टोली सँग भेँटेको छु जुन् मक्का तिर आइ रहेको छ, र त्यस पछि उहाँले पुरा तपसिल भन्नु भयो कि

उनीहर कस्तो छन्? टोलीमा ऊँटको संख्या कति छ ? र उनीहरु कहिले आइपुगने छन् ?  रसूल ﷺ ले भनेको सबै कुरा प्रमाणित भयो, त्यसका बावजूद पनि नासतिकहरुले विशवास गरेनन् बरु आफ्नो कुफर र शत्रुता माथि कायम थिए, र त्यहि बिहान जिब्रईल ﵇ ले आएर रसूल ﷺ लाई पाँचौ नमाजको तरिका र समयको बारेमा जानकारी दिनु भयो, त्यस भन्दा अघि मात्र बिहान दुई रकअत र दिउँसो दुइ रकअत नमाज पढने गर्नु हुन्थ्यो ।

जब सत्यको बिरुद्धमा कुरैश धेरै कठोर हुनु भयो त यस अवधिमा रसूल ﷺ ले बाहिरबाट मक्कामा आएको व्यक्तिहरुलाई आफ्नो प्रचार प्रसारको निसाना बनाउनु भयो, उनीहरुको टेन्टमा र उनीहरुले संघठित भएको ठाउँहरुमा गएर उनीहरु सित भेँट घाँट गरि उनीहरुलाई इस्लामको बारेमा बताउनु भयो, तर उहाँको काका अबुलहब उहाँको पछि पछि जान्थ्यो र मानिसहरुलाई उहाँबाट र उहाँको कुराबाट सचेत गर्थ्यो, एक चोटि रसूल ﷺ मदीनाको एउटा टोलीमा आउनु भयो, र उनीहरुलाई इस्लामको निमन्त्रण पेश गर्नु भयो, उनीहरुले रसूल ﷺ को कुरा ध्यान पुर्वक तरिकाले सुन्नु भयो, र उहाँको अनुसरण गर्ने र उहाँ माथि इमान ल्याउने कुरामा सहमत हुनु भयो, यहुदीहरु द्वारा मदीनावासीहरु यो कुरा सुन्दै आएका थिये कि एउटा नबी अझै आउने छ र त्यसको समय पनि नजिक भइसकेको छ, त्यस कारण जब रसूल ﷺ ले उनीहरुलाई

इस्लामको निमन्त्रण पेश गर्नु भयो त उनीहरुलाई विशवास भइसक्यो कि यहुदीहरुले भनेको नबी यही हो, र यस प्रकार छिटै उनीहरु मुस्लिम हुनु भयो, र एक अर्कालाई सल्लाह दिनु भयो कि यस कार्यमा यहुदी तिमीहरु भन्दा अगाडि न भइहालुन, उनीहरु ६ जना हुनु हुन्थ्यो, अर्को बर्ष मदीनाबाट १२ व्यक्ति आउनु भयो, र रसूल ﷺ सँग बसेर इस्लामी शिक्षा प्राप्त गर्नु भयो, उनीहरु जब मदीना फर्किन लागे त रसूल ﷺ ले कुरआन सिखाउनको लागि र धर्मको शिक्षा प्रदान गर्नका लागि साथमा मुसअब बिन ओमैरलाई पनि पठाउनु भयो, र अल्लाहको कृपाले मदीनाको समाजमा परिवर्तन ल्याउने कर्ममा मुसअब बिन ओमैर ﵁ चाहिं सक्षम हुनु भयो, तसर्थ अर्को बर्ष जब मक्का फर्केर आउनु भयो त साथमा मदीनावासीहरु मध्ये ७२ पुरुष र दुई महिला हुनु हुन्थ्यो, नबी ﷺ उनीहरु सँग बसनु भयो र इस्लामको मद्दत गर्ने र त्यसको जिम्मेबारी उठाउने कुराको शपथ लिनु भयो, र त्यस पछि उनीहरु फेरि मदीना फर्केर जानु भयो ।

## प्रचार प्रसारको नयाँ स्थल

सत्य र सत्यवादिहरुको लागि मदीना एउटा सुरक्षित ठाउँको रुपमा प्रकट भयो, त्यस कारण सबै मुस्लिमहरु त्यहाँ हिजरत अर्थात यात्रा गर्न थाले, तर कुरैशले मुस्लिमहरुलाई हिजरत गर्न नदिने ठान्नु भएका थिए, त्यस कारण हिजरत गर्ने व्यक्तिहरु मध्ये केहि व्यक्तिहरु धेरै प्रकारको दुखः र कष्ट उठाउनु भयो,

कुरैशको डरले मुस्लिमहरु लुकेर हिजरत गर्नु हुन्थे, अबुबकर सिद्दीक رضي الله عنه चाहिं जहिले पनि रसूल ﷺ सित हिजरतको अनुमति माँग्नु हुन्थे त रसूल ﷺ ले भन्नु हुन्थे कि «हतार नगर, शायद अल्लाह तिम्रो कुनै साथी बनाउने छ» यहाँ सम्म कि अधिकतम् मुस्लिमहरु हिजरत गरि सक्नु भयो ।

जब कुरैशले मुस्लिमहरुलाई हिजरत गरेर मदीनामा एकत्रित हुँदै हेरे त उनिहरु त पागलै हुनु भए, मुहम्मदको मामला र उहाँको निमन्त्रणलाई सफल हुने खतरा महसुस गर्नु थाले, त्यस कारण उनिहरुले यस बिषयमा एकअर्का सँग सल्लाह बिचार लिए, र सबैको सहमतिले रसूल ﷺ को हत्या गरिने योजना बनाउनु बनाए, अबुजहलले भन्यो कि मेरो बिचारमा हरेक कुलको एक युवकलाई एउटा तरवार दिनु पर्छ र त्यो सबै युवकले मिलेर मुहम्मदको घेराउ गरि सबैले एक साथ मुहम्मदको हत्या गर्नु पर्छ, र यस प्रकार त्यसको हत्याको जिम्मेबारि सबै कुल माथि हुन्छ र बनू हाशीम (रसूल ﷺ को कुल) एकलो सबै कुलहरु सँग शत्रुता मोल लिनमा सक्षम हुँदैन,

तर अल्लाह तआलाले आफ्नो नबी मुहम्मद ﷺ लाई यस षडयन्त्रको खबर दिइहाल्नु भयो, र अल्लाह द्वारा हिजरतको अनुमति पाए पछि उहाँले अबुबकर सिद्दीक رضي الله عنه सँग हिजरतको योजना बनाउनु भयो, उहाँले रातको समयमा हजरत अलीलाई आफ्नो ओछ्यानमा सुतने आदेश दिनु भयो, ताकि सबैलाई यो महसुस होस कि मुहम्मद घरमै हुनु हुन्छ ।

षडयन्त्रकारिहरुले आएर रसूल ﷺ को घरको घेराउ गरे, र ओछ्यानमा हजरत अली ؓ लाई हेरेर उहाँलाई मुहम्मद ﷺ नै बुझ्े, र निसकने बित्तिकै सबै एक साथ आक्रमण गरि हत्या गर्नका लागि प्रतिक्षा गर्न थाले, यता घेराउको समयमा रसूल ﷺ उनीहरुको टाउकोमा माटो हालेर उनीहरुको बीचबाट निस्कनु भयो,

अल्लाह तआलाले उनीहरुको देख्ने क्षमता छिनिसकेको थियो, र त्यस कारण उनीहरुलाई केहि महसुस भएन, रसूल ﷺ अबुबकर ؓ को घर जानु भयो र त्यहाँबाट दुवैजना एक साथ मदीना तिर लाग्नु भयो, बाटोमा सौर नामको गुफामा लुकाउनु भयो, कुरैशको युवकहरु बिहान सम्म प्रतिक्षामा बसनु भयो, तर जब बिहान भयो त रसूल ﷺ को ओछ्यानबाट अली ؓ उठ्नु भयो, उनीहरुले अचम्म भएर रसूल ﷺ को बारेमा सोध पुछ गर्नु भयो तर अली ؓ ले केहि भन्नु भएनन्, उनीहरुले हजरत अली ؓ लाई कुट पीट गरे घिर्सियाए तर केहि फाइदा भएन, त्यस पछि कुरैशले हरेक दिशामा रसूल ﷺ लाई खोजन थाले, र जसले मुहम्मदलाई जिउँदो वा मुर्दो ल्याउँछ भने त्यसले १०० ऊँट पाउँछ भने घोषणा पनि गरे,

रसूल ﷺ र उहाँको साथीले लुकेको गुफा सम्म खोजीहरु पुगे, यहाँ सम्म कि यदि कोहि आफ्नो पाइला तिर हेरेको हुन्थ्यो भने दुवैलाई देखि हाल्थ्यो, यस्तो अवस्थामा हजरत अबुबकर ؓ रसूल ﷺ को लागि धेरै चिन्तित हुनु भयो, त नबी ﷺ ले भन्नु

भयो «तिमी उनी दुवै जनाको बारेमा के सोचदछौं जसको तेश्रो संवय अल्लाह छ, चिन्ता नगर अल्लाह हाम्रो साथ छ»
कुरैशले उनीहरुलाई हेरेनन्, उनीहरु तीन दिन् सम्म गुफामा बसनु भयो, त्यस पछि मदीना तिर हिंडनु भयो, यात्रा लामो थियो, कडा घामको समय थियो, अर्को दिन बाटोमा उम्मे माबद भनेकि एउटि महिलाको टेन्ट फेला पर्यो र ऊ सित खाने पीउने कुरा माँग्नु भयो, तर त्यसको घरमा एउटि पातलो भेडि बाहेक अरु केहि पनि थिएन, र त्यो भेडि कमजोरिका कारण चरन गएको थिएन, त्यसको थन्मा दुधको एक बुँद पनि थिएन, रसूल ﷺ त्यहाँ गएर त्यसको थन् माथि हात फेर्नु भयो र दुध आउन थाल्यो, त्यस पछि दुध दुहेर एउटा ठुलो भाँडो भर्नु भयो, यस्तो चमतकार देखेर उम्मे माबद अचम्म भइ, सबैले पेट भरि दुध पिउनु भयो, फेरि अर्को चोटि दुध दुहेर भाँडो भरनु भयो र उम्मे माबदको लागि छाडि दिनु भयो, र आफ्नो बाटो हिंडन थाल्नु भयो ।

मदीना वासीहरु नबी ﷺ को आगमन्को प्रतिक्षा गरि रहनु भएको थिए, प्रत्येक दिन मदीनाबाट बाहिर गएर उहाँको प्रतिक्षामा बसनु हुन्थ्यो, तसर्थ जब उहाँको पुगने दिन भयो त धेरै खुशीका साथ स्वागत गर्दै आउनु भयो, नबी ﷺ मदीनाको नजिक कुबामा उतरिनु भयो, र चार ४ दिन् सम्म त्यहिं बस्नु भयो, त्यस बीच मस्जिदे कुबाको स्थापना पनि गर्नु भयो, र त्यहि इस्लाममा बनाइएको पहिलो मस्जिद भयो, पाँचौ दिन

मदीना तिर लाग्नु भयो, अन्सारको धेरै व्यक्तिहरुले रसूल ﷺ लाई आफ्नो पाहुना बनाउने र यस्तो शुभ अवसर प्राप्त गर्ने मौका खोजदै थिए ऊँटनीको लगाम थामने गर्नु हुन्थ्यो तर रसूल ﷺ सबैलाई धन्यवाद भनेर यो भन्नु भयो कि «त्यसलाई छाडिदेउ त्यसले आज्ञा पाइ सकेकि छ» तसर्थ जब ऊँटनी त्यो ठाउँमा पुग्ने भइ जहाँ अल्लाहको आज्ञा थियो त त्यहाँ बसने भइ, तर रसूल ﷺ उतरिनु भएन, त्यस पछि ऊँटनी फेरि उभेर अलिकति हिंडने भइ तर फर्केर फेरि वापस त्यहिं बसने भइ जहाँ प्रथम चोटि बसेकि थी, त्यस पछि रसूल ﷺ उतरिनु भयो, र त्यहि मस्जिदे नबवीको ठाउँ भयो, र नबी ﷺ अबु अैयुब अनसारि رضي الله عنه को घरमा ठहरिनु भयो ।

यता हजरत अली बिन अबुतालिब رضي الله عنه नबी ﷺ को पशचात तीन दिन सम्म मक्कामा बस्नु भयो, र त्यस बीच नबी ﷺ को सुरक्षामा राखिएको मान्छेहरुको सामान र समपत्ति उनीहरुलाई फिर्ता गर्नु भयो, र त्यस पछि मदीना हिंडनु भयो र कुबामा रसूल ﷺ लाई पाइ हाल्नु भयो ।

## नबी ﷺ मदीनामा

नबी ﷺ ले ऊँटनी बसेको ठाउँ त्यसको मालिकबाट किनेर त्यसमा मस्जिद निर्माण गर्नु भयो, र मोहाजिर (मक्काबाट आएको साथीहरु) र अन्सार (मदीनाको मुस्लिमहरु) बीच भाइको नाता जोडनु भयो, हरेक अन्सारीलाई एक मोहाजिरको भाइ बनाउनु भयो, जुन् उसको

धन र समपत्तिमा भागिदार हुन्थ्यो, र यस प्रकार मोहाजिर र अन्सार एक अर्का सँग मिलेर काम शुरु गर्नु भयो, र आपसमा भाइचारा बढदै गयो ।

मदीनामा यहुदीहरु सँग कुरैशको निकै सम्बन्ध थियो, उनीहरु द्वारा कुरैशले मुस्लिमहरुको बीचमा फुट डालने प्रयास गर्नु हुन्थ्यो, र यति मात्र होइन बरु कुरैशले त मुस्लिमहरुलाई समाप्त र नष्ट गर्नको पनि धम्कि दिने गर्नु हुन्थ्यो, तसर्थ मुलिमहरुलाई बाहिर र भित्र दुवै तर्फबाट खतरा थियो, मामला यति गमभिर भयो कि रसूल ﷺ को साथीहरु रातमा सुतने समय पनि साथमा हतियार राख्न थाले, यस्तो कठिन प्रस्तिथीमा अल्लाह तआलाले युद्धको अनुमति प्रदान गर्नु भयो, त्यस पछि रसूल ﷺ ले दुशमनको कयाकलापको जानकारिको लागि सैनिक टोली पठाउन थाल्नु भयो, र त्यस्तै उनीहरु माथि दबाउ डालनका लागि र आफ्नो क्षमता र शक्ति प्रमाणित गर्नका लागि व्यापारि टोलीहरुलाई पनि निशाना बनाउन लागे, ताकि उनीहरु सँग समझौता होस र इस्लाम माथि हिंडने र त्यसको प्रचार प्रसार गर्ने कर्ममा सवतन्त्रता प्राप्त होस, जस्तो कि केहि कुलहरु सँग रसूल ﷺ ले संवय बार्ता र समझौता गर्नु भयो ।

## बद्रको ठुलो युद्ध

एक समयमा रसूल ﷺ ले सिरियाबाट फर्कदै आएको कुरैशको एउटा व्यापारि टोलीको सामुन्ना गर्ने बिचार गर्नु भयो, र त्यसका लागि ३१३ मानिसहरुको साथ निसकनु भयो, साथमा दुइवटा घोडा

र ७० ऊँट थिए, कुरैशको टोलीमा एक हजार ऊँट थिए, र अबुसुफियान उनीहरुको नेता र अगुवा हुनु हुन्थ्यो, टोलीमा जम्मा ४० जना थिए,

तर अबुसुफयान लाई मुस्लिमहरुको कारवाहि बारे थाहा भइसक्यो, र प्रस्तिथीको खबर मक्कावासीहरुलाई छिटै पठाइ दियो, र मद्दतको गुहार लगाउनु भयो, र बाटो काटेर अर्कै बाटोमा लागनु भयो, र यस प्रकार मुस्लिमहरुको फेलामा पर्नु भएन, यहाँ कुरैशले एक हजार लडाकु सैनिक लिएर निस्कनु भयो, बाटोमा अबुसुफयानको सन्देष्टाले आएर टोलीको सुरक्षित हुने खबर दिनु भयो, र वापस मक्का फर्किने सल्लाह पनि दिनु भयो, तर अबुजहल यस कुराबाट सहमत भएन र अगाडि हिंडदै गयो ।

यता रसूल ﷺ लाई जब कुरैशको निस्कने बारे जानकारि भयो त साथीहरु सँग सल्लाह लिनु भयो, र नासतिकहरु सँग भिडन्त गर्ने कुरामा सबैले सहमति व्यक्त गर्नु भयो, हिजरतको दोश्रो बर्ष १७ रमजानको बिहान दुवै समुहमा भिडन्त भयो, र मुस्लिमहरुको विज्यताका साथ युद्ध समाप्त भयो, मुस्लिमहरु मध्ये १४ व्यक्ति शहीद हुनु भयो, र नासतिकहरु मध्ये ७० व्यक्तिको हत्या भयो, र त्यस्तै अर्को ७० व्यक्ति बन्दी भए, युद्ध कै समयमा रसूल ﷺ को छोरि हजरत उसमान बिन अफान رضي الله عنه को स्वासनी रोकैया رضي الله عنها को देहान्त भयो, उहाँको श्रीमान हजरत उसमान رضي الله عنه युद्धमा भाग लिनु भएनन् बरु आफनो बिरामी श्रीमति सँग रसूल ﷺ को

आज्ञा अनुसार त्यहिं मदीनामा बस्नु भयो, र युद्ध पछि रसूल ﷺ ले हजरत उसमान رضي الله عنه सँग आफ्नो अर्को छोरि उम्मे कुलसुम رضي الله عنها लाई विवाह गर्नु भयो, यस कारणले हजरत उसमान رضي الله عنه लाई जुन्नुरैन भनिन्छ , किन भने उहाँले रसूल ﷺ को दुइवटा छोरि सँग विवाह गर्नु भएको छ ।

बद्रको युद्ध पछि अल्लाहको मद्दत प्रति खुशी व्यक्त गर्दै मुस्लिमहरु मदीना वापस फर्किनु भयो, साथमा बन्दी बनाइएको व्यक्तिहरु र दुशमनबाट प्राप्त भएको माल पनि थियो, बन्दीहरु मध्ये कसैले पैसा दिएर छुटनु भयो, कसैले बिना पैसाको सित्तैमा छुटनु भयो, र कसैले बदला मुस्लिमहरुको १० वटा बच्चाहरुलाई लेखन पढन सिखाउनु भयो ।

## ओहदको युद्ध

बद्रको युद्धको एक बर्ष पछि मुस्लिम र काफिरहरुको बीच ओहदको युद्ध भयो, बद्रको युद्धमा प्राजित भएको नासतिकहरुले मुस्लिमहरु सँग बदला लिन खोज्नु भयो, र यसका लागि तीन हजार लडाकु सैनिक लिएर आउनु भयो, र मुस्लिमहरुले सात सय सैनिकका साथ उनीहरुको मुकाबला गर्नु भयो, शुरुको अवस्थामा मुस्लिमहरु विज्यी हुनु भयो, र नासतिकहरु प्राजित भएर मक्का तिर भागन थाले, तर जब धनुष बाड़का साथ पहाडमा नियुक्त भएको व्यक्तिहरुले रसूल ﷺ को योजनालाई भँग गरि पहाडबाट उतरेर शत्रुको माल जम्मा गर्नमा व्यसत हुनु भयो त नासतिकहरुले फेरि

वापस भएर पहाडको तर्फबाट मुस्लिमहरु माथि आक्रमण गर्नु भयो, र यस प्रकार नासतिकहरुको पलडा भारि भयो ।

## खन्दकको युद्ध

ओहदको युद्ध पछि यहुदको केहि व्यक्तिहरुले मक्का जानु भयो, र मदीना भित्र मुस्लिमहरु माथि आक्रमण गर्ने सल्लाह दिनु भयो, र मद्दतको आसवासन पनि दिनु भयो, मक्कावासीहरुले उनीहरुको कुरा मानि सके, त्यस पछि यहुदीहरुले अरु कुलहरुलाई पनि मुस्लिमहरु माथि आक्रमण गर्ने कर्ममा प्रेरित गर्नु भयो, र उनीहरुले पनि सहमति व्यक्त गर्नु भयो, र यस प्रकार हरेक ठाउँबाट नासतिकहरु मदीना आउन थाले, यहाँ सम्म कि दस हजार लडाकु सैनिकहरु मदीनाको वरिपरि सँगठित भइहाले ।

नबी ﷺ लाई दुशमन्को कृयाकलापको जानकारी भइसकेको थियो, तसर्थ उहाँले आफ्नो साथीहरु सँग सल्लाह लिनु भयो, हजरत सलमान अलफारसी ؓ ले मदीनाको वरिपरि जुन् दिषामा पहाड छैन त्यो दिषामा खन्दक (गहिरो खाल्टो) खन्ने सल्लाह दिनु भयो, र सबै मुस्लिमहरुले खन्दक खन्ने कर्ममा भाग लिनु भयो, र छिटै काम समाप्त भइहाल्यो, नासतिकहरु एक महिना सम्म मदीना बाहिर टेन्ट लगाएर बस्नु भयो, तर खन्दक पार गर्ने योग्य भएनन्, त्यस पछि अल्लाह तआलाले उनीहरु माथि यस्तो आँधि-बेहरी पठायो कि सबै टेन्टलाई उखेलिन लागे, र यस प्रकार उनीहरुले भयभित भएर छिटै आफ्नो आफ्नो घर

तिर फर्किहाले, र अल्लाहले एकलै सबै समुहलाई प्राजित गरि मुस्लिमहरुको मद्दत गर्नु भयो ।

## मक्का विज्यी

हिजरतको आठौं सालमा रसूल ﷺ ले मक्का माथि आक्रमण गरि त्यसलाई विज्य गर्ने कुरा ठान्नु भयो, र त्यसका लागि दसौं रमजानमा १०००० लडाकु सैनिकका साथ मदीनाबाट निस्कनु भयो, र बिना युद्ध कै मक्कामा प्रवेश गर्नु भयो, किन भने कुरैशले आफै आत्मसम्रपण गर्नु भयो, र यस प्रकार अल्लाहले मुस्लिमहरुको मद्दत गर्नु भयो, नबी ﷺ मस्जिदे हराममा गएर काबाको तवाफ गर्नु भयो, र भित्रमा दुइ रकअत नमाज पढनु भयो, र त्यस पछि काबा भित्र र माथि स्थापित सबै मुर्तीहरुलाई ध्वसत पारेर काबाको ढोकामा उभिनु भयो, कुरैश ढोका भन्दा नजिकै तल उहाँले के गर्छन भने कुराको प्रतिक्षा गरिरहेका थिए, नबी ﷺ ले भन्नु भयो «हे कुरैशको समुह ! तिमीहरुको के बिचार छ? म तिमीहरु सँग के गर्छु?» सबैले भन्नु भयो तपाई राम्रै नै गर्ने छौं तपाई दयालु भाइ हौं र दयालु भाइको छोरा हौं, त उहाँले भन्नु भयो «जाउ, आज तिमी सबै आजाद छौं»

र यस प्रकार रसूल ﷺ ले दुशमन्हरुलाई माफ गरेर ठुलो उदाहरण पेश गर्नु भयो, यस्ता दुशमन्हरुलाई जसले उहाँको साथीहरुलाई दुखः र सजाय दिएका थिए र संवय उहाँलाई आफ्नो शहरबाट बाहिर निकालेका थिए ।

मक्का विज्य भए पछि मानिसहरु समुहका समुह अल्लाहको धर्ममा प्रवेश गर्न थाले, हिजरतको दसौं सालमा रसूल ﷺ हज गर्नु भयो, उहाँले मात्र एउटा येही हज गर्नु भयो, र साथमा एक लाख भन्दा अधिक मानिसहरु हज गर्नु भयो, र हज पछि रसूल ﷺ फेरि मदीना वापस आउनु भयो ।

## प्रतिनिधी मणडल र राजाहरूलाई चिठ्ठी पठाउने कर्म

नबी ﷺ को मामला प्रसिद्ध भयो, र हरेक ठाउँबाट प्रतिनिधिहरु मदीना आएर इस्लाममा प्रवेश गरि त्यसको एलान गर्न थाले ।

त्यस्तै नबी ﷺ ले इस्लामको निमन्त्रण दिंदै राजा र प्रमुखहरुलाई चिट्ठी लेखन थाले, तिनीहरु मध्ये कसैले स्विकारनु भयो त कसैले स्विकारनु भएन तर सुन्दर तरिकाले उत्तर दिनु भयो, र साथमा उपहारहरु पनि पठायो, र कसैले क्रोधित भएर नबी ﷺ को चिट्ठीलाई च्यातनु भयो, जस्तोकि ईरानको राजा किसराले, त नबी ﷺ ले शराप दिनु भयो र भन्नु भयो «हे अल्लाह ! त्यसको राज्यलाई टुका टुका गरि देउ» र त्यस्तै भयो, थोडै समय पछि त्यसको छोरा त्यसको बिरोधि भएर त्यसको हत्या गरि आफै राज्य सत्ताको मालिक भयो ।

एजिप्टको राजा मिकौकिस त मुस्लिम भएन, तर नबी ﷺको सन्देष्टालाई स्वागत गर्नु भयो, र साथ उपहार पनि पठायो, रोमन्को राजा कैसरले पनि त्यस्तै गर्नु भयो, उस्ले पनि सुन्दर जवाफ दिनु भयो, र नबी ﷺ को सन्देष्टालाई स्वागत गर्नु भयो, र उपहार प्रदान गर्नु भयो ।

बहरैनको हाकिम मुन्जिर बिन् सावीले जब नबी ﷺ को चिठ्ठी पायो त समस्त बहरैनवासीहरु लाई चिठ्ठी पढेर सुनायो, र केहि व्यक्तिहरुले ईस्लाम स्विकारनु भयो त केहि स्वीकारनु भएन ।

## नबी ﷺ को देहावसान

हजबाट वापसीको लग भग ढाइ महिना पछि रसुल ﷺ बेरामी हुनु भयो, दिन प्रति दिन रोग बढदै गयो, तर जब उहाँले नमाज पढाउन सकिने शक्ति पाएन भने हजरत अबुबकर सिद्दिक رضي الله عنه लाई नमाज पढाउने आदेश दिनु भयो ।

साल ११ हि. स. १२ रबिउल अव्वल सोमवारको दिन् रसुल ﷺ को देहान्त भयो, र त्यो बेला उहाँको उमेर ६३ बर्षको थियो,

सहाबाहरु अर्थात उहाँको साथीहरुलाई जब यसको जानकारि भयो त उनीहरुले त आफनो होशै गुमाउनु भयो, कसैले विशवास गर्नु भएन, यहाँ सम्म कि हजरत अबुबकर رضي الله عنه ले उभिएर सबैलाई शान्त गरि सम्बोधित गर्नु भयो र भन्नु भयो कि रसूल ﷺ एउटा मानव थिए, र समसत मानव जस्तै उहाँको पनि मृत्यु भएको छ, त्यस पछि मानिसहरु शान्त हुनु भयो, र रसूल ﷺ लाई नुहाउने, कफन् लगाउने, र दफन् गर्ने (गाडने) जस्तो सबै कार्यहरु उहाँकि पत्नी हजरत आइशाको कोठामा सम्पन्न भयो ।

रसूल ﷺ मक्कामा नबी हुने भन्दा पहिला ४० बर्ष जीवन बिताउनु भयो र नबी भए पछि १३ बर्ष, र मदीनामा १० बर्ष ।

रसूल ﷺ को देहान्त पछि सबैको सहमतिले हजरत अबुबकर सिद्दिक رضي الله عنه मुस्लिमहरुको खलिफा नियुक्त हुनु भयो, र यस प्रकार उहाँ प्रथम खलिफा हुनु भयो ।

## नबी ﷺ को हुल्या

रसूल ﷺ मध्ये कदको थिए, नत धेरै लामो थिए, न धेरै सानो, दुवै काँधा बीच निकै दुरी थियो, सबै अँगहरु सोहाँउदो र उपयुक्त थियो, चौलो छाति थियो, सबभन्दा अधिक सुन्दर अनुहार, रातो मिलाइएको सेतो रँग, गोल अनुहार, सुर्मा लगाइएका दुवै आँखा, पातलो नाक, सुन्दर मुख, र घना दाढि थियो, सुगन्धमा राम्रो र छुनमा मोलायम थियो, उहाँको बारेमा हजरत अनस बिन मालिक رضي الله عنه ले भन्नु हुन्छ कि «रसुल ﷺ को सुगन्ध भन्दा अधिक सुगन्धित अत्तर वा कसतुर मैले सुँघेको छैन, र रसूल ﷺ को हात भन्दा अधिक मोलायम कुनै हात छुएको छैन» ।

हाँसमुख हुनु हुन्थ्यो, सँधै हाँस्ने गर्थे, र थारै कुरा गर्थे, हजरत अनस बिन मालिक رضي الله عنه ले भन्नु हुन्छ कि «रसूल ﷺ सबभन्दा अधिक सुन्दर, सबभन्दा ठुलो दाता, र सबभन्दा अधिक बहादुर हुनु हुन्थ्यो» ।

## रसूल ﷺ को चरित्र

रसूल ﷺ सबभन्दा धेरै बहादुर हुनुहुन्थ्यो, हजरत अली बिन अबुतालिब رضي الله عنه ले भन्नु भएको छ कि «यदि कुनै कठिन् प्रस्तिथी

हुन्थ्यो, र भिडन्त भइहाल्थ्यो भने यस्तो अवस्थामा हामी रसूल ﷺ को सहारा लिन्थ्यौं» रसूल ﷺ सबभन्दा ठुलो दाता हुनु हुन्थे, उहाँ सित जसले पनि जे सुकै माँग्नु भयो उहाँले «छैन» भन्नु भएनन्, र सबभन्दा अधिक बुद्धिमान थिए कहिले पनि आफ्नो लागि बदला लिनु भएनन, नत कहिले आफ्नो लागि क्रोधित हुनु भयो, तर यदि कसैले अल्लाहको सिमा पार गर्थ्यो भने अल्लाहको लागि बदला लिनु हुन्थ्यो, साथै हकको मामलामा आफ्नो नातेदार र साधारण व्यक्ति, बलियो र कमजोर सबै उहाँको दृष्टिमा एक सम्मान हुनु हुन्थ्यो, उहाँले यस कुरा माथि जोर दिनु भएको छ कि अल्लाहको नजिक कसैलाई कसै माथि प्रधान्ता छैन तर मात्र तकवा अर्थात अल्लाहको डरका कारण, र मानिसहरु सबै बराबर हुनु हुन्छ,

पछिलो समुदायहरु मात्र यस कारण बरबाद भए कि उनीहरुमा यदि कुनै श्रेष्ठ वंशको व्यक्तिले चोरि गर्थ्यो भने त्यसलाई छोडी दिन्थे, र यदि कुनै कमजोर अवस्थाको व्यक्तिले चोरि गर्थ्यो भने त्यसलाई सजाय दिन्थे, उहाँले भन्नु भयो «अल्लाहको कसम, यदि मेरो छोरि फातिमाले पनि चोरि गर्छिन् भने म त्यसको हात काट्ने छु» ।

उहाँले कहिले कुनै खानालाई खराब भन्नु भएनन, इच्छा हुन्थ्यो भने खान्थे नत छोडदिन्थे, कहिले एक महिना र कहिले दुइ महिना सम्म उहाँको चुल्होमा आगो बरदैनन् थियो, उनीहरुको खाना खजुर र पानी हुन्थ्यो, भुखका कारण उहाँले आफ्नो पेटमा

एउटा वा दुइवटा ढुँगा बाँधने गर्दथे, आफ्नो जुतालाई आफै सिल्नु हुन्थ्यो, लुगामा टालो लगाउँथे, र घरको कामकाजमा आफ्नो परिवारलाई सहायता पुर्याउँथे, रोगीलाई भेँटन जान्थे, धेरै दिनहीन र बिनीत हुनु हुन्थे, धनी वा गरिब, ठुलो वा सानो, जसले पनि उहाँलाई निमन्त्रण दिन्थ्यो भने त्यसको निमन्त्ररण स्वीकार गर्नु हुन्थ्यो,

गरिबहरु सँग माया गर्थे, उनीहरुको अन्तिम कृयाकर्ममा भाग लिन्थे, उनीहरुको रोगीलाई भेँटन जान्थे, गरिबीका कारण नत कुनै गरिब सित घृना गर्थे, नत राज्य सत्ताका कारण कुनै राजा सित डराउँथे, र सवारि मध्ये घोडा, ऊँट, गधा, र खच्चरको सवारि गर्थे ।

धेरै चिन्ता र समस्या भएको पनि उहाँ सबभन्दा अधिक मुस्कुराउँने गर्नु हुन्थ्यो, उहाँको रँग सबभन्दा सुन्दर थियो, उहाँलाई सुगन्ध मन् पर्दथ्यो, र गन्धलाई घृना गर्थे, अल्लाहले उहाँ भित्र सबै प्रकारको महान चरित्र र उच्च सवभाव सँगठित गरेको थियो, अल्लाह तआलाले उहाँलाई यस्तो ज्ञान दिएको थियो जुन् अरु कसैलाई दिनु भएको थिएन नत अरु कसैलाई दिनेछ ,

यसका बावजूद उहाँ अन्पढ् हुनु हुन्थ्यो, लेखन पढ्न आउँदै न थियो, र नत कोहि उहाँको शिक्षक थियो, उहाँले यो कुरआन अल्लाहको तर्फबाट पाउनु भयो, र यस बारे अल्लाह तआलाले भन्नु भएको छः

قُلْ لَئِنِ اجْتَمَعَتِ الإِنْسُ وَالجِنُّ عَلَى أَنْ يَأْتُوا بِمِثْلِ هَذَا القُرْآنِ لَا يَأْتُونَ بِمِثْلِهِ وَلَوْ كَانَ بَعْضُهُمْ لِبَعْضٍ ظَهِيرًا﴾ [الإسراء:٨٨]

भनि दिनुस ! यदि सबै मानिसहरु र सबै जिन्नहरु मिलेर यस कुरआन जस्तो ल्याउन चाहे पनि यस कुरआन जस्तो ल्याउन सम्भव छैन, तिनीहरु एक अर्काको मद्दतगार किन नबनोस ।

जसले रसूल ﷺ लाई झुटो भन्दछ र यो भन्छ कि उहाँले कुरआन आफै लेख्नु भएको छ वा कसै सँग सिक्नु भएको छ वा पहिलाको किताबहरुमा पढनु भएको छ भने यस्ता हरेक कुराको जवाफ यसमा छ कि उहाँ त अन्पढ् हुनु हुन्थ्यो ।

## रसूल ﷺ का चमत्कारहरू

रसूल ﷺ को सबभन्दा ठुलो चमत्कार पवित्र कुरआन हो, कुरआन यस्तो चमत्कार हो जुन् कयामत सम्म कायम रहनेछ , जसले भाषाको सबै ज्ञानीहरुलाई हराएर भयभित गरिसकेको छ, अल्लाह तआलाले सबैलाई चुनौति दिनु भएको छ कि कुरआन जस्तो दस सुरह वा मात्र एक सुरह वा मात्र एक आयत नै ल्याउनु , र त्यति मात्र होइन बरु नासतिकहरुले पनि कुरआनलाई चमत्कार मानेका छन् ।

उहाँको चमत्कारहरु मध्ये यो पनि छ कि जब नासतिकहरुले उहाँ सित निशानी पेश गर्ने माँग राख्नु भयो त उनीहरुलाई च्यातिएको चन्द्रमा देखाउनु भयो, चन्द्रमा दुइभागमा बिभाजित भयो, त्यस्तै पटक पटक उहाँको औंलाहरुबाट पानी निस्केको छ , त्यस्तै सानो ढुँगाले उहाँको हत्केलीमा अल्लाहको पवित्रता

बयान गरेको छ , फेरि उहाँले त्यो ढुँगालाई अबुबकर ﵁ को हत्केलीमा राख्नु भयो, फेरि ऊमर ﵁ को हत्केलीमा, फेरि उसमान﵁ को हत्केलीमा राख्नु भयो र ढुँगाले अल्लाहको पवित्रता बयान गर्नु भयो । रसुल ﷺ का साथीहरु यो पनि सुन्नु हुन्थे कि उहाँको नजिक खाना पनि अल्लाहको पवित्रता बयान गर्नु हुन्छ , त्यस्तै यो पनि सुन्थे कि ढुंगा र रुखहरु रसुलﷺ लाई सलाम गर्नु हुन्छ , त्यस्तै बिष दिएको बाख्राको पाखुराको पनि भनाइ सुन्नु भयो, जुन् एउटि यहुदि महिलाले उहाँको हत्याको उद्देश्यले दिएकि थी, गाउँको एउटा व्यक्तिले उहाँ सित निशानी माँग्नु भयो त उहाँले एउटा रुखलाई आदेश दिनु भयो र त्यो रुख आयो र फेरि त्यसलाई आदेश दिनु भयो त फर्केर गइहाल्यो, एउटा दुध नभएको बाख्राको थनमा हात दिनु भयो त दुध आउन थाल्यो, र त्यसलाई दुहेर आफु पनि पिउनु भयो र अबुबकरलाई पनि दिनु भयो, हजरत अली﵁ को आँखा दुखिरहेको थियो त रसूल ﷺ ले त्यसमा फुँकनु भयो र तुरुन्त आँखा ठिक भयो, एउटा साथीको खुट्टा घाइते भएको थियो त उहाँले त्यस माथि हात फेर्नु भयो र तुरुन्तै ठिक भयो, हजरत अनस बिन मालिक ﵁ को लागि लामो उमेर, अधिक धन् सम्पत्ति र सन्तानको साथ ती सबैमा बरकत अर्थात उन्नतीको प्रार्थना गर्नु भयो, त उहाँले १२० छोरा पाउनु भयो र उहाँको खजुरको बागैंचा बर्षमा दुइ पटक फल दिने गर्थ्यो, जब कि यो कुरा प्रसिद्ध छ खजुर चाहिं बर्षमा मात्र एक पटक फल दिन्छ,

त्यस्तै हजरत अनस ﵁ १२० बर्षको उमेर पनि पाउनु भयो, एउटा साथीले अनिकालको शिकायत र उजुरि गर्नु भयो जुन् समय रसूल ﷺ मञ्चमा हुनु हुन्थ्यो, त उहाँले आफ्नो दुवै हात उठाएर अल्लाह सित प्रार्थना गर्न लाग्नु भयो, र त्यो समय आकाशमा अलिकति पनि बादल थिएन तर छिटै पहाड जस्तो बादल जम्मा भइहाल्यो र अर्को शुक्रवार सम्म अन्धाधुन्ध बर्षा भयो, त्यस पछि धेरै बर्षाको शिकायत भयो त उहाँले अल्लाह सित फेरि प्रार्थना गर्नु भयो र बर्षा थमि सकयो र मानिसहरु घाममा निस्कनु भयो ।

एक साअ अर्थात २ किलो ५०० ग्राम जौ र एउटा बाख्रामा सबै खन्दक खन्ने व्यक्तिहरुलाई खाना खुवाउनु भयो, सबै पेट भरि खाएर फर्किनु भयो तर खाना जस्ताको त्यस्तै बाँच्यो अलिकति पनि घटि भएन, र त्यस्तै सबै खन्दक खन्ने व्यक्तिहरुलाई अलिकति खजुर खुवाउनु भयो जो कि बशीर बिन साअद कि छोरिले आफ्नो बुवा र सानो बुवाको लागि ल्याएकि थी, र समसत सैनिकलाई अबुहोरैरह﵁को बटुवाबाट पेट भरि खुवाउनु भयो, उहाँको हत्याका लागि कुरैशको सय युवक आउनु भयो तर उहाँले सबैको मुखमा माटो हालेर जानु भयो र कसैले उहाँलाई देख्न पनि सकेन, सोराका बिन मालिकले उहाँको पिछा गर्नु भयो तर जब ऊ नजिक भयो त उहाँले शराप दिनु भयो र उसको घोडाको खुट्टा धर्तिमा मासियो यि हुन संक्षिप्तमा रसूल ﷺ को चमत्कारहरु ।

مواقــف وعبـــر من سيــرتــه

# रसूल ﷺ को जीवनबाट केहि खास पाठहरू

## रसूल ﷺ को दिल्लगी

रसूलﷺ आफ्नो साथीहरु सँग ठट्टा र दिल्लगी पनि गर्नु हुन्थ्यो तर सत्य बाहेक अरु केहि भन्दैनन्थे, आफ्नो परिवार सँग खेलथे , र सानो सानो बच्चाहरुको देखरेख गर्थे, उनीहरुको लागि समय निकालथे, र उनीहरुको क्षमता र बुद्धि अनुसार उनीहरु सँग कुरा गर्थे, आफ्नो सेवक हजरत अनस बिन मालिक ﵁ सँग दिल्लगी गर्थे, र कहिले उहाँलाई «हे दुइ कानवाला» भनेर पुकार थे ।

एउटा व्यक्तिले आएर भन्नु भयो, हे अल्लाहको रसूल ! मलाई सवारि प्रदान गर्नु त नबी ﷺ ले ठट्टा गर्दै भन्नु भयो, «तिम्रो सवारिको लागि हामीले ऊँटनीको बच्चा प्रदान गर्ने छौं» त त्यो व्यक्तिले भन्नु भयो, म ऊँटनीको बच्चा लिएर के गर्छु मलाई सवारी चाहियो ? त नबी ﷺ ले भन्नु भयो कि «जन्मको समय ऊँट पनि बच्चा नै हुन्छ» । नबी ﷺ सँधै आफ्नो साथीहरु बीच हाँसने र मुस्कुराउने गर्थे, राम्रो कुरा बाहेक आफ्नो मुखले अरु केहि भन्दैनथे, हजरत जरिर ﵁ ले भन्नु हुन्छ कि «मुस्लिम भए देखि आज सम्म कहिले पनि रसूल ﷺ ले मलाई भेँटघाँटको लागि रोक्नु भएन, र जहिले पनि मलाई देख्दा खेरी मुस्कुराउनु हुन्थ्यो, एक चोटि मैले शिकायत गरे कि म घोडा माथि स्थिर भएर बस्न सक्दैन, त रसूल ﷺ ले मेरो छातिमा हात राखेर

प्रार्थना गर्नु भयो कि «हे अल्लाह ! यसलाई स्थिरता प्रदान गर, र सही मार्गमा हिंडने मार्गदर्शक बनाउ» र त्यस पछि कहिले म घोडाबाट खसेन ।

त्यस्तै नबी ﷺ आफ्नो नातेदारहरु सँग पनि दिल्लगी गर्थे, एक दिन आफ्नो छोरि हजरत फातिमा رضي الله عنها को घरमा आउनु भयो, र त्यहाँ आफ्नो ज्वाँइ हजरत अली رضي الله عنه लाई देख्नु भएन, त त्यसको बारेमा सोध्नु भयो कि «उ कहाँ छन?» त जवाफमा हजरत फातिमा رضي الله عنه ले भनिन् कि हामी दुवैको बीच झगडा भएको छ र त्यो रिसाएर बाहिर गएका छन, त रसूल ﷺ ले आएर हेर्नु भयो कि उ मस्जिदमा सुतिरहेका छन , च्यादर झरेको छ र शरिरमा माटो लागेको छ , त रसूल ﷺले शरिरबाट माटो सफा गर्न थाले र भन्नु भयो कि «हे अबु तुराब ! उठ । , हे अबु तुराब ! उठ । » अबुतुराबको अर्थ हो माटोको पिता ।

## बच्चाहरू सँग रसूल ﷺ को व्यवहार

बच्चाहरु सँग रसूल ﷺ को व्यवहार साह्रै राम्रो थियो, आफ्नो पतनी हजरत आइशा رضي الله عنها सँग दौडको होडबाजीमा भाग लिनु हुन्थ्यो, र हजरत आइशा رضي الله عنها लाई आफ्नो साथीहरु सँग खेलने आज्ञा प्रदान गर्नु हुन्थ्यो, हजरत आइशा رضي الله عنها ले आफै भने कि छिन् «म नबी ﷺ को उपस्थितिमा केटिहरु सँग खेल्ने गर्थी, मेरो केहि साथीहरु थिइन् जुन् म सँग खेलने

गर्थीइन, र जब नबीﷺ आउँथे भने सबै केटिहरु लुकाइ हाल्थी, तर रसूल ﷺ सबैलाई मेरो नजिक पठाउँनु हुन्थ्यो, र त्यस पछि हामी सबै एक साथ खेलने गर्थ्यौं» ।

त्यस्तै रसूल ﷺ बच्चाहरुको रेखदेख गर्थे, उनीहरु सँग दिल्लगी गर्थे, र उनीहरुलाई माया गर्थे, अब्दुल्लाह बिन शद्दाद رضي الله عنه ले भन्नु हुन्छ कि «एक दिन इशाको नमाजमा रसूल ﷺ ले हजरत हसन वा हजरत हुसैनलाई बोकेर आउनु भयो, र बच्चालाई तल राखेर अगाडि बढनु भयो, फेरि अल्लाहु अकबर भनेर नमाज पढन थाल्नु भयो, र धेरै लामो समय सम्म सजदामा बस्नु भयो, हजरत अब्दुल्लाहले भन्नु हुन्छ कि पिताजीले भन्नु भयो कि मैले टाउको उठाए , त के हेर्छु कि रसूल ﷺ सजदामा हुनु हुन्छ र बच्चा उहाँको पिठमा बसेका छन, त्यस पछि म फेरि सजदामा गइहालें, र नमाज समाप्त भए पछि सबैले सोध्नु भयो कि हे अल्लाहको रसूल ! तपाइले यति लामो सजदा गरेको कि हामीले यो सोच्न थाले कि कुनै घटना अवश्य भएको छ वा वही ( अल्लाहको पैगाम) अवतरित भइरहेको छ , त उहाँले भन्नु भयो, यस्तो केहि पनि भएन, बरु मेरो छोरा मेरो सवारि गरिरहेको थियो, र  मन् भर बसन नपाइने भन्दा पहिला छिटै उतारनु मलाई राम्रो लागेन» र त्यस्तै हजरत अनस बिन मालिक رضي الله عنه ले भन्नु हुन्छ कि «नबी ﷺ को चरित्र सबभन्दा राम्रो थियो, नबीﷺ मेरो एउटा सानो भाइ सँग यस प्रकार दिल्लगी गर्थे (हे अबु ओमैर ! के भयो नोगैर?)» र नोगैर एउटा सानो पंक्षिको

नाम थियो जुन् सँग त्यो बच्चाले खेलने गर्थ्यो, र यस प्रकार नबी ﷺ ले बच्चालाई धैर्य पनि दिदै थिए ।

## परिवार सँग रसूल ﷺ को व्यवहार

परिवार सँग रसूल ﷺ को यस्तो व्यवहार थियो कि जस्तो सबै प्रकारको महान चरित्र र गुणको सँगम भइसकेको होस, नबी ﷺ एकदमै साधारण व्यक्ति हुनु हुन्थ्यो, सधैँ आफ्नो परिवारको अवश्यक्तालाई ध्यानमा राख्थे, महिलाहरुको कदर गर्थे, उनीहरुलाई मानव, आमा, श्रीमति, र छोरि जस्तो सम्मान प्रदान गर्थे, कसैले उहाँ सित सोध्नु भयो कि मेरो सुन्दर व्यवहारको सबभन्दा ठुलो हकदार को हो? त उहाँले भन्नु भयो «तिम्रो आमा, फेरि तिम्रो आमा, फेरि तिम्रो आमा, त्यस पछि तिम्रो बुवा» त्यस्तै एउटा हदीसमा रसूल ﷺ ले भन्नु भयो «जसले आफ्नो आमा बुवालाई पाउनु भयो वा कुनै एकलाई पाउनु भयो, तर उनीहरको सेवा गर्नु भएन, र यस्तो अवस्थामा त्यसको मृत्यु भयो भने त्यस माथि अल्लाहको धुतकार हुन्छ र त्यो नर्कमा जान्छ» । र त्यस्तै उहाँकि श्रीमति थालीमा जुन् ठाउँबाट पिउँने गर्थी भने रसूल ﷺ पनि त्यहि ठाउँबाट पिउने गर्थे, र भन्नु हुन्थे कि «राम्रो व्यक्ति त्यो हो जुन् आफ्नो परिवारको लागि राम्रो हो र म आफ्नो परिवारको लागि राम्रो छु » ।

# रसूल ﷺ को दया

दयाको गुण बारे रसूल ﷺ ले आफै भन्नु भएको छ कि «दयावानहरु माथि अल्लाह दया गर्छ, तसर्थ धर्तिवासीहरु माथि दया गर अल्लाह तिमी माथि दया गर्नेछ»

हाम्रो नबी मुहम्मद ﷺ धेरै दयावान हुनु हुन्थ्यो जस्तो कि सानो र ठुलो, नातेदार र साधारण व्यक्तिहरु सँग उहाँको व्यवहारले स्पष्ट हुन्छ । उहाँको दया र कृपाको नमुनाहरु मध्ये एउटा यो पनि छ कि यदि उहाँले नमाजमा कुनै बच्चा रोएको आवाज सुन्थे भने छिटै नमाज समाप्त गरिहाल्थे, हजरत अबुकतादा رضي الله عنه को हदीसमा छ कि नबी ﷺ ले भन्नु भयो «म नमाजका लागि उभिन्छु र मेरो चाहना हुन्छ कि लामो नमाज पढौं, तर यदि कुनै बच्चाको रोएको आवाज सुन्छु भने छिटो नमाज समाप्त गरि हाल्छु , ताकि उसको आमालाई कुनै प्रकारको कष्ट न होस»

आफ्नो समाज प्रति दया र उनीहरुलाई अल्लाहको धर्ममा ल्याउने प्रयासको उहाँको अवस्था यस्तो थियो कि एउटा यहुदी बच्चा जुन् नबी ﷺ को सेवा गर्नु हुन्थ्यो जब त्यो बिरामी भयो त नबी ﷺ त्यो सँग भेँटन आए, र त्यसको सिरानीमा बसेर भन्नु भयो «मुस्लिम भइहाल» बच्चा आफ्नो पितालाई हेर्न थाल्यो जुन् उसको नजिकै उभेको थियो, त उसको बुवाले भन्नु भयो, अबुल कासिम अर्थात नबी ﷺ को कुरा मान, र बच्चा मुस्लिम भइहाल्यो, फेरि थोरै समय पछि उसको मृत्यु भइहाल्यो, त नबी ﷺ त्यहाँबाट निस्कनु भयो र

भन्नु भयो «सबै प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले बच्चालाई नरकबाट बचाइ दिनु भयो

## रसूल ﷺ को साहस

रसूल ﷺ को साहस बारे कुरा गरौं त उहाँको सम्पूर्ण जीवन सहन गर्नमा र सहनको सुझाउ दिनमा, र संघर्ष गर्नमा र संघर्षको सुझाउ दिनुमा बितेको छ , प्रथम आयत अवतरित हुने समय देखि जीवनको अन्तिम समय सम्म आफु पनि सहन गर्नु भयो र अरुलाई पनि सहन गर्ने सल्लाह दिनु भयो, र लगातार संघर्ष गर्नु भयो, नुबुव्वत प्राप्त भएको समय देखि नै रसूल ﷺ लाई थाहा भइसकेको थियो कि यसबाटोमा कस्तो कस्तो कठिनाइको सामुना हुन्छ । देवदुत हजरत जिब्रईल عليه السلام सँग पहिलो पटकको भेँट पछि नै हजरत खदिजा رضي الله عنها ले उहाँलाई वरका बिन नौफलको घर लगेकि थीईन्, र वरकाले भनेको थियो कि काश म त्यो समय सम्म जीवित भइदिए जुन् समय तपाईको समाज तपाइलाई आफ्नो शहरबाट निकाली बाहर गर्ने छ ! त रसूल ﷺ ले सोध्नु भयो कि «के उनीहरुले मलाई निकाली बाहर गर्ने छ» त वरकाले भन्नु भयो कि हो, जुन् सुकै व्यक्तिले जहिले पनि यस्तो पैगाम लिएर आयो समाज सँग अवश्य शत्रुता भयो , र त्यस कारण शुरु देखि नै रसूल ﷺ आफुलाई हरेक प्रकारको दुखः र कष्ट, हरेक प्रकारको दुशमनी र षडयन्त्रलाई झेलनको लागि सक्षम बनाउनु भएको थियो ।

जुन् परिस्थितीमा उहाँले आफ्नो सहन शक्तिलाई प्रयोग गर्नु भएको छ त्यस मध्ये यो पनि छ कि उहाँले मक्कामा इस्लामको प्रचार प्रसार गर्ने कर्ममा आफ्नो समाज र कुल खान्दान तर्फबाट जुन् प्रकारको शारिरिक अत्याचारको सामुना गर्नु भयो, यस बिषयमा बुखारीको हदीस छ कि हजरत उरवा बिन जोबैरले हजरत अब्दुल्लाह बिन अमर बिन अल आस सित नासतिकहरुले रसूल ﷺ सँग गरेको कठिन र नराम्रो व्यवहार बारे सोध्नु भयो त उहाँले भन्नु भयो कि एक दिन नबी ﷺ काबा भित्र नमाज पढिरहेका थिए कि त्यहि समयमा उकबा बिन अबी मोइत आयो र उहाँको घाँटिमा च्यादर हालेर साँस थुन्नु भयो, त्यस पछि अबुबकर आएर त्यसको काँधामा धक्का दिएर त्यसलाई हटाउनु भयो र भन्नु भयो, के तिमीहरु कुनै यस्तो व्यक्तिलाई हत्या गर्न चाहन्छौं जुन् यो भन्दछन् कि अल्लाह मेरो पालन्कर्ता हो ।

त्यस्तै एक दिन रसूल ﷺ काबाको नजिक नमाज पढिरहेका थिए, र अबुजहल आफ्नो साथीहरु सँग त्यहिं बसेको थियो, उनीहरुले एक  अर्कालाई सोधे कि कोले फलानो खान्दानमा जिबह भएको उँटको भुडी ल्याएर सजदामा भएको समय मुहअहम्मदको पिठमा राख्न सक्छ ? त समाजको सबभन्दा दुष्ट व्यक्तिले गएर ल्यायो र नबी ﷺ जब सजदामा जानु भयो त उहाँको दुवै काँधको बीच राखेर सबैले हाँसन थाले, र हाँसदा हाँसदै एक अर्का माथि लढन थाले, रसूल ﷺ अझै सजदामा हुनु हुन्थ्यो माथा उठाउने शक्ति थिएन, यहाँ सम्म कि उहाँकि छोरि

हजरत फातिमा رضي الله عنها आएर उहाँको पिठबाट फोहर हटाउनु भयो ।

तर मानसिक दुःख र दबाव यस भन्दा पनि अधिक गाह्रो थियो, जुन् उहाँको निमन्त्रणलाई ठोकाएर उहाँलाई झुठो, परोहित, कवी, पागल, जादुगर भन्नु भयो र उहाँले पेश गरेको चिन्हहरुलाई पुरानो कथा भन्नु भयो, त्यस्तै अबुजहलले रसूल ﷺ को ठट्टा उडाउँदै भन्न थाल्यो कि «हे अल्लाह ! यदि तिम्रो लागि सत्य कुरा यही छ भने हामीहरु माथि आकाशबाट ढुँगाको बर्षा गरिदेऊ वा कुनै ठुलो सजाय अवतरित गरि देउ» ।

रसूल ﷺ जब मानिसहरुको सभामा र बजारमा इस्लामको प्रचार गर्न जानु हुन्थ्यो भने उहाँको काका अबुलहब पनि पछि पछि जादै गर्थ्यो, र उहाँलाई झुठो भन्थ्यो, मानिसहरुलाई मनाहि गर्थ्यो र यो भन्दै थियो कि मुहम्मदको कुरामा विशवास नगर, त्यस्तै अबुलहब कि पत्नी उम्मे जमील दाउरा र काँडा जम्मा गरि रसूल ﷺ को बाटोमा हाल्ने गर्थी ।

अत्याचारको त अन्तै भयो जब शेअबे अबीतालिब नामको घाटीमा तीन बर्ष सम्म रसूल ﷺ र उहाँको साथीहरुको नाकाबन्दि भयो, भोकका कारण उनीहरुले रुखको पात पनि खानु भयो, त्यस पछि उहाँको काका अबुतालिबको देहान्त भयो जसले संधै उहाँलाई सुरक्षा प्रदान गरि रहनु भएका थिए , रसूल ﷺ लाई धेरै दुखः लाग्यो, खास गरि यस कारण कि उहाँको देहान्त कुफरको अवस्थामा भयो, फेरि यकायक रसूल ﷺकि प्रिय पत्नी

हजरत खदिजा رضي الله عنها को पनि देहान्त भइहाल्यो, जुन् संधै उहाँलाई धैर्य व्यक्त गरि सहयोग पुर्याउने गर्थी, फेरि पटक पटक उहाँ माथि हत्याको प्रयास भए पछि रसूल ﷺ ले आफ्नो शहर छाडेर हिजरत गर्नु भयो, मदीनामा पनि साहस र संघर्षको एउटा नयाँ अवधि शुरु भयो, कष्ट र कठिनाइको जीवन, लाचार भएर भोकको कारण पेटमा ढुँगा बाँधेर बस्नु भयो, रसूल ﷺ ले आफै भन्नु भएकोछ कि «अल्लाहको बाटोमा जति खतरा मैले उठाएको छु त्यति खतरा अरु कसैले उठाएको छैन, मेरो माथि जति अत्याचार भएको छ त्यति अरु कसै माथि भएको छैन, ३० दिन र ३० रात यस्तो बितेको छ कि मेरो लागि र बेलालको लागि यस्तो केहि पनि थिएन जसलाई एउटा जीव वसतु खान पाउन्छ मात्र यति नै हुन्थ्यो जुन् बेलालको काखमा आइहाल्थ्यो
रसूल ﷺ को इज्जत प्रति दोष लगाइयो, गाउँतिरको अन्पढ् व्यक्तिहरु र मोनाफिकहरुले उहाँलाइ दुःख दिए,

बुखारीको हदीसमा हजरत अब्दुल्लाह बिन मसऊद رضي الله عنه ले भन्नु हुन्छ कि रसूल ﷺ ले एक समय केहि बाँटनु भयो त अन्सार समुहको कुनै व्यक्तिले भन्नु भयो, अल्लाहको कसम, मुहम्मद यसमा अल्लाहको प्रसन्नता चाहेको छैन, इब्ने मसऊद رضي الله عنه ले भन्नु हुन्छ कि म आएर रसूल ﷺ लाई यस्तो समाचार दिए त उहाँको अनुहार रातो भइहाल्यो र उहाँले भन्नु भयो «मुसा عليه السلام माथि अल्लाहको कृपा होस, उहाँले यस भन्दा पनि अधिक दुखः पाउनु भयो तर उहाँले सहन गर्नु भयो» ।

रसूल ﷺ ले आफ्नो छोरा छोरिहरुको मृत्युको समयमा पनि निकै साहसले काम लिनु भयो, उहाँको सातवटा (७) सन्तान थिए, तर एक पछि एक सबै खस्नु भयो, फातिमा رضي الله عنها बाहेक अरु कोहि जीवित रहनु भएन, तर पनि रसूल ﷺ कमजोर हुनु भएनन्, बरु साहसले काम लिनु भयो, आफ्नो छोरा इब्राहिमको मृत्यु समय उहाँले मात्र यति नै भन्नु भयो कि

«आँखाबाट आँसु बगाउँदै छु , र मुटु भित्र दुःख भइरहेको छ , तर पनि हामी मात्र त्यहि भन्छौं जे अल्लाहले चाहनु हुन्छ , हे इब्राहिम ! तिम्रो साथ छुटेर हामी धेरै दुखी छौं» ।

नबी ﷺ ले मात्र दुखः र अत्याचारलाई सहन गर्नु भएन, बरु अल्लाह तआलाको अनुशरण प्रति पनि धेरै सहन गर्नु भएकोछ किन भने यो अल्लाहको आदेश थियो, उहाँले अल्लाहको अनुशरण र पुजामा यति संघर्ष गर्नु हुन्थ्यो कि लामो समय सम्म उभिएका कारण उहाँको दुवै पाइला फुलि हाल्थ्यो, अधिक भन्दा अधिक ब्रतमा बस्नु हुन्थ्यो, र अल्लाहको स्मरण गर्नु हुन्थ्यो, त्यस बाहेक अरु पुजाहरुमा पनि संधै व्यसत हुनुहुन्थ्यो, र यदि यस बारे सोध पुछ हुन्थ्यो भने उहाँले भन्नु हुन्थ्यो «के म अल्लाहको आभारि भक्त न बनौं?» ।

## रसूल ﷺ को त्याग

वासतवमा त्याग भनेको शब्द त्यसलाई शोभिन्छ जुन् कुनै कार्यको क्षमता र शक्तिका बावजूद त्यसलाई त्यागेको हुन्छ र यस प्रकार हाम्रो नबी मुहम्मद ﷺ संसारलाई त्यागने कर्ममा सबभन्दा महान

त्यागी हुनु हुन्थ्यो, कहिले पनि धेरै कमाउने चाहना गर्नु भएन, बरु त्यतिमा नै संतुष्ट रहनु हुन्थ्यो जतिले आवश्यक्ता पुगि रहेको थियो, र संसार उहाँको हातमा हुँदा हुँदै पनि कठिन जीवन बिताउनु हुन्थ्यो, अल्लाहको दृष्टिमा उहाँ सबभन्दा महान मनुष्य हुनु हुन्थ्यो, तसर्थ यदि उहाँ इच्छुक हुन्थ्यो भने जति चाहन्थे त्यति धन् सम्पत्ति अल्लाहले उहाँलाई प्रदान गर्न सक्नु हुन्थियो ।

एमाम इब्ने कसीर رحمه الله ले आफ्नो तफसीर (कुरआनको व्याख्या) मा खैसमाको हदीस नकल गरेका छन कि नबी ﷺ लाई सोध्नु भयो कि यदि तपाई चाहनु हुन्छ भने हामी धर्तिको यस्तो खजाना र साँचो तपाइलाई प्रदान गर्छौं जस्तो तपाई भन्दा पहिला अरु कुनै नबीलाई प्रदान गरेका छैनौं र नत तपाई पछि अरु कसैलाई प्रदान गर्ने छौं, र अल्लाहको नजिक तपाइका लागि जेसुकै वर्दानहरु छन् त्यसमा पनि कुनै प्रकारको कमी हुने छैन, त उहाँले भन्नु भयो «त्यो सबै मेरो लागि प्रलोकमा जम्मा गरि राख्नु ।

उहाँको जीवन र जीविकाको कुरा त एक दमै अचम्मको कुरा थियो, हजरत अबुजर رضي الله عنه ले भन्नु हुन्छ कि नबी ﷺ सँग मदीनामा म हिंडदै थिए कि हामीले ओहदको पहाड देख्यौं, त उहाँले भन्नु भयो कि «मलाई खुशी लागदैन कि म सँग ओहद पहाड जति सुन् होस र तीन दिन सम्म एक दिनार पनि म सँग बाँकि रहोस, तर मात्र यति जुन् म आफ्नो ऋणका लागि जम्मा गरि राखौं, र त्यस बाहेक सबै म अल्लाहको सेवकहरुमा यस्तो

र यस्तो र यस्तो दायाँ, बायाँ, र पछाडिबाट लुटाइ दिन्छु» त्यस्तै उहाँले भन्नु भयो कि «संसार मेरो कुन् कामको, म त एउटा यात्री छु जुन् कुनै रुखको छायामा केहि क्षणको लागि बस्ने छु र फेरि त्यसलाई छोडेर गइहाल्छु»

## रसूल ﷺ को खान पीन र लुगाहरू

रसूल ﷺ को भोजनको अवस्था यस्तो थियो कि कहिले एक महिना, कहिले दुइ महिना, र कहिले तीन महिना सम्म उहाँको घरमा केहि पाक्दैन्नथ्यो, र उहाँको खान पानका लागि मात्र पानी र खजुर हुन्थ्यो, कहिले दिन भर भोकको कारण उलट पलट गर्दै बस्नु हुन्थ्यो, तर केहि पनि खाने कुरा पाउँदैन्नथे, उहाँको रोटि जौको हुन्थ्यो, र उहाँले कहिले पनि नरम रोटि खानु भयो भन्ने कुरा लेखेको छैन, बरु उहाँको सेवक हजरत अनस رضي الله عنه ले भनेका छन कि पाहुनाहरु आउने बाहेक अरु कहिले पनि उहाँ सँग दिन् र रातको भोजन्मा रोटि र मासु एक साथ भएको छैन ।

उहाँको लुगाहरुको अवस्था पनि उपरोक्त अवस्था भन्दा अधिक उत्तम थिएन, उहाँको साथीहरुले स्वयं उहाँको साधारण र मामुली लुगाको गवाही दिएका छन् , जब कि उहाँलाई महँगो लुगा लगाउने क्षमता थियो, उहाँको एउटा साथी उहाँको लुगाको कैफियत बयान गर्दै भन्नु हुन्छ कि केहि कुरा कानीका लागि म रसूल ﷺ को सेवामा उपस्थित भएँ, त के देख्छु कि उहाँले एउटा मोटो सुतिको धोति लगाएर बसि रहनु भएको थियो ।

हजरत अबु दरदा رضي الله عنه हजरत आइशाको सेवामा उपस्थित हुनु भयो त हजरत आइशा رضي الله عنها ले एउटा टालो लगाइएको

च्यादर र एउटा मोटो धोति निकालेर भन्नु भयो «यही दुइ लुगामा रसूल ﷺ को मृत्यु भएको छ» त्यस्तै हजरत अनस बिन मालिक رضي الله عنه ले भन्नु हुन्छ कि «म रसूल ﷺ सँग हिँडने गर्दथे र उहाँ माथि नजरानको मोटो कुनाको च्यादर हुन्थ्यो» ।

मृत्युको समय रसूल ﷺ नत रुपयाँ पैसा, नत दास दासी, र नत अरु कुनै वसतु छोडेर जानु भयो, बरु मात्र एउटा सेतो खच्चर, र आफ्नो हतियार छोडनु भयो, र जग्गाको एक टुका जसलाई दान गरि दिनु भयो, हजरत आइशा رضي الله عنها ले भनेकि छिन् कि «रसूल ﷺ को देहान्त भयो र मेरो बकसामा मात्र आधा सेर जौ बाहेक अरु केहि पनि थिएन» मृत्युको समय रसूल ﷺ को कवच एउटा यहुदी सँग केहि जौको बदलामा धरौटि राखिएको थियो

## रसूल ﷺ को न्याय र इन्साफ

जहाँ सम्म न्यायको कोरो छ भने उहाँ अल्लाह सँग, आफु सँग, आफ्नो स्वासनीहरु सँग, र अरु सबै मानिसहरु सँग न्यायको व्यवहार गर्नु हुन्थ्यो, नातेदार र साधारण व्यक्तिहरु सँग, साथी र मित्र सँग, समर्थक र बिरोधी सँग, यहाँ सम्म कि ठुल ठुला दुशमन्हरु सँग पनि न्याय गर्नु भयो, कसैले उहाँ माथि औंला उठाउनु भयो, र कसैले उहाँलाई अपमानित गर्नु भयो, तर उहाँले अन्याय गर्नु भएन, बरु संधै न्याय गर्नु भयो, चाहे उहाँ आफ्नो छेत्रमा होस वा यात्राको समय अरुको छेत्रमा, साथीहरु बीच आफ्नो कुनै विशेषता राख्दैन्नथे, बरु न्याय, बराबरी, र उनीहरु जस्तै कष्ट र थकान उठाउनु हुन्थे, हजरत अब्दुल्लाह बिन मसऊद رضي الله عنه ले भन्नु भएको छ कि «बद्रको युद्धमा जाँदा

हामीहरु एक ऊँट माथि तीन व्यक्ति सवार भएका थियौं, र रसूल ﷺ को साथमा अबुलुबाबा र अली बिन अबुतालिब हुनु हुन्थ्यो, जब रसूल ﷺ को पालो आयो त उनीहरुले भन्नु भयो, तपाई सवारी गर्नुस र हामी हिंडदै जान्छौं, त रसूल ﷺ ले भन्नु भयो, तिमीहरु म भन्दा अधिक बलियो छैनौं, र पुण्यको अवश्यक्ता मलाई तिमीहरु भन्दा कम छैन» ।

ओसैद बिन होजैर رضي الله عنه ले साथीहरु सँग ठट्टा र दिल्लगी गरिरहनु भएको थियो, त नबी ﷺ ले उहाँको कम्मरमा एउटा छडिले घोचनु भयो, त ओसैदले भन्नु भयो, तपाइले मलाई पिडा र दुःख दिनु भयो, त अब मलाई बदला लिन दिनुस, त रसूल ﷺ ले भन्नु भयो «बदला लिइ हाल» त ओसैदले भन्नु भयो, तपाइले लुगा लगाएका छौ र मैले लुगा लगाएको थिएन, त नबी ﷺ ले आफ्नो लुगा उठाउनु भयो, त्यस पछि ओसैदले उहाँको कोख र कम्मरमा मुइ खान थाले, र भन्नु भयो कि मैले यही खोजेको हे अल्लाहको रसूल» ।

समाजमा न्यायको स्थापनाका लागि इस्लामी होदुद (सजाय) लागु नगर्नमा कहिले सहमत हुनु भएन, चाहे अपराधि उहाँको नजिकी वा नातेदार नै किन नहोस, मखजुमी महिला जसले चोरि गरेकि थी, उसको बिषयमा उसामाको पनि सिफारिस स्विकार गर्नु भएन, त्यहि अवसरमा उहाँले आफ्नो बहुमुल्य कुरा भन्नु भयो

«हे मानिसहरु ! तिमीहरु भन्दा अघि मान्छेहरु मात्र यस कारण बर्बाद भए कि यदि उनीहरु मध्ये कोहि हैसियतवाला चोरि गर्थ्यो

भने त्यसलाई छाडि दिन्थे, र यदि कुनै कमजोर व्यक्तिले चोरि गर्थ्यो भने त्यसलाई सजाय दिन्थे, अल्लाहको कसम यदि मेरो छोरि फातिमा पनि चोरि गर्छिन् भने म त्यसको पनि हात काटी दिनेछु» ।

**قالوا عن محمد ﷺ**

# मुहम्मद ﷺ को बारेमा महान व्यक्तिहरूको कथन

तल युरोपको विद्वान र फेलोसफिहरुले मुहम्मद ﷺ को बारेमा भनेको कुराहरु उल्लेख भएको छ , जसबाट यो स्पष्ट हुन्छ कि उनीहरुले नबी ﷺ को महानता, नुबुव्वत, उच्च चरित्र, र उहाँले पेश गरेको संदेशलाई स्विकारेका छन जुन् इस्लामको दुशमन र कट्टर पन्थीहरु द्वारा प्रसारित गरिएको गलत परोपगन्डाबाट धेरै टाँढा छन् ।

ब्रिटेन फेलोसफि बरनार्डशोले आफ्नो किताब (मुहम्मद) ( जसलाई ब्रिटिश सरकारले जलाइ दिएको छ) त्यसमा भन्नु हुन्छ «यस संसारलाई एउटा यस्तो व्यक्तिको अवश्यक्ता छ जुन् मुहम्मद जस्तो बिचार राख्नु हुन्छ , त्यो नबी जसले सँधै आफ्नो धर्मलाई इज्जत, प्रतिष्ठा, र महान्ताको स्थान दिएको छ , र धर्म पनि यस्तो छ जुन् हरेक संसकृतिलाई समाप्त गरि सँधै विज्यी रहने क्षमता राख्दछ , मैले हेरि रहेछु कि मेरो समाजको अधिक व्यक्तिहरु प्रमाणको आधारमा यस धर्ममा

प्रवेश गरि रहेका छन् , र छिटै महादेश युरोपमा यो धर्मले चाहिं ठुलो स्थान प्राप्त गर्ने छ» ।

अरु भन्नु भएको छ कि «बीचको शताब्दीमा युरोपको धार्मिक व्यक्तिहरुले मुर्खता र कट्टरताको कारण मुहम्मदको धर्मको बेचित्र नकशा पेश गरेका छन् , उनीहरुले मुहम्मदलाई किशचनको शत्रु घोषित गरेको छन, तर मैले यस व्यक्तिको बारेमा अध्यन गरेकोछु, उहाँ एउटा चमत्कारि र आशचर्यजनक व्यक्ति हुनु हुन्छ , मैले यो निसकर्स निकालेको छु कि ऊ किशचन धर्मको शत्रु होइन, बरु उसलाई मानवताको रक्षक भन्नु पर्छ , र मेरो बिचारमा आज यदि संसारको शासन उसको हातमा हुन्छ भने ऊ शान्ति सुरक्षाको स्थापना गर्नमा सक्षम हुन सकछ यस्तो शान्ति सुरक्षा जसको कामना सबै मानव जातिले गरिरहेको छ ।

नोबल पुरसकार पाएको अंग्रेजी फेलोसफि थोमस कारले ले आफ्नो किताब (बीर) मा भन्नु भएको छ कि «आजको समयमा यस्तो हरेक व्यक्तिहरुलाई लज्जित हुनु पर्छ जुन् इस्लाम झुठो धर्म हो र मुहम्मद झुठो र धोकाबाज हो भन्ने कुरामा विशवास राख्दछन , यस्तो घटीया र मुर्खता पुर्ण कुराको बिरोध गर्नु पर्छ , किन भने मुहम्मदले जुन् संदेष पुर्याउनु भएको छ त्यो अहिले पनि १२ शताब्धी सम्म दुइ सय मिल्यन मानिसहरुका लागि सुर्यको किरण जस्तो उज्यालो छ, र एउटा यस्तो संदेश जस बमोजिम अन्गिण्त मानिसहरु आफ्नो जीवन बिताउनु भयो र त्यसका लागि आफ्नो ज्यान प्राणको बली दिनु भयो के त्यसमा कुनै झुठ र धोका हुन सकछ ?

हिन्दु फेलोसफि राम कृषणा राऊले भन्नु भएको छ «जुन समयमा मुहम्मद प्रकट हुनु भयो त्यो समयमा अरब द्विपको कुनै गिण्ती थिएन, यस्तो मरुभुमीबाट मुहम्मदले आफ्नो पवित्र आत्मा द्वारा एउटा नयाँ संसार, नयाँ जीवन, नयाँ सभ्यता, र नयाँ संसकृति बनाउनमा सक्षम हुनु भयो जुन् मराकश देखि हिन्दुस्तान सम्म फैलिएको छ , र तीन महादेश एशिया, अफरिका, र युरोपको सोच बिचार र जीवनमा प्रभावित भएको छ» ।

केनेडियन फेलोसफि जोवैमिरले भन्नु हुन्छ कि «निसन्देह मुहम्मद एउटा ठुलो धार्मिक लिडर हुनु हुन्थ्यो, र उहाँको निम्ति यो कुरा उपयुक्त हुन्छ कि उहाँ एउटा सक्षम समाज सुधारक, विग्मितापुर्ण र बोलनमा सिपालु , वीर कमाण्डो, र महान विद्वान हुनु हुन्थ्यो, यस बाहेक केहि नराम्रो चरित्र उहाँको बारेमा भन्नु मिलदैन, उहाँको कुरआन र उहाँको जीवनी द्वारा यो कुरा प्रमाणित भइसकेको छ» ।

अंग्रेजी फेलोसफि सर विल्लयम मोवैरले भन्नु हुन्छ कि «मुस्लिमहरुको नबी मुहम्मद आफ्नो महान चरित्र र उच्च व्यवहारको कारण साना देखि नै सबै समाजको सहमतिले अमानतदारको नाम पाएको थिए, तसर्थ जुन् सुकै कारणले पनि मुहम्मदको अपमान गर्नु वा उहाँको जायज हक उहाँलाई नदिनु मुर्खता हुन्छ , ज्ञानी त त्यो हुन्छ जुन् उहाँको पवित्र इतिहासको अध्यन गर्नु हुन्छ , यस्तो इतिहास जसले सबै रसूल र संसारको

सबै विद्वानहरुमा मुहम्मदलाई सबभन्दा उच्च स्थान प्रदान गरेको छ » ।

अरु यो पनि भनेको छ कि «मुहम्मद आफ्नो स्पष्ट भनाइले, र सजिलो धर्मले प्रधानता प्राप्त गरेको छ , उहाँले ठुल ठुलो आशचर्यजनक कामहरु सम्पन्न गर्नु भयो, इतिहासमा मुहम्मद जस्तो समाज सुधारक कोहि पनि आएको छैन, जसले आत्मालाई जागरुकता प्रदान गरेको होस, राम्रो चरित्रलाई बहाल गरेको होस, र कम समयमा पवित्रताको महत्व बढाएको होस» ।

रशियाको प्रसिद्ध फेलोसफि तोलसतवीले भन्नु भएकोछ कि «मुहम्मको गौरवको लागि यही प्रयापत छ कि एउटा नीच र हत्यारा समाजलाई घटिया बानी र शैतानको शिकन्जाबाट मुक्ति दिनु भयो, बिकास र उन्नतिको बाटो खोल्नु भयो, बुद्धि र बिचारले जुडिएका कारण छिटै मुहम्मदको धर्म संसारमा लागु हुनेछ» ।

आस्टरेलियन फेलोसफि शेबराकले भन्नु हुन्छ कि «मुहम्मद माथि मानवताले गौरव महसुस गरि रहेको छ कि अन्पढ् हुनका बावजूद उहाँले दशौं शताब्धी अघी नै यस्तो नियमको स्थापना गर्नु भयो जुन् हामी युरपी बासिन्दाहरु यदि पुर्ण रुपले आफ्नो जीवनमा लागु गरौं भने धेरै सुखी हुन्छौं र यसो भए हामी उन्नतीको चोटिमा पुगने छौं» ।

# أحكام اليوم الآخر

# प्रलोकको बिषय

ईमानको वुसूल र त्यसको ६ वटा स्तमभहरु मध्ये एउटा प्रलोक प्रति विशवास राख्नु पनि हो, प्रलोकको बारेमा अल्लाहको किताब र रसूल ﷺ को सही हदीसमा जे जे लेखिएको छ त्यस प्रति विशवास नगरे सम्म कुनै पनि व्यक्ति मोमिन हुनेछैन ।

प्रलोकको ज्ञान प्राप्त गर्नु र अधिक भन्दा अधिक त्यसलाई ध्यानमा राख्नु जरुरि छ , किन भने यस प्रकार मनुष्यको आत्मामा सुधार आउँछ , अल्लाहको डर पैदा हुन्छ , र इस्लाम माथि स्थिरता प्राप्त हुन्छ, तसर्थ यदि प्रलोकको कष्ट र कठिनाई बिर्सनु भयो भने हृदयमा पाप र कठोरताले जनम लिन्छ , अल्लाह तआलाले भन्नु भयो:

﴿فَكَيْفَ تَتَّقُونَ إِنْ كَفَرْتُمْ يَوْمًا يَجْعَلُ الوِلْدَانَ شِيبًا﴾ [المزمل:١٧]

त्यस दिनबाट कसरि बाँच्छौं, जुन् दिन्ले बच्चाहरुलाई बृद्ध बनाइ दिनेछ । र अर्को ठाउँमा भन्नु भयो:

﴿يَا أَيُّهَا النَّاسُ اتَّقُوا رَبَّكُمْ إِنَّ زَلْزَلَةَ السَّاعَةِ شَيْءٌ عَظِيمٌ يَوْمَ تَرَوْنَهَا تَذْهَلُ كُلُّ مُرْضِعَةٍ عَمَّا أَرْضَعَتْ وَتَضَعُ كُلُّ ذَاتِ حَمْلٍ حَمْلَهَا وَتَرَى النَّاسَ سُكَارَى وَمَا هُمْ بِسُكَارَى وَلَكِنَّ عَذَابَ اللهِ شَدِيدٌ﴾ [الحج:٢:٣]

हे मानिसहरु ! आफ्नो पालनकर्ता सित डर मान्ने गर, निश्चय नै कयामतको भुकम्प साह्रै भयँकर कुरो हो, जुन् दिन् त्यसलाई

तिमीले देखने छौं, अवस्था यो हुन्छ कि प्रत्येक दुध खुवाउने आमा आफ्नो दुध खाने बच्चाहरुलाई बिर्सि दिने छिन् , र प्रत्येक गर्भवतीको गर्भपात भइ हाल्ने छ , र तिमीले मानिसहरुलाई नाशा लागेको अवस्थामा देखने छौं जबकि तिनीहरुलाई नाशालागेको हुने छैन्, बरु अल्लाहको सजाय धेरै कठोर कुरो हो ।

संसारमा हरेक जीव वस्तुको अन्त मृत्यु नै हो, अल्लाह तआलाले भन्नु भयो:

**كُلُّ نَفْسٍ ذَائِقَةُ** آل عمران:١٨٥

प्रत्येक ज्यानले मृत्युको मज्जा चाख्नु पर्नेछ  त्यस्तै अर्को ठाउँमा भन्नु भयो:

**كُلُّ مَنْ عَلَيْهَا فَانٍ** [الرَّحمن:٢٦

प्रत्येक प्राणी जुन् यस धरतिमा छ नाशवान हुनेछ ।

र अल्लाहले आफ्नो नबी ﷺ लाई भन्नु भयो

**اِنَّكَ مَيِّتٌ وَإِنَّهُمْ مَيِّتُونَ** [الزُّمر:٣٠]

हे पैगम्बर ! अवश्य तपाइलाई मृत्यु आउने छ र यिनीहरु पनि मरने छन् ।

तसर्थ संसारको कुनै पनि मानवले सँधै बसने निरन्तर छैन, अल्लाह तआलाले भन्नु भयो:

**وَمَا جَعَلْنَا لِبَشَرٍ مِنْ قَبْلِكَ الْخُلْدَ أَفَإِنْ مِتَّ فَهُمُ الْخَالِدُونَ** [الأنبياء:٣٤]

हामीले तपाई भन्दा पहिला पनि कसैलाई अमरता पर्दान गरेका छैनौं ।

र यहाँ केहि कुराहरु तिर संकेत दिनु उचित छ

१ - अधिक मानिसहरु मृत्यु प्रति सावधान छैनन्, जबकि यो एउटा निशचित कुरो हो, जसमा कुनै प्रकारको संदेह छैन, तसर्थ एउटा मुस्लिमले प्रलोकलाई ध्यानमा राख्नु पर्छ , र संसारमा हुँदा हुँदै प्रलोकको लागि राम्रो कर्म गरि पुण्य आर्जन गर्नु पर्छ , र त्यसको तयारि गर्नु पर्छ , रसूल ﷺ ले भन्नु भयो

**اغْتَنِمْ خَمْسًا قَبْلَ خَمْسٍ: حَيَاتَكَ قَبْلَ مَوْتِكَ ، وَفَرَاغَكَ قَبْلَ شَغْلِكَ ، وَغِنَاكَ قَبْلَ فَقْرِكَ ، وَشَبَابَكَ قَبْلَ هَرَمِكَ ، وَصِحَّتَكَ قَبْلَ سَقَمِكَ**

पाँच कुरा भन्दा पहिला पाँच कुराको लाभ उठाउने प्रयास गर, मृत्यु भन्दा पहिला जीवन्को, रोग भन्दा पहिला स्वास्थको, व्यसत्ता भन्दा पहिला फुरसदको, बृद्ध भन्दा पहिला जवानीको, र लाचार हुने भन्दा पहिला धन र सम्पत्तिको» ( अहमद)

र यो कुरा नबिर्सनु कि मुर्दा कबरमा आफु सँग संसारबाट केहि लिएर जादैन, ऊ सँग आफ्नो कर्म बाहेक अरु केहि हुदैन, त्यस कारण राम्रो कर्म जम्मा गर्ने प्रयास गर जसले प्रलोकमा सँधैका लागि सुःख दिन्छ र अल्लाहको कृपाले सजायबाट मुक्ति पनि पाइन्छ ।

२ - मृत्युको समय एउटा यस्तो रहस्य छ जसको ज्ञान अल्लाह बाहेक अरु कसैलाई छैन, तसर्थ कसैलाई थाहा हुदैन कि कहिले र कुन ठाउँमा उसको मृत्यु हुनेछ , किन भने यो सबै कुराहरु

रहस्यको ज्ञान अन्तरगत आउँछ जसको जानकारि अल्लाह बाहेक अरु कसैलाई छैन ।

३ - मृत्युको समय आइसके पछि त्यसलाई टालनु वा ढिलो गर्नु वा त्यसबाट भागनु सम्भव छैन,अल्लाह तआलाले भन्नु भयो:

وَلِكُلِّ أُمَّةٍ أَجَلٌ فَإِذَا جَاءَ أَجَلُهُمْ لَا يَسْتَأْخِرُونَ سَاعَةً وَلَا يَسْتَقْدِمُونَ ﴾ [الأعراف:٣٤]

प्रत्येक समुदायको लागि मृत्युको समय निर्धारित छ त्यो समय आइपुगे पछि नत एक क्षण ढिलो गर्न सक्छन् र नत चाँडो ।

४ - यदि मोमिनको मृत्यु आउँछ भने मृत्युको देवदुत सुन्दर रुप र सुगन्धित खुशबुमा दयाको देवदुतहरु सँग स्वर्गको शुभसुचना दिंदै उपस्थित हुन्छन् , अल्लाह तआलाले भन्नु भयो:

إِنَّ الَّذِينَ قَالُوا رَبُّنَا اللهُ ثُمَّ اسْتَقَامُوا تَتَنَزَّلُ عَلَيْهِمُ الْمَلَائِكَةُ أَلَّا تَخَافُوا وَلَا تَحْزَنُوا وَأَبْشِرُوا بِالْجَنَّةِ الَّتِي كُنْتُمْ تُوعَدُونَ [فصّلت:٣٠]

वास्तवमा जुन् मानिसहरुले भन्नु भयो कि हाम्रो पालनकर्ता अल्लाह हो र त्यस माथि दृढ रहनु भयो त उनीहरुका निम्ति फरिशताहरु यो भन्दै अवतरित हुन्छन् कि तिमी निराश र शोकाकुल नहोउ र त्यस स्वर्गको शुभसुचना सुनिहाल जसको तिमीलाई वाचा दिइएको छ ।

र नासतिकको नजिक मृत्युको फरिशता भयानक रुप, र कालो रँगमा सजायको फरिशताहरु सँग सजायको चेतावनी दिंदै आउँछन् , अल्लाह तआलाले भन्नु भयो:

وَلَوْ تَرَى إِذِ الظَّالِمُونَ فِي غَمَرَاتِ الْمَوْتِ وَالْمَلَائِكَةُ بَاسِطُو أَيْدِيهِمْ أَخْرِجُوا أَنْفُسَكُمُ الْيَوْمَ تُجْزَوْنَ عَذَابَ الْهُونِ بِمَا كُنْتُمْ تَقُولُونَ عَلَى اللهِ غَيْرَ الْحَقِّ وَكُنْتُمْ عَنْ آيَاتِهِ تَسْتَكْبِرُونَ﴾ [الأنعام:٩٣]

यदि तपाईले ती अन्यायीहरुलाई त्यतिखेर देख्ने छौं जब यी अन्यायीहरु मृत्युको कष्ट पुर्ण अवस्थामा हुन्छन् र फरिशताहरु आफ्ना हात बढाइ राखेका हुन्छन् र यो भन्दै हुन्छन् कि आज आफ्नो प्राण समर्पित गर, आज तिमीहरुलाई अपमानजनक सजाय दिइनेछ, किन भने तिमीहरुले अल्लाहको बिरोधमा झुठा कुरा गर्ने गर्दथ्यौं र त्यसका आयतहरुलाई तिरसकारपुर्ण तरिकाले अस्वीकार गर्ने गर्दथ्यौं ।

तसर्थ मृत्यु आइपुगे पछि वासतविक्ता आफै प्रकट भइहाल्छ र हरेक मानिसको भेद खुली हाल्छ, अल्लाह तआलाले भन्नु भयो:

حَتَّى إِذَا جَاءَ أَحَدَهُمُ الْمَوْتُ قَالَ رَبِّ ارْجِعُونِ لَعَلِّي أَعْمَلُ صَالِحًا فِيمَا تَرَكْتُ كَلَّا إِنَّهَا كَلِمَةٌ هُوَ قَائِلُهَا وَمِنْ وَرَائِهِمْ بَرْزَخٌ إِلَى يَوْمِ يُبْعَثُونَ﴾ [المؤمنون:١٠٠]

जब उनीहरु मध्ये कसैको मृत्यु नजिक हुन्छ त भन्नेछन् कि हे मेरो पालनकर्ता मलाई फर्काइ देउ, ताकि जुन् संसारलाई म छोडेर आएको छु त्यसमा गएर म राम्रो कर्म गरुँ , कदापी यस्तो हुने छैन, यो त मात्र एउटा कुरा हो जुन् उसले भन्नेछ तर त्यो पुरा हुने छैन, र उनीहरुको पछाडि एक प्रकारको प्रर्दा छ त्यो दिन सम्मका लागि जब उनीहरुलाई पुनः उठाइनेछ ।

मृत्युको समय आइसके पछि नासतिक र पापीहरु राम्रो कर्म गर्नका लागि पुनः जीवनमा फर्किने आशा व्यक्त गर्ने छ तर

समय बिते पछि पछतावाको कुनै महत्व हुदैन, अल्लाह तआलाले भन्नु भयोः

﴿وَتَرَى الظَّالِمِينَ لَمَّا رَأَوُا الْعَذَابَ يَقُولُونَ هَلْ إِلَى مَرَدٍّ مِنْ سَبِيلٍ﴾

तिमीले अत्याचारिहरुलाई देखने छौं कि जब उनीहरुले यातना देखने छन् त भन्ने छन् कि «के फिर्ता जाने कुनै मार्ग छैन» ।

५ - आफ्नो भक्तहरु प्रति अल्लाहको कृपा छ कि मृत्यु भन्दा पहिला जसको अन्तिम भनाइ «लाइलाह इल्लल्लाह» हुन्छ त्यो स्वर्गमा जानेछ , रसल ﷺ ले भन्नु भयो

مَنْ كَانَ آخِرُ كَلَامِهِ لَا إِلَهَ إِلَّا اللهُ دَخَلَ الْجَنَّةَ

जसको अन्तिम बोली लाइलाह इल्लल्लाह हुन्छ त्यो स्वर्गमा जान्छ» (अबुदाऊद) ।

किन भने यस्तो कठिन प्रस्थितीमा त्यो कुरा मात्र ऊही भन्न सक्नु हुन्छ जुन् उसको बारेमा शुद्ध छ तर जुन् शुद्ध छैन भने त्यो मृत्युको कष्ट र कठिनाइको कारण त्यसलाई बिर्सिहाल्ने छ , यसै कारण अन्तिम अवस्थामा मृतकलाई लाइलाह इल्लल्लाह पढाउने प्रयास गर्नु सुन्नत छ , रसूल ﷺ ले भन्नु भयो

لَقِّنُوا مَوْتَاكُمْ لَا إِلَهَ إِلَّا اللهُ

आफ्नो मृत्युको अवस्थामा पुगेका हरुलाई लाइलाह इल्लल्लाह पढाउने प्रयास गर» (मुस्लिम ९१६)

तर त्यसका लागि मृतक माथि जोर दिनु पर्दैन किन भने त्यो रिसाएर कुनै नराम्रो कुरा पनि भन्न सक्नेछ ।

# कबर

हजरत अनस ﵁ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

العَبْدُ إِذَا وُضِعَ فِي قَبْرِهِ، وَتُوُلِّيَ وَذَهَبَ أَصْحَابُهُ حَتَّى إِنَّهُ لَيَسْمَعُ قَرْعَ نِعَالِهِمْ، أَتَاهُ مَلَكَانِ، فَأَقْعَدَاهُ، فَيَقُولاَنِ لَهُ: مَا كُنْتَ تَقُولُ فِي هَذَا الرَّجُلِ مُحَمَّدٍ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ؟ فَيَقُولُ: أَشْهَدُ أَنَّهُ عَبْدُ اللَّهِ وَرَسُولُهُ، فَيُقَالُ: انْظُرْ إِلَى مَقْعَدِكَ مِنَ النَّارِ أَبْدَلَكَ اللَّهُ بِهِ مَقْعَدًا مِنَ الجَنَّةِ، قَالَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: " فَيَرَاهُمَا جَمِيعًا، وَأَمَّا الكَافِرُ - أَوِ المُنَافِقُ - فَيَقُولُ: لاَ أَدْرِي، كُنْتُ أَقُولُ مَا يَقُولُ النَّاسُ، فَيُقَالُ: لاَ دَرَيْتَ وَلاَ تَلَيْتَ، ثُمَّ يُضْرَبُ بِمِطْرَقَةٍ مِنْ حَدِيدٍ ضَرْبَةً بَيْنَ أُذُنَيْهِ، فَيَصِيحُ صَيْحَةً يَسْمَعُهَا مَنْ يَلِيهِ إِلَّا الثَّقَلَيْنِ

जब मुर्दालाई बकरमा राखेर साथीहरु वापस हुन्छन त मुर्दा उनीहरुको जुताको आवाज सुन्दछ»

र यो पनि भन्नु भयो कि «दुइवटा फरिशता अर्थात देवदुतहरु आउँछन् र मृतकलाई बसाएर सोध्नु हुन्छन कि यस व्यक्तिको बारेमा तपाईले के भन्नुहुन्थ्यो?» रसूल ﷺ ले भन्नु भयो कि «मोमिनले भन्नेछन् कि म गवाही दिन्छु कि उहाँ अल्लाहको सेवक र दुत हुनु हुन्छ» रसूल ﷺ ले भन्नु भयो «त देवदुतले उसलाई भन्नेछन् कि नरकमा आफ्नो ठाउँ हेर, अल्लाहले त्यसको बदला स्वर्गमा तिमीलाई ठाउँ प्रदान गरेको छ» अल्लाहको नबी ﷺ ले भन्नु भयो «त्यो व्यक्ति आफ्नो दुवै ठाउँ देख्ने छ» «र काफिर वा मोनाफिकले भन्ने छन कि मलाई थाहै छैन, मानिसहरु जस्तै म पनि भन्थए, त फरिशताले उसलाई

भन्नेछन् कि तिमीले नत ज्ञान प्राप्त गरेको नत अनुशरण गरेको, र त्यस पछि फलामको हथोडा द्वारा त्यसको दुवै कानको बीचमा यस्तो कुटाइ हुन्छ कि उसको चिंख नजिकको मनुष्य र जिन्नहरु बहेक हरेक वसतुले सुन्ने छन्» (बुखारी ,१३३८, मुस्लिम - २८७०)

कबरमा पुगे पछि पुनः प्राण शरिरमा प्रवेश गर्छ भन्ने कुरा प्रलोकको विषय हो जुन् संसारमा मनुष्यको बुद्धि भन्दा बाहिरको कुरो हो, तर सबै मुस्लिमले मान्नु हुन्छ कि मनुष्यले कबरमा सुखः पाउँछ यदि मोमिन छ र सुखःको हकदार छ भने, र यदि सजायको हकदार छ र अल्लाहले त्यसको सजाय माफ गरेको छैन भने सजाय पाउँछ अल्लाह तआलाले भन्नु भयोः

النَّارُ يُعْرَضُونَ عَلَيْهَا غُدُوًّا وَعَشِيًّا وَيَوْمَ تَقُومُ السَّاعَةُ أَدْخِلُوا آلَ فِرْعَوْنَ أَشَدَّ العَذَابِ﴾ [غافر:٤٦]

नरकको अगाडि उनीहरु साँझ बिहान प्रस्तुत गराउँदै छन्, र जुन् दिन कयामतको समय आउने छ त्यतिखेर भनिनेछ कि फिरऔनको मानिसहरुलाई निस्कृष्टतम यातनामा प्रवेश गराउ ।

र रसूल ﷺ ले भन्नु भयो कबरको यातनाबाट अल्लाहको शरण माँग ( मुस्लिम - २८६७)

साथै एउटा बुद्धि जीवी व्यक्तिले यस कुरालाई असम्भव पनि भन्न सक्दैन, किन भने लगभग यस्तै कुरा मानिसहरुले आफ्नो जीवनमा पनि हेरिरहेका छन , जस्तो कि कुनै व्यक्ति चाहिं सपनामा कहिले धेरै दुख र पिडा महसुस गर्दछ , चिच्चयाउँछ र

मद्दतको गुहार लगाउँछ तर त्यसको नजिकै अर्को व्यक्तिले केहि महसुस गर्दैन्, जबकि मृत्यु र जीवनमा ठुलो अन्तर छ, कबरमा चाहिं आत्मा र शरिर दुवैलाई सजाय हुन्छ, रसूल ﷺ ले भन्नु भयो

प्रलोकको प्रथम ठेगाना कबर हो, यदि यहाँ मुक्ति पाइयो भने त्यस पछि सबै सजिलो हुन्छ , र यदि यहाँ मुक्ति पाइएन भने त्यस पछि धेरै कठिनाइ हुन्छ» (तिर्मिजी - २२३०)

त्यस कारण एउटा मुस्लिमले अधिक भन्दा अधिक कबरको सजायबाट अल्लाहको शरण माँग्नु पर्छ , खास गरि नमाजमा सलाम फेरने भन्दा पहिला, र पापबाट बाँचने प्रयास गर्नु पर्छ , किन भने त्यहि पाप कबरमा पनि र नर्कमा पनि सजायको प्रथम कारण हुन्छ, यहाँ यसको नाम कबरको सजाय यस कारण दिइएको छ कि अधिक व्यक्तिहरु आफ्नो मृतकलाई कबरमा गाडनु हुन्छ तर यदि कसैले डुबेर वा आगोले जलेर मरेको छ वा कसैलाई जनावरले खाइदिएको छ भने त्यस्तो किसिमको व्यक्तिहरु पनि बरजखमा अर्थात कयामत हुने सम्मको अवधिमा सजाय वा खुशी अवश्य प्राप्त गर्ने छन ।

कबरको यातना बिभिन्न प्रकारका हुन्छन् जस्तोकि फलामको हथोडा वा अरु कुनै वस्तुले कुटपिट गर्ने, त्यस्तै कबरमा अन्ध्यारो हुने, आगोको ओछ्यान लगाउने, नर्कको ढोका खोलिने, र मनुष्यको पाप र दुष्टकर्महरुले फोहोर र घृनातमक व्यक्तिको रुप धारण गरि कबरमा त्यो सँग बसने, र मान्छे यदि काफिर वा मोनाफिक छ भने सजाय

जारि रहन्छ, र यदि पाप गरेको मोमिन छ भने पाप अनुसार सजायमा घटथप हुने समेत सजायको अन्त पनि भइ हाल्छ ।

मोमिनलाई कबरमा खुशी प्राप्त हुन्छ, उसको कबर चौला हुन्छ, कबरमा उज्यालो हुन्छ, उसको लागि स्वर्गको ढोका खोलिन्छ र यस प्रकार स्वर्गको सुगन्ध र हावा प्राप्त हुन्छ, त्यस्तै ओछयान पनि स्वर्गको हुन्छ , र उसको पुण्य र राम्रो कर्महरुले सुन्दर व्यक्तिको रुप धारण गर्नेछ जुन् सँग उसले आफ्नो समय राम्री बिताउनु हुन्छ ।

## कयामत र कयामतको चिन्ह

१ - अल्लाहले यो संसार संधैका लागि बनाएको छैन्, बरु एक दिन संसारको अन्त हुनेछ , र त्यहि दिन कयामत कायम हुन्छ यो एउटा वासतविक कुरो हो जसमा कुनै सन्देह छैन, अल्लाह तआलाले भन्नु भयो:

إِنَّ السَّاعَةَ لَآتِيَةٌ لَا رَيْبَ فِيهَا وَلَكِنَّ أَكْثَرَ النَّاسِ لَا يُؤْمِنُونَ

कयामत त आउनेवाला नै छ , यस्मा कुनै शंका छैन, तर अधिक मानिसहरु ईमान ल्याएका छैनन् ।

र अर्को ठाउँमा भन्नु भयो:

وَقَالَ الَّذِينَ كَفَرُوا لَا تَأْتِينَا السَّاعَةُ قُلْ بَلَى وَرَبِّي لَتَأْتِيَنَّكُمْ عَالِمِ الغَيْبِ لَا يَعْزُبُ عَنْهُ مِثْقَالُ ذَرَّةٍ فِي السَّمَاوَاتِ وَلَا فِي الأَرْضِ وَلَا أَصْغَرُ مِنْ ذَلِكَ وَلَا أَكْبَرُ إِلَّا فِي كِتَابٍ مُبِينٍ﴾ [سبأ:٣]

काफिरहरुले भन्दछन् कि कयामतको समय हामीहरु माथि आउदैन, तपाईले भनिदेऊ कि मलाई मेरो पालनकर्ताको कसम कयामत (महाप्रलय) तिमीहरु माथि अवश्य आउने छ।
र महाप्रलय नजिकै छ , अल्लाह तआलाले भन्नु भयोः

اقْتَرَبَتِ السَّاعَةُ – القمر: ١

कयामत नजिक भइसकेको छ। र अर्को आयतमा भन्नु भयोः

اقْتَرَبَ لِلنَّاسِ حِسَابُهُمْ وَهُمْ فِي غَفْلَةٍ مُعْرِضُونَ﴾ [الأنبياء:١]

मानिसहरुका लेखाजोखाको समय नजिक आइपुगेको छ तैपनि उनीहरु नटेरिकन मुख फर्काइरहेका छन्।
तर कयामत नजिक आइपुगने समय मनुष्यको मानदण्ड र कसौटी अनुसार होइन, बरु अल्लाहको ज्ञान, जग र संसारको उमर अनुसार हुन्छ।
कयामतको ज्ञान गैब अर्थात आन्तरिक ज्ञान मध्ये एउटा ज्ञान हो, जुन् अल्लाह बाहेक अरु कसैलाई थाहा छैन, उहाँ बाहेक अरु कसैलाई यस कुराको ज्ञान छैन, अल्लाह तआलाले भन्नु भयोः

يَسْأَلُكَ النَّاسُ عَنِ السَّاعَةِ قُلْ إِنَّمَا عِلْمُهَا عِنْدَ اللهِ وَمَا يُدْرِيكَ لَعَلَّ السَّاعَةَ تَكُونُ قَرِيبًا﴾ [الأحزاب:٦٣]

मानिसहरुले तपाई सँग कयामतको बारे सोधिरहेका छन् , भनिदिनुस कि त्यसको ज्ञान त मात्र अल्लाहलाई छ, र तपाइलाई के थाहा? शायद कयामत नजिकै आइपुगेको छ।

रसूल ﷺ ले कयामतको केहि चिन्हहररु बयान गर्नु भएको छ जसले कयामतको नजिक हुने संकेत गराउँछ, र त्यस मध्ये एउटा चिन्ह यो हो कि दज्जाल प्रकट हुन्छ, मानिसहरुका लागि त्यो सबभन्दा ठुलो संकट हुन्छ, अल्लाहले उसलाई चमत्कार देखाउने शक्ति दिएको हुन्छ, र यस कारण धेरै मानिसहरु धोका खाइ हाल्छन, आकाशलाई आदेश दिन्छ भने बर्खा हुन थाल्छ, घाँसलाई हुकुम दिन्छ भने घाँस आफै उगन थाल्छ, मुर्दालाई जिउँदो गर्छ, र यस प्रकार अरु धेरै चमत्कारहरु देखाउँछ । रसूल ﷺ ले भन्नु भयो कि ऊ काना हुन्छ अर्थात उसको मात्र एउटै आँखा हुन्छ, स्वर्ग र नर्क जस्तो ठाउँ लिएर आउँछ, र जसलाई स्वर्ग भन्नेछ वास्तवमा त्यो नर्क हुन्छ, र जसलाई नर्क भन्नेछ वास्तवमा त्यो स्वर्ग हुन्छ, धरतिमा ४० दिन सम्म बसने छ, एक दिन एकसाल जस्तो हुन्छ, र अर्को एक दिन एक महिना जस्तो, र अर्को एक दिन एक सपताह जस्तो, र त्यस पछि बाँकि हरेक दिन साधारण दिन जस्तै हुन्छ, र मक्का मदीना बाहेक धर्तिको हरेक ठाउँमा त्यो पुगनेछ ।

महाप्रलयको चिन्हहरु मध्ये यो पनि छ कि हजरत ईसा बिन मरयम عليه السلام फजरको नमाजमा पुरबी दिमशकको सेतो मीनार माथि अवतरित हुनेछन्, र सबै मानिसहरु सँग फजरको नमाज पढ्नेछन्, र त्यस पछि दज्जाललाई चौतारीमा ल्याएर त्यसको हत्या गर्ने छन् ।

त्यस्तै कयामतको चिन्हहरु मध्ये यो पनि छ कि सुर्य पश्चिमबाट उदय हुनेछ, र मानिसहरु जब यस्तो देख्नेछन् त डराएर सबै

ईमान ल्याउन थाल्छ तर त्यतिखेर उनीहरुको ईमानको कुनै पनि महत्व हुने छैन, र यस बाहेक कयामतको अरु पनि धेरै चिन्ह र निशानीहरु छन् ।

२ - कयामत मात्र पापी र नराम्रो व्यक्तिहरु माथि कायम हुन्छ, कयामत कायम हुने भन्दा पहिला अल्लाह तआलाले यस्तो हावा पठाउनेछन् जसले गर्दा सबै मोमिनहरुको मृत्यु भइहाल्छ , र त्यस पछि जब अल्लाह आफ्नो सबै सृष्टिलाई नष्ट गरि संसारको अन्त चाहनु हुनेछ भने फरिशतालाई सुर (एउटा ठुलो शंख जस्तो) फुँकने आदेश दिनेछन् र मानिसहरु त्यो सुरको आवाज सुनेपछी बेहोश भइहाल्नेछन्, अल्लाह तआलाले भन्नु भयो:

وَنُفِخَ فِي الصُّورِ فَصَعِقَ مَنْ فِي السَّمَاوَاتِ وَمَنْ فِي الأَرْضِ إِلَّا مَنْ شَاءَ اللهُ [الزُّمر:٦٨]

जब सुर फुकिनेछ तब जो आकाशमा छन् र जो धरतिमा छन् सबै मुर्छित भइ ढल्ने छन् , तर मात्र जसलाई अल्लाहले चाहन्छ र यो शुक्रवारको दिन हुन्छ, त्यस पछि सबै फरिशताहरुको पनि मृत्यु भइहाल्छ, र अल्लाह बाहेक कोहि पनि जीवीत रहने छैन ।

३ - मनुष्यको सम्पूर्ण शरिर धर्तिमा मिश्रित भएर समाप्त भइहाल्छ मात्र कम्मरको तलको एउटा हाड बाँचने छ , तर नबी र शहीदहरुको शरिरलाई धरतिले खाँदैन, फेरि अल्लाह आकाशबाट पानी बर्साउने छन् र सबै शरिरहरु आफ्नो आफ्नो रुपमा परिवरतित भइहाल्छन, र त्यस पछि जब अल्लाहले मानिसहरुलाई जिउँदो गर्न चाहन्छन् भने सुरका लागि नियुक्त फरिशता हजरत ईसराफिल عليه السلام लाई जिउँदो गर्छन , त उहाँले

दोश्रो चोटि सुर फुक्नेछन् र सबै मानिसहरु जिवित भइहाल्छ र कबरबाट यस्तो निस्कन्छन जस्तो कि अल्लाहले उनीहरुलाई प्रथम चोटि जन्म दिएको छ, नाँगो, बिना जुत्ता मोजा, र लिङ्गको अग्रभागको त्वचा न काटिएको,अल्लाह तआलाले भन्नु भयो:

وَنُفِخَ فِي الصُّورِ فَإِذَا هُمْ مِنَ الأَجْدَاثِ إِلَى رَبِّهِمْ يَنْسِلُونَ﴾

सुर फुकिने बित्तिकै यिनीहरु सबै आफ्ना चिहानहरुबाट निस्केर आफ्नो प्रभु तिर दर्गुनेछन् । अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भयो:

يَوْمَ يَخْرُجُونَ مِنَ الأَجْدَاثِ سِرَاعًا كَأَنَّهُمْ إِلَى نُصُبٍ يُوفِضُونَ(٥٤) خَاشِعَةً أَبْصَارُهُمْ تَرْهَقُهُمْ ذِلَّةٌ ذَلِكَ اليَوْمُ الَّذِي كَانُوا يُوعَدُونَ(٥٥المعارج)

जुन् दिन् उनीहरु चिहानबाट तिब्रताको साथ दौडदै निसकने छन् मानौं कि कुनै ठाउँतिर दौडदै गइरहेका छन्, उनीहरुका आँखा लाजले झुकि रहनेछन्, र अपमान उनीहरु माथि घेरि राखने छन् , यो नै त्यो दिन हो जसको उनीहरु सँग वाचा गरिदै थियो ।

र सबभन्दा पहिला हाम्रो नबी मुहम्मद ﷺ को कबर च्यातने छ , जस्तोकि उहाँले आफै भन्नु भयो, र त्यस पछि मानिसहरु महशर अर्थात एकत्रित हुने ठाउँतिर डोरयाउने छन् , र त्यो धेरै ठुलो ठाउँ हुन्छ, नासतिकहरु घोप्टेको अवस्थामा एकत्रित हुन्छ , रसूल ﷺ लाई प्रशन भयो कि नासतिकलाई घोप्टेको अवस्थामा कसरि उठाइन्छ त उहाँले भन्नु भयो «संसारमा जसले खुट्टा

माथि हिंडाएको छ कयामतमा त्यहि घोप्टेको अवस्थामा हिंडाउने क्षमता राख्नु हुन्छ» (मुस्लिम - २८०६)

र यस्तो व्यक्तिहरु जो अल्लाह तआलाको स्मरण गर्दैन भने त्यसलाई अन्धो बनाएर उठाइन्छ, सुर्य चाहिं मानिरहरुको धेरै नजिक हुन्छ , र सबै आफ्नो आफ्नो कर्म अनुसार पसीनामा डुबिएको हुनेछन , कोहि आफ्नो घुँडा सम्म, कोहि आफ्नो कम्मर सम्म, त कोहि मुख सम्म पसीनामा डुबिएको हुनेछ,

त्यहाँ यस्तो व्यक्तिहरु पनि हुनेछ जसलाई अल्लाहले आफ्नो छाँयामा जग्गा प्रदान गर्नेछन्, त्यो दिन अल्लाहको छाँया बाहेक अरु कुनै छाँया हुदैन, रसूल ﷺ ले भन्नु भयो

سَبْعَةٌ يُظِلُّهُمُ اللهُ فِي ظِلِّهِ، يَوْمَ لاَ ظِلَّ إِلَّا ظِلُّهُ: الإِمَامُ العَادِلُ، وَشَابٌّ نَشَأَ فِي عِبَادَةِ رَبِّهِ، وَرَجُلٌ قَلْبُهُ مُعَلَّقٌ فِي المَسَاجِدِ، وَرَجُلاَنِ تَحَابَّا فِي اللهِ اجْتَمَعَا عَلَيْهِ وَتَفَرَّقَا عَلَيْهِ، وَرَجُلٌ طَلَبَتْهُ امْرَأَةٌ ذَاتُ مَنْصِبٍ وَجَمَالٍ، فَقَالَ: إِنِّي أَخَافُ اللهَ، وَرَجُلٌ تَصَدَّقَ، أَخْفَى حَتَّى لاَ تَعْلَمَ شِمَالُهُ مَا تُنْفِقُ يَمِينُهُ، وَرَجُلٌ ذَكَرَ اللهَ خَالِيًا فَفَاضَتْ عَيْنَاهُ

सात किसिमको व्यक्तिहरुलाई अल्लाहले आफ्नो छायामा जग्गा दिन्छ जुन दिन अल्लाहको छाया बाहेक अरु कुनै छाया हुदैन, न्याय गर्नेवाला हाकिम, अल्लाहको इबादत अर्थात पुजामा जीवन बिताएको युवक, र यस्तो व्यक्ति जसको मन् संधै मस्जिदमा टाँसिएको हुन्छ, र यस्तो दुइ जना जसले अल्लाहका लागि एक अर्का सँग माया गरेको, र उसैका लागि एकत्रित भएको र उसैका लागि बिभाजित भएको, र यस्तो व्यक्ति जसलाई सुन्दर र उच्च पदकि महिलाले पापको लागि बोलाउने भई तर उसले भन्नु भयो कि म अल्लाह सित डराउँ छु, र

यस्तो व्यक्ति जसले लुकाएर दान गर्नु भयो र उसको बायाँ हातलाई पनि थाहा भएन कि दायाँ हातले के दान गरेको, र यस्तो व्यक्ति जसले एकलोमा अल्लाहलाई याद गर्नु भयो र उसको दुवै आँखाबाट आँसु आउन थाल्यो» (बुखारी - १४२३, मुस्लिम १०३१)

र यो पुरुषहरुको साथ मात्रै खास होइन, बरु महिलाहरुको कर्मको पनि लेखा जोखा हुन्छ, यदि राम्रो हुन्छ भने ठिक छ तर यदि नराम्रो हुन्छ भने प्रणाम ठिक हुदैन, महिलाहरुले पनि त्यस्तै बदला र प्रतिफल पाउनेछिन् जस्तोकि पुरुषहरुले पाउनेछन् ।

कयामतको दिन मानिसहरुलाई अति तिर्खा लागेको हुनेछ, एक दिन पचास हजार ५०००० सालको बराबर हुनेछ, तर मोमिनहरुको लागि छिटै बितिहाल्छ, मात्र एउटा अनिवार्य नमाज पढने जति समय महसुस हुनेछ, मुस्लिमहरु नबी ﷺ को हौजको नजिक आएर त्यसबाट पानी पिउँछ (हौज एउटा ठुलो सम्मान हो जुन् अल्लाहले हाम्रो नबी मुहम्मद ﷺ का लागि खास गरेको छ कयामतमा उहाँको अनुयायीहरु त्यसबाट पानी पिउने छन जसको पानी दुध भन्दा अधिक सेतो, मधु भन्दा अधिक मिठो, र कसतुरि भन्दा अधिक सुगन्धित हुन्छ, आकाशमा भएको ताराहरुको संख्यामा प्याला हुनेछन, त्यसबाट एक चोटि पानी पिए पछि फेरि कहिल्यैं तिर्खा लागदैन), महशरको मैदानमा मानिसहरुले लेखा जोखाको प्रतिक्षामा लामो समय सम्म पर्खिन्छन्, धेरै कडा घाम र कष्ट समेत जब प्रतिक्षा लामो हुदैजान्छन् भने उनीहरुले कुनै यस्तो व्यक्तिलाई खोजन थाल्छ जुन् हिसाब किताबको बिषयमा अल्लाहको नजिक सिफारिस

गरोस, र त्यसका लागि आदम عليه السلام को सेवामा उपस्थित हुनेछन तर उहाँले खेद प्रकट गर्नु हुन्छ, त्यस पछि नुह عليه السلام को सेवामा उपस्थित हुनेछन र उहाँले पनि खेद प्रकट गर्छन, त्यस पछि इब्राहीम عليه السلام को सेवामा उपस्थित हुनेछन तर उहाँले पनि खेद प्रकट गर्नु हुन्छ, त्यस पछि मूसा عليه السلام को सेवामा उपस्थित हुनेछन र उहाँले पनि खेद प्रकट गर्नु हुन्छ, त्यस पछि ईसा عليه السلام को सेवामा उपस्थित हुनेछन र उहाँले पनि खेद प्रकट गनु हुनेछन, र त्यस पछि अन्तामा मुहम्मद ﷺ को सेवामा उपस्थित हुनेछन र उहाँले भन्नेछन् कि «म यो कार्य गर्छु»

र त्यस पछि अर्श अर्थात अल्लाहको सिंहासन तल सजदामा पर्नु हुनेछन र त्यो समय अल्लाहले जस्तो सिखाउँछ त्यस्तो अल्लाहको प्रशंसा गर्नेछन, त्यस पछि अल्लाहले भन्नु हुनेछ कि «हे मुहम्मद! आफ्नो टाउको उठाउ, र माँग तिम्रो माँग पुरा हुनेछ, र सिफारिस गर तिम्रो सिफारिस स्वीकार हुनेछ»

त्यस पछि अल्लाह तआलाले हिसाब किताबको अनुमति प्रदान गर्नेछन्, र सबभन्दा पहिला मुहम्मद ﷺ को अनुयायीहरुको हिसाब किताब हुनेछ ।

कर्महरु मध्ये सबभन्दा पहिला नमाजको हिसाब किताब हुनेछ, यदि त्यो ठिक र स्वीकारित भयो भने त्यस पछि अर्को कर्महरु देखिनेछ र यदि त्यो स्वीकारित भएन भने अरु कुनै कर्म स्वीकार हुने छैन, मानिसहरु सित पाँच कुराको प्रशण हुनेछ , उमेरको बारेमा कि कुन काममा बिताएको, जवानीको बारेमा कि कसरि काटेको,

धनको बारेमा कि कहाँबाट कमाएको र कहाँ खर्च गरेको, र ज्ञानको बारेमा कि कस्तो उपयोग गरेको, त्यस्तै मानिसहरु बीच सबभन्दा पहिला हत्याको फैसला हुनेछ , त्यो दिन हत्याको डण्ड पुण्य र पापले हुनेछ , तसर्थ मान्छेको पुण्य चाहिं उस्को बिपक्षलाई दिइनेछ र पुण्य समाप्त भए पछि बिपक्षको पाप उस माथि थोपी दिनेछ ।

पुल सेरातको स्थापना हुनेछ (त्यो केश भन्दा अधिक पातलो र तर्वार भन्दा अधिक तेज पुल हुनेछ जुन् नर्क माथि स्थापित हुनेछ) मानिसहरु आफ्नो कर्म अनुसार त्यसलाई पार गर्ने छन् , कोहि आँखा झपकने जति समयमा पार भइहाल्छ त कोहि हावा जस्तो, कोहि स्वस्थ घोडा जस्तो, र कोहि बिस्तारै जानेछ , र पुलमा यस्तो खुँटीहरु हुन्छन् जुन् नासतिकहरुलाई तानेर नर्कमा फालने गर्छ , नासतिक र पाप गरेको मुस्लिमहरु मध्ये जस्लाई अल्लाह चाहन्छ त्यो आगोमा झडिहाल्छ , नासतिकहरु संधैका लागि नर्कमा हुन्छन् तर पाप गरेको मोमिनहरु आफनो सजाय काटेर स्वर्गमा प्रवेश गर्ने छन् ।

नबी, रसूल, र सत्कर्मीहरुलाई अल्लाहले नर्कमा गएको कोहि मोमिनहरुका लागि सिफरिस गर्ने आज्ञा प्रदान गर्छ , र त्यस पछि उनीहरुलाई नर्कबाट निकालछ , र स्वर्गबासीहरु मध्ये जस्ले पुल पार गरिसकेको हुन्छ त्यो स्वर्ग र नर्कको बीच एउटा अरु पुल माथि पर्खनु हुन्छ र त्यहाँ एक अर्का सँग बदला लिनेछ तसर्थ कसै माथि गरेको कुनै प्रकारको अत्याचारको बदला चुकाए पछि र आफनो मन् र आत्मा सफा गरे पछि मात्र

स्वर्गमा जानु मिलछ , त्यस पछि स्वर्गवबसीहरु स्वर्गमा र नर्कवासीहरु नर्कमा गइहाल्छ र मृत्युलाई एउटा बाख्राको रुपमा ल्याएर स्वर्ग र नर्कको बीचको ठाउँमा कट्ने छ र भनिनेछ : हे स्वर्गवासीहरु! अब यहाँ संधैका लागि बसनु पर्छ , यहाँ मृत्यु आउने छैन, हे नर्कवासीहरु! अब यहाँ संधैका लागि बसनु पर्छ , यहाँ मृत्यु आउने छैन, यस्तो अवस्था हुन्छ कि यदि कोहि खुशीले मर्नु हुन्छ भने त्यो स्वगवासीहरु छन् जुन् खुशीले मरिहाल्छन् र यदि कोहि दुखःले मर्नु हुन्छ भने त्यो नर्कवासीहरु छन् जुन् दुखःले मरिहाल्छन् ।

## नर्क र नर्कको यातना

अल्लाह तआलाले भन्नु भयोः

فَاتَّقُوا النَّارَ الَّتِي وَقُودُهَا النَّاسُ وَالحِجَارَةُ أُعِدَّتْ لِلْكَافِرِينَ [البقرة:٣٥]

त्यस आगो सँग डरने गर जसको इन्धन मानिस र ढुँगा हुन् , जुन् कफिरहरुका लागि तयार गरिएको छ ।

रसूल ﷺ ले आफ्नो साथीहरुलाई भन्नु भयो

نَارُكُمْ هَذِهِ الَّتِي يُوقِدُ ابْنُ آدَمَ جُزْءٌ مِنْ سَبْعِينَ جُزْءًا، مِنْ حَرِّ جَهَنَّمَ» قَالُوا: وَاللهِ إِنْ كَانَتْ لَكَافِيَةً، يَا رَسُولَ اللهِ قَالَ: «فَإِنَّهَا فُضِّلَتْ عَلَيْهَا بِتِسْعَةٍ وَسِتِّينَ جُزْءًا، كُلُّهَا مِثْلُ حَرِّهَا

तिमीहरुको यो आगो जसले आदमको सन्तानले जलाई रहेछ त्यो नर्कको आगोमा भएको गर्मीको सत्तर ७० भाग मध्ये मात्र एक भाग हो»साथीहरुले भन्नु भयो, हे अल्लाहको रसूल ! हुन त यही आगो

प्रयाप्त थियो, त उहाँले भन्नु भयो «त्यो ६९ भाग अधिक तातो छ , र सबै भागको गर्मी एक जस्तै छ» (बुखारी मुस्लिम - ३२६५, २८४३) । नर्कमा सात दर्जा छन् , हरेक दर्जामा अर्को भन्दा अधिक सजाय हुन्छ, आफ्नो कर्म अनुसार हरेक दर्जामा खास व्यक्तिहरु जानेछन् , मोनाफिकहरु नर्कको सबभन्दा तलको दर्जामा जानेछन् जहाँ सबभन्दा अधिक सजाय हुन्छ, नर्कमा गएको व्यक्तिहरु मध्ये नासतिकलाई संधै यातना हुनेछ , जहिले पनि उनीहरुको छाला जली हाल्छ भने फेरि अर्को छाला लगाइन्छ , अल्लाह तआलाले भन्नु भयो:

كُلَّمَا نَضِجَتْ جُلُودُهُمْ بَدَّلْنَاهُمْ جُلُودًا غَيْرَهَا لِيَذُوقُوا الْعَذَابَ [النساء:٥٦]

जब जब तिनका छालाहरु पोलिसकने छन् हामीले अर्को छाला फेरने छौं, ताकि उनीहरु सजायको स्वाद चाखिराखुन् । र अर्को आयतमा भन्नु भयो:

وَالَّذِينَ كَفَرُوا لَهُمْ نَارُ جَهَنَّمَ لَا يُقْضَى عَلَيْهِمْ فَيَمُوتُوا وَلَا يُخَفَّفُ عَنْهُمْ مِنْ عَذَابِهَا كَذَلِكَ نَجْزِي كُلَّ كَفُورٍ﴾ [فاطر:٣٦]

जुन् मानिसहरुले कुफ्र गरे, उनीहरुका लागि नर्कको आगो छ, नत उनीहरुलाई मृत्यु आउने छ कि मरिहालुन्, र न उनको सजाय नै उनीहरुबाट हलका गरिनेछ, हामीले हरेक काफिरलाई यस्तै सजाय दिने गर्दछौं ।

उनीहरु हतकडिमा जकडिएका हुन्छन् र घाँटीमा जन्जीर लगाइएको हुन्छ, अल्लाह तआलाले भन्नु भयो:

وَتَـرَى الْمُجْـرِمِينَ يَوْمَئِـذٍ مُقَـرَّنِينَ فِي الأَصْـفَادِ(٥٩) سَرَابِـيلُهُمْ مِـنْ قَطِـرَانٍ وَتَغْشَى وُجُوهَهُمُ النَّارُ(٦١إبراهيم

तपाइ त्यस दिन पापीहरुलाई देख्नु हुनेछ कि जन्जीरमा कोचिएर एकै ठाउँमा जकडिएको हुनेछन्, उनका वस्त्रहरु गन्धकका हुनेछन्, र आगोले उनीहरको अनुहारलाई पनि छोपेको हुनेछ । नर्कमा जक्कुम अर्थात सिउँडीको भोजन पाइन्छ , अल्लाह तआलाले भन्नु भयो:

إِنَّ شَـجَرَةَ الزَّقُّـومِ(٥٤) طَعَـامُ الأَثِـيمِ(٥٥) كَالْمُهْـلِ يَغْـلِي فِي الْبُطُـونِ(٥٦) كَغَـلْيِ الْحَمِيمِ(٥٧) خُذُوهُ فَاعْتِلُوهُ إِلَى سَوَاءِ الْجَحِيمِ(٥٨) ثُمَّ صُبُّوا فَوْقَ رَأْسِهِ مِنْ عَـذَابِ الْحَمِيمِ(٥٩الدُخان

निसन्देह जक्कुमको (सिउँडी) वृक्ष गुनेहगारहरुको भोजन हुने छ पग्लेका तमा जस्तो हुन्छ जो पेटहरुमा त्यस्तै उमलनेछ जस्तो कि पानी उम्लिन्छ ।

नर्कको कठिन सजाय र स्वर्गको महान उपहार यस हदीसद्वारा स्पष्ट हुन्छ जुन् सही मुस्लिममा छ, नबी ﷺ ले भन्नु भयो «कयामतमा एउटा यस्तो नर्कमा जाने व्यक्तिलाई ल्याइन्छ जुन् संसारमा सबभन्दा अधिक हैसियतवाला र खुशहाल थियो, र मात्र एक चोटि आगोमा डुबाएर निकालिन्छ र भनिन्छ हे आदमको सन्तान ! के तिमीले कहिले खुशी पाएको? कहिले तिमीले आराम पाएको? त ऊ भन्नेछ होइन, तेरो कसम, हे मेरो पालनकर्ता, र त्यस्तै एउटा यस्तो स्वर्गमा जाने व्यक्तिलाई ल्याइन्छ जुन्

संसारमा सबभन्दा अधिक गरिब थियो, र मात्र एक चोटि स्वर्गमा हालेर निकालिन्छ र भनिन्छ हे आदमको सन्तान ! के तिमीले कहिले गरिबी हेरेको? के तिमीले कहिले दुखः पाएको? त ऊ भन्नेछ होइन, तेरो कसम, हे मेरो पालनकर्ता, म कहिले गरिबी हेरेको होइन, म कहिले दुःख पाएको होइन» (मुस्लिम - २८०७)

तसर्थ नासतिकहरु मात्र एक पटक आगोमा गएर संसारमा पाएको हरेक खुशीलाई बिर्सी हाल्छ , र मोमिनहरु मात्र एक पटक स्वर्गमा गएर संसारमा भोगेको सबै प्रकारको कष्ट र कठिनाइलाई बिर्सी हाल्छ ।

## स्वर्ग

स्वर्ग संधैको लागि सम्मानको घर हो, जुन् अल्लाहले आफ्नो सेवकहरुका लागि तयार गरेको छ , त्यहाँ यस्तो प्रकारको उपहार हुन्छ जुन् कुनै आँखाले हेरेको होइन, र कुनै कानले सुनेको होइन, र कसैले त्यस्को कलपना पनि गरेको होइन, अल्लाह तआलाले भन्नु भयो:

فَلَا تَعْلَمُ نَفْسٌ مَا أُخْفِيَ لَهُمْ مِنْ قُرَّةِ أَعْيُنٍ جَزَاءً بِمَا كَانُوا يَعْمَلُونَ ﴾ [السجدة:١٧]

कसैलाई थाहा छैन जुन् उनीहरुको निम्ति उनको आँखाको शितलता लुकाएर राखिएको छ यो उनीहरुको कर्महरुको पुरस्कार हो ।

स्वर्गमा बिभिन्न दर्जाहरु छन् र मोमिनहरु आफनो कर्म बमोजिम यी दर्जाहरु पाउनेछन् , अल्ला तआलाले भन्नु भयो:

يَرْفَعِ اللهُ الَّذِينَ آمَنُوا مِنْكُمْ وَالَّذِينَ أُوتُوا العِلْمَ دَرَجَاتٍ [المجادلة:١١]

तिमीहरु मध्ये जस्ले ईमान ल्याएका छन् र जस्लाई ज्ञान प्रदान गरिएको छ , अल्लाहले उनीहरुको दर्जा उच्च गर्ने छ ।

स्वर्गमा जे जे खाने मन् पराउँछ त्यो सबै खान पाइन्छ , त्यसमा यस्तो नहर हुनेछ जसको पानी प्रदुषित भएको छैन, र दुधको यस्तो नहर हुन्छ जसको स्वादमा अलिकति पनि अन्तर परेको छैन, शुद्ध मधुको नहर हुन्छ, र मदिराको यस्तो नहर हुन्छ जसले पिउनेहरुलाई अतियन्त आनन्द प्रदान हुन्छ, र त्यो संसारको मदिरा जस्तो हुँदैन, अल्लाह तआलाले भन्नु भयो:

**يُطَافُ عَلَيْهِمْ بِكَأْسٍ مِنْ مَعِينٍ(٥٦) بَيْضَاءَ لَذَّةٍ لِلشَّارِبِينَ(٥٧) لَا فِيهَا غَوْلٌ وَلَا هُمْ عَنْهَا يُنْزَفُونَ(٥٨الصَّفات**

त्यसमा ठुल ठुला आँखा भएकि हुर (परी) सँग विवाह हुनेछ, रसूल ﷺ ले भन्नु भयो

**وَلَوْ أَنَّ امْرَأَةً مِنْ أَهْلِ الجَنَّةِ اطَّلَعَتْ إِلَى أَهْلِ الأَرْضِ لَأَضَاءَتْ مَا بَيْنَهُمَا، وَلَمَلَأَتْهُ رِيحًا، وَلَنَصِيفُهَا عَلَى رَأْسِهَا خَيْرٌ مِنَ الدُّنْيَا وَمَا فِيهَا**

यदि स्वर्गमा भएकि नारी धरति तिर झाँकछि भने धरति र आकाशको बीचमा उज्यालो भइहालछ र सुगन्ध फैलिहाल्छ» ( बुखारी - २७९६)

स्वर्गवासीहरुका लागि सबभन्दा ठुलो उपहार यो हो कि उनीहरुले अल्लाहलाई साक्षात देख्न पाउनेछन्, स्वर्गवासीहरुले दिषा पेशाब गर्ने छैनन् , नत बलगम र थुक फेकने छन्, उनीहरको काँगियो सुन्को र पसीना कस्तुरी जस्तो सुगन्धित

हुन्छ, उनीहरुका लागि यो सबै वर्दान संधैका लागि हुन्छन् जुन् कहिले समाप्त हुने छैन, रसूल ﷺ ले भन्नु भयो

مَنْ يَدْخُلُ الْجَنَّةَ يَنْعَمُ لَا يَبْأَسُ، لَا تَبْلَى ثِيَابُهُ وَلَا يَفْنَى شَبَابُهُ

जो स्वर्गमा जान्छ त्यो यस्तो खुशी र उपहार पाउनेछ जुन् कहिल्यै समाप्त हुने छैन, उनहिरुको लुगा कहिले पुरानो हुँदैन, र जवानीको कहिले अन्त हुँदैन» (मुस्लिम-२८३६)

स्वर्गवासीहरु मध्ये सबभन्दा कम भाग्यशाली व्यक्ति जुन् अन्तमा नर्कबाट निसकेर स्वर्गमा जान्छ त्यस्को भाग चाहिं सम्पुर्ण संसार भन्दा दस गुणा अधिक राम्रो हुन्छ ।

**والحمد لله الذي بنعمته تتم الصالحات**

*सबै प्रकारको प्रशंसा अल्लाहका लागि हुन् जसकोकपाले सबै किसिमको सुकर्महरु सम्पन्न हुन्छ ।*